




नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २८ अंक ९ काठमाडौं | १५ फागुन २०७६ बिहीबार फाल्गुण शुक्लपक्ष चतुर्थी | नेपाल संवत् ११४० | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, February 27, 2020 | पृष्ठ १२+४ | १० रुपैयाँ



**टुंगनाको धुनमा...** | २१४७ औं ग्याल्बो ल्होसार (नयाँ वर्ष) का अवसरमा बुधबार काठमाडौंको बौद्धस्थित गुम्बामा आयोजित समारोहमा हिमाली लोकबाजा टुंगना बजाएर गाउँदै कलाकार । सोमबार सुरु भएको तीनदिने धर्मपाल उत्सवका क्रममा शेर्पा समुदायले गुम्बामा भेला हुँदै 'बँदेल वर्ष' बिदा गरेर 'मुसा वर्ष' को स्वागत गरेका छन् । *तस्बिर : संजोग मानन्धर/कान्तिपुर*

# राष्ट्रिय सभामा गौतम कि खतिवडा ?

- नेकपामा बबन्डर सुरु
- सरकार र सचिवालयबीच गम्भीर मतभेद

**बिनु सुवेदी** (काठमाडौं)

राष्ट्रिय सभा सदस्यमा वामदेव गौतमलाई मनोनयन गर्न सरकारलाई सिफारिस गर्ने नेकपा केन्द्रीय सचिवालयको निर्णयलाई प्रधानमन्त्री एवं नेकपा अध्यक्ष केपी शर्मा ओलीले नमान्ने बताएपछि सत्तारूढ दलभित्रको विवाद उत्कर्षमा पुगेको छ । बुधबार आफूसमेत उपस्थित बैठकबाट निर्णय भएको दुई घण्टा नबित्दै ओलीले त्यसलाई नमान्ने भन्दै पार्टी सचिवालयको सिफारिसलाई चुनौती दिएका थिए ।

सचिवालय स्रोतका अनुसार प्रधानमन्त्री ओलीले बैठकपछि वरिष्ठ नेता माधवकुमार नेपाललाई फोन गरेर गौतमलाई राष्ट्रिय सभा सदस्य बनाउने सचिवालयको निर्णय आफूले नमान्ने र अर्थमन्त्रीसमेत रहेका राष्ट्रिय सभा सदस्य युवराज खतिवडालाई नै निरन्तरता दिने बताएपछि पछिल्लो विवाद बढेको हो । दुई वर्षअघि राष्ट्रिय सभा सदस्यमा राष्ट्रपतिबाट मनोनीत खतिवडालाई नै फेरि मनोनयन गराउने ओलीको चाहना प्रस्ट रूपमा प्रकट भएको छ ।

यता बुधबार बिहान प्रधानमन्त्री निवास, बालुवाटारमा बसेको सचिवालय बैठकले भने खतिवडाको बहिर्गमनपछि राष्ट्रिय सभामा रिक्त हुने उक्त स्थानमा पार्टी उपाध्यक्ष गौतमलाई सिफारिस गर्न सरकारलाई सुझाव दिने निर्णय गरेको थियो ।

यससँगै गत शनिबारको सचिवालय बैठकले संविधान संशोधनका लागि बनाएको कार्यदल भंग गर्ने र औचित्य एवं आवश्यकताका आधारमा संविधान संशोधनका लागि छलफल अघि बढाउने निर्णय गरेको महासचिव विष्णु



> गौतमलाई राष्ट्रिय सभामा मनोनयन गर्ने सचिवालयको सर्वसम्मत निर्णय हो, यही निर्णय नै लागू हुन्छ ।'
>
> **– विष्णु पौडेल**
> नेकपा महासचिव

पौडेलले बताए । 'गौतमलाई राष्ट्रिय सभामा मनोनयन गर्ने सचिवालयको सर्वसम्मत निर्णय हो, यही निर्णय नै लागू हुन्छ,' उनले कान्तिपुरसँग भने । यसअघि अध्यक्ष ओलीसँग निकट मानिने महासचिव पौडेलले सचिवालयको बहुमतले गरेको निर्णयतर्फ आफूलाई उभ्याएका छन् ।

बैठकपछि पार्टी प्रवक्ता नारायणकाजी श्रेष्ठले पनि गौतमलाई राष्ट्रिय सभा सदस्य बनाउने निर्णय भएको जानकारी पत्रकारलाई गराएका थिए । 'पछाडिको डेभलपमेन्ट के भयो थाहा छैन, सचिवालय बैठकले वामदेवजीलाई राष्ट्रिय सभामा लैजाने निर्णय गरेको हो,' प्रवक्ता श्रेष्ठले कान्तिपुरसँग भने । **बाँकी पृष्ठ १४**

## ४ दिने घटनाक्रम

**शनिबार**

नेकपा सचिवालयमा संविधान संशोधन कार्यदल गठन, निर्णय गोप्य राख्ने सहमति ।

**आइतबार**

प्रधानमन्त्रीनिकट नेताहरूबाट कार्यदल गठनको सूचना सार्वजनिक, कार्यदल सदस्यहरूद्वारा अनभिज्ञता प्रकट, केही नेताद्वारा खण्डन । माधव नेपाल र ईश्वर पोखरेलबीच कोटेश्वरमा भेट ।

**सोमबार**

कार्यदल संयोजक नेपालद्वारा सदस्यहरू सुवास नेम्बाङ र खिमलाल देवकोटासँग आफ्नै निवासमा अनौपचारिक छलफल । सदस्यहरूद्वारा कार्यदलको औचित्यमाथि प्रश्न । दिउँसो पुष्पकमल दाहाल, नेपाल र विष्णु पौडेलबीच धुम्बाराहीमा कुराकानी ।

**मंगलबार**

ओलीसँग दाहाल र नेपालको छुट्टाछुट्टै भेट । साँझ खुमलटारमा दाहाल, नेपाल, झलनाथ खनाल र वामदेव गौतमबीच कुराकानी । संविधान संशोधनबिनै राष्ट्रिय सभामा जान गौतम तयार ।

**बुधबार**

बिहान ओली–दाहाल छलफल । दिउँसो सचिवालयद्वारा गौतमलाई राष्ट्रिय सभामा लैजाने र संविधान संशोधन अध्ययन कार्यदल भंग गर्ने निर्णय । बैठकपछि ओलीद्वारा सचिवालयको निर्णय नमान्ने घोषणा । साँझ ओली–नेपाल भेट । ओली समूहको छुट्टै बैठक ।

## भित्र

**समाचार । २**
शशांक भन्छन्- 'अब शेरबहादुरजीलाई रोक्छु'

**समाचार । ३**
दुलही सजिएर बसिन्- न दुलाहा आए, न जन्ती

**कला र शैली । ८**
बोरामाथि पलेँटी कसेर फिल्म हेर्ने अहिले सुतेर हेर्छन्

**अर्थ वाणिज्य । ११**
हुम्लामा होटल बुकिङ शून्य

# एकै दिन ४ अर्बको सेयर

बैंकिङ, लघुवित्त, बिमा, जलविद्युत्, होटल र उत्पादन तथा प्रशोधन समूहका केही कम्पनीको चलखेल भएको आशंका

**यज्ञ बञ्जाडे** (काठमाडौं)

सेयर बजारमा बुधबार ४ अर्ब १५ करोड ४८ लाख रुपैयाँको कीर्तिमानी कारोबार भएको छ । सेयर कारोबार मापक नेप्से परिसूचक यस दिन झन्डै ५१ अंकले बढेर १ हजार ५ सय ९३.१३ विन्दुमा पुग्यो । अघिल्लो दिन ४३.०२ अंकले बढेको थियो । आइतबार ३ अर्ब ६० करोड रुपैयाँको कारोबार भएको थियो । १२ उपसमूहको परिसूचक उकालो लागेपछि बुधबार समग्र नेप्से उच्च अंकले बढेको हो । अर्थमन्त्री युवराज खतिवडाको बहिर्गमनको चर्चासँगै सेयर कारोबार बढ्नुलाई जानकारहरूले 'अर्थपूर्ण संयोग' मानेका छन् ।

केही कम्पनीको कारोबार छोटो समयमै धेरै अंकले बढ्नुमा पर्याप्त प्राकृतिक आधार नदेखिएको धितोपत्र बोर्डका अध्यक्ष भीष्मराज ढुंगानाले बताए । 'निर्जीवन बिमा, लघुवित्त, जलविद्युत्, उत्पादन तथा प्रशोधनलगायत समूहअन्तर्गतका केही कम्पनीको सेयर कारोबार धेरै बढ्नुमा पर्याप्त आधार देखिँदैन,' उनले भने । बजारलाई धितोपत्र बोर्डले निरन्तर सूक्ष्म रूपले हेरिरहेको जानकारी दिँदै उनले डराइहाल्नुपर्ने अवस्था नरहेको बताए ।

'लगानीकर्ताले राम्रा कम्पनी छानेर लगानी गर्नुपर्छ,' उनले भने । बुधबार ३२ हजार १ सय ५४ वटा सेयर कारोबार हुँदा करिब ९९ लाख ७ हजार कित्ता सेयरको किनबेच भएको छ । **बाँकी पृष्ठ १३**

# राष्ट्रपति आउँदा बिदा !

बैतडी/दार्चुला (कास)- मन्दिरमा पूजा र भवन उद्घाटनको कार्यक्रममा राष्ट्रपति विद्यादेवी भण्डारी आउने भएपछि बैतडी र दार्चुलाका दुई/दुई पालिकाले सार्वजनिक बिदा दिने निर्णय गरेका छन् । बैतडीका पाटन नगरपालिका र दशरथचन्द नगरपालिका तथा दार्चुलाका शैल्यशिखर नगरपालिका र मालिकार्जुन गाउँपालिकाले बिहीबारका लागि सबै कार्यालय र



**बैतडी र दार्चुलाका चार पालिकाका सबै कार्यालय र शैक्षिक संस्थामा आज सार्वजनिक बिदा**

शैक्षिक संस्था बन्द गरेका हुन् । उनीहरूले राष्ट्रपतिलाई नागरिक अभिनन्दन पनि गर्ने घोषणा गरेका छन् । आफ्ना गाउँ र नगरवासीका लागि सूचना जारी गर्दै राष्ट्रपतिको स्वागतमा भेला हुन भनेका छन् । विद्यार्थीलाई अनिवार्य सहभागी हुन भनिएको छ ।


राष्ट्रपति भण्डारीले बिहीबार पाटनस्थित भीमदत्त पोलिटेक्निक इन्स्टिच्युटको भवन र छात्रावास उद्घाटन गर्ने कार्यक्रम छ । त्यसपछि दशरथचन्द नगरपालिकास्थित त्रिपुरासुन्दरी मन्दिरमा पूजा गर्ने दशरथचन्दका नगरप्रवक्ता चक्रप्रसाद शर्माले बताए । राष्ट्रप्रमुख जिल्ला आउँदा सार्वजनिक बिदा दिनु राम्रो निर्णय भएको उनले दाबी गरे । पाटन र दशरथचन्द नगरले राष्ट्रपति भण्डारीलाई नागरिक अभिनन्दन गर्ने कार्यक्रम छ ।

सार्वजनिक बिदा दिने निर्णयले बालबालिकाको पढाइ प्रभावित हुने शिक्षकहरूले बताए । 'राष्ट्रप्रमुख आउँदा कार्यक्रमस्थल नजिकका विद्यालयका विद्यार्थी जानु, स्वागत गर्नु ठिकै भए पनि सबै विद्यालय बन्द गर्न जरुरी थिएन,' दशरथचन्द माविका प्रधानाध्यापक तेजप्रकाश भट्टले भने ।

राष्ट्रपतिले बिहीबारै मालिकार्जुन गाउँपालिकास्थित मालिकार्जुन मन्दिरमा विशेष पूजापाठ गर्ने कार्यक्रम छ । जिल्लाका शैल्यशिखर नगरपालिका र मालिकार्जुन गाउँपालिकाले सार्वजनिक बिदा घोषणा गर्दै स्वागतका लागि उपस्थित हुन सर्वसाधारणलाई सूचना जारी गरेका छन् ।

शैल्यशिखर नगर कार्यपालिकाको बुधबारको बैठकले बिदा दिने निर्णयसँगै नगरवासीलाई राष्ट्रपतिको स्वागतका लागि उपस्थित हुन अनुरोध गर्दै सूचना जारी गरेको निमित्त प्रमुख प्रशासकीय अधिकृत अरुणप्रसाद जोशीले जानकारी दिए । नागरिक अभिनन्दन र स्वागतका लागि गाउँपालिकाले बिदा दिने निर्णय गरेको मालिकार्जुन गाउँपालिका अध्यक्ष नरेन्द्रसिंह धामीले बताए । **बाँकी पृष्ठ १४**



# 'अब शेरबहादुरजीलाई रोक्छु'

'शेरबहादुरजीले पार्टी चलाउन सक्नुभएन । कार्यकाल लम्ब्याएर पार्टीलाई अप्ठ्यारामा पार्ने बाटामा उहाँ लाग्नुभएको छ ।'

**कुलचन्द्र न्यौपाने** (काठमाडौं)

कांग्रेसको गैरसंस्थापन पक्षमा सभापतिको प्रत्याशी को हुने भन्ने दौडधुप चलिरहेका बेला महामन्त्री शशांक कोइरालाले फागुन १ गते उत्तरप्रदेश, भारतका मुख्यमन्त्री योगी आदित्यनाथसँग गरेको भेटवार्ता अहिले चर्चामा छ । कोइरालाको उक्त भेटलाई पार्टीको आसन्न महाधिवेशन र 'हिन्दु राज्य' को मुद्दासँग जोडेर हेर्ने गरिएको छ ।

केही समयअघि स्वास्थ्य परीक्षण गर्न दिल्ली पुगेका वरिष्ठ नेता रामचन्द्र पौडेलको भारतीय जनता पार्टीका पूर्वअध्यक्ष एवं रक्षामन्त्री राजनाथ सिंहसँग भेटेका थिए । जसको चर्चा नसेलाउँदै कोइरालाले भारतीय प्रधानमन्त्री मन्त्री नरेन्द्र मोदीका विश्वासपात्र आदित्यनाथलाई भेटेका हुन् ।

कोइराला इन्डिया फाउन्डेसन, नीति अनुसन्धान प्रतिष्ठान र नेपाल-भारत च्याम्बर अफ कमर्स इन्डस्ट्रीले संयुक्त रूपमा माघ २९ देखि फागुन १ सम्म आयोजना गरेको कार्यक्रममा सहभागी हुन उत्तरप्रदेश पुगेका थिए । आयोजकले योगी सहभागी हुने कार्यक्रममा कांग्रेसबाट महामन्त्री कोइराला र केन्द्रीय सदस्य मीनेन्द्र रिजाललाई बोलाएका थिए । नेपाल र भारतबीचको बहुपक्षीय विषयमा भएको संवाद कार्यक्रममा अन्य राजनीतिक दलका नेतासमेत आमन्त्रित थिए ।

कांग्रेस नेता रिजालका अनुसार कोइराला र योगीसँगको भेटवार्ता छुट्टै भएको थियो । उनीहरूबीचको भेट औपचारिकतामा मात्रै सीमित थिएन । पार्टीको आसन्न महाधिवेशन र नेपालको पछिल्ला घटनाक्रममाथि खुलेरै कुराकानी भएको थियो । भारतसँग कोइरालाहरूको पुरानो सम्बन्ध र बीपीकै छोरा भएका कारण पनि योगीले कोइरालासँगको भेटलाई बढी महत्त्व दिएको रिजालको बुझाइ छ ।

नेपालमा हिन्दु राज्य स्थापना हुनुपर्छ भन्ने भनाइ बेलाबखत सार्वजनिक रूपमै प्रकट गर्दै आएका मुख्यमन्त्री योगी आदित्यनाथसँग कोइरालाको भेटलाई पार्टीकै कतिपय नेताहरूले महाधिवेशनभन्दा पनि धर्मसँग जोडेर हेर्ने गरेका छन् । कोइराला भने धर्मबारे कुराकानी नै नभएको दाबी गर्छन् । 'पार्टीको महाधिवेशन र सरकारका विषयमा कुराकानी भयो । धर्मका बारेमा कुराकानी नै भएन,' उनले कान्तिपुरसँग भने, 'धेरैजसो त पार्टीको आसन्न महाधिवेशनकै बारेमा उनीहरूको पनि चासो देखियो । हाम्रो कुराकानी पनि त्यसैमा बढी केन्द्रित भयो ।'

धर्मबारे आफ्नो दृष्टिकोणमा कुनै हेरफेर नभएको भने उनले बताए । 'धर्म निरपेक्षता हटाउनै पर्छ, अहिले पनि मेरो धारणा त्यही हो । तर दुई तिहाइको समर्थन अर्कोतिर छ । अहिल्यै हट्ने सम्भावना छैन,' उनले भने, 'धर्मसापेक्ष र निरपेक्ष दुवै हुनु हुन्न, स्वतन्त्र हुनुपर्छ भन्नेमा म स्पष्ट छु ।' ...

कोइराला कार्यकर्ताको कुरा सुन्छन्, प्रतिक्रिया दिनुपर्ने भए मात्रै एक/दुई वाक्य बोल्छन् । नत्र मुसुक्क हाँसेर टारिदिन्छन् । आफ्नै बारेमा जति कटु आलोचना गरे पनि त्यसको प्रतिक्रिया उनको हाँसो हुन्छ । कसैलाई बिझाउँदैनन् ।

संसद्मै कोइरालाले दुई वर्षमा दुई पटक मात्रै बोलेका छन्, एकपटक सभामुख निर्वाचित भएपछि कृष्णबहादुर महरालाई बधाई दिने क्रममा र अर्कोपटक सरकारको नीति तथा कार्यक्रममाथि । पार्टीको केन्द्रीय कार्यसमितिमै उनी हतपत बोल्दैनन् । उनको भूमिकासमेत अर्का महामन्त्री पूर्णबहादुर खड्काले निर्वाह गरिरहेका हुन्छन् ।

पार्टी सभापति शेरबहादुर देउवाको हरेक गल्तीमा साक्षी बनेको आरोप शशांकलाई आफ्नै समूहबाट समेत लाग्दै आएको छ । पार्टीभित्र उनको सबैभन्दा ठूलो पुँजी बीपीको विरासत हो ।

तत्कालीन सभापति सुशील कोइराला त्यस्तै नबोल्ने नेतामा पर्थे । उनलाई संसद्मा 'ब्याकबेन्चर' भनिन्थ्यो । संसद् प्रवेशको सुरुवाती कालखण्डमा उनी पछिल्लो बेन्चमा बस्थे । जिब्रोको क्यान्सरका कारण उनको बोली पनि स्पष्ट थिएन । बोली स्पष्ट भए पनि शशांक भने आमसभामै दुई, तीन मिनेटभन्दा बढी बोल्दैनन् । संसद्को नीति तथा कार्यक्रममाथि बोल्दा उनले जम्मा एक मिनेट बोलेका थिए । पार्टी पदाधिकारी हुनुअघि उनी पनि संसद्को पछिल्लो बेन्चमा हुन्थे ।

> 'म सभापति हुने/नहुने भन्दा पनि कसरी शेरबहादुरजीलाई नेतृत्वमा आउनबाट रोक्ने भन्नेमा बढी ध्यान मेरो छ ।'

पार्टीको नवौं महाधिवेशनबाट केन्द्रीय सदस्य बनेका शशांक आसन्न महाधिवेशनमा सभापतिमा उठ्ने तयारीमा छन् । एक वर्षअघि विराटनगरबाट उनले उम्मेदवारी घोषणासमेत गरेका थिए । उनको घोषणालाई लिएर आन्तरिक गुटको बैठकमा आलोचना भयो । उम्मेदवार घोषणाको प्रतिस्पर्धाले पार्टी सभापति देउवालाई लाभ पुग्ने ठानेर संस्थापन इतरपक्षमा कसैले पनि सार्वजनिक रूपमा उम्मेदवार घोषणा नगर्ने सहमति बन्यो ।

पछिल्लो समय सार्वजनिक रूपमा उम्मेदवार हुँ नभने पनि शशांकको गतिविधि बदलिएको छ । साढे तीन वर्ष पार्टी सभापति देउवालाई सहयोग गरेका उनी ६ महिनायता सबैभन्दा बढी विरोधीका रूपमा देखिएका छन् । सार्वजनिक रूपमा देउवालाई अक्षम र पार्टी चलाउन नसक्ने नेता भनी आलोचना गरेका छन् ।

बाहिरी गतिविधि कम तर भित्रभित्रै सभापतिका लागि तयारी थालेका शशांकको भारत साइनो पनि त्यसैसँग जोडिन पुगेको छ । उनी निकट एक नेताका अनुसार योगीसँगको भेटवार्ता एजेन्डा जेजस्ता भए पनि भारतसँगको सम्बन्ध विस्तार गर्नकै लागि थियो । शशांकका लागि उम्मेदवार बन्न भने परिवारभित्रै दाजु शेखरको चुनौती छ । शेखर दुई वर्षदेखि नै सभापतिको प्रत्याशीका लागि दौडधुपमा छन् । राजधानीभन्दा बाहिर जिल्लामा उनको बसाइ बढी छ । शशांक बीपी पुत्र हुन् भने शेखर बीपीका भाइ केशवका छोरा हुन् । विरासतको लाभको हिसाबले शेखरभन्दा शशांक अघि देखिन्छन् । क्रियाशीलता शेखरको बढी छ । यति हुँदाहुँदै पनि संस्थापनइतर पक्षमा वरिष्ठ नेता रामचन्द्र पौडेल मुख्य दाबेदारका रूपमा छन् । उनी आफैं उम्मेदवार हुनेमा ढुक्क देखिन्छन् तर शशांक र शेखरलाई मनाउनु नै पौडेललाई फलामको चिउराजस्तै छ । गणेशमान पुत्र प्रकाशमान सिंह र पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला पनि आकांक्षी हुन् ।

शशांकले देउवा फेरि सभापति भए कांग्रेस धेरै कमजोर हुने दाबी गरे । 'अब शेरबहादुरजीबाट पार्टी चल्दैन,' उनले कान्तिपुरसित भने, 'म सभापति हुने/नहुने भन्दा पनि कसरी शेरबहादुरजीलाई नेतृत्वमा आउनबाट रोक्ने भन्नेमा बढी ध्यान मेरो छ ।'

संस्थापनइतर पक्षमा जति प्रतिस्पर्धी देखिए पनि अन्तिममा एक जना मात्रै उम्मेदवार हुने दाबी शशांकले गरेका छन् । 'एक भएन भने त फेरि पनि शेरबहादुरजीले नेतृत्व हत्याउनुहुन्छ । त्यसैले हामीबीच सल्लाह हुँदै छ,' उनले भने ।


कान्तिपुर

## 'कांग्रेस कोइरालाहरूको मात्रै बपौती हो र ?'

**भारत किन जानुभएको थियो ?**

सेमिनार थियो । त्यसैमा गएको हो । यूपीका मुख्यमन्त्री आदित्यनाथ योगीजीसँग भेटवार्ता भयो ।

**छुट्टै भेटवार्ता ?**

हो भयो । हामीले कुरा राख्यौं, दुई देशका विकासका बारेमा । अहिलेको सरकारप्रति उनीहरू पनि सन्तुष्ट भएको पाइएन ।

**कांग्रेसकै विषयमा कस्तो चासो रहेछ ?**

आगामी महाधिवेशनका विषयमा कुराकानी भए । पार्टी सभापति शेरबहादुरजीप्रति उनीहरूको धारणा सकारात्मक भएको पाइनँ ।

**तपाईं र योगीबीचको धर्मको 'कनेक्सन'लाई लिएर टीकाटिप्पणी भइरहेको छ नि ?**

धर्मबारे कुरा नै भएन ।

**तपाईंको 'लाइन' त हिन्दु राज्य स्थापना गर्नुपर्छ भन्ने हो नि, हैन ?**

त्यहाँ त्यस्तो कुरा भएन तर म प्रस्ट छु, धर्म निरपेक्ष राख्न हुन्न । धर्म स्वतन्त्र हुनुपर्छ ।

**महाधिवेशनका लागि पार्टीभित्र तपाईंको तयारी कस्तो छ ?**

अब १४ औं महाधिवेशनमा शेरबहादुरजीलाई नेतृत्वमा आउन नदिनका लागि म लागेको छु ।

**तपाईंहरू (संस्थापनइतर पक्ष) नै विभाजित हुनुहुन्छ भने कसरी सम्भव हुन्छ ?**

त्यसैका लागि मेरो ध्यान केन्द्रित छ । हामी एक भएनौं भने फेरि शेरबहादुरजीले नेतृत्व लिनुहुन्छ । त्यसैमा ध्यान दिनुपर्छ । एउटै उम्मेदवार हुने विषयमा छलफल भइरहेको छ । खालि को हुने भन्ने मात्र हो ।

**तपाईं र शेखर कोइरालामध्ये एक हो भन्छन् नि ?**

रामचन्द्र दाइ पनि हुनुहुन्छ ।

**कोइरालाले नेतृत्व लिनुपर्छ भन्ने धारणा तपाईंहरूको हो ?**

के कांग्रेस कोइरालाहरूको बपौती हो र ? त्यो त होइन नि । हामीबीच मिल्ने कुरा भइरहेको छ । समय छ ।

**पार्टी सभापतिको चार वर्षको कार्यकाललाई कसरी लिनुहुन्छ ?**

पार्टीलाई चारैतिर आक्रमण हुँदा समेत नेतृत्वले केही गर्न सकेन । कांग्रेसकै साथीहरू रिसाएका छन् । शेरबहादुरजीले पार्टी नै चलाउन सक्नुभएन, गति दिन सक्नुभएन । उहाँको केही भिजन नै रहनेछ ।

**तपाईंहरूले सहयोग गर्दिनुभएन भन्ने छ नि ?**

शेरबहादुरजीलाई मैले सधैं सहयोग गरें । कहिल्यै बाधक बनिनँ । चुनावमा पार्टी पराजित भयो । त्यतिबेला शेरबहादुरजीका टाउकामा मात्रै दोष हालेर हुँदैन भनेर मैले नै बचाएको हो । हामी पनि निर्णय गर्ने ठाउँमा छौं भनेर बचाएको हो । त्यसपछि पनि गति लिन सक्नुभएन ।

**पार्टी सभापतिसँग तपाईंको कुराकानी कत्तिको हुन्छ ?**

बैठकमा मात्रै हुन्छ । पहिला जस्तो कुराकानी हुन्न ।

**नेतृत्वले गल्ती गर्दा पनि तपाईं किन मौन बस्दै आउनुभएको ?**

हो, विरोध गरिनँ । मैले नै विरोध गरेको भए बाहिर पार्टी सभापति कमजोर भएको सन्देश जान्थ्यो । अब त महाधिवेशन पनि आइसकेको छ । उहाँले केही पनि गर्न सक्नुभएन । अब त बोल्नैपर्छ भनेर बोल्न थालेको हो ।

**सभापतिले कांग्रेसलाई पुरानै अवस्थामा लैजान्छु भन्नुभएको छ नि ?**

यो त सबैले भन्ने कुरा हो । फेरि शेरबहादुरजी नै सभापति बन्नुभयो भने पार्टी झनै खत्तम हुन्छ । भिजन नभएको नेताबाट पार्टी चल्दैन ।

**तपाईंको भिजन के छ ?**

पार्टी एक गराउने र सरकारमा लैजाने हैसियतमा पार्टीलाई पुर्‍याउने भिजन मसँग छ ।

**महाधिवेशन तयारी अघि बढेको हो ?**

केही बढेको छैन । क्रियाशील सदस्यता वितरण र नवीकरण भएको छैन । समायोजनको काम सकिएको छैन । तोकिएकै मितिमा महाधिवेशन हुनेमा आशंका बढ्दै छ ।

**किन तयारी अघि नबढेको ?**

शेरबहादुरजीले चाँडै महाधिवेशन गराउन नै खोज्नुभएको छैन । कार्यकाल लम्ब्याइराख्ने र पार्टीलाई अप्ठ्यारामा पार्ने काम उहाँले गर्न खोज्दै हुनुहुन्छ । हामी छिटो गर्नुहोस् भन्दै दबाब दिँदै आएका छौं तर छिटो हुन सकेको छैन ।

# राणा रिम्पोछे

कुनै बेला भिक्षुलाई देशनिकाला गर्ने चन्द्रशमशेरका खनाति बुद्ध शिक्षाका विद्याधर महायोगी बनेका छन्

**मनोज पौडेल** (कपिलवस्तु)

अघिपछि सुसारे-धराले । जस्तो खोज्यो उस्तै सुविधा । रोजेको लाउन-खान मिल्थ्यो । जे सोच्यो, त्यही पुग्थ्यो । राजसी सुखसयल थियो । राम्रो शिक्षादीक्षा प्राप्त गरेका थिए । तैपनि उनी वंश-परम्परा जोगाउनतिर लागेनन्, शासनसत्तामा ध्यान दिएनन् । सुख-सुविधा र लोभ-मोह त्यागेर बुद्धका सच्चा अनुयायी बने ।

काठमाडौंका ७० वर्षीय श्रीधर राणा रिम्पोछे ध्यानी, तपस्वी, तान्त्रिक, अभ्यासी हुँदै अहिले महायोगी बनेका छन् । उनी पितृवंशमा राणाकालीन महाराज पद्मशमशेरका पनाति हुन्, मातृवंशमा बझाङे राजा जयपृथ्वीबहादुर सिंहका नाति । तत्कालीन डीआईजी नारायणशमशेर र शान्तिशमशेरका जेठा छोरा श्रीधरको सानैदेखि शान्ति र अध्यात्ममा लगाव थियो । सात/आठ वर्षको उमेरमा बाबुआमाले के बन्छस् भन्दा ठूलो तन्त्र अभ्यासी बन्छु भनेको उनी सम्झिन्छन् । 'त्यतिखेर आमाबाबुले राम्रो मान्नुभएन,' उनले भने, 'त्यतिखेर मैले राम्रो भनेको रैछु भन्ने लागेको छ ।'

उनले भारतको नयाँदिल्लीबाट होटल व्यवस्थापनमा उच्च शिक्षा हासिल गरेका छन् । उनी तन्त्रमन्त्रमा विश्वास गर्थे । तान्त्रिक बन्न चाहन्थे । तन्त्रमन्त्रको खोजमा लीन हुन उपसचिवको जागिर त्यागे ।

बझाङको खप्तड स्वामी आश्रममा वेद सिक्न पुगे । त्यहींबाट हिन्दु धर्मसेवक बनेको उनले बताए । केही समय वेद सिके पनि सन्तुष्टि नमिलेपछि फर्किए । त्यसपछि जापानको झेन बुद्ध धर्मको एउटा पुस्तक पढे । त्यसैमा आकर्षण बढ्न थाल्यो । थप अध्ययनका लागि जापान गए । उतै बसे । सधैं जापान बस्न खर्चिलो हुन्थ्यो । आउजाउ गर्न पनि गाह्रो भयो । त्यसपछि तिब्बती विद्वान् मिलरेप्पाका पुस्तक अध्ययन गर्न थाले ।

दक्षिणी अमेरिकी साथीमार्फत सन् १९८७ मा नागी गुम्बाका उर्गेन रिम्पोछेसँग भेटेपछि बालापनदेखिका जिज्ञासाको उत्तर पाए । सुरुमा तिब्बतीयन बुद्ध धर्मका बारेमा जानकारी थिएन । आफूले खोजको मोक्ष, ज्ञान र तन्त्रमन्त्र तिब्बतीयन दर्शनमा पाएपछि अनुयायी बने । अवतारी लामा, रिम्पोछे र काठमाडौंका नेवार गुरुबाट बज्रयान बुद्धधर्मका बारेमा ज्ञान हासिल गरे । महत्त्वपूर्ण अभिषेक, साधना उपदेश र आगम प्राप्त गरे । बुद्ध धर्म र शिक्षामा समर्पित भए ।

सन् १९९६ अप्रिलमा बज्रयान परम्पराअनुसार उनी साढे ६ वर्षका लागि गुफावास प्रवेश गरे । फेरि गुरु चोब्जय ठ्रिचेन रिम्पोछेको निर्देशनमा साढे ६ वर्ष गुफबास लम्ब्याए । मन्त्र, विद्या, धारणीजस्ता बज्रयानका विषयमा सिद्ध प्राप्त गर्न उनले गुफाबास लम्ब्याएका थिए । २१ वर्षसम्म पूर्ण गुफाबास बिताएपछि सन् २०१७ को मार्चमा उनी पहिलो पटक सार्वजनिक भए । उनको ध्यानको गहिराइ देखेर प्रतिष्ठित रिम्पोछे, गुरु र विद्वान्ले महायोगी, आचार्य, विद्याधर र रिम्पोछेजस्ता बौद्ध आध्यात्मिक उपाधि प्रदान गरेका छन् ।


लुम्बिनीस्थित मायादेवी मन्दिरमा श्रीधर राणा रिम्पोछे । तस्बिर : मनोज पौडेल/कान्तिपुर

राणा प्रधानमन्त्री चन्द्रशमशेरले सन् १९२४ मा पाँच भिक्षुलाई देशनिकाला गर्ने निर्णय लिए । महाप्रज्ञा, महाचन्द्र, महाज्ञान, महावीर्य र महाक्षान्तिलाई देश निकाला गरे । त्यसबेला भिक्षुले 'हामी गृहस्थमा फर्कंदैनौं, बरु देश छाड्छौं' भनेका थिए । इतिहास जानकारका अनुसार भिक्षुले आफूहरूसँग केही नभएकाले दुई/चार दिन भिक्षा माग्नका लागि समय दिन आग्रह गरेका थिए । चन्द्रशमशेरले पाँच दिन समय दिए । भिक्षा माग्ने बेलामा दुई जना पुलिस सँगसँगै पठाउँथे । सरकारले त्यतिखेर रक्सी बनाउनेलाई जरिवाना तोकेको थियो । त्यसले रक्सी बनाउने घटेनन् तर भिक्षुले भनेर चार हजार जनाले रक्सी खान छाडेका थिए । तत्कालीन सुब्बाले चन्द्रशमशेरलाई सुनाए, 'सरकारले भन्दा नमान्ने, भिक्षुले भन्दा रक्सी बनाउन छाड्ने ।' सुब्बाकै सिफारिसमा पछि अप्ठ्यारो पर्न सक्ने भनेर कठोर निर्णय लिन लगाइएको जानकार बताउँछन् । यस्तो कडा निर्णय लिने चन्द्रशमशेरका खनाति श्रीधरशमशेर बुद्धका ठूला अनुयायी बनेका छन् । चन्द्रशमशेर र पद्मशमशेर काका-भतिजा हुन् ।

'जंगबहादुरले उपत्यकाका विहार र चैत्य तोडफोड गरेका थिए,' श्रीधरले भने, 'विभिन्न बौद्धग्रन्थ र पुस्तक जलाइदिएका थिए ।' बेलायती नागरिक ब्रायन हडसनले जलाउनुभन्दा आफूलाई दिन भनेपछि नौवटा पुस्तक जंगबहादुरले बेलायत लगेको उनले बताए । पछि नेवार समुदायका व्यक्तिले ती पुस्तक नेपाल फर्काएका थिए । अहिले अनुयायीलाई पुर्खाले गरेका नराम्रो कामको गुन तिरिरहेको उनले बताए । 'बुद्ध शिक्षामा समर्पित भएर शान्ति र सद्भावका लागि सेतुको काम गरिरहेको छु,' उनले भने ।

सात दशक उमेर पुग्दासमेत श्रीधरमा युवा जोस छ । धर्मदेशनाका लागि हिँडिरहन्छन् । यात्रा गर्दा झन् ऊर्जा थपिने गरेको बताउँछन् । जीवनशैली पनि गुफाबासजस्तै छ । आफूले प्राप्त गरेको अभिषेक र उपदेश बाँड्न हिँडिरहन्छन् । बुद्धको शिक्षा, चार आर्यसत्य र अष्टांगिक मार्ग व्याख्या गर्दा उपासक/उपासिका ध्यानमा मग्न हुन्छन् । त्यो देखेर उनी आनन्दित हुन्छन् । उनी धर्मदेशना मात्र गर्दैनन्, योग र अभ्यास पनि गराउँछन् । शिष्यानुग्रह भएमा धर्मदेशना गर्न घुमिरहन्छन् । उनी सहज र सरल छन् । त्यही भएर सबैको रोजाइमा पर्छन् । सरस, तार्किक र व्यावहारिक हुँदा उनको धर्मदेशना सुन्न धेरै व्यक्ति लालायित हुन्छन् । विदेशमा पनि उनका अनुयायी उत्तिकै छन् ।

> 'हामी गृहस्थमा फर्कंदैनौं, बरु देश छाड्छौं,' भिक्षुहरूले भने । चन्द्रशमशेरले पाँच भिक्षुलाई देशनिकाला गर्ने निर्णय लिए । उनीहरूले आफूहरूसँग केही नभएकाले दुई/चार दिन भिक्षा माग्न समय मागे । चन्द्रशमशेरले पाँच दिन समय दिए । सरकारले त्यतिखेर रक्सी बनाउनेलाई जरिवाना तोकेको थियो तर रक्सी बनाउने घटेनन् । बरु भिक्षुले भनेर चार हजार जनाले रक्सी खान छाडेका थिए ।

लुम्बिनीमा भर्खरै सम्पन्न तीनदिने प्रथम प्राणीधान मोल्लाम पूजामा उपासिका चन्दा श्रेष्ठ काठमाडौंबाट सहभागी हुन आएकी थिइन् । उनी तीन दिन धर्म लिएर भिक्षु लामाहरूलाई भोजन दान गरी फर्किइन् । यस्ता धेरैलाई उनले शिष्य बनाएका छन् । ठाउँ-ठाउँमा धर्मदेशना गरेर शान्ति र करुणाका सन्देश बाँड्छन् । जबसम्म शान्ति हुँदैन, तबसम्म विकास र समृद्धिले गति लिँदैन भन्ने उनको मान्यता छ । आफूले अहिले स्वास्थ्य र शिक्षा क्षेत्रमा टेवा पुग्ने किसिमका विभिन्न सामाजिक र कल्याणकारी काम गरिरहेको उनले बताए । 'त्यसकारण शान्ति अनिवार्य छ, देशमा शान्ति हुनका लागि पहिले मानिसमा शान्ति हुनुपर्छ,' उनले भने, 'मानिसमा रहेको मोह, माया, क्रोध, लोभ र हिंसा त्याग्न सके मात्र शान्ति आउँछ । बुद्ध शिक्षाको साथर्कता हुन्छ । आफूभित्रको अशान्ति हट्छ । आफूले आफैंलाई चिनिन्छ । परिवार, समाज, गाउँ र समग्र राष्ट्र निर्माणमा टेवा पुग्छ ।'

# सुरक्षा परिषद्को नयाँ विधेयक

**जगदीश्वर पाण्डे** (काठमाडौं)

सरकारले एक वर्षअघि संसद्मा दर्ता गरेको राष्ट्रिय सुरक्षा परिषद्को काम कर्तव्य र अधिकारसम्बन्धी विधेयक फिर्ता लिएर नयाँ विधेयक लैजाने भएको छ । राष्ट्रिय सुरक्षा नीति ल्याउनुअघि संसद्मा दर्ता गरिएको विधेयकलाई नयाँ सुरक्षा नीतिअनुसार समृद्ध बनाउन रक्षा मन्त्रालयले अर्को विधेयकको तयारी गरेको हो ।

मन्त्रालयले २०७५ फागुन २९ मा संसद् सचिवालयमा विधेयक दर्ता गरेको थियो । त्यसको अर्को महिना (चैत ४ मा) सरकारले मन्त्रिपरिषद्बाट राष्ट्रिय सुरक्षा नीति २०७३ लाई पुनरावलोकन गरी राष्ट्रिय सुरक्षा नीति २०७५ जारी गरेको थियो । संसद् सचिवालयमा रहेको विधेयकमा सेना परिचालन सम्बन्धमा 'गम्भीर राष्ट्रिय संकट उत्पन्न भएमा वा तत्काल सेना परिचालन नगरे त्यस्तो संकट उत्पन्न हुने देखिएमा र तत्काल परिषद्को बैठक बस्न सम्भव नभएमा अध्यक्षले सेना परिचालनका लागि सरकारसमक्ष सिफारिस गर्न सक्ने' उल्लेख छ। संविधानअनुसार परिषद्का अध्यक्ष प्रधानमन्त्री हुन्छन् ।

प्रधानमन्त्री एक्लैले सेना परिचालन गर्ने प्रावधान राख्न नहुने प्रतिपक्ष र सत्तापक्षकै नेताहरूको निचोड छ । यस्तो प्रावधान फिर्ता लिन माग गर्दै कांग्रेसले संसद् अवरुद्धसमेत गरिसकेको छ । रक्षा मन्त्रालय सम्हालेको दुई वर्ष पुगेको अवसरमा बुधबार उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलले नयाँ सुरक्षा नीतिअनुसार विधेयकलाई पुनर्लेखन गरी दुई साताभित्र संसद्मा दर्ता गर्ने जानकारी दिए ।

सरकारले सुरक्षा नीति कार्यान्वयन कार्ययोजनाको मस्यौदा तयार गर्न रक्षा मन्त्रालयका सचिवको अध्यक्षतामा राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय, अर्थ मन्त्रालय, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय र रक्षा मन्त्रालयका वरिष्ठ प्रतिनिधिहरू र एकजना सुरक्षा विशेषज्ञसमेत रहने गरी नौ सदस्यीय समिति गठन गरेको थियो । समितिले पुस २९ मा मन्त्री पोखरेलसमक्ष कार्ययोजना पेस गरिसकेको छ ।

**'सैनिक गुप्तचर महानिर्देशनालय अब विभाग'**

उपप्रधान तथा रक्षामन्त्री पोखरेलले सैनिक गुप्तचर कुनै नयाँ कुरा नभएको उल्लेख गर्दै हाल सेनामा रहेको सैनिक गुप्तचर महानिर्देशनालयलाई अब विभागमा रूपान्तरण गर्न खोजिएको बताए । 'पहिले पनि महानिर्देशनालय छँदै थियो, त्यसैलाई विभागमा रूपान्तरण गर्न खोजिएको हो,' उनले भने ।

पोखरेलले संसद्मा सैनिक ऐन संशोधन विधेयक टेबुल गरिसकेका छन् । विधेयकमा 'संवैधानिक दायित्व पूरा गर्न एवं राष्ट्रिय सुरक्षा नीतिबमोजिम शान्ति, द्वन्द्व र युद्धकालीन अवस्थामा सेनाले आफ्नो जिम्मेवारी प्रभावकारी ढंगबाट वहन गर्न र परिवर्तित परिस्थिति तथा भावी सुरक्षा चुनौतीहरूको प्रभावकारी रूपमा सामना गर्न सैनिक इन्टेलिजेन्सलाई समयसापेक्ष आधुनिकीकरण गरी थप प्रभावकारी बनाउने' उल्लेख छ ।

# कोरोना प्रभावले औषधिको कच्चा पदार्थ अभाव

## सबैभन्दा बढी कच्चा पदार्थ उत्पादन गर्ने चीनको हुबेईमा उद्योग बन्द, भारतले पनि 'अर्डर' रद्द गर्दै

**अतुल मिश्र** र **दिनेश रेग्मी** (काठमाडौं)

चीनमा कोरोना भाइरस रोग-२०१९ (कोभिड-१९) को प्रभाव व्यापक बन्दा नेपालको औषधि उद्योगमा असर परेको छ । भारतबाट औषधिको कच्चा पदार्थ आउने क्रम रोकिन थालेको छ । भारतमा बढी कच्चा पदार्थ चीनबाट भित्र्याइन्छ ।

बढी कच्चा पदार्थ उत्पादन गर्ने चीनको हुबेई प्रान्त कोभिड-१९ को संक्रमणबाट सबैभन्दा बढी प्रभावित छ । संक्रमण सुरु भएपछि त्यहाँ कच्चा पदार्थ उत्पादन गर्ने कारखाना बन्द भएका छन् । भारतीय औषधि उद्योगले त्यहीँबाट सबभन्दा बढी कच्चा पदार्थ वा 'एक्टिभ फर्मास्युटिकल इन्ग्रेडिएन्ट' (एपीआई) आयात गर्छन् । पछिल्लो समय भारतले चीनबाट कच्चा पदार्थ आयात गर्न पाएको छैन । त्यसले नेपालको औषधि उद्योगलाई समेत असर गरेको हो ।

नेपाल औषधि उत्पादक संघ (एपोन) का अध्यक्ष जी नारायणबहादुर क्षत्रीले बजारमा औषधि अभाव नदेखिए पनि उत्पादकहरूलाई कच्चा पदार्थको समस्या पर्न थालिसकेको बताए । उनका अनुसार भारतबाट 'अर्डर' रद्द हुन थालेको छ ।

औषधिको कच्चा पदार्थका लागि विश्वका अधिकतर मुलुक चीनमा निर्भर छन् । भारत विश्वमा तेस्रो सबभन्दा बढी औषधि उत्पादन गर्ने मुलुक हो । भारतमा बर्सेनि करिब ३९ अर्ब डलर बराबरको औषधिको कारोबार हुन्छ । अहिले हुबेईबाट कच्चा पदार्थ निर्यात हुँदैन ।

चीनमा स्थिति नसुध्रिए दुई/तीन महिनामै नेपालमा विभिन्न औषधिको उत्पादन बन्द गर्नुपर्ने वा बढी मूल्य तिरेर युरोपेली मुलुकबाट महँगो मूल्यमा कच्चा पदार्थ ल्याउनुपर्ने अवस्था आउने नेपाली औषधि उत्पादकहरू बताउँछन् । 'हामीकहाँ स्टक रहेको कच्चा पदार्थले अब २-३ महिना मात्र धान्छ । कोरोना संक्रमणको स्थिति नसुध्रिए नेपाली औषधि उद्योग बन्द हुन्छन्,' एपोन अध्यक्ष क्षत्रीले भने । औषधि उत्पादकका अनुसार अभाव बढ्दै जाँदा कच्चा पदार्थको मूल्यमा अत्यधिक वृद्धि भएको छ । पारासिटामोलको कच्चा पदार्थको भाउ दोब्बर भएको छ । एजिथ्रोमाइसिनलगायतका एन्टिबायोटिकको मूल्य ७० प्रतिशतसम्म बढेको छ ।



> हामीकहाँ स्टक रहेको कच्चा पदार्थले २-३ महिना मात्र धान्छ ।
>
> **– जी नारायणबहादुर क्षत्री**
> अध्यक्ष, नेपाल औषधि उत्पादक संघ

एपोनका कोषाध्यक्ष प्रभात रुंगटाका अनुसार नेपाल औषधिको ९८ प्रतिशत कच्चा पदार्थका लागि भारतमा निर्भर छ । भारतले भने करिब ८० प्रतिशत कच्चा पदार्थ चीनबाट भित्र्याउँछ । 'घरेलु औषधिको स्टकमा कमी देखिएपछि भारतीय सरकारले अत्यावश्यक औषधिको कच्चा पदार्थ निर्यातमा प्रतिबन्ध लगाउने तयारी गरेको छ,' रुंगटाले भने, 'हामीकहाँ पनि प्रायः सबै औषधिको कच्चा पदार्थको स्टक रित्तिँदै छ । अभावको समस्या नटरे औषधिको मूल्य बढ्न सक्छ ।' उनले औषधि उद्योगको परनिर्भरता हटाउन सरकारले विशेष पहल गर्नुपर्नेमा जोड दिए । औषधि उत्पादक दीपक प्रधानका अनुसार युरोपबाट कच्चा पदार्थ ल्याउनुपर्ने स्थिति आए औषधि धेरै महँगो हुन्छ ।

उत्पादकहरूका अनुसार नेपालको औषधि बजारमा भारतीय उत्पादनले करिब ५२ प्रतिशत, नेपाली उत्पादनले करिब ४५ प्रतिशत र अन्य देशको उत्पादनले ३ प्रतिशत स्थान ओगटेको छ । नेपालमा वर्षमा करिब ३० अर्ब रुपैयाँसम्मको औषधि आयात हुन्छ । यहाँको औषधि उद्योगमा करिब ४० अर्ब रुपैयाँको लगानी छ । नेपालमा करिब ८ सय प्रकारका औषधि उत्पादन हुन्छ । औषधि उद्योगबाट करिब ३० हजारले रोजगारी पाएका छन् ।

**कुवेतमा नेपाली सुरक्षित** : दूतावास

कुवेतमा कोरोना भाइरस रोग (कोभिड-१९) को संक्रमण देखिएपछि त्यहाँको सरकारले उच्च सतर्कता अपनाउँदै आफ्ना नागरिक र विदेशी पर्यटक तथा कामदारलाई भीडभाडबाट जोगिन आग्रह गरेको छ । कुवतेमा बुधबार बेलुकासम्म कोरोनाबाट संक्रमितको संख्या २६ पुगेको स्थानीय सञ्चार माध्यमले जनाएका छन् ।

कुवेतस्थित नेपाली दूतावासले हालसम्म त्यहाँ कार्यरत नेपालीलाई संक्रमण भएको कुनै जानकारी नआएको जनाएको छ । कुवेतमा करिब ७० हजार नेपाली कार्यरत छन् । 'हामीले नेपालीलाई कुनै कार्यक्रम नराख्न, भीडभाडमा नजान र सतर्कता अपनाउन भनेका छौं,' कुवेतका लागि नेपाली राजदूत दुर्गाप्रसाद भण्डारीले फोनमा भने ।

कुवेतमा नेपालीले यसअघि तय गरेका सामूहिक कार्यक्रम सबै स्थगित गरेका छन् । कुवेत सरकारले आफ्नो राष्ट्रिय दिवस र स्वतन्त्रता दिवसका अवसरमा आयोजित सार्वजनिक कार्यक्रमसमेत स्थगित गरेको छ । त्यहाँ राष्ट्रिय दिवस मंगलबार र स्वतन्त्रता दिवस बुधबार थियो । यस्तै, स्कुल, कलेज दुई साताका लागि बन्द गरिएका छन् ।

कुवेत अन्तर्राष्ट्रिय विमानस्थलभित्रको रेस्टुरेन्टमा कार्यरत सुपरभाइजर हरिकृष्ण न्यौपानेले त्यहाँ अहिले इरान, इराक, थाइल्यान्ड, जापान, सिंगापुर र चीनका २ क्षेत्रमा आवतजावत गर्ने विमान सेवा स्थगित गरिएको बताए । 'हामीलाई पनि यहाँ विमास्थलमा अनिवार्य रूपमा मास्क लगाएर हिँड्न, बिनाकाम बाहिर ननिस्कन, जमघटमा नजान भनिएको छ,' उनले भने, 'विमानस्थलमा यात्रा गर्नेहरू पनि कमै देखिन थालेका छन् ।' कुवेत सरकारले कोरोना संक्रमणका बेला 'मेडिकेटेड मास्क' को अभाव सिर्जना गर्ने र मूल्य बढाउने १९ औषधि पसल बन्द गरेको छ ।

नेपालबाट घरेलु कामदारको अवस्था अध्ययन गर्न खाडीका देश जान लागेको संसदीय टोली तत्काल कुवेत नजाने भएको छ । 'कुवेतमा कोरोनाको संक्रमणले राष्ट्रिय दिवस पनि रद्द भएको खबर पायौं । त्यसैले भिसा आएर पनि त्यहाँ नजाने निधो गरेका हौं,' प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापति विमलप्रसाद श्रीवास्तवले भने, 'हामी खाडीका अरू देश गएर घरेलु कामदारको अवस्था अध्ययन गर्छौं ।'

बहराइनमा पनि कोरोना भाइरसको संक्रमण देखिएपछि मंगलबारदेखि त्यहाँका सबै सार्वजनिक र निजी स्कुल बन्द भएको स्थानीय सञ्चार माध्यमले जनाएका छन् । बहराइनमा संक्रमितको संख्या २३ पुगेको छ । त्यहाँ ५० हजारभन्दा बढी नेपाली कार्यरत छन् ।

## छोटकरी

### 'संक्रमणकालीन न्यायलाई छिट्टै टुंगोमा पुर्‍याउँछौं'



परराष्ट्र मन्त्रालय

काठमाडौं (कास)- परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले पाँच विषयलाई मुख्य आधार मानेर संक्रमणकालीन न्यायलाई छिट्टै टुंगोमा पुर्‍याउने प्रतिबद्धता दोहोर्‍याएका छन् । स्विट्जरल्यान्डको जेनेभामा मंगलबार संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्को ४३ औं सत्रलाई सम्बोधन गर्दै उनले बृहत् शान्ति सम्झौता, सर्वोच्च अदालतको आदेश, सान्दर्भिक अन्तर्राष्ट्रिय प्रतिबद्धता, पीडितको चासो र धरातलीय यथार्थअनुरूप संक्रमणकालीन न्यायका बाँकी मुद्दालाई किनारा लगाउने बताएका हुन् । मन्त्री ज्ञवालीले द्वन्द्वकालका मानव अधिकार उल्लंघनका घटनासँग दुइटा स्वतन्त्र आयोगहरू (सत्यनिरूपण तथा मेलमिलाप र बेपत्ता छानबिन) मार्फत काम गरिरहेको जानकारी दिए । उनले नेपालले दोस्रो पटक २०२१ देखि २०२३ सम्म मानव अधिकार परिषद्को सदस्यताका लागि उम्मेदवारी पेस गरेको पनि जानकारी दिए ।

### १६ प्रहरी निलम्बित

काठमाडौं (कास)- करिब आधा किलो सुन आपसमा बाँडेर लिएको आशंकामा रसुवाको टिमुरे सीमा प्रहरी चौकीका १६ प्रहरीलाई अख्तियारले निलम्बन गरेको छ । केरुङबाट ल्याउँदै गरेको कन्टेनर जाँचका क्रममा भेटिएको ४ सय २२ ग्राम सुन आफैंले राखी चालकलाई छाडिदिएको भन्दै अख्तियारले उनीहरूलाई निलम्बन गरेको हो ।

### ट्रस्टको जग्गा भाडा प्रकरणमा संलग्न छैन : देउवा

काठमाडौं (कास)- कांग्रेस सभापति शेरबहादुर देउवाले नेपाल ट्रस्टको जग्गा लिज प्रकरणमा आफ्नो संलग्नता नरहेको दाबी गरेका छन् । उनले बुधबार विज्ञप्ति जारी गरी आफू प्रधानमन्त्री रहेका बेला यससम्बन्धी कुनै निर्णय नभएको दाबी गरेका हुन् । 'म प्रधानमन्त्री रहेको मन्त्रिपरिषद् वा मेरो संलग्नतामा अन्य कुनै पनि निकायबाट नेपाल ट्रस्टको जग्गा लिज सम्बन्धमा कुनै निर्णय भएको छैन,' विज्ञप्तिमा छ, 'मेरो सहभागिताबेगर भएको निर्णयमा नाम जोडेर गरिएका प्रचारप्रति मेरो गम्भीर आपत्ति छ ।' ट्रस्टको सञ्चालक समितिले गरेको निर्णयमा आफूलाई गाँस्नु कानुनी दृष्टिले गलत रहेको दाबी गरेका छन् ।

# एसपी बनेपछि मात्र संघमा

काठमाडौं (कास)- प्रदेश प्रहरीमा समायोजन भएर जाने डीएसपी र इन्स्पेक्टरले एसपीमा बढुवा नभएसम्म अन्य प्रदेश वा संघअन्तर्गतका युनिटमा सरुवा हुन नपाउने भएका छन् ।

'प्रहरी कर्मचारीलाई नेपाल प्रहरी तथा प्रदेश प्रहरीमा समायोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५' अनुसार नयाँ भर्ना भएका प्रहरी निरीक्षकले कम्तीमा १५ वर्ष र भर्खर बढुवा भएका डीएसपीले कम्तीमा ५ देखि ७ वर्षसम्म एउटै प्रदेशअन्तर्गतका जिल्लामा रहेर काम गर्नुपर्ने छ । अहिलेको अभ्यास र बढुवा पद्धतिअनुसार प्रहरी निरीक्षक भएको १० वर्षमा डीएसपी हुन सक्छन् । त्यस्तै डीएसपी भएको ५ देखि ७ वर्षसम्ममा एसपी हुन सक्छन् ।

प्रहरीमा सरुवाबढुवाको वार्षिक क्यालेन्डर प्रणाली नहुँदा पनि करिअर प्लानमा ध्यान दिइएको छैन । समायोजन ऐन राष्ट्रपतिबाट प्रमाणीकरण भइसकेको छ । त्यसकै आधारमा गृह मन्त्रालयले केही दिनअघिबाट समायोजनको काम थालेको छ । प्रहरी मुख्यालयले जुनियर अधिकृत (जवानदेखि नायब निरीक्षक) सम्म मात्रै प्रदेश सरकारमातहत सरुवाबढुवा तथा वृत्ति विकासको अधिकार दिने गरी सुझाव पेस गरेको थियो । ऐनमा भने जवान र सहायक निरीक्षकसम्मको भर्ना प्रदेश सरकारअन्तर्गतको लोकसेवा आयोगले गर्ने, प्रहरी निरीक्षकको संघीय लोकसेवा आयोगले गर्ने र डीएसपीसम्म समायोजन हुने कर्मचारी एसपी नभएसम्म सम्बन्धित प्रदेशअन्तर्गतकै जिल्लामा रहेर कार्यसम्पादन गर्ने प्रावधान राखिएको छ ।

संघीय सरकारका गृहमन्त्रीको अध्यक्षतामा प्रधानमन्त्री कार्यालय, गृह र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव सदस्य र प्रहरी महानिरीक्षक सदस्यसचिव रहेको समन्वय समितिले समायोजनसम्बन्धी समन्वय तथा अनुगमन गर्न सक्ने प्रावधान ऐनमा छ । डीएसपीसहित करिब ५५ हजार प्रहरी जनशक्ति प्रदेश प्रहरीमा पठाउने गरी तयारी थालिएको गृह मन्त्रालयका एक सहसचिवले बताए । प्रहरीमा हाल करिब ८० हजार जनशक्ति भए पनि ७० हजार हाराहारीमा मात्रै कार्यरत छन् । दरबन्दी भएर पदपूर्ति हुन नसकेका करिब १० हजार जनशक्ति समायोजनपछि मात्रै भर्ना गर्ने प्रहरी मुख्यालयको तयारी छ ।

प्रहरी महानिरीक्षक ठाकुरप्रसाद ज्ञवालीले फिल्डमा काम गर्दा कस्तो अवस्था आउँछ, त्यसकै आधारमा औपचारिक धारणा सम्बन्धित ठाउँमा पुर्‍याउने उनले बताए । ज्ञवालीले समायोजनका लागि विवरण संकलन थालिएको बताए । कानुनतः ऐन प्रमाणीकरण भएको ३० दिनभित्र विवरण संकलन गरिसक्नुपर्ने प्रावधान छ । संघ र प्रदेश प्रहरीमा समायोजन नभएकालाई 'पुल दरबन्दी' को रूपमा राख्ने ऐनमा उल्लेख छ ।

# न दुलाहा आए, न जन्ती

## टीकाटालोमा चारजना साथी लिएर पुगेका केटाले आफू इन्जिनियर भएको बताएका थिए । आफ्नै घर छ भने पनि उनी कोठा भाडामा लिएर बसेका रहेछन्, नाम पनि नक्कली रहेछ ।

काठमाडौं (कास)- बानेश्वरस्थित एक पार्टी प्यालेसमा मंगलबार विवाहको भोज थियो । करिब सात सय जनाका लागि खानपानको व्यवस्था थियो । छोरीको बिहे भव्य बनाउन परिवारले कुनै कसर बाँकी राखेको थिएन । मूलथलो पूर्वी पहाडी जिल्लाबाट केटीको परिवारले जन्तीलाई खुवाउन भनेर चारवटा खसी नै काठमाडौं ल्याएको थियो । काठमाडौंमा रहेका आफ्ना जिल्लावासी र चिनेजानेका सबैलाई केटीको परिवारले निम्त्याएको थियो । बिहान १० बजेदेखि आउनेजाने निम्तालुको लर्को चलिरहँदा १२ बजे आउने भनेका जन्ती आइपुगेनन् । केटी पक्ष फोन डायल गर्न थाले ।

आफूलाई इन्जिनियर बताउने वर आश्रेय बस्नेतले फोनमा आत्तिएको स्वर पारेर आफ्ना माइलो बुवा अचानक बितेकाले आउन ढिला भएको बताउँदै भने, 'यताको तारतम्य मिलाएर जन्ती हिँड्छ ।' सिनामंगल घर र आफूलाई डाक्टरको छोरा बताउने उनी दिन ढल्किँदा पनि जन्ती लिएर नआएपछि केटी पक्षमा हल्लीखल्ली मच्चियो । जन्ती आउने आसमा सिंगो दिन बिताएपछि केटी पक्ष सशंकित भयो । आफन्तले महानगरीय प्रहरी वृत्त बानेश्वरमा खबर गरे । वृत्तका डीएसपी दुर्गा रेग्मीसहितको टोली पार्टी प्यालेस पुगेर सबै जानकारी लियो । डीएसपी रेग्मीले भने, 'केटी पक्षका सबैको अनुहार मलिन थियो । उनीहरूको कुरा सुनेर म पनि चकित परें ।'

१५ दिनअघि काठमाडौंकै एक भव्य होटलमा भएको टीकाटालोपछि सोमबार बिहेको मिति टुंगो गरिएको थियो । राति अबेरसम्म पनि जन्ती आएनन्, केटा पक्षका कोही आफन्त उपस्थित नभएपछि केटी पक्ष घर फर्कियो । केटीका आफन्तका अनुसार



बिहेको कुरा छिन्ने टीकाटालोमा पनि बस्नेत चारजना साथीमात्रै लिएर आएका थिए । ती आफन्तका अनुसार टीकाटालोमा चार तोला सुनका विभिन्न गहना केटा पक्षलाई दिइएको थियो । केटाले आफ्नो भनेको घर पनि हेर्न गएका केटी पक्षले उनका डाक्टर पितालाई भने भेट्न पाएका थिएनन् । 'बुवा धेरै व्यस्त हुनुहुन्छ' भन्दै उनले हजुरआमा भनेर एक वृद्धा चिनाएका थिए । कुराकानी राम्रै भएपछि विवाह अगावै केटी पक्षले पाँच लाखजतिको फर्निचर पनि दाइजो भन्दै दिएको थियो ।

बिहेका दिन केटा बेपत्ता भएपछि केटी पक्षको ओठतालु सुकेको थियो । बिहेका लागि खर्च भएको १५ लाखभन्दा पनि इज्जतमा धक्का लागेको पीर आत्तिएका उनीहरूलाई ढाडस दिएर प्रहरी टोली निस्कियो । न केटाको फोन लाग्यो न उनी फेला परे । उनको भनिएको घरमा पुग्दा थाहा भयो, उनी त्यहाँ डेरा लिएर एउटा कोठामा बसेका रहेछन् । 'हामी पुग्दा कोठाको ढोकामा ताला थियो,' डीएसपी रेग्मीले भने, 'केटी पक्षलाई हजुरआमा भनेर चिनाइएकी मान्छे पनि फेला परिनन् ।' विवाहको निम्तो कार्डका लागि केटाले दिएको बाबु र आमाको नाम पनि फर्जी भएको खुल्यो । केटाको वास्तविक नाम पनि साहिल बस्नेत रहेको प्रहरीले पत्तो पायो । केटाको कोठामा न नयाँ फर्निचर थिए, न त महँगा वस्तु । केटी पक्षले दिएको फोटो र विवरण प्रहरीले आफ्ना युनिटहरूमा पठायो ।

काठमाडौंबाट पठाइएको फोटोमा रहेका बस्नेतलाई बुधबार पोखरा विमानस्थलमा प्रहरीले देख्यो । रोक्यो । चेकजाँच गर्दा उनको साथबाट चार हजार अमेरिकी डलर बरामद भयो । विदेशी मुद्राको स्रोत नखुलेपछि प्रहरीले उनलाई काठमाडौंको साटो थप अनुसन्धानका लागि राजस्व अनुसन्धान विभागको बुटवल कार्यालय पठाएको छ ।

प्रहरी परिसर काठमाडौंका डीएसपी होविन्द्र बोगटीका अनुसार आफूलाई इन्जिनियर भने पनि बस्नेतको दाबी पुष्टि हुने आधार भेटिएका छैनन् । 'आपराधिक विश्वासघात ठगीमा मुद्दा चलाउने तयारी भइरहेको छ,' उनले भने, 'केटाले कुन उद्देश्यले यस्तो षड्यन्त्र गरेको रहेछ भन्ने खुल्नै बाँकी छ, तर जे भयो त्यो सामान्य बदमासी होइन ।' डीएसपी बोगटीका अनुसार करिब १५ दिनअघि पनि विवाहको नाममा यस्तै प्रकृतिको ठगीको उजुरी प्रहरीमा आएको थियो । केटा, जन्ती, उनका आफन्त कोही नआएपछि विवाहको दिन केटी पक्ष प्रहरीमा आएका थिए । उनको अझै खोजी भइरहेको बोगटीले बताए ।

IMPERIAL WORLD SCHOOL

PARENTAL GUIDANCE WORKSHOP
Free Entrance

Take advantage of our unique workshop for Parents.
If you are dealing with child's issues or just want to understand them better,
you must attend this workshop with **Mr. Sushant Kalra**.
He has been successful to help parents to deal with their kids
on various parental topic around the world.

**29th Feb, 2020**

| | |
|---|---|
| **Environment**<br>Give your child a stress free environment.<br>**Time:** 12:30 pm - 2 pm | **Body Science**<br>Educate your child about sex and deal with issues related to it.<br>**Time:** 2:15 pm - 3:45 pm |
| **Finding Moments:** Learn to balance work and family.<br>**Time:** 4:15 pm - 5:45 pm | |

**1st March, 2020**

| | |
|---|---|
| **Technology Advantage**<br>How to make technology an advantage in your child's life.<br>**Time:** 10 am - 11:30 am | **Handling Tantrum**<br>**Time:** 12:30 pm - 2 pm onwards |

**Venue:** Imperial World School, Hattigauda, Budhanilkantha

**For more details, Call: 4370331, 4372949**

**For registration visit our website www.iwschool.edu.np**

## छोटकरी

### उच्च पहाडमा हिमपात

दोलखा (कास)- सदरमुकाम चरिकोट आसपासका उच्च पहाडी भेगमा मंगलबार रातिदेखि हिमपात भइरहेको छ। लामोसाँघु जिरी सडकको खरिढुंगा खण्डमा हिमपात भएपछि ओहोरदोहोर गर्ने यात्रुले समस्या भोगिरहेका छन्। कालिञ्चोकमा भारी हिमपात भएपछि टायरमा चेन राखिएका मोटरबाहेक अन्य सवारीसाधन रोकिएका छन्। गत वर्षभन्दा धेरैपटक र बाक्लो हिमपात भएपछि पर्यटनमा राम्रो प्रभाव परेको होटल व्यवसायी चन्द्र लामाले बताए। ३ हजार ८ सय मिटर अग्लो कालिञ्चोक र शैलुङ क्षेत्रमा पनि भारी हिमपात भएको छ। ३ हजार ३ सय मिटर अग्लो सय थुम्काहरूको शैलुङमा हिमपात भएपछि पर्यटकहरूको चहलपहल बढेको शैलुङ गाउँपालिकाका अध्यक्ष भरत दुलालले बताए।

### काठ तस्कर पक्राउ

नुवाकोट (कास)- अवैध रूपमा काठ ओसारपसार गरेको आरोपमा दुई जना पक्राउ परेका छन्। बेलकोटगढी नगरपालिका-६ बाट महादेवफाँटतर्फ जाँदै गरेको बा ४ ख १७०४ नम्बरको गाडीमा उत्तिसको काठ ओसारपसार गरिरहेको अवस्थामा चालक माधव तामाङ र सवारीधनी भोजराज सिग्देल पक्राउ परेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं डिएसपी राजेश थापाले बताए। बरामद १ सय २२ दशमलव १९ क्युफिट काठसहित उनीहरूलाई कारबाहीका लागि डिभिजन वन कार्यालय विदुरमा बुझाइएको प्रहरीले जनाएको छ।

### बनेपामा औद्योगिक प्रदर्शनी

काभ्रे (कास)- फागुन २१ देखि चैत्र २ गतेसम्म बनेपामा पहिलोपटक वाग्मती प्रदेशस्तरीय औद्योगिक प्रदर्शनी तथा घरेलु उद्योग महोत्सव हुने भएको छ। लघु घरेलु तथा साना उद्योग विकास कोषको सहयोगमा घरेलु तथा साना उद्योग महासंघ काभ्रे शाखाले प्रदर्शनी र महोत्सव गर्न लागेको हो। १३ वटै जिल्लाका उद्यमीको व्यवसाय प्रवर्द्धन तथा प्रचारप्रसार र काभ्रेमा कोसेलीघर स्थापना गर्न प्रदर्शनी आयोजना गरिएको आयोजक संस्थाका अध्यक्ष सुवासना श्रेष्ठले जानकारी दिइन्। उनका अनुसार, १ सय ६० भन्दा बढी स्टल हुनेछन्।

### दादुरा रुबेला खोप चैतमा

हेटौंडा (कास)- मकवानपुरमा आगामी चैतमा दादुरा रुबेला खोप अभियान सञ्चालन हुने भएको छ। जिल्ला खोप समन्वय समिति एवं जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख रघुनाथ खुलालको अध्यक्षतामा मंगलबार बसेको बैठकले चैतमा पाँचौं राष्ट्रिय दादुरा रुबेला खोप अभियान सञ्चालन गर्ने निर्णय गरेको हो। स्वास्थ्य मन्त्रालयको राष्ट्रिय कार्यक्रमअनुसार नै मकवानपुरमा चैत १ देखि ३० गतेसम्म अभियान सञ्चालन हुने उनले जानकारी दिए। पहिलो चरणमा प्रदेश नं १, २ र ५ मा फागुन महिनाभर अभियान सञ्चालन भइरहेको छ। दोस्रो चरणमा वाग्मती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा खोप अभियान सञ्चालन गर्न लागिएको हो। अभियानमा ९ महिनादेखि ५ वर्षमुनिका बालबालिकालाई जिल्लास्थित स्वास्थ्य संस्थामार्फत दुई चरणमा खोप अभियान सञ्चालन गर्ने निर्णय भएको प्रमुख खुलालले बताए।



सम्यक् पर्वको पहिलो दिन बुधबार साँझ ललितपुरको मंगलबजारमा निकालिएको बुद्धको प्रतिमा। उपत्यकाका तीनै सहरमा बौद्ध धर्मावलम्बीले फरक-फरक समयमा यो पर्व मनाउँछन्। *तस्बिर : सन्जोग मानन्धर/कान्तिपुर*

# सडकको नक्सांकन फेरिँदा उठिबास

## बजार क्षेत्र पर्ने भन्दै नक्सांकन बदल्न खोजेपछि मदन भण्डारी राजमार्गको रूटबारे अन्योल

**राजकुमार कार्की** (सिन्धुली)

कमलामाई नगरपालिका-४ कुमालफाँटका दिलीप चौलागाईंलाई हिजोआज एउटा चिन्ताले सताएको छ। भूकम्पपछि ऋणधन गरी बनाएको चारकोठे घर राजमार्गमा पर्ने हो कि भन्ने सोचाइले उनी राम्ररी सुत्न सक्दैनन्। 'सबै जनाले यतैबाट सडक लानुपर्छ भन्छन्, यो एक टुक्रा जमिन र घर पनि देखी नसहने भए,' उनले गुनासो गरे। उनका अनुसार पहिला सडकको नक्सांकन अरूतिरैबाट गरिएको थियो। 'यता किनेर घर बनाइयो, अहिले फेरि यहीँबाट हुने भयो भन्छन्,' चौलागाईंले दुःखेसो पोखे।

उनी मात्र होइन, भूकम्पपछि घर बनाएका इन्द्रबहादुर भण्डारीको गुनासो पनि उस्तै छ। उनी भन्छन्, 'नेताहरू नै हामीलाई उठिबास लगाएर सुकुम्बासी बनाउन तल्लीन छन्, जताबाट नापेको उतैबाट सडक लगे हुन्छ नि। एकातिरबाट नाप्ने अनि केके भनेर अर्कातिर सार्न खोज्नु न्यायसंगत हुँदैन।'

थोरै जमिन र बासका लागि घर ठड्याएका दर्जनौं परिवार उठिबास लाग्ने हो कि भनेर चिन्तित छन्। जनप्रतिनिधिहरूले बजार क्षेत्र पर्ने भन्दै सडकको नक्सांकन बदल्न खोजेपछि राष्ट्रिय गौरवको आयोजनाअन्तर्गत निर्माणाधीन हेटौंडा-सिन्धुली-चतरा (मदन भण्डारी राजमार्ग) को रुटबारे अन्योल भएको छ। सुरुको सर्भेमा कमलामाई नगरपालिका-६ को धुराबजार हुँदै मिलन चोक, साङवाले, खट्टार जोड्ने गरी राजमार्गको नक्सांकन तथा विस्तृत अध्यन प्रतिवेदन तयार भई ठेक्का लागेको छ।



सिन्धुलीको कमलामाई नगरपालिका-४ को आदर्शनगर (कुमालफाँट)। मदन भण्डारी राजमार्गको नक्सांकन परिवर्तन गरी यहीँबाट सडक बनाउन लागिएपछि स्थानीयले विरोध गरेका छन्। *तस्बिर : कानितपुर*

राजमार्ग निर्माण गर्दा धुराबजारका केही घरमा क्षति हुने भन्दै त्यस क्षेत्रबाट राजमार्ग निर्माणको रुट परिवर्तन गरी अन्यत्र लैजान जनप्रतिनिधिहरूले सडक आयोजनालाई दबाब दिँदै आएका छन्। संघीय सांसद, प्रदशेसभा सदस्य तथा स्थानीय तहका जनप्रतिनिधिले रुट परिवर्तन गरी सडक निर्माण गर्न लबिइङ गरेको सडक आयोजनाले जनाएको छ। संघीय सांसद हरिबोल गजुरेलको नेतृत्वमा यस क्षेत्रका वाग्मती प्रदेशसभा सदस्य तथा कमलामाई नगरपालिकासहित धुरा क्षेत्रबाट सडक निर्माण गर्दा केही घरमा क्षति हुने भन्दै राजमार्गको नक्सा तथा रुट परिवर्तन गर्न पहल थालेका छन्। सडकको नक्सा परिवर्तनमा चासो देखाएपछि त्यस क्षेत्रका स्थानीयले खेतीयोग्य जग्गा मास्न नदिने बताउँदै आएका छन्।

दायाँबायाँ सडक बढाउँदा पुग्ने र आफूहरूको खेतीयोग्य जग्गाबाट राजमार्ग लैजान नदिने स्थानीयको भनाइ छ। डीपीआर तयार भई सडक निर्माणको ठेक्का लागेपछि बनेका अधिकांश घर सडकको मापदण्डलाई छोडेरै बनाइएको स्थानीय सन्तोष बोहोराले बताए। धुराबजारको सिरानबाटै हाल कमलामाई नगरपालिकाको कर तथा मालपोत कर तिर्दा मदन भण्डारी राजमार्गको दायाँबायाँ उल्लेख भई सोहीअनुसार स्थानीयले करसमेत तिर्दै आएकाले हाल परिवर्तन गर्छौं भनेर लाग्नु औचित्यहीन हुने अर्का स्थानीय कृष्ण अधिकारीले बताए।

'धुरा बजारबाट राजमार्ग निर्माण गर्दा केही घरमा क्षति पुग्ने देखिन्छ, त्यसैले परिवर्तन गर्न पहल गरेका हौं,' वाग्मती प्रदेश सदस्य विनोद खड्काले भने, 'हेटौंडा-सिन्धुली-चतरा राजमार्ग निर्माण गर्दा धुरा क्षेत्रमा बढी हुन्छ, विकल्पको खोजी भएको हो।' प्रदेशसभा सदस्य खड्काले राजमार्ग निर्माणको विषयमा लामो समयदेखि अन्योल कायम रहेकाले त्यसको निकासको प्रक्रिया सुरु गरेको र विकल्पको रूपमा तत्कालीन हाज्माको २ नं. गेट हुँदै आदर्श टोलबाट साङवाले जोड्ने गरी पहल सुरु भएको बताए।

# १८ विद्युतीय बस खरिद गरिँदै

मकवानपुर (कास)- वाग्मती प्रदेशका प्रमुख सहरलाई २०८५ सालसम्ममा पेट्रोलियम सवारीमुक्त बनाउने सरकारको योजना कार्यान्वयन प्रक्रियामा गएको छ। आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रममा उल्लिखत पेट्रोलियम सवारीमुक्त बनाउने नीति चालु आवबाट कार्यान्वयन गर्न लागिएको हो।

प्रदेशभित्रका काठमाडौं उपत्यकासहित चितवन, हेटौंडा, बनेपा, धुलिखेल, पनौतीलगायत सहरलाई पेट्रोलियम सवारीमुक्त बनाउन १८ वटा बस खरिद गरी सञ्चालनमा ल्याउन लागिएको हो। ६ वटा हेटौंडा-भरतपुर-काठमाडौं रुटमा र बस काठमाडौं-धुलिखेल रुटमा सञ्चालन गर्ने गरी खरिद प्रक्रियामा जान लागिएको भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव तेजराज भट्टले जानकारी दिए। 'बस खरिदका लागि यही महिनाभित्रै ठेक्का आह्वान हुन्छ। अर्को आर्थिक वर्षको सुरुदेखि नै बस सञ्चालन गर्न सक्छौं,' उनले भने।

प्रदेश सरकारले बस खरिदका लागि प्रदेशसभा सदस्य दीपक निरौलाको संयोजकत्वमा दुई महिनाअघि विद्युतीय सवारीसाधन तथा सरसफाइ उपकरण खरिद सहजीकरण समिति गठन गरेको छ। समितिमा भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव, आर्थिक मामिला मन्त्रालयका सचिव, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख र विज्ञसमेत छन्। मेकानिकल इन्जिनियर र विज्ञसहितको एक उपसमितिसमेत बनाई अध्ययन भइरहेको समितिका सदस्य एवं भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव भट्टले बताए।


बस खरिदका लागि भौतिक पूर्वाधार विकास मन्त्रालयबाट यस वर्ष आठ करोड रुपैयाँ छुट्याइएको छ भने अपुग रकम आर्थिक मामिला तथा योजना मन्त्रालयले उपलब्ध गराउनेछ। इन्जिनियरहरूको समितिले अध्ययन पूरा गरी प्रतिवेदन दिएपछि मात्रै बसको लागत मूल्य निर्धारण हुनेछ। विद्युतीय चार्जिङ स्टेसन बनाउने तयारीसमेत भइरहेको मन्त्रालयले जनाएको छ। नेपाल विद्युत् प्राधिकरणले विभिन्न राजमार्गमा ४० वटा विद्युतीय चार्जिङ स्टेसनका लागि टेन्डर आह्वान गरिसकेको बताउँदै सचिव भट्टले अपुग स्थानमा प्रदेश आफैंले संरचना बनाउने बताए। हेटौंडा, भरतपुर, मुग्लिन र धादिङका कुनै स्थानमा स्टेसन निर्माण तयारी गरिएको छ।

प्रदेश सरकारले संघीय सरकार, काठमाडौं र ललितपुर महानगरपालिकासँग सहकार्य गरी साझा यातायातमार्फत बस चलाउने यसअघिको प्रयास विफल भएपछि प्रदेश सरकार आफैंले बस सञ्चालन गर्न अग्रसर बनेको हो। हेटौंडाबाट भरतपुर हुँदै काठमाडौंसम्म २ सय २७ र काठमाडौंबाट धुलिखेल ३० किलोमिटर दुरी छ।
















## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | अधिक खर्च | तुला | आलोचित हुने |
| वृष | नयाँ कार्य आरम्भ | वृश्चिक | मनोकांक्षा पूर्ण |
| मिथुन | कार्य सिद्धि | धनु | कान्ति क्षय |
| कर्कट | धर्म बढ्ने | मकर | शत्रु परास्त |
| सिंह | अपव्यय | कुम्भ | अपेक्षित लाभ |
| कन्या | प्रतिष्ठा प्राप्त | मीन | उत्साहप्रद |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल फाल्गुन १६ गते शुक्रबार तदनुरुप २८ फरवरी २०२० फाल्गुन शुक्लपक्ष पञ्चमी तिथि प्रातः ५:५६ बजेसम्म उप्रान्त षष्टि तिथि, अश्विनी नक्षत्र रात्रिको १:२६ बजेसम्म उप्रान्त भरणी नक्षत्र, शुक्ल योग प्रातः ९:२८ बजेसम्म उप्रान्त ब्रम्हा योग, बब करण दिनको ५:४ बजेसम्म उप्रान्त बालब करण, मेष राशिमा चन्द्रमा।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | भजन |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | इट्स माइ सो (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | फिल्म टनिक (रिपिट) |
| ११:०० | कान्तिपुर न्यूज |
| ११:३० | रजतपट (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | सरोकार (रिपिट) |
| १:३० | हियर्ज टु लाइफ (रिपिट) |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | बलियो घर (रिपिट) |
| ३:०० | इट्स माई सो (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | रजतपट (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्यूज |
| ६:३० | सुमनसङ्ग (रिपिट) |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | ह्वाट द फ्लप |
| १०:०० | सुमनसङ्ग (रिपिट) |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | सुमनसङ्ग (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | हिअर्ज टू लाईफ (रिपिट) |
| ३:०० | कल कान्तिपुर रिपीटेड |
| ४:०० | ह्वाट द फ्लप (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (अच्यूत सुवेदी) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | शिक्षा संवाद (कमला) |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (स्मीता) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | रेडियो टक (किरण) |
| १०:०० | स्पोर्ट्स् डायरी |
| १०:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | हिट लिस्ट (शुभराज) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (निशान्त) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल (निशान्त) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | तमु चौतारी (सहज कु. घले) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | बी-स्कोप |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | को भन्दा को कम (सन्जोक बस्याल) |
| १८:०० | मुक्तिको सन्देस |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | यो माया भन्ने चीज यस्तै हो (प्रियंका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | हिप हप हसल (स्मीता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | शब्द श्लाघा (भूपेन्द्र) |
| २३:०० | सुनौलो यादहरू (दीपाञ्जली) |
| २४:०० | हिट लिस्ट (रेमन) |
| ०१:०० | सफर (राजेश) |
| ०२:०० | नेपाली गीतहरू लगातार |
| ०३:०० | हिन्दी गीतहरू लगातार |
| ०४:०० | भजनहरू लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४११५५० |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| नेपाल अर्थोपिडिक अस्पताल | ४९११७२५ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल | ४९११००८ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल | ४४७६१५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| नेपाल मेडिसिटी अस्पताल | ११३४/४२१७७६६/४२१७७५५ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडीकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| कान्तिपुर हस्पिटल | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| वयोधा अस्पताल (प्रा.) लि. | ४२८६४२८/४२८१६६६ |
| लाइफ केयर अस्पताल | ४२२७०३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| भक्तपुर रेडक्रस | ६६१२२६६ |
| नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| नेपाल मेडिसिटी | ४२१७७५५/४२१७७६६ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल | ४३७७४०४/४३७७७०४ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि. | ४४७४९६८/४४८९८९१ |
| सामुदायिक मानसिक स्वा. से. केन्द | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल | ४३६६३०१-०५ |
| मध्यपुर अस्पताल | ०१-५०९३३८८/५०९३३९५/५०९३३७२ |
| विनायक अस्पताल तथा प्रसुति गृह | ४३८३१५२/४३८०८४८ |
| केन्द्रीय पशु चिकित्सालय | ४२६१३८२/४२२९०६४/४२६८१९३ |
| हेल्पिङ हेन्ड्स सामुदायिक अस्पताल | ४४७३५१८/४४७०६१५ |
| शहीद मेमोरियल अस्पताल | ४६७२९३४/०१६२०८६७२ |
| स्पार्क हेल्थ होम अस्पताल | ४२७३०९४/४२७०९२३ |
| ओम समाज अस्पताल | ४३१३५९२ |
| स्टार अस्पताल | ५५५०१९७/५५५०१९८/५५५२२२७ |
| अल्का अस्पताल | ५५५५५५५ |
| नागरिक सामुदायिक अस्पताल | ६६३७७००/५६३९१८४ |
| हिमाल अस्पताल/एम्बुलेन्स | ४४१५०७६/४४१९६७२ |
| स्पाइनल इन्जरी पुनस्थापना केन्द्र | ०११-६६०८४७/६६०८४८ |
| काठमाडौं अस्पताल | ४२२२२९२ |
| अन्तराष्ट्रिय मैत्री बाल अस्पताल | ४४१११३४/४४१५४६१ |
| बी.पी. स्मृति अस्पताल | ४३८७००४/४३८७००६ |
| सुमेरु अस्पताल | ५२७५३७७/५२७५०८८/९९ |
| वेलकेयर हस्पिटल | ४४२६१३५/४४२६१८४ |
| एभरेष्ट हस्पिटल | ४७८१२९४/४७८३०२४ |
| काठमाडौ नाक कान घाँटी अस्पताल | ४२४५५५४/४२२६७३० |
| ग्रान्डी इन्टरनेशनल हस्पिटल | ५१५९२६६/५१५९२६७ |
| ग्रिन सिटी हस्पिटल | ४३५२२४८/४३५७४५२ |
| शुभेक्षा इन्टरनेशनल हस्पिटल | ४२८९५३४/४२८९५३५ |
| कान्तिपुर जनरल हस्पिटल | ४३८५९१०/४३८५९११ |
| नि:शुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| दीर्घायु गुरु हस्पिटल | ४४६९५९३/९८४४८५५५७ |
| गणेशमान सिंह मेमोरियल अस्पताल | ०१-५५३०८८५/५५२३४२०, ५५४४२४४/५५५५८७४ |
| ॐ समाज डेण्टल हस्पिटल | ०१-४४७३४४४/४४८०८८० |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०, ९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

**कान्तिपुर सम्पर्क** जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# हैसियत हेरी साधुलाई दक्षिणा

## ७ खालको श्रेणी तोकी पशुपति आउने साधुलाई ३ सय ५१ देखि १ हजार ७ सय ५१ रूपैयाँसम्म दिइएको थियो

**दामोदर न्यौपाने** (काठमाडौं)

शिवरात्रिका लागि भारतका विभिन्न अखडाबाट आउने साधुमध्ये उच्च श्रेणीका साधु कम आउने गरेको पाइएको छ । गुठी संस्थान पशुपति गोश्वारा कार्यालयका अनुसार यस वर्ष तीन हजार ७२ साधु शिवरात्रिमा पशुपति आएका थिए । कार्यालयकी प्रमुख उमा आचार्यका अनुसार चार सय ३७ नागाबाबा आए । साधुमध्ये नागा साधुलाई उच्च मानिन्छ । नागा साधुलाई गुठी संस्थानले सबैभन्दा बढी दक्षिणा दिएर बिदाइ गर्ने गरेको छ । नागा साधु पनि विशिष्ट र साधारण श्रेणीका हुन्छन् । गुठीले विशिष्ट नागालाई ९ सय ५१ र साधारण नागालाई ७ सय ५१ रुपैयाँ दिएर बिदाइ गरेको छ ।

नागापछि विभिन्न अखडा र मठका पुजारी, महन्तलगायत पर्छन् । तिनलाई गुठीले 'ग' श्रेणीमा राखेर संस्थानले दक्षिणा दिँदै आएको छ । 'ग' श्रेणीमा पर्ने साधु यो वर्ष ७ सय ३२ जना आएका थिए । यी साधुलाई ५ सय ५१ रुपैयाँ दिएर बिदाइ गरिएको हो । यीबाहेक अन्य साधुलाई साधारण साधुको श्रेणीमा राखिएको छ । सबैभन्दा बढी साधारण साधु आउने गरेका छन् । संस्थानले साधारण साधुलाई पनि घ, ङ, च श्रेणीमा विभाजन गरेर दक्षिणा वितरण गर्ने गरेको छ । संस्थानले घ श्रेणीकालाई ३ सय ५१, ङ श्रेणीकालाई २ सय ५१ र च श्रेणीकालाई १ सय ५१ रुपैयाँ दक्षिणा दिएको छ ।


अघिल्ला वर्ष पनि नागा साधुको संख्या अन्यभन्दा कम थियो । २०७५ सालमा विशिष्ट र साधारण गरी ५ सय १ नागा साधु आएको संस्थानले जनाएको छ । त्यो वर्ष १२ हजार ७ सय ८१ साधु आएका थिए । २०७४ सालमा विशिष्ट नागा २८ र साधारण नागा १ सय १ गरी १ सय २९ जना मात्र उच्च स्तरका साधु आएका थिए । यस वर्ष पशुपति आउने साधुलाई कम्तीमा ३ सय ५१ देखि बढीमा १ हजार ७ सय ५१ रुपैयाँसम्म दिइएको थियो । यो वर्ष साधुका श्रेणी पनि ७ वटा तोकिएको थियो । विभिन्न अखडामा बसेका साधुका विभिन्न हैसियत हुन्छन् । कोही गुरु हुन्छन्, कोही चेला । अखडा, मठ, गुफा, पाटीपौवा, आश्रम लगायतमा कोही महन्तको, कोही पुजारीको हैसियतमा बसेका हुन्छन् । कोही मठको सफाइ गर्ने हैसियतमा हुन्छन् । कोही हेरचाह गर्ने त कोहीचाहिँ टहलुवा हुन्छन् । शिवरात्रिमा आउने साधुलाई पनि यस्तै हैसियतअनुसार दक्षिणा दिएर बिदाइ गर्ने चलन रहेको गुठी संस्थानका अध्यक्ष मीननारायण चौधरीले बताए ।

**२०७३ को शिवरात्रि**

| | |
|---|---|
| क- (विशिष्ट नागा) | ३०० जना |
| ख- (साधारण नागा) | २६० जना |
| ग- (अन्य अखडाका महन्त, पुजारी) | ७०१ जना |
| **साधारण साधु** | |
| घ- | ६९५ जना |
| ङ- | ४८३ जना |
| च- | ४७४ जना |

**२०७४ को शिवरात्रि**

| | |
|---|---|
| क- (विशिष्ट नागा) | २८ जना |
| ख- (साधारण नागा) | १०१ जना |
| ग- (अन्य अखडाका महन्त, पुजारी) | १४६ जना |
| **साधारण साधु** | |
| घ- | १४८ जना |
| ङ- | ७७८८ जना |
| च- | ४५६ जना |
| छ- | ३४४ जना |



**२०७५ को शिवरात्रि**

| | |
|---|---|
| क- (विशिष्ट नागा) | २२७ जना |
| ख- (साधारण नागा) | १७४ जना |
| ग- (अन्य अखडाका महन्त, पुजारी) | ७७६ जना |
| **साधारण साधु** | |
| घ- | ५९७ जना |
| ङ- | १००४१ जना |
| च- | ८६६ जना |

**२०७६ को शिवरात्रि**

| | |
|---|---|
| क- (विशिष्ट नागा) | २४३ जना |
| ख- (साधारण नागा) | १९४ जना |
| ग- (अन्य अखडाका महन्त, पुजारी) | ७३२ जना |
| **साधारण साधु** | |
| घ- | ८०४ जना |
| ङ- | ३९३ जना |
| च- | ७०६ जना |

### संन्यासी बन्न मापदण्ड

सामान्यतया संन्यासीले तीन वटा मापदण्ड पूरा गरेका हुन्छन् । लेखक ज्योतिलाल वनका अनुसार पहिलो मापदण्ड हो, क्रम संन्यासी । यस्ता सन्यासीले ब्रह्मचार्य पूरा गरेर गृहस्थ र गृहस्थ भएर वानप्रस्थ, वानप्रस्थपछि संन्यास कर्म लिएका हुन्छन् । यस्ता सन्यासीले आश्रमको अनुष्ठान गर्दागर्दै वृद्धावस्थामा पुगेर मात्र संन्यास लिएका हुन्छन् ।

वानप्रस्थ आश्रम पूरा नभए पनि जुन दिन दृढ वैराग्य प्राप्त हुन्छ, त्यही दिन उसले गृहाश्रमबाट संन्यास भएर आश्रम गर्न सक्छ, यो दोस्रो मापदण्ड हो । दृढ वैराग्य र यथार्थ ज्ञान हुनु नै संन्यासका लागि पर्याप्त आधार भएको मानिन्छ । यदि पूर्ण अदण्डित ब्रह्मचार्य, सच्चा वैराग्य र पूर्ण ज्ञान विज्ञान प्राप्त भएको छ र अरूको उपकार गर्ने इच्छा जागेको छ भने पनि यस्ता व्यक्ति संन्यासी हुन सक्ने मापदण्ड छ ।

### १६ खालका जोगी

संन्यासीका तीन वटा विभागमा १६ प्रकारका जोगी हुन्छन् । पहिलो विभागमा वैराग्य संन्यास, ज्ञान संन्यास, ज्ञान वैराग्य संन्यास र कर्म संन्यास गरी चार प्रकारका हुन्छन् । दोस्रो विभागमा कुटिचक्र, बहुदक, हंस, परंहस, तुरीयातित र अवधुत गरी ६ प्रकारका हुन्छन् । तेस्रो विभागमा विधिपरक संन्यास, निषेधपरक संन्यास, सक्रमक संन्यास, अक्रमक संन्यास, अखण्ड ब्रह्मचारी र फल्गु वैराग्य गरी ६ प्रकारका हुन्छन् । वनका अनुसार संन्यास कर्म लिनका लागि मानसिक रूपबाट तयार भएको व्यक्तिले 'म अब संसारिक मोहजलबाट मुक्त भएर कुनै विषय वासनामा नअल्झी आफूलाई पूर्ण रुपले परमब्रह्ममा समर्पित गर्नेछु' भनेर संकल्प गर्नुपर्छ । संन्यास लिन तयार हुने व्यक्तिले पञ्चगुरुबाट दीक्षा लिनुपर्ने वनले बताए । पञ्चगुरुमध्ये पहिलो गुरुले टुपी काट्छन्, दोस्रोले मन्त्र सुनाउँछन् । तेस्रोले विभूत लगाइदिने, चौथोले वस्त्र फेरिदिने लगौटी गुरु र भिक्षा माग्न भिक्षा पात्र प्रदान गर्ने खप्पर गुरुबाट दीक्षा लिनुपर्छ ।

कोही जोगीले चाहिँ शिखा र टुप्पी परित्याग गर्दैनन् । यस्ता जोगीलाई कुटिचक्र भनिन्छ । दण्ड, कमण्डलु, ठाडो सानो धोती, लगौटी, गम्छा धारण गरेर मातापिताको सेवा गर्दै हिंड्छन् । लेखक वनका अनुसार यी संन्यासीले गौतम, भारद्वाज, याज्ञवल्क्य, वशिष्ठ लगायतका ऋषिले जस्तै आठ ग्रासको भोजन गर्छन् । योगमार्गमार्फत मोक्ष खोजी गर्छन् । यस्ता जोगीले प्रायः गृहत्याग गर्दैनन् ।

### संन्यासीका अखडा

शिक्षा र दर्शनअनुसार जोगी थरीथरीका हुन्छन् । कोही सात घरमा मात्र भिक्षा लिएर जीवन निर्वाह गर्छन् । यस्ता जोगी बहुदक सम्प्रदायका हुन् । यिनीहरू योग साधना गर्छन् र शरीरमा भष्म दलेर बस्छन् । गाउँमा एक रात, सहरमा पाँच रात र अन्य क्षेत्रमा सात रातभन्दा बढी नबस्ने संन्यासी हंस सम्प्रदायका हुन् । यिनीहरू गोमूत्र र गोबरको सेवन गर्छन् । यस्ताले ठाडो त्रिपुण्ड लगाउँछन् । गेरुवस्त्र धारण गर्छन् ।

परमहंस संन्यासीचाहिँ राति एक छाकमात्र भोजन गर्छन् । यिनीहरू शिखा र जनै लगाउँदैनन् । पाँच घरमा मात्र भिक्षा माग्छन् । यिनीहरूले साथमा बाँसको डण्डा हुन्छ । विभूत घसेर बस्छन् । दुरीयातीत संन्यासीचाहिँ कसैसँग केही माग्दैनन्, दिए लिन्छन् । सकेसम्म फलाहार गर्छन् । खानैपऱ्यो भने तीन घरमा मात्र भिक्षा मागेर खान्छन् । यिनीहरू नांगै रहन्छन् । 'यिनीहरूले आफ्नो इन्द्रियलाई मृत समान निष्कृय पारेका हुन्छन्,' मृगस्थली गोरखनाथ अखडाका योगी व्यग्रवेदनाथ भन्छन्, 'यिनीहरूले आफ्नो लिंगमा समेत ताल्चा ठोकेका हुन्छन् । यस्ता साधु उच्च साधु हुन् । शिवका सेना हुन् ।'

भारतमा विभिन्न सात वटा ठूला अखडा छन्, संन्यासीका । प्रत्येक अखडाका बेग्लै स्वतन्त्र संगठन पनि हुन्छन् । जोगीका शस्त्रविद्या यिनै अखडामा सिकाइन्छ । विक्रमको सातौंदेखि बाह्रौं शताब्दीसम्म बनेका यी संन्यासीका अखडामा पञ्चदशनामी जुना अखडा, तपोनिधी श्री निरञ्जनी अखडा, श्रीपञ्चायती महनिर्माणी अखडा, पञ्चायती अटल अखडा, श्रीपञ्चायती आनन्द अखडा, श्रीपञ्चायती आह्वान अखडा, श्रीपञ्चाअग्नि अखडा छन् । यी भारतका प्राचीन अखडा हुन् । यी अखडा महन्तले सञ्चालन गर्छन् । कतिपय अखडामा चुनावी प्रक्रियाबाट समेत महन्त छनोट गरिन्छ । पशुपतिनाथललाई आफ्नो कुलदेवता मानेर भारतका सबै अखडाबाट साधुहरू आउने गर्छन् । पहिला साधुलाई शिवरात्रिका बेलामा मात्र आउने पाउने व्यवस्था थियो । अहिले भने जुनसुकै समयमा पनि आउन सक्ने सुविधा छ ।

## छोटकरी

### बन्धक बनाएर बलात्कार

काठमाडौं (कास)- सहरी विकास राज्यमन्त्री रामवीर मानन्धरका आर्थिक मामिला सल्लाहकार अमृतकुमार घलेमाथि बलात्कार आरोपमा प्रहरीले अनुसन्धान गरिरहेको छ । एक किशोरीलाई बन्धक बनाएर बलात्कार गरेको अभियोगमा ५२ वर्षीय घले पक्राउ परेका थिए । उनले १७ वर्षीया किशोरीलाई चार दिन बन्धक बनाएर बलात्कार गरेको आरोप छ ।

घलेले किशोरीलाई माघ २७ देखि फागुन १ गतेसम्म टोखास्थित एक घरको फ्ल्याटमा बन्धक बनाएर बलात्कार गरेको अनुसन्धानमा खुलेको प्रहरीको भनाइ छ । उनलाई अपहरण, शरीर बन्धक तथा जबरजस्ती करणीअन्तर्गत जिल्ला अदालत काठमाडौंबाट म्याद थप गरी अनुसन्धान अघि बढाएको काठमाडौं प्रहरी प्रवक्ता डीएसपी होबिन्द्र बोगटीले बताए । प्रहरीका अनुसार सिन्धुलीकी ती किशोरी घरबाट काठमाडौं आउने क्रममा काभ्रेको बनेपामा बस पर्खिरहेकी थिइन् । काठमाडौंबाट बनेपा पुगेका घलेले सडक किनारमा बस कुरिरहेकी किशोरीलाई मोटरसाइकलमा लिफ्ट दिए । गन्तव्यमा पुग्न नदिई घलेले चार दिनसम्म बन्धक बनाए । टोखास्थित एक घरमा फ्ल्याट भाडामा लिएर एक्लै बस्दै आएका घलेका परिवार अमेरिकामा रहेको प्रहरीले जनाएको छ । बोगटीका अनुसार घलेले १२ कक्षामा अध्ययनरत ती किशोरीलाई अमेरिका पठाइदिने प्रलोभनमा यसअघि पनि पटकपटक बलात्कार गरेको खुलेको छ । किशोरीले फागुन १ गते आफन्तलाई घटनाबारे खबर गरेपछि घले पक्राउ परेका हुन् । 'किशोरीले आफूलाई घलेले फ्ल्याटमा बन्धक बनाएर बलात्कार गरेको उजुरी दिइसकेकी छन्,' बोगटीले भने, 'उनको स्वास्थ्य जाँचसहितको प्रक्रिया पूरा गरिसकेका छौं ।'

### ट्राफिक प्रहरीलाई एउटै मेस

काठमाडौं (कास)- ट्राफिक प्रहरीमा सबै तहको एउटै भान्सा हुने भएको छ । महानगरीय प्रहरी कार्यालय रानीपोखरीका प्रमुख डीआईजी विश्वराज पोखरेलले बुधबार भान्छाघर भवनको शिलान्यास गरे । उक्त भवन प्रहरी प्रधान कार्यालयको १२ लाख ७३ हजार ८ सय ८६ रूपैयाँको लागतमा बन्ने महाशाखा प्रमुख एसएसपी भीमप्रसाद ढकालले बताए ।

### तीन जनाको हेमोडायलसिस

काठमाडौं (कास)- वीरेन्द्र सैनिक अस्पताल छाउनीमा काठमाडौं महानगरपालिकाका तीन जना मिर्गौला रोगीको हेमोडायलसिस गरिएको छ । महानगरपालिका र सैनिक अस्पतालसँग भएको सम्झौताअनुरूप अस्पतालले सेवा दिएको हो । मेयर विद्यासुन्दर शाक्यले जंगी अड्डाको कल्याणकारी योजना निर्देशनालयका निर्देशक सहायक रथी सागरबहादुर केसीलाई मंगलबार पहिलो चरणअन्तर्गत एक करोड ५० लाख रुपैयाँ उपलब्ध गराएका छन् ।

# पोखरी मासेर पानी ट्यांकी

**प्रशान्त माली** (ललितपुर)

पुरातत्त्व विभागले विश्व सम्पदा सूचीमा राख्न सुझाव दिएको खोकनास्थित 'फुंगा' पोखरीमा ललितपुर महानगरपालिकाले खानेपानी ट्यांकी बनाउने भएको छ । ट्यांकी निर्माण गर्न पोखरीको माटो परीक्षणका लागि पठाइएको छ । लिच्छवीकालीन पोखरीमा ट्यांकी बनाउन थालेको थाहा पाएपछि स्थानीयवासीले आपत्ति जनाएका छन् । 'यो पुरातात्त्विक महत्त्वको पोखरी हो,' स्थानीय सिद्धि डंगोलले भने, 'पोखरी मास्न पाइन्न । ट्यांकी बनाउन अन्यत्र ठाउँ खोज्नुपर्छ ।'

यो पोखरीलाई स्थानीय भाषामा 'थट् फुंगा' भनिन्छ । खोकनामा सात वटा पोखरी छन् । कुनै खानेपानीका लागि खनिएका छन् भने कुनै कपडा धुन, नुहाउन र भाँडाकुँडा माझ्न । 'फुंगा' भने गाईबस्तुलाई पानी खुवाउन, भैंसी नुहाउन र बाछो जन्मेमा पूजाआजा गर्न देवता स्थापना गरिएको पोखरी हो । ललितपुर महानगर-२१ का अध्यक्ष रवीन्द्र महर्जनले ट्यांकी निर्माण गर्न अन्यत्र ठाउँ नभएकाले बाध्यताले पोखरीमा बनाउनुपरेको दाबी गरे । 'यो पोखरी बस्तीभन्दा माथि भएकाले मासे फरक पर्दैन,' उनले भने, 'खोकनामा पानीको हाहाकार भएकाले पोखरीमै ट्यांकी बनाउनुपऱ्यो ।'

ट्यांकी बनाउन ललितपुर महानगरबाट २० लाख र वडा कार्यालयबाट १८ लाख गरेर ३८ लाख बजेट छुट्याइएको छ । यसको निर्माणको जिम्मा स्थानीय तहमा बनेको उपभोक्ता समितिले लिएको छ । समितिले पोखरीमा अन्डरग्राउन्ड र हाइटमा गरेर दुइटा ट्यांकी बनाउनेछ । यसका लागि उपभोक्ता समितिले महानगरबाट १० लाख ८० हजार रुपैयाँ पेस्की लिइसकेको छ । बस्तीका यस्ता पोखरीको रेखदेख खोकनाको रूद्रायणी गुठीले गर्दै आएको छ । पछिल्लो समय यो गुठीले पोखरीको संरक्षण गर्न छाडेको स्थानीयवासीले गुनासो गरे । केही वर्षअघिसम्म यो पोखरीमा नुहाउने, लुगा धुने गरिन्थ्यो । घर-घरमा धारा आएपछि पोखरीको महत्त्व घट्दै गयो । पछिल्लो समय घरमा धारा भए पनि पानी आउन छोड्यो । अहिले पोखरीको महत्त्व बढिरहेको बेला ट्यांकी निर्माण गर्न लागेको प्रति गुठीले समेत आपत्ति जनाएको छ । 'पोखरीमा ट्यांकी निर्माण गर्नेबारे हल्ला सुनेको थिएँ । तर, गुठीलाई आधिकारिक जानकारी छैन,' रूद्रायणी गुठीका नाइके बेखनर महर्जनले भने, 'कुनै पनि हालतमा पोखरीमाथि ट्यांकी निर्माण गर्न दिँदैनौं ।'

काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयूकेएल) ले भैंसेपाटीको ट्यांकीबाट खोकनाका एक हजार ६ सय ६२ घरधुरीलाई पानी वितरण गर्दै आइरहेको छ । स्थानीय ६० वर्षीय श्रीराम महर्जनका अनुसार पुरानो पाइप कुचिएर पानी बाहिर खेर जाने गरेको छ । 'नयाँ ट्यांकी बनाउनुको सट्टा पाइप फेरेर खानेपानी समस्या समाधान गर्न सकिन्छ,' उनले भने ।

खोकनाको लागि दीर्घकालीन खानेपानी योजना उपभोक्ता समितिका अध्यक्ष सिद्धिराम डंगोलले सामाजिक काम गर्न लागेकाले पोखरीमा संरचना बनाउनु ठिक भएको बताए । 'कुनै व्यापारिक कम्प्लेक्स बनाउन लागेको होइन,' उनले भने, 'पोखरीको सबै भाग नभई एक चौथाइमात्र पर्ने हो ।' पोखरीमा अन्य संरचना बनाउन लागेकोमा टोलवासीसमेत खुसी छैनन् । 'स्थानीय तहमा जनप्रतिनिधि आएको साढे दुई वर्ष बितिसक्यो । आफूलाई जिताए सफा हराभरा सम्पदा बस्ती बनाउने प्रतिबद्धता जनाएका जनप्रतिनिधिले अहिले पोखरी मासेर ट्यांकी बनाउन लागेका छन्,' पोखरीसँगैको घर भएका हरि महर्जनले भने, 'पोखरीमा पानी सुक्दै गएपछि इनारमा समेत पानी आउन छाड्यो ।' पुरातत्त्व विभागका प्रवक्ता रामबहादुर कुँवरले पोखरी भएको ठाउँमा ट्यांकी बनाउनु गलत भएको बताए । 'निरीक्षणमा टोली पठाउँछौं । त्यसपछि आवश्यक कारबाही गर्न थप प्रक्रिया अगाडि बढाउँछौं,' उनले भने ।



विश्व सम्पदाका लागि प्रस्तावित खोकनामा पानी ट्यांकी बनाउन माटो परीक्षण गरिँदै । *तस्बिर : कान्तिपुर*

### विश्व सम्पदामा अझै परेन

ललितपुर (कास)- खोकनालाई विश्व सम्पदामा सूचीकृत गर्न पुरातत्त्व विभागले आधारसहितको अध्ययन प्रतिवेदन तयार गरेको २२ वर्ष भइसक्दा पनि सूचीमा परेको छैन । विभागले २०५४ सालमा मल्लकालीन बस्ती र तेल मिललाई प्रमुख आधार बनाएर प्रतिवेदन तयार गरेको थियो । तर, अझै पनि सूचीकृत नहुँदा खोकनावासीले सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् । विभागले भने स्थानीयवासीले बिग्रेका घर परम्परागत शैलीमा निर्माण नगर्दा ढिलाइ भएको हुन सक्ने प्रतिक्रिया दिएको छ ।

'स्थानीयले चासो लिएर बिग्रेका केही घरलाई परम्परागत ढाँचा ढाल्नुपर्छ, खोकना सम्पदामा सूचीकृत हुने सम्भावना छ,' पुरातत्त्व विभागका प्रवक्ता रामबहादुर कुँवरले भने । चारैतिर हरियाली फाँटका बीचमा रहेको खोकना मल्लकालीन नेवार बस्ती हो । झिंगटीले छाएको माटाका घरहरूको एकरूपता र एक-आपसमा जोडिएर सरल रेखामा रहेको बस्ती अहिले पनि उस्तै रहेको स्थानीय बासिन्दा बताउँछन् । यहाँका बासिन्दाको रहनसहन, परम्परा र रीतिरिवाज १५औं शताब्दीको एउटा जीवित संग्रहालय हो । खोकनामा नेपालको पहिलो फर्पिङ जलविद्युत् आयोजनाबाट ल्याइएको लाइनबाट पहिलोपल्ट बत्ती बालेको घरसमेत छ । बस्तीको चारैतिर बाटो, ठाउँठाउँमा चोक, मन्दिर, पाटीपौवा, ढुंगेधारा, इनार र बीचमा तीनतले रूद्रायणी मन्दिर छ । खोकना तोरीको तेलका लागि प्रख्यात मानिन्छ । अहिले पनि यहाँ पुरानै शैलीमा कोलबाट तेल निकालिन्छ । खोकनाका सिद्धि डंगोलले भूकम्पपछि पुनर्निर्माण गर्नेले मौलिक शैलीमा निर्माण गर्नुपर्ने बताए ।



सम्पादकीय

# दिल्ली दंगाको दुस्वप्न

भारतको राजधानी नयाँदिल्ली पछिल्ला तीन दिनमा दुइटा भिन्न घटनाहरूको साक्षी बन्यो । पहिलो, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पहिलो भारत भ्रमण । अमेरिका र भारतबीच बढ्दो निकटताका कारण पनि दिल्लीले ट्रम्पको भ्रमणलाई विशेष महत्त्व दिएको थियो । अहमदावादको मोरेटा रंगशालादेखि आगराको ताजमहल र राजधानी दिल्लीसम्म गरिएको झकिझकाउपूर्ण सजावट र स्वागतले पनि ट्रम्पको भ्रमणलाई नरेन्द्र मोदी नेतृत्वको सरकारले दिएको महत्त्व दर्शाउँथ्यो । ट्रम्पको भ्रमणलाई यति धेरै महत्त्व दिनुका पछाडि भारतले आफू दक्षिण एसियामा अमेरिकाको भरपर्दो र विश्वासिलो साझेदार भएको हुँदा अबको विश्व व्यवस्थामा आफ्नो भूमिकालाई त्यत्तिकै महत्त्व दिनुपर्ने सन्देश प्रवाह गर्ने उद्देश्य थियो । उता चुनावी वर्ष भएकाले अमेरिकामा रहेका करिब ४५ लाख भारतीय मूलका नागरिकहरूलाई रिझाउन ट्रम्प पनि आफूलाई मोदी र भारतको खास मित्रका रूपमा प्रस्तुत गर्न चाहन्थे । यसैका कारण पनि मोदी र ट्रम्प दुवैले भ्रमणलाई सुरुदेखि नै विशेष महत्त्व दिएका थिए ।

तर, यही अवधिमा दिल्ली एउटा दुःखद घटनाको साक्षीसमेत बन्यो । उत्तरपूर्वी दिल्लीमा गत आइतबारदेखि भड्किएको हिंसामा कम्तीमा २१ जनाको ज्यान गइसकेको छ भने डेढ सयभन्दा बढी घाइते भएका छन् । धनमाल क्षतिको त कुनै हिसाब नै छैन । पसल, घरदेखि धार्मिक आस्थाका केन्द्रहरूमा समेत आगजानी गरिएका छन् । पसलहरू लुटिएका छन् । धार्मिक आस्थाका आधारमा सर्वसाधारणमाथि सांघातिक हमलाहरू भएका छन् । भयले घरभित्रै बसेका वृद्ध, महिला र बालबालिकामाथि आक्रमण भएको छ । मानौं, दिल्लीमा दंगाको दौर चलिरहेको छ । गत सोमबार र मंगलबार त पूरै रणभूमिमै परिणत भएको थियो त्यो क्षेत्र । सामाजिक सञ्जाल र सञ्चारमाध्यमहरूमा सम्प्रेषित तस्बिरहरूबाटै अवस्था कति भयावह छ भन्ने प्रस्ट हुन्छ । केहीले त पछिल्लो दंगालाई सन् १९८४ मा भड्किएको सिख समुदायविरुद्धको हिंसा र केहीले सन् १९९२ मा बाबरी मस्जिदको घटनापछि भारतभरि भड्किएको साम्प्रदायिक दंगाको झल्कोसमेत मानेका छन् ।

यो घटनाले भारतीय लोकतन्त्र र शासन व्यवस्थालाई लिएर केही गम्भीर प्रश्नहरू खडा गरेको छ । विश्वशक्ति बन्ने आकांक्षाका साथ अघि बढेको मुलुकको राजधानीभित्रै यस किसिमका साम्प्रदायिक हिंसा भड्किनु सामान्य संकेत होइन । दुई दिनसम्म आगजनी र सांघातिक हमलाका शृंखला चल्दासमेत पर्याप्त मात्रामा सुरक्षाकर्मी परिचालन गरिएन । हजारौंको भीडमा १०-१५ जना प्रहरीमात्र परिचालन गरिए । केही घटनामा त सुरक्षाकर्मी आफैं पनि तोडफोडमा संलग्न भएका तस्बिर बाहिर आएका छन् । यसलाई राज्यसंरक्षित दंगाका रूपमा समेत चित्रण गरिएको छ, जुन सत्य हो भने त्यसले भारतमा लोकतन्त्रको अपहरण कसरी भइरहेको छ भन्ने स्पष्ट चित्र दिन्छ ।

दिल्लीमा बुधबार साँझबाट मात्र अर्धसैन्य बल परिचालन गरिएका कारण त्यतिन्जेलमा अकल्पनीय क्षति भइसकेको थियो, जसले विश्वकै सबभन्दा ठूलो लोकतन्त्र भनिने मुलुकको सुरक्षा प्रबन्धमाथि प्रश्नचिह्न खडा गरेको छ । सुरक्षा निकाय परिचालनमा देखाइएको सुस्तता र लापरबाहीले भारतको शासन व्यवस्थाभित्रका कमजोरीहरू पनि उजागर गरेको छ । दिल्लीको उत्तरपूर्वी क्षेत्रमा शनिबारदेखि नै हालै ल्याइएको विवादास्पद नागरिकता ऐनको पक्ष र विपक्षमा रहेका समूहहरूबीच तनाव बढ्दै गएको थियो । त्यसले कुनै पनि बेला हिंसात्मक रूप लिन सक्ने पर्याप्त संकेतहरू देखिइसकेका थिए । तर, सम्भावित हिंसा र झडपलाई रोक्न न राजनीतिक नेतृत्वले गम्भीरता देखायो, न त स्थानीय प्रशासनले । त्यसबीच केही राजनीतिककर्मीहरू शान्ति-व्यवस्था कायम गराउनमा भन्दा उल्टो सामाजिक सद्भाव बिथोल्ने अभिव्यक्ति दिन उद्यत देखिए । आखिर तिनै चर्का अभिव्यक्ति नाराबाजी र प्रदर्शनमा सीमित रहेका मानिसलाई हिंसात्मक प्रदर्शनमा उतार्ने मुख्य कारक बन्यो । तर, प्रशासनले ती व्यक्तिहरूलाई पक्राउसमेत गरेन । यसबाट पछिल्ला हिंसात्मक घटनाहरू निहित राजनीतिक उद्देश्यबाट प्रेरित त थिएनन् भन्ने आशंकालाई बल पुगेको देखिन्छ ।

भारतीय राजनीतिज्ञ तथा शासकहरूले राजधानीमा भएको पछिल्लो घटनाले विश्वसामु भारतीय लोकतन्त्रको कस्तो तस्बिर चित्रित गर्नेछ भन्नेमा आत्मसमीक्षा गर्नुपर्ने देखिन्छ । भाइचारा, सामाजिक तथा साम्प्रदायिक सद्भाव र शान्ति कुनै पनि सभ्य तथा लोकतान्त्रिक समाजका आधारभूत अवयव हुन् । तर, दिल्लीको घटनाले यिनै अवयवमाथि प्रहार गरेको छ । र, यसको प्रत्यक्ष असर भारतको सामाजिक संरचना र अन्तर्राष्ट्रिय छविमाथिसमेत पर्ने निश्चित छ । पछिल्ला वर्षहरूमा अन्तर्राष्ट्रिय मञ्चहरूमा आफूलाई उदाउँदो शक्तिका रूपमा उभ्याउन प्रयत्नरत् भारतका निम्ति त यसले अझ बढी महत्त्व राख्छ । किनभने बलियो अर्थतन्त्र र सामाजिक सद्भावबिना भारतको अन्तर्राष्ट्रिय हैसियत स्विकार्य बन्दैन । सामाजिक तथा साम्प्रदायिक सद्भावमाथि बारम्बार प्रहार हुँदा न त देशको अर्थतन्त्रले गति लिन्छ, न त वैदेशिक लगानी नै आकर्षित हुन्छ । त्यसैले भारतको वर्तमान नेतृत्वले यस्ता घटनालाई एउटा नराम्रो दुस्वप्नका रूपमा लिँदै भविष्यमा दोहोरिन नदिन गम्भीर समीक्षा गर्नुपर्ने खाँचो छ ।

# ओलीतन्त्रको प्रतिगमन उत्सव



युग पाठक

मिडियाले 'उनी' लेखेको उनलाई मन पर्दैन । फगत चाकरी, चाप्लुसी र हनुमानचालिसा मन पर्छ । पराक्रमको भाषण फ्लप भयो, त्यसैले नैतिकताको भाषण मन पर्छ । 'लुट्न सके लुट्' बोलको गीत अश्लील लाग्छ, तर आफ्नै किचेन क्याबिनेटको 'लुट' बिलकुल श्लील । गणतन्त्र मन पर्दैन, त्यसैले राजसी ठाँट मन पर्छ । आफू उड्दा अरू जहाज उडेको मन पर्दैन, मन पर्छ त आदेशद्वारा खाली गरिएको आकाश । भ्रष्टतन्त्रको आलोचना मन पर्दैन, तर यति समूहको हेलिकप्टरले ढुवानी गरेको बर्थडे केक मन पर्छ । गरिब जनता मन पर्दैन, तर गरिब गाउँमा राजसी उत्सव मनाउन मन पर्छ । 'उनी' हाम्रा प्रधानमन्त्री हुन्, जसलाई लोकतन्त्र मन पर्दैन, तर ओलीतन्त्र खुब मन पर्छ ।

यो प्राक्कथन होइन, ओलीतन्त्रको अन्तिम अध्याय हो । ओलीतन्त्र यतिखेर प्रतिगमनको चरमोत्सव मनाइरहेको छ । त्यसैले स्खलन उसको नियति बन्न पुगेको छ । गोकुल बाँस्कोटा काण्ड त्यसैको पछिल्लो पटाक्षेप हो । काण्डैकाण्डले भरिएको ओलीतन्त्रको दुईवर्षे शासन गणतन्त्रको लज्जा बन्यो । यही लज्जाको भार थेग्न नसकेर प्रधानमन्त्री ओली तेह्रथुम पुगे । तर उनको जन्मदिन स्वयंमा अर्को लज्जाको विषय बन्यो । गणतन्त्रको कोखमा छुरा धसिसकेपछि उनले गणतन्त्रलाई नै बयलगाडामा लोड गरेका थिए । उनका कुनै धनकुबेर मित्र वा दलालले चक्कामा तोरीको गेडा हाल्ने कुरा भएन । त्यो बयलगाडा बालुवाटारको हिलोमा नराम्रोसँग फसिरहेको छ ।

### विचारमा बिर्को

न्युरोडको पीपलबोट पञ्चायतकालमा वैचारिक छलफलको चौतारी हुने गर्थ्यो । हिजोआज त्यहाँ कुनै चहलपहल छैन । पीपलबोटमा पुस्तक-पत्रिका बेच्ने एक मित्र भन्छन्– इकोनोमिस्ट, फ्रन्टलाइन जस्ता पत्रिका त आउनै छाडिसके । किताबमा पनि कर थोपरिएको हुनाले त्यस्ता पत्रिका र पुस्तकहरू या त आउँदै आउँदैनन्, आए पनि बिक्री नै हुँदैनन् । विभिन्न विदेशी म्यागेजिन, पत्रिका खोज्नुपरे पीपलबोटको सम्झना आउँथ्यो । विज्ञ अर्थमन्त्री युवराज खतिवडाको किताबमा कर लगाउने नीतिले पढ्ने संस्कृतिमाथि नै धावा बोलेपछि बदलिएको दृश्य हो यो ।

संकेतहरू सामान्य नै हुन्छन्, परिणाम एकत्रित भएपछि असामान्य देखिने हो । विचारमा बिर्को लगाउने उद्यम ओली सरकार गठन भएदेखि नै सुरु भएको थियो । आमसञ्चार र सामाजिक सञ्जाललाई प्रत्यक्ष-अप्रत्यक्ष नियन्त्रण गर्ने प्रयत्न सुरुदेखि नै जारी छ । कानुन बनाएर, पुलिस लगाएर र अरिंगाल सेना परिचालन गरेर गायक, कलाकार, लेखक, पत्रकार सबैलाई तह लाउने कोसिस पनि देखिएकै छ । प्रतिगमनको ओरालो झर्न थालेपछि भूतकालका दृश्यहरू दोहोरिन थाल्छन् । शाहीकाल, संकटकाल, भ्रष्ट बहुदल र पञ्चायतकालको क्रमिक झझल्को बल्झाउने राजसी तामझाम, भ्रष्टाचार, अत्याचार, धरपकड र सेन्सरसिपका एक-एक घटना द्रुत प्रतिगमनका झर्रा प्रमाण हुन् ।

त्यसो त समृद्धि नामको बुख्याँचा देखाएर पूरै मुलुकलाई विचारशून्यतामा झार्ने प्रयत्न अझ चहकिलो छ । समृद्धिको रटान लगायो, रेल-पानीजहाजको फुस्रो गफ छाँट्यो, सक्कियो ! सामाजिक न्यायको कुरै गर्नुपरेन, काम त परैको कुरा भो ! समृद्धिकै पनि एउटा वैचारिक धरातल हुन्छ । त्यतातिर त झन् सोच्नैपरेन । अन्धाधुन्द ठूला परियोजनाका नाममा विदेशी ऋणको भारी जनताका टाउकामा बोकाइदियो, आफूलाई कमिसनको डिल गर्न पाए पुग्यो । पहिचानका कुरा गर्ने मूर्ख हुन् भनेर भाषण गर्‍यो, आफू दौरा-सुरुवालमा ठाँटिएर शासकीय पोज देखायो, भैगो । शासकीय शक्ति र पुलिसको डन्डा लगाएर समाजलाई विचारशून्यतामा ठिँगुर्‍याएपछि सञ्चार माध्यममा दिनदिनै र मिनेट-मिनेटमा छाउने कुरा पो के होला र भन्ने हुन्छ । त्यसैले भ्रष्टाचार, नौटंकी जन्मदिवस, अनेक काण्ड र दम्भी पोज आदि खजाना आफैले मिडियालाई दियो । अनि कुर्लिनलाई मसला भैहाल्यो, विचार किन चाहियो ?


### पेलानमा जनता

सिद्धान्ततः राज्य भनेकै जनतामाथि शासन र दमन गर्ने औजार हो । तैपनि लोकतन्त्रमा राज्य र जनताबीच आदानप्रदानको सम्बन्ध हुन्छ भन्ने मानिन्छ । जनताले चुनावमार्फत आफ्नो सार्वभौमसत्ता राज्य चलाउने सरकारलाई दिन्छन् । कर तिर्छन्; श्रम गरेर जीवन, शक्ति र सम्पत्तिको उत्पादन पनि गर्छन् । बदलामा राज्यले जनताका आधारभूत आवश्यकता पूरा गर्छ र काम गर्ने वातावरण निर्माण गर्छ भन्ने विश्वास गरिन्छ । अर्थात्, राज्य अभिभावकको भूमिकामा हुन्छ । हाम्रो राज्य अभिभावकको भूमिकामा छ कि शासकको ?

चल्तीमा रहेको खोटो संविधानले नै पनि सिंहदरबारमा केन्द्रित शासकीय शक्तिलाई विकेन्द्रीकरण गर्नका लागि प्रदेश र स्थानीय तहको परिकल्पना गरेको छ । तर प्रधानमन्त्री ओलीको दिमागमा पञ्चायतकालीन नारायणहिटीले बास गरेको छ । त्यसैले उनले सबै शक्ति बालुवाटारमा केन्द्रित गरे । संग्रहालयमा परिणत भइसकेको नारायणहिटीलाई गणतन्त्रको धरातलमा जबरजस्ती रोप्न खोजेपछि हुने प्रतिगमन हो । पेलानमा पर्ने जनता नै हुन् । फलस्वरूप प्रदेश र स्थानीय तह फगत सेतो हात्ती बन्नु अस्वाभाविक भएन । कानुनी र प्रशासनिक व्यवस्थापन नै नगरिदिएर यो सरकारले प्रदेश र स्थानीय तहलाई केवल दोहनको औजार बनाइदिएको छ ।

चौतर्फी दोहनको सिकार भएका जनताको हालत के छ त ? सबैभन्दा डरलाग्दो दोहनको माध्यम भएको छ– कर । करको दायरा विस्तार गर्ने नाममा संघीय सरकारले अनेक किसिमका कर थोपर्‍यो । स्थानीय तहले पनि विभिन्न नामका कर थपेको छ । एउटा आम नेपालीले दैनिक कति कर तिर्छ होला ? दाल, चामल, तरकारी, साबुन, स्याम्पुदेखि चियाचमेनासम्म दैनिक उपभोग्य सामग्रीमा अप्रत्यक्ष कर । फोन, इन्टरनेटदेखि सञ्चारका साधनमा पनि कर तिर्नुपरिहाल्यो । लत्ताकपडा होस् वा मेसिनरी सामान, पेट्रोलियम होस् वा आवागमनका साधन, शिक्षा होस् वा स्वास्थ्यका सेवा र सामग्री, कर नतिरेको कुनै विषय छैन । मालपोत, घरजग्गा वा पर्यटन सबैतिर कर ह्वात्तै बढाइएको छ ।

दैनिक करको यति ठूलो रकम जनताबाट निचोरेर लिने राज्यले जनताका निम्ति कुनै जिम्मेवारी वहन गर्छ ? जनता त कर तिर्दा-तिर्दा कागतीझैं निचोरिने भए, राज्यले भने न शिक्षा न स्वास्थ्य न आवागमन न अरू कुनै सुरक्षा ठीकसँग दिएर जनतालाई आश्वस्त तुल्याउँछ । आफ्नै मुलुकमा अडिने कुनै सम्भावना पनि दिँदैन । अनि विदेश जान तयार भएको एउटा नागरिकलाई गाउँकै साहू, सहकारी, बैंक, राज्यकै वैदेशिक रोजगारीसँग सम्बन्धित निकायदेखि वैदेशिक रोजगारीका दलाल र म्यानपावर कम्पनीसम्म सबैले कानुनी, गैरकानुनी दुवै तरिकाले लुट्छन् । तिनैले विदेशबाट कमाएर पठाउने पैसामा बल्छी थाप्न हाइफाइ बैंक, रेमिटान्स कम्पनी, टेलिकम कम्पनी लगायत विदेशी झिलिमिली सामग्री आयात गर्नेहरू पसल थापेर बसेका छन् ।



> दैनिक करको यति ठूलो रकम जनताबाट निचोरेर लिने राज्यले जनताका निम्ति कुनै जिम्मेवारी वहन गर्छ ? जनता त कर तिर्दा-तिर्दा कागतीझैं निचोरिने भए, राज्यले भने न शिक्षा न स्वास्थ्य न आवागमन न अरू कुनै सुरक्षा ठीकसँग दिएर जनतालाई आश्वस्त तुल्याउँछ ।

राज्य र राज्यले काँध चढाएर राखेका सबै नाफाखोर र दलालहरू पोस्नुपरेपछि एउटा आमनेपाली निचोरिएर दुब्लो हुनु अस्वाभाविक होइन । त्यति धेरै रगत-पसिना बुझाइसकेपछि पनि बचेको पैसा रहेछ भने घडेरी र घरवाला सपनाको पासो थापेर अर्का थरी दलाल र सरकारी एजेन्टहरू नै बसेका छँदै छन् । त्यसै गरी राम्रो शिक्षा बेच्ने नाममा खुलेका शिक्षाका पसल, औषधीदेखि आईसीयुसम्म बेच्न बसेका स्वास्थ्यका पसल पनि छँदै छन् । गाउँबाट जरा उखेलेर मान्छेलाई सहरको पासोमा तान्ने अनेक सपना, तर्क र तथ्य बेच्नेहरूको धन्दा पनि चलेकै छ । आम जनताले यो भ्रमपूर्ण दलाल अर्थतन्त्र टिकाइदिएका छन् । अभिभावक ठानिएको राज्यसँग त्यो जनताले कुनै कुरामा पनि भर पर्न सक्दैन । बच्चाको शिक्षाका बारेमा सोच्दा होस् वा परिवारका सदस्यको उपचार वा मर्दापर्दा, अप्ठ्यारो पर्दा 'मेरो राज्य छ नि' भन्ने कुनै भरोसा छैन ।

### प्रतिगमन उत्सव

ओलीतन्त्रलाई सबैको भार थेगिरहेको यो जनताको भरोसा बन्नु छ त ? त्यसो हुन्थ्यो भने बर्थडेदेखि पोस्टरसम्मका अनेक प्रपञ्चमा ढुकुटी रित्याउँदा छाती चस्स हुन्थ्यो होला । प्रतिगमनको ताण्डव नृत्यमा मग्न ओलीतन्त्रको प्राथमिकता जनता होइनन् । ऊ एमसीसी वा विश्व बैंकको भरोसा बन्न सक्छ, तर जनताको भरोसा बन्न सक्दैन । प्रतिगमनको विचारबाट जन्मिएको ओलीतन्त्रले प्रगतितिर समाजको नेतृत्व गर्न कसरी सकोस् ? स्मरण रहोस्, यो केही काण्डको सतही कुरा होइन, विचारको प्रश्न हो । सफ्टवेयर नै प्रतिगमनको भएपछि त्यसले प्रगतिको मेसिन चलाउन सक्दैन । आलुको जरामा तरुल फल्दैन । त्यसैले ओलीतन्त्र प्रतिगमनकै चरमोत्सवमा झुमिरहनु अनौठो होइन ।

ट्वीटर : @YugPathak

## सम्पादकलाई चिठी

### प्रेस सल्लाहकारको व्यवहार

बिनु सुवेदी प्रधानमन्त्रीका प्रेस सल्लाहकार सूर्य थापाको कार्यकक्षमा जाँदा थापाद्वारा गरिएको व्यवहारले प्रधानमन्त्रीको व्यवहार ठ्याक्कै मिलेको देखियो । समर्थनमा समाचार नलेखेकै कारण आम मिडियाकर्मीमाथि राजनीतिक पदाधिकारी रुष्ट हुन्छन् । पत्रकारिता पेशाबाट एकैपटक मन्त्री बनेका गोकुल बाँस्कोटा, प्रधानमन्त्री केपी शर्मा ओली र उनका प्रेस सल्लाहकार सूर्य थापाको बोली उस्तै छ । यस्तो बोलीले नै सरकारको ओझ घटाएको हो । फलेको वृक्ष सधैं निहुरिएको हुन्छ । अझ जनताका मत पाएका नेता त फलेको वृक्षभन्दा पनि बेसी निहुरिनुपर्ने हो । पत्रकारप्रति जुन व्यवहार थापाले देखाउनुभयो, त्यो सत्ता उन्मादको एउटा बाछिटामात्र हो । अति नै गरेपछि त चौतर्फी निन्दा भइहाल्छ नि ।

यस्ता प्रेस सल्लाहकारले दिने सल्लाह कस्तो होला भन्ने अनुमान गर्न कठिन छैन । आलोचनाले सरकारलाई मार्गनिर्देश गर्छ भन्ने ख्याल नभएका प्रेस सल्लाहकार थापा र अन्य राजनीतिक सल्लाहकार गलत भएकै कारण सरकार विभिन्न काण्डमा फँसेको हो ।

**– हेमन्त न्यौपाने,** *मध्यबिन्दु-११, नवलपरासी*

### यौनिक लैंगिक पहिचानको सवाल

मङ्गलबार प्रकाशित 'पाठ्य-पुस्तकमा यौनिक तथा लैंगिक अल्पसंख्यक'मा यौनिकता र लैंगिक अवस्था बारेको विश्लेषण पढ्न पाइयो । महिला महिलाप्रति वा पुरुष पुरुषप्रति आकर्षण हुनथाल्यो भने अब विस्तारै समाजले उसलाई सामाजिक अन्तरघुलनबाट बेवास्ता गर्दै लैजाने कुरामा हामी सबैजना अनविज्ञ छैनौं ।

समाजले छोरीलाई रुन सिकायो, लजाउन सिकायो, एक्लै नहिँड्न सिकायो, छोरासँग मुखमुखै नलाग्न सिकायो, ठूलो स्वरमा नहाँस्न सिकायो, जसले गर्दा पितृसत्तात्मक शासनलाई थप बल पुग्यो र 'एलजीबीटी'हरूको अस्तित्वमा प्रश्न उठाउन समाज तम्सियो ।

छोराहरूलाई नरुन भनियो, नलजाउन भनियो, छोरीको शरीर तिम्रो अधिकार हो भनियो र उनीहरूलाई निडर र साहसिलो हैसियतमा समाजमा रहन सधैं प्रेरित गरियो । यसले गर्दा पितृसत्ताको आधारमा रहेर हिंस्रक व्यवहारमा छोराहरू हुर्किए । विद्यालयमा फरक समुदाय, परिवेश, संस्कार र प्रवृत्तिका बालबालिकाको अन्तरघुलन हुन्छ । तर त्यही समाजमा कुनै छोरीले छोराको व्यवहार देखाउन थाले आम मानिसको आँखा त्यता तर्सिहाल्छ । यदि छोराले छोरीको व्यवहार देखाउन थालेमा उनलाई छक्काजस्ता विविध शब्दले प्रहार गर्न थालिन्छ । यसले बालबालिकाको आफ्नो पहिचानप्रति नै अलमल हुने अवस्था सिर्जना हुन्छ । छोरा नपाएको कारणले नै आज कैयौं महिला हिंसा र यातनाको सिकार भोग्न विवश छन् । पढेलेखेका शिक्षित वर्गका व्यक्तिहरूबाट नै यस प्रकारका हिंसा हुने उदाहरण समाजमा धेरै भेटिन्छन् । अझ यौनिक अल्पसंख्यकहरूलाई भगवानको दोष अथवा पाप गरेको हुनाले भगवानले सजाय दिएर यस्तो जन्मियो भन्ने समाज हो यो । त्यसैले विद्यालय शिक्षाको पाठ्यक्रमले अब यौनिक अल्पसंख्यकको बारेमा पढाउनुपर्छ । नत्र भोलिको पुस्ता पनि यस्तै अन्योलतामा रुमलिने छ ।

**– जानुका विक,** *चौदन्डीगढी, उदयपुर*

## किताबमा कर लगाएर समृद्धि आउँछ ?

सरकारको कुनै पनि आयातित किताबमाथि १० प्रतिशत कर लगाउने नियमबारे तपाईं अवगत नै हुनुहुन्छ । यो कदम आम जनताको ज्ञानमाथि अंकुश लाउने प्रयास हो । लोकतान्त्रिक व्यवस्थाका लागि लामो समय संघर्ष गरेका हामी सरकारको यस कदमले दुःखित छौं । किताबमा कर लगाउने सरकारी नीतिले लोकतान्त्रिक व्यवस्थाको उपहास गरेको छ ।


संविधानको धारा-३१ को मर्मविरुद्ध छ, कर लगाउने प्रावधान । राज्यले आयस्रोत बढाउनुपर्छ, तर किताबमा कर थोपरेर होइन । कर केमा लगाउने र नलगाउने भन्ने भिन्नता छुट्याउन सरकार किन सक्दैन ?

सम्पादकज्यू, किताबमाथि कर लगाएर धेरै राजस्व उठाउन सकिँदैन भन्ने तर्कलाई तथ्यसहित पत्रिकामा प्रस्तुत गर्दिनुस् । किताबमा कर लगाएपछि कति कमाइ र कति घाटा हुँदोरहेछ, देखाइदिनुस् । राष्ट्र बैंकको तथ्यांक अनुसार ३ वर्षअघि करिब २ अर्बको किताब आयात हुन्थ्यो । गतवर्ष १ अर्ब ७४ करोडको किताब र म्यागजिन आयात भयो । गत ६ महिनामा ४१ करोडको मात्र किताब आयात भएको छ । यसरी राजस्व बढाएर किताब कम आउँदा सरकारलाई के फाइदा भयो ?

यसरी क्रमशः बजार र आमविद्यार्थीका घरमा किताबको अभाव हुने देखिएको छ । किताब नै पढ्न नदिएपछि सरकारलाई त फाइदै-फाइदा हुने भयो नि । विश्वविद्यालयमा पढाइ हुने सबै विषयका पाठ्यक्रममा धेरै किताब विदेशी लेखकका हुन्छन् । उसै त महँगा यी किताब १० प्रतिशत भन्सार कर थप्दा किताबको मूल्य लगभग ३० प्रतिशतजस्तो बढ्छ भन्छन् पुस्तक बिक्रेताहरू । सामान्य श्रमजीवी परिवारबाट आएको विद्यार्थीले यति चर्को मूल्य तिरेर किताब खरिद गर्न सम्भव हुन्न । कर यसरी नै लगाइराख्ने हो भने शिक्षा/ज्ञान केही सीमित मानिसकोमा मात्र पुग्छ । शिक्षा सबैको अधिकार हो भन्ने संविधान लेख्यौं । अहिले यसको ठिक विपरीत काम भइरहेको छ । हामीजस्ता सामान्य श्रमजीवी परिवारबाट आएको विद्यार्थीलाई पढ्नबाट निरुत्साहित किन गरिँदैछ ?

सम्पादकज्यू, किताबमाथि कर लगाएर कस्तो खालको समृद्धि खोजिरहेछ सरकार ? विद्यार्थी, आम पाठक र समग्र श्रमजीवी जनतालाई मारमा पारेर ल्याउने समृद्धि हामीलाई चाहिन्न ।

**– हिमांशु घिमिरे,** *कौशलटार, भक्तपुर*




●●●

पहिले लेख्न नदिने, त्यसपछि बोल्न नदिने अनि अहिले आएर पढ्न पनि नदिने ? सरकारले यही आर्थिक वर्षदेखि आयातित किताबमाथि १०.५ प्रतिशत भन्सार कर लगाएको छ । यसमा यातायात खर्च जोड्दा र बिक्रेताले उपभोक्तासम्म पुर्‍याउँदा किताबको मूल्य निकै प्रतिशतले बढ्न जान्छ । १९८७ सालतिर लक्ष्मीप्रसाद देवकोटा लगायत धेरै जनाले लाइब्रेरी खोल्ने प्रयास गर्दा राणा प्रधानमन्त्री भीमशमशेरलाई सूचना मिल्यो । र, लाइब्रेरी खोल्नेहरूलाई दण्ड-सजाय दिइयो । त्यसबेलाको र अहिलेको समाजमा धेरै परिवर्तन भइसक्यो, तर शासकको धारणा उस्तै छ । यस आर्थिक वर्षको पहिलो ४ महिना ११ लाख ४९ हजार ७ सय ४७ किताबबाट १ करोड ४५ लाख ४३ हजार राजस्वमात्र उठ्यो । यसले हाम्रो अर्थतन्त्र कति नै बढायो होला र ? बरु किताबमा कर लगाएपछि पछिल्लो ६ महिनामा किताब आयात ३४ प्रतिशतले घटेको छ । प्लास्टिकमा कर छैन, पुस्तकमा कर किन ?

युनेस्कोको 'लोरेन्स एग्रिमेन्ट'ले कुनै पनि पाठ्य पुस्तकमा भन्सार कर लाउनु हुँदैन भन्छ । उक्त सन्धिलाई 'युनेस्को'को सदस्य राष्ट्र हुँदा पनि नेपालले हस्ताक्षर गरेको छैन । सरकारले नेपाली प्रकाशकलाई प्रोत्साहन गर्न कागज, मेसिन तथा अन्य आवश्यक प्रिन्टिङ सामग्री सुपथ मूल्यमा उपलब्ध गराउनुपर्छ । यसरी किताबमाथि कर लाग्नु हुँदैन । सरकारलाई एउटै प्रश्न–यसरी किताबमा कर लगाउँदा नेपाल समृद्ध होला ? अनि नेपाली सुखी होलान् ?

**– विनोद देउवा,** *काठमाडौं*

●●●

सिंहदरबारको स्पष्ट योजना अभावका कारण शिक्षाको हालत दयनीय अवस्थामा छ । किताबमा कर लगाउने सरकारको नीतिले शिक्षामा सबैको पहुँचलाई अवरोध गरेको छ । र, हामी सबै विद्यार्थीको भविष्य अन्धकारतर्फ गइरहेको छ । शिक्षामा काँचुली फेर्न सस्तो र सहज किसिमले किताब पाइनुपर्छ । अझ यसमा त सरकारले नै लगानी गर्नुपर्ने हो । उल्टो किताबमा कर बढाएर अनावश्यक भ्युटावर बनाउन पैसा खर्च गरेको देख्दा सह्रै नमज्जा लाग्छ ।

समृद्धि भ्युटावर बनाएर आउँदैन भन्ने हामी साधारण विद्यार्थीले पनि बुझ्छौं । सरकारले किन बुझ्दैन ? अब किताब अहिले भन्दा निकै महँगोमा किन्नु पर्ने भएको छ । विद्यार्थीहरू अब बढी मारमा पर्नेछन् । यसैको विरोध सामाजिक सञ्जालदेखि सार्वजनिक थलोमा भइरहेको छ । हामीले पोखरामा पनि किताबमा लगाएको करको विरोध गरिरहेका छौं । विद्यार्थी र पाठकका यस्तो विरोधलाई सरकारले देखिरहेको छ कि छैन ? सरकारले यस्तो विरोधलाई बेवास्ता गर्नु जायज हुँदैन । राजस्व बढाउन सरकारले अरु जुक्ति निकाले हुने नि ।

**– हेमन्त पहारी,** *पोखरा*

●●●

किताब ज्ञानमात्र होइन, वस्तु पनि हो । व्यापार प्रयोजनार्थ आयात गरिएपछि स्वाभाविक रूपमा कर लाग्छ । अर्थमन्त्रीको तर्क यही हो । तर दक्षिण एसियाकै सबैभन्दा बढी कर नेपालमा छ । किताबमा कर लगाउने निर्णय लिनुको पछाडि सरकारको उद्देश्य के होला ? झन् किताबलाई सहज बनाएर जनतालाई ज्ञान उन्मुख बनाउने काम सरकारको हुनुपर्ने हो । फुर्सदमा पढ्ने हाम्रो बानी कम छ । हामी प्रायः विद्यालय र विश्वविद्यालयका किताबहरू मात्र पढ्छौं । पाठ्यक्रमभन्दा बाहिरका किताब पढ्ने पाठकहरू कम भइरहेको यस समयमा सरकारले कर लगाएको छ । थोरै पढ्ने मानिसले तिरेको पैसाले सरकार धनी हुने पनि होइन । सरकारले सार्वजनिक पुस्तकालयहरू खोल्नुपर्ने हो । स्थानीय तहको प्रत्येक वडामा एउटा सार्वजनिक पुस्तकालयको व्यवस्था गरेर आफैले किताब किन्ने जिम्मा सरकारले लिनुपर्ने हो । तर अहिले सरकारले ठ्याक्कै उल्टो काम गरिरहेको छ । हाम्रो वास्तविकता पनि यही हो अनि बौद्धिक दरिद्रता पनि ।

**– सञ्जय न्यौपाने,** *काठमाडौं*

# सत्ता, शक्ति र भ्रष्टाचार



टीकाराम भट्टराई

सत्ताले शक्ति पैदा हुन्छ र शक्तिले भ्रष्टाचार गर्न उत्प्रेरित गर्छ। भ्रष्टाचारका अनेक अर्थ रहे पनि यो लेखमा यसलाई आर्थिक अपराधका रूपमा मात्र उल्लेख गरिएको छ। आर्थिक अपराधका उत्प्रेरक तत्त्व नै सत्ता, शक्ति, पहुँच र संगठन हुन्। शक्तिमा नरहेको व्यक्तिले आर्थिक भ्रष्टाचार गर्न असम्भवप्रायः हुन्छ।

विभिन्न मुलुकका सत्ता र शक्ति प्राप्त विभिन्न व्यक्ति, जसले आर्थिक भ्रष्टाचार गरेका छन् वा गर्ने प्रयत्न गरेका छन्, उनीहरूको उत्प्रेरक तत्त्व नै उनीहरूका पछाडि रहेको शक्ति वा सत्ता हो। आर्थिक भ्रष्टाचार सत्ताबाट अलग हुनै सक्दैन भन्ने उदाहरण हो– चीन। त्यहाँ भ्रष्टाचारको अभियोगमा मृत्युदण्ड जस्तो कठोर सजाय दिइन्छ, तैपनि भ्रष्टाचारको चुनौती निरन्तर बढिरहेको छ। आर्थिक भ्रष्टाचारको मूल स्रोत शक्ति र सत्ता भएपछि, निःसन्देह, जो-जो जुन-जुन बखत सत्ता र शक्तिमा हुन्छन्, तिनैले गर्ने आर्थिक अपराध हो– भ्रष्टाचार। कार्यपालिका वा व्यवस्थापिकामा मात्र होइन, न्यायपालिकामा हुने भ्रष्टाचार पनि सत्ताबाटै संरक्षित हुन्छ। आवधिक निर्वाचनका माध्यमबाट पालैपालो सरकारमा जाने दलका नेताहरू नै भ्रष्टाचारको अभियोगमा मुछिने, चोखिने वा सजायको भागी हुने भएकाले यो निरन्तरको प्रक्रिया पनि हो। यसर्थ सत्ता, शक्ति र भ्रष्टाचार अन्योन्याश्रित छन् भनिएको हो।

तर सत्तामा जानेबित्तिकै सबै नेता भ्रष्ट हुन्छन् भन्ने निष्कर्षचाहिँ गलत हुनेछ र दलको नामै लिएर फलानो दल भ्रष्ट र फलानो दल निष्कलंक भन्न पनि निकै गाह्रो हुन्छ। सत्ता र शक्तिको आडमा गरिने भए पनि मूलतः व्यक्तिमा अन्तर्निहित आपराधिक मनोवृत्ति नै भ्रष्टाचारको कारक तत्त्व हो। विश्वमा र नेपालमा पनि कैयौं त्यस्ता व्यक्ति छन्, जसले सत्ता र शक्तिलाई दुरुपयोग गरेनन् र निष्कलंक रही सत्ताबाहिर आउन सफल भए। मन्त्री वा शक्तिशाली कुनै पदमा निर्वाचित वा मनोनीत वा नियुक्त आफ्ना मित्र वा आफन्तहरूलाई शुभकामना र बधाई दिने क्रममा मैले जहिल्यै एउटै वाक्य प्रयोग गर्ने गरेको छु, 'त्यो पदमा पुगेपछि पनि तपाईंको कुमारित्व कायम नै रहोस्, शुभकामना छ।' नेपालमा शक्ति र सत्तामा पुगेर पनि आर्थिक अपचलन नगरिकन कार्यकाल बिताउनेहरूको संख्या न्यून नै हुन्छ। कतिपय घटना सतहमा आएका होलान्, कतिपय नआएका होलान्। रीत पुऱ्याएर गरिएका भ्रष्टाचारहरू सतहमा आउने सम्भावना न्यून हुन्छ। आफ्नै घर, गाडी र बैंक ब्यालेन्स नभएका कतिपय व्यक्तिको व्यवहार र खर्च भने ती सब हुनेहरूको भन्दा बढी देखिने गरेको छ। निश्चय नै त्यस्ता व्यक्तिहरू रीत पुऱ्याएर भ्रष्टाचार गर्ने श्रेणीमा पर्छन्। यसरी रीत पुऱ्याएर भ्रष्टाचार गर्नेहरू सतहमा नआउने भए पनि तिनको आर्थिक अनुशासनको कुमारित्व भने नष्ट भएकै हुन्छ।

केही घटनालाई हेरौं। विगतमा राजनीतिक वृत्तमा सक्रिय वा कर्मचारीतन्त्रमा कार्यरत जजसलाई करोड वा सोभन्दा बढीको भ्रष्टाचारको आरोप वा मुद्दा नै लागेको छ वा सफाइ मिलेको छ, ती सबैजसो सत्ता र सत्ताभित्रको पनि विशेष सत्तामा क्रियाशील व्यक्तिहरू नै रहेको देखिन्छ। यो तथ्यले के पुष्टि गर्छ भने, आर्थिक भ्रष्टाचारमा संलग्न वा आरोपित व्यक्ति सत्ता र शक्तिकै आडबाट निःसृत भएर आपराधिक मनोवृत्तिमा लिप्त हुन पुग्छन्। परम्परादेखि नै चलिआएको 'सत्ताको उन्मादले व्यक्तिलाई अन्धो बनाउँछ' भन्ने भनाइसँग असहमत हुने अवस्था आजसम्म देखिएको छैन। सत्ताको उन्माद चढ्दै गएपछि आफ्नो पछाडि रहेको सत्ता वा शक्तिले आफ्नो आपराधिक क्रिया वा मनोवृत्तिलाई संरक्षण गर्छ वा निगरानी संयन्त्र वा अदालतले समेत केही गर्न सक्दैन भन्ने मनोविज्ञान व्यक्तिविशेषमा क्रमशः विकास हुन थाल्छ। एक पटक स्मरण गरौं त, विगतमा राजनीतिक वृत्तमा काम गर्ने जजसलाई करोडौं-करोडको अपचलनको आरोप लाग्यो वा पुष्टि भयो वा कतिपय मुद्दा अदालतमा विचाराधीन छन्, ती कुन-कुन शक्ति र सत्ता वा सत्ताभित्रको पनि विशेष सत्तामा पहुँच र प्रभाव राख्ने व्यक्तिहरू थिए ? यो प्रश्नको जवाफ हिजो पनि एउटै थियो, आज पनि एउटै छ र भोलि पनि एउटै रहनेछ। यसर्थ निःसंकोच भन्न सकिन्छ, सत्ता र शक्तिको अहंकार नै भ्रष्टाचारको कारक तत्त्व हो।



पालैपालो सत्तामा गएका वा भविष्यमा जाने व्यक्तिहरू नै भ्रष्टाचारका पात्र र प्रवृत्ति हुने भएकाले आवधिक निर्वाचनबाट सत्ताको परिवर्तन भए पनि भ्रष्टाचारको अन्त्य हुँदैन, पात्र र प्रवृत्तिहरू मात्रै फेरिने हुन्।

आर्थिक भ्रष्टाचार सत्तामा रहनेहरूले नै गर्ने आपराधिक कार्य हो। जो सत्तामा छ, त्यसैको वरपर यो आपराधिक कार्य घुमिरहन्छ। पालैपालो सत्तामा गएका वा भविष्यमा जाने व्यक्तिहरू नै भ्रष्टाचारका पात्र र प्रवृत्ति हुने भएकाले आवधिक निर्वाचनबाट सत्ताको परिवर्तन भए पनि भ्रष्टाचारको अन्त्य हुँदैन, पात्र र प्रवृत्तिहरू मात्रै फेरिने हुन्।

यसर्थ कुन पात्र वा प्रवृत्तिलाई भ्रष्टाचारको अभियोग वा आरोप लाग्यो भन्ने प्रश्न त्यति महत्त्वपूर्ण र औचित्यपूर्ण प्रश्न होइन। हाम्रो जस्तो मुलुकका लागि यो नियमित प्रक्रियाजस्तै हो। त्यसरी आरोप वा अभियोग लागेका व्यक्तिहरूलाई स्वतन्त्रतापूर्वक अनुसन्धान र अभियोजन गर्ने कार्यमा सरकारको सहयोग हुन्छ कि हुँदैन, अहं प्रश्नचाहिँ यो हो। विगतमा हामीले भ्रष्टाचारको आरोपमा अदालतमा बयान दिन फूलमाला लगाएर जाने व्यक्तिहरू पनि देख्यौं। त्यति मात्रै होइन, पार्टीविशेषका झन्डा बोकेका सयौं नेता-कार्यकर्ता त्यस्ता व्यक्तिका पछिपछि हिँडेको पनि देख्यौं। यस्तो लज्जास्पद दृश्य कम्तीमा केही वर्षयता देखिन छाडेको छ। यसले राजनीति र अपराधको भिन्नता छुट्याउन युवा पुस्ता सक्षम हुँदै गएको संकेत गर्छ। तर भ्रष्टाचारको अभियोगमा मुद्दा दर्ता भएको प्रतिकारस्वरूप संसद अवरुद्ध गरेको दृश्य नेपाली नागरिकले केही हप्ताअघिसम्म देख्नुपऱ्यो। भ्रष्टाचारको आरोप लागेर मुद्दा दर्तासमेत भइसकेका व्यक्तिहरूका पछिपछि देखिने जुलुस वा भीड वा तिनलाई संरक्षण गर्न संसद नै अवरोध गर्ने प्रवृत्ति कायम रहेसम्म सत्ता र शक्तिको आडमा हुने भ्रष्टाचारलाई अप्रत्यक्ष रूपमा सहयोग र सद्भाव नै मिल्छ। आफ्नो दलको समर्थक वा नेता वा कार्यकर्तालाई भ्रष्टाचारको मुद्दा लाग्दा ढाडस दिने र उसको समर्थनमा संसद नै अवरुद्ध गर्ने दलले अर्को दलको नेता वा कार्यकर्तालाई आरोप लाग्दा औंलो ठड्याउने नैतिक साहस राख्दैन। भ्रष्टाचार वा आपराधिक कृत्य विशुद्ध सम्बन्धित व्यक्तिको आपराधिक मनोवृत्तिको परिणाम हो भन्ने हेक्का सबैले राख्न सक्नुपर्छ। त्यस्तो आपराधिक मनोवृत्तिलाई ढाडस दिने वा संरक्षण दिने कार्यबाट सम्बन्धित दलको साखमा मात्र होइन, नियतमै प्रश्न उठ्छ।

आरोप वा मुद्दा लाग्दैमा आरोपित व्यक्ति वा अभियुक्त अपराधी हुँदैन। त्यो त केवल आरोप वा अभियोग मात्र हो। त्यस्तो आरोप वा अभियोगबाट सफाइ लिनु व्यक्तिविशेषको निजी जवाफदेहिता वा जिम्मेवारी हो। आरोप वा अभियोग लागेको व्यक्तिलाई स्वच्छ सुनुवाइको मौका दिएर अनुसन्धानको दायरामा ल्याउने र मुद्दा हेर्ने अदालतलाई प्रभाव र दबाबबिना मुद्दाको फैसला गर्न सहयोग गर्ने कामसम्म सरकारको हो। विधिको शासन र स्वतन्त्र न्यायपालिका भएको मुलुकमा आरोप लाग्ने र सफाइको मौका पाउने विषय सम्बन्धित व्यक्तिमै छाडिदिनुपर्छ। सरकारको कर्तव्य र दायित्व पनि यही हो। व्यक्तिको निजी क्रिया वा आपराधिक मनोवृत्तिबाट जन्मने अपराधलाई राजनीतिक दल वा सत्ता वा शक्तिले संरक्षण गर्नु हुँदैन भन्ने हेक्का हरेक राजनीतिक दलमा हुनुपर्छ। आरोपित वा अभियुक्तलाई संरक्षण गर्ने कार्यले अपराध त बढ्छ नै, त्योभन्दा बढी राजनीतिमा आपराधीकरणको ढोका खुला हुन्छ। परिपक्व, पुराना र स्थापित राजनीतिक दलहरूले कुनै पनि आवरणमा वा सत्ता र शक्तिको आडमा हुने अपराध वा आपराधिक मनोवृत्तिलाई ढाकछोप वा संरक्षण गर्ने कार्य अविलम्ब बन्द गर्नुपर्छ। होइन भने ती दलको अस्तित्व भ्रष्टाचारको भाइरसले समाप्त पार्ने निश्चित छ।

# संसारकै उच्च भू-भागबाट...



लिसा होनान



निकोला पोलिट

हामी दुवै नेपाल आएदेखि नै जलवायु परिवर्तनको वास्तविक असर हिमाल र नदीहरूमा मात्र नभई सबैभन्दा बढी मानिसहरूमा परेको देखेर अचम्मित भएका छौं। किसानले बालीनालीमा नयाँनयाँ रोग देखेका छन्, पहाडी र हिमाली समुदायहरूले पहिरोको सामना गरेका छन्, सहरका बासिन्दाले डेंगुजस्ता नयाँ रोगको सामना गरेका छन्, तराईका बासिन्दा बाढीपीडित भएका छन्। अहिले जलवायु परिवर्तन सबैका लागि यथार्थ भएको छ। त्यसैले संयुक्त अधिराज्य बेलायत नेपाललाई जलवायु संकटको सामना गर्न र महत्त्वाकांक्षी योजना अगाडि बढाउन आफूले गरेको प्रयासबारे जानकारी दिँदै 'संसारकै उच्च भू-भागबाट' जलवायु परिवर्तन सम्बन्धी आफ्नो कथा भन्ने प्रयासमा सहयोग गर्न चाहन्छ।

नेपाल जलवायु परिवर्तनको सबैभन्दा उच्च जोखिममा रहेका २० मुलुकहरूमा पर्छ। नेपालको ६० प्रतिशत जनसंख्या जलवायु परिवर्तनको जोखिममा छ र यसका हिमनदीहरू वर्षको ६० मिटरको दरले साँघुरिँदै छन्। फलस्वरूप जोखिमपूर्ण हिमतालहरू बन्दै छन्। गत वर्ष काठमाडौंको तापक्रम विश्वव्यापी औसत वृद्धिभन्दा दोब्बर दरमा बढेकाले यहाँसमेत डेंगु रोग देखा पऱ्यो। अप्रत्याशित मौसमी घटनाहरू सामान्यजस्तै भइसकेका छन्। नेपालको इतिहासमै पहिलो पटक थाहा पाइएको

नेपाल जलवायु परिवर्तनको सबैभन्दा उच्च जोखिममा रहेका २० मुलुकम पर्छ। यसका हिमनदीहरू वर्षको ६० मिटरको दरले साँघुरिँदै छन्। जोखिमपूर्ण हिमतालहरू बन्दै छन्।

चक्रवातले ३५ जनाको ज्यान लियो। त्यसैले जलवायु सुरक्षाको काम नेपालका लागि ज्यादै महत्त्वपूर्ण छ। संयुक्त अधिराज्यले नेपालको विपद् पूर्वसूचना प्रणालीमा सुधार ल्याउनमा र विपद् व्यवस्थापन सम्बन्धी नयाँ निकाय स्थापनामा सहयोग गर्दै आएको छ। हामीले नेपालमा अझै जलवायुमैत्री भौतिक पूर्वाधार बनाउन, मानिसहरूलाई विपद्पछि सहयोग गर्ने थप राम्रा उपाय पहिल्याउन अनि जोखिमपूर्ण क्षेत्र र जोखिमपूर्ण जीविकोपार्जनबाट उनीहरूलाई स्थानान्तरण हुन सहयोग गरिरहेका छौं।

करिब ८० किलोमिटरको चौडाइमा, समुद्री सतहबाट ८० मिटरको उचाइदेखि ८,००० मिटरसम्म पुग्ने नेपाल जलवायु प्रयोगशाला पनि हो। जलवायु परिवर्तनका चुनौती हेर्ने र समाधान पर्गेल्ने मौलिक अवसर नेपाललाई छ। नेपाल भ्रमण वर्षमा र पर्या-पर्यटनमा सामुदायिक वनदेखि, पानी व्यवस्थापन, जलवायुमैत्री कृषिसम्ममा चुनौतीहरू छन् र समाधान परीक्षणको मौका पनि छ। खास गरी नेपालको मौलिक भूपरिधि/भूपरिदृश्य जोगाएर जलवायु परिवर्तनबाट बचाउन सकिने प्रकृतिमा आधारित समाधानहरूबारे नेपालले विश्वलाई धेरै सिकाउन सक्छ। संयुक्त अधिराज्यले किसानहरूलाई सौर्य ऊर्जा प्रयोग गरी पानी तान्ने पम्पको निर्माण, स्थानीय अनुकूलन योजना तर्जुमा, स्याउ कृषकहरूका लागि मौसम बिमा र मौसम भविष्यवाणी सुधार गर्न विश्वस्तरीय जलवायु मोडलिङका लागि सहयोग लगायतका यस्ता केही समाधान विकास गर्न नेपालसँग मिलेर काम गरेको छ।

अत्यन्त न्यून उत्सर्जन, निर्माणाधीन जलविद्युत् परियोजनाहरू, सहज सौर्य ऊर्जा र विश्वमा कीर्तिमान राख्न सफल वन व्यवस्थापन र प्राकृतिक संसाधनहरूले गर्दा नेपाल जलवायु आकांक्षामा अगाडि छ। आफ्नो हरित अर्थतन्त्रले कसरी आर्थिक वृद्धि प्रवर्द्धन गर्न सक्छ, गरिबी न्यूनीकरण गर्न सक्छ वा भारतजस्ता छिमेकी मुलुकको समेत उत्सर्जन कसरी घटाउन सक्छ भन्ने देखाई नेपालले यो क्षेत्र र विश्वलाई यस विषयमा बाटो देखाउन सक्छ। त्यसैले पनि संयुक्त अधिराज्यले नेपालसँग मिलेर अरुण ३ र त्रिशूली जलविद्युत् परियोजनाबाट यसको प्राकृतिक स्रोतको विकास गर्न र सौर्य ऊर्जा सम्बन्धी कार्यक्रममा नवीनता ल्याउन अनि वन विकास कोष (फरेस्ट डिभलपमेन्ट फन्ड) को स्थापना गर्न मिलेर काम गरेको छ।

**क्षेत्रीय उत्कृष्ट आयोजक :** नेपाल एसियाको 'वाटर टावर' भनिने हिमालहरूको काखमा अवस्थित छ। यी हिमालबाट बग्ने नदीहरूको पानीमा १ अर्ब ६५ करोड मानिस निर्भर छन्। यसको विकास उपयुक्त क्षेत्रीय सहयोगमा भर पर्छ। त्यस्तै वायुको गुणस्तर, ऊर्जा व्यापार र हिमनदीहरूको क्षयीकरणलाई प्रभावकारी रूपमा सम्बोधन गर्न क्षेत्रीय स्तरका उपायहरू चाहिन्छन्। यसै सन्दर्भमा हिन्दुकुश हिमालयको 'कल टु एक्सन' लाई व्यवहारमा लागू गर्न यो क्षेत्र र त्यसभन्दा परसम्म प्रभाव पार्न महत्त्वपूर्ण रूपमा लिइएको 'सगरमाथा संवाद' मा नेपाललाई सहयोग गर्न पाउँदा हामीलाई गर्व लागेको छ।

**उच्च महिला जलवायु नेतृत्व :** जलवायु संकटसँग जुध्न राष्ट्रपतिदेखि जोखिमपूर्ण समुदायसम्ममा महिलाहरूको भूमिका महत्त्वपूर्ण हुन्छ। मानवनिर्मित यो समस्या समाधान गर्न काम गर्नुपर्छ भनी महिलाहरूले बुझेका छन् र परिवर्तनका लागि उनीहरू शक्तिशाली पनि हुन्छन्। त्यसैले यस वर्ष 'संसारकै उच्च स्थानबाट आएको विचार' मा तय भएका विषयहरूमा थप विस्तृत खोजी गरी जलवायु परिवर्तन सम्बन्धी थप आकांक्षा र कामबारे नेपाली महिलाहरूले उठाएको आवाजमा हामी पनि नेपाल र संयुक्त अधिराज्यका संयुक्त कार्यक्रम र लेखहरूको शृंखलामार्फत आफ्नो आवाज मिसाउन प्रतिबद्ध छौं।

**जलवायु लगानी परिचालनमा अगाडि :** जलवायु परिवर्तनका मुद्दा सम्बोधन गर्न पैसा चाहिन्छ। जलवायु सुरक्षा निर्माण गर्न र नेपालको हरित अर्थतन्त्रमा वृद्धि ल्याउन जलवायु लगानीका लागि सार्वजनिक, निजी, राष्ट्रिय र अन्तर्राष्ट्रिय लगानी नेपालमा भित्रिँदै छ। हालसम्मको १ अर्ब अमेरिकी डलर (१ खर्ब ११ अर्ब रुपैयाँ) भन्दा बढीको लगानीमध्ये संयुक्त अधिराज्यको हिस्सा ३० करोड अमेरिकी डलर (३३ अर्ब रुपैयाँ) भन्दा धेरै छ। संयुक्त अधिराज्यको योगदान नेपालका जलवायु चुनौतीहरू सम्बोधन गर्न र यसले हरित अर्थतन्त्रबाट धेरैभन्दा धेरै लाभ लिन सकोस् भन्नेतर्फ लक्षित छ। तर अझै धेरै गर्न बाँकी छ। त्यसैले संयुक्त अधिराज्यले नेपाललाई यसको महत्त्वाकांक्षी योजनालाई सघाउ पुऱ्याउन ग्रिन क्लाइमेट फन्डबाट र सिटी अफ लन्डनका हरित लगानीकर्ता जस्ता लगानीकर्ताहरूबाट थप लगानी भित्र्याउन सघाइरहेको छ।

जलवायु परिवर्तनसँग जुध्न र यसै वर्षको नोभेम्बरमा संयुक्त अधिराज्यले आयोजना गर्ने जलवायु परिवर्तन सम्मेलन (कोप २६) मा संसारकै उच्च स्थानबाट उठाइएको आवाज प्रस्ट र टड्कारो सुनिनेछ भनी सुनिश्चित गर्न संयुक्त अधिराज्य नेपालसँग काँधमा काँध मिलाएर उभिएको छ। नेपालको आवाज र जलवायु परिवर्तनसँग जुध्ने महत्त्वाकांक्षी प्रतिबद्धता त्यहाँ सुनियोस् भन्ने हामी चाहन्छौं।

*लिसा होनान डीएफआईडीकी नेपाल प्रमुख र निकोला पोलिट नेपालका लागि संयुक्त अधिराज्यकी राजदूत हुन्।*

# अंकल सामको चर्खा गीत




डेटलाइन तराई
चन्द्रकिशोर

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको भारत भ्रमणले विश्वकै ध्यान तान्यो। अमेरिकी राष्ट्रपति प्रायः एकभन्दा बढी देशको यात्रामा निस्किन्छन्, तर यस पटक उनी अमेरिकाबाट सोझै गुजरातस्थित अहमदाबाद ओर्ले। त्यहाँ भव्य आयोजना गरी भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले उनलाई अभिनन्दन गरे। जब मोदीसँगै ट्रम्प शान्तिपूर्ण संघर्ष र सामुदायिक सामञ्जस्यका लागि महात्मा गान्धीद्वारा गरिएका कतिपय प्रयोगहरूको साक्षी सावरमती आश्रम पुगे, उनीहरूले गान्धी दृष्टिको प्रतीक 'चर्खा' सँगै खिचाएको तस्बिरले संसारभरिकै मिडियामा ठाउँ पायो। अहिले ट्रम्प र मोदीबीच आत्मीय आकर्षण पाइन्छ। शासन प्रमुखहरूबीचको सम्बन्धले तिनका मुलुकहरूबीचको सम्बन्धमा समेत प्रभाव पार्छ।

चर्खा हस्तचालित यन्त्र हो, जसबाट धागोको उत्पादन गरिन्छ। गान्धीको प्रयोगले चर्खालाई अर्थशास्त्रीय अवधारणाका रूपमा खडा गरेको छ। गान्धी चर्खालाई भुइँमान्छेको आशाको प्रतिनिधि मान्थे। सामान्यजनको स्वतन्त्रतालाई उनी चर्खाभित्र हेर्थे। गान्धी भन्थे, 'अहिंसाको रचना कारखानाहरूको सभ्यताको जगमा हुन सक्दैन, त्यो शान्तिपूर्ण गाउँहरूको जगमा सम्भव छ।' चर्खा अर्थव्यवस्थाले शोषणको बहिष्कार गर्छ। शोषण नै हिंसाको सारतत्त्व हो। चर्खाले स्वावलम्बी बनाउँछ, जो स्वतन्त्रताका लागि अपरिहार्य हुन्छ। भारतीय स्वतन्त्रता आन्दोलनका क्रममा श्रमप्रतिको सम्मानलाई वैयक्तिक र सार्वजनिक जीवनमा व्यक्त गर्न चर्खा चलाउने परम्परा बसाइएको थियो। गान्धीले गर्दा नै चर्खा विचारका रूपमा समेत विकसित हुँदै आयो। रोचक पक्ष के देखियो भने, सावरमती आश्रमको आगन्तुक पुस्तिकामा ट्रम्पले महात्मा गान्धीको नामै उल्लेख गरेनन्। त्यहाँ उनले आफ्ना खास मित्र मोदीलाई धन्यवाद मात्र लेखे। ट्रम्पको यो सुनियोजित लेखाइको आर्थिक-राजनीतिक अर्थ छ। यस सन्दर्भमा भारतभित्र जुन व्यापकतासाथ विमर्श हुनुपर्थ्यो, 'गोदी' मिडियाका कारण त्यो हुन सकेन।

अमेरिकी राष्ट्रपतिलाई कतिपयले 'अंकल साम' वा 'चचा साम' ले पनि सम्बोधन गर्छन्। यसको एउटा पृष्ठभूमि छ। वास्तवमा 'अंकल साम' न्युयोर्कको एक व्यापारी स्यामुअल विल्सनसँग गाँसिएको छ, जसलाई अंकल साम विल्सन पनि भनिन्थ्यो। स्यामुअल इमानदार, विश्वासी र देशका लागि समर्पित व्यक्ति थिए। सन् १८१२ मा अमेरिकी युद्धका बेला उनी सेनाका लागि मासु सप्लाई गर्थे, जसमाथि 'युएस' को मोहर लागेको हुन्थ्यो, जसले सरकारी माल भन्ने दर्साउँथ्यो। बिस्तारै-बिस्तारै अंकल साम विल्सन केवल 'अंकल साम' मा परिणत हुन पुगे। सन् १८३०-६१ मा कार्टुनिस्टहरूले 'अंकल साम' लाई अमेरिकी फौजको प्रतीकका रूपमा प्रशस्त प्रयोग गरे। पहिलो विश्वयुद्धका क्रममा अमेरिकी सेनामा भर्तीका लागि जेम्स मोन्टगोमरी फ्ल्यागले एउटा पोस्टर बनाए, जसमा अंकल सामको तस्बिरसँगै लेखिएको थियो, 'आई वान्ट यु फर अमेरिकन आर्मी'। दोस्रो विश्वयुद्धका क्रममा समेत यस प्रकारको पोस्टरको खुब प्रयोग गरियो। यस प्रकार अंकल साम र अमेरिकी फौजबीच अटुट नाता कायम हुन गयो। दुइटै एकअर्काको पर्याय बन्दै गए। आफ्नो सैन्यशक्तिकै बलबुतामा अमेरिकाले पूरै विश्वमाथि हैकम चलाउँदै आएको छ। यसको सिङ्गो अर्थव्यवस्था नै हतियारको कारोबारमा टिकेको छ र अमेरिका भनौं वा अमेरिकी राष्ट्रपति यसै कारोबारलाई अगाडि बढाउन प्रयासरत रहन्छन्, जो अहिले पनि देखियो। राष्ट्रपति ट्रम्पले यस पटक भारतसँग ३ अर्ब डलर बराबरको सैनिक हेलिकप्टर र उपकरण खरिद सम्झौता हुने घोषणा गरेका छन्।



सआदत हसन मन्टोले अमेरिकी राष्ट्रपतिलाई हतियारको सौदागरका रूपमा देखे र उनलाई अंकल साम (चचा साम) नै भनेर सम्बोधन गरे। मन्टो प्रसिद्ध दक्षिण एसियाली साहित्यकार हुन्। उनले सात दशकपूर्व चचा सामलाई सम्बोधन गर्दै पत्रहरूको लामो शृंखला लेखे। त्यसमा लेखिएका कतिपय कुरा आज पनि भविष्यवाणीझैं साबित हुँदै गएका छन्। अमेरिकी राष्ट्रपतिका नाममा लेखिएका ती चिठीमा मन्टोले तत्कालीन साहित्यिक, सामाजिक, सांस्कृतिक उठापटक र अन्तर्राष्ट्रिय राजनीतिक-आर्थिक चालबाजीको भयानक तस्बिर कोरेका छन्, जसबाट अमेरिका कसरी फल्दै-फुल्दै गएको छ भन्ने थाहा हुन्छ। व्यंग्यात्मक शैलीमा लेखिएको त्यो चिठी शृंखला राजनीतिक, आर्थिक र साहित्यको बेजोड नमुना हो। अहिले मन्टो बाँचेका भए यस क्षेत्रमा बढ्दो गरिबी, असमानता र साम्प्रदायिक तनावमाझ फस्टाउँदो हतियार कारोबारलाई लिएर फेरि चचा सामलाई चिठी लेख्थे।

अमेरिकी राष्ट्रपतिको भारत यात्राकै क्रममा दिल्लीमा दंगा चर्कियो। सामाजिक सञ्जालका नेपाली प्रयोगकर्ताहरूमा समेत त्यसको चिन्ता र चासो छचल्कियो। दुई पुराना समुदायबीचको तनावको बाछिटा दक्षिण एसियाभरि नै पर्ने गरेको छ। भारतमा दंगाको इतिहास पुरानो छ, त्यसको आफ्नै पृष्ठभूमि छ। तर अहिले कसरी हुन गयो ? अमेरिकी राष्ट्रपतिको भ्रमणको मौका छोपेर भारतको आन्तरिक तनावलाई अन्तर्राष्ट्रियकरण गर्न देशी-विदेशी उक्साहटमा त्यो भएको एउटा सानो वृत्त बताउँछ। तर कतिपय यसलाई समग्रतामा

भारत ती समस्याहरूको फेरि सामना गर्दै छ, जोसँग महात्मा गान्धी जीवनपर्यन्त जुझिरहे। कुनै पनि लोकतन्त्र असहिष्णुताले चल्न सक्दैन। शान्तिपूर्ण सहअस्तित्वबाटै लोकतन्त्रले सञ्जीवनी पाउँछ।

नियाल्नुपर्ने आग्रह राख्छन्। भारतको केन्द्रीय सरकारले ल्याएको नागरिकता संशोधन कानुनसँग असहमति राख्नेहरू विभिन्न किसिमले आन्दोलन चलाउँदै थिए। यसै पृष्ठभूमिमा भारतीय सुप्रिम कोर्टका न्यायाधीश दीपक गुप्ताले भनेका छन्, 'असहमतिको अधिकार लोकतन्त्रका लागि आवश्यक हो। सरकार र देश दुई अलग चीज हुन्। देशको आलोचना नगरेर पनि सरकारको आलोचना गर्न सकिन्छ।' जस्टिसको भनाइ त्यतिखेर आएको छ, जतिखेर असहमतिको अधिकार र तरिकालाई लिएर भारतीय समाज विभाजित हुँदै छ।

दंगालाई लिएर भारतभित्रै केही गम्भीर प्रश्न खडा भएका छन्। शान्तिपूर्ण विरोध गर्ने दाबी गरिए पनि सोका लागि चाहिने नैतिक-मानसिक तयारी यसका कर्ताहरूमा भएन कि ? त्यसै गरी सरकारी संरक्षणमा गरिएको भड्काउ भाषणले एउटा पक्ष उत्तेजित भयो कि ? बहुमतको शासनले असहमत पक्षको रक्षा गर्न सकेन कि ? हिंसाको सुरुआत कसरी भयो ? के दंगाको जन्म फरक पक्षमाथिको घृणा, अफवाह र भड्काउ भाषणले हुँदैन ? दंगा हुन्छ कि गराइन्छ ? के दंगा आफैमा बजार आधारित राजनीति हो ? प्रत्यक्ष युद्धभन्दा दंगाजस्ता आन्तरिक द्वन्द्वको निर्यात अहिलेको नयाँ सामरिक रणनीति हो ? यी प्रश्नको जबाफको खोजीमा भारतीय राजनीति विभाजित देखिएको छ।

दंगाले सबैभन्दा बढी सामाजिक बनोटलाई नोक्सान गर्छ। एक पटक चर्किएको मन जोड्न वर्षौं लाग्छ। उर्दुको एउटा शेर नै छ–

*आग का क्या है पल दो पल में लगती है*
*बुझते बुझते एक जमाना लगता है।*

दंगाका कारण भुइँतहका मान्छेहरू सबैभन्दा बढी पीडित हुन पुग्छन्। दंगापीडित वा दंगा गर्नेहरू प्रायः कमजोर आर्थिक-सामाजिक वर्गका हुन्छन्, उक्साउनेहरू जहिले पनि पछाडि हट्छन्। दंगामा सबैभन्दा बढी नोक्सान उदारवादी समूहको हुन्छ, जसले जहिले पनि मेलमिलाप र संवादको कुरा गरिरहेको हुन्छ। दुवैतर्फका उत्तेजित जमातले तिनको उपेक्षा गर्छन्, कतिपयले दोषी नै ठहर गर्छन्। यसका बावजुद दिल्लीमा कैयौं टोलका मध्यमार्गीहरूले सद्भाव जुलुस निकालेका छन्। उदारवादी समूहको परीक्षा यस्तै बेला हुने हो। जस्तोसुकै कठिन परिस्थितिमा पनि मानवतालाई जोगाउनैपर्छ। सामुदायिक तनाव र दूरीमा जब पक्षविशेषले राजनीतिक लाभ खोज्न थाल्छ, त्यतिखेर सबैभन्दा घोचपेच उदारवादी समूहमाथि नै हुन्छ। सार्वजनिक बुद्धिजीवीहरू सबैतिरका कट्टरपन्थीहरूको निसाना र चेपुवामा पर्छन्। अहिले दिल्लीमा त्यही देखिएको छ।

भारत फेरि ती समस्याहरूको सामना गर्दै छ, जोसँग महात्मा गान्धी जीवनपर्यन्त जुझिरहे। कुनै पनि लोकतन्त्र असहिष्णुताले चल्न सक्दैन। शान्तिपूर्ण सहअस्तित्वबाटै लोकतन्त्रले सञ्जीवनी पाउँछ। गणतन्त्र र सभ्य समाजको मूल पहिचान यही हो। यसको पहिलो प्रत्याभूति सरकारी पक्षले दिन सक्नुपर्छ। के गान्धीलाई बिर्सेर भारत आफ्ना चुनौतीहरूबाट जोगिन सक्छ ? धार्मिक कट्टरवाद, अन्धराष्ट्रवाद र उपभोक्तावादले चारैतिर संकट निम्त्याउँदै छ। भय, अविश्वास र अनिश्चितताको माहोलमा भारतको लोकतन्त्र र समाजले स्थिरता पाउन सक्दैन। चचा सामको आफ्नै चर्खा गीत छ, जसको गायनमा लोभिइरहे भारत मौलिक परम्परा र पहिचानबाट पछाडि पर्दै जाने निश्चित छ।

## छोटकरी

### खोजी 'नेपाल स्टार' को



काठमाडौं (कास)- यतिबेला देशभित्र सांगीतिक रियालिटी सोको माहोल व्याप्त छ । फ्रेन्चाइजका रूपमा नेपाल आइडल र द भ्वाइसले निरन्तरता पाइरहेका बेला मौलिक शैलीसहित कि इन्टरटेन्टमेन्ट एन्ड रिसर्चले नेपाल स्टार आयोजना गर्न लागेको हो । आइतबार राजधानीमा भएको एक कार्यक्रममा प्रालिका प्रमुख रवीन्द्रकुमार रिजाल र वाईवाईका तर्फबाट चौधरी ग्रुपमा प्रबन्धक निर्वाण चौधरीबीच सम्झौता भएको प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ । 'यस्ता रियालिटी सो स्वदेशमा नै उत्पादन हुनु खुसीको कुरा हो,' कार्यक्रमको प्रायोजन गरिरहेको वाईवाईका तर्फबाट चौधरी ग्रुपका प्रबन्धक निर्वाण चौधरीले भने, 'युवालाई प्रोत्साहित गर्न हाम्रो ग्रुप सधैं नै तयार छ ।' गायक रामकृष्ण ढकाल, संगीतकार आलोक श्री र गायिका अञ्जु पन्त निर्णायक रहेको स्टारको पहिलो चरणको अडिसन सकिएको छ ।

### शताब्दी पुरुष सम्मानित



धनगढी (कास)- कैलालीको धनगढीमा आयोजित विश्व नेपाली साहित्य महोत्सवमा शताब्दी पुरुष सत्यमोहन जोशीलाई सम्मान गरिएको छ । जोशीलाई राष्ट्रपति विद्यादेवी भण्डारीले एक लाख नगदसहित सम्मान गरेकी हुन् । सम्मानित भएपछि बोल्दै जोशीले सुदूरपश्चिममा रहेका कला र संस्कृति मानव सभ्यतासँग जोडिएको बताए । सुदूर पश्चिमाञ्चल साहित्य समाजका अध्यक्ष रामलाल जोशीका अनुसार भारतको दार्जिलिङ, सिलीगुडी, असम, मेघालय, सिक्किमलगायतका थलोबाट पनि साहित्यकार आएका छन् । नेपाली भाषा-साहित्य प्रवर्द्धन गर्ने उद्देश्य रहेको ६ दिने महोत्सवका अवसरमा साहित्यकार एवं पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द, स्रष्टा मोदनाथ प्रश्रित, आरडी प्रभात चटौत, बद्रीनाथ भण्डारी, तुल्सीराम जोशीलाई सम्मानपत्र प्रदान गरियो ।

# झुपडी हुँदै डिजिटल हल

## पानी चुहिने हलमा बोरामाथि पलेंटी कसेर फिल्म हेर्ने रूपन्देहीवासी अहिले डिजिटल हलमा सुतेर हेर्छन्

**सञ्जु पौडेल** (तिलोत्तमा, रुपन्देही)



बुटवलस्थित क्यूएफएक्स सिनेमाजमा चलचित्र हेर्दै दर्शक ।

तस्बिर : कान्तिपुर

बुटवल उपमहानगरपालिका ११ का ५५ वर्षीय विक्रम गलामीले पाँच जना साथीसित मिलन चलचित्र मन्दिरमा पहिलोपटक हिन्दी चलचित्र 'बोर्डर' हेरेका थिए । त्यसपछि भने उनी हल पसेका छैनन् । '२०५४ मा त्यो फिल्म हेर्दा दर्शक खचाखच थिए,' उनले भने, 'अहिलेका हल कस्ता छन्, देखेकै छैन ।' लामो समय भारतमा बसेकाले नेपाली सिनेमाघरको तुलनामा भारतीय स्तरीय लाग्ने गरेको उनले सुनाए । त्यसबेला नेपाली हलमा बिजुली काटिएपछि अँध्यारो हुन्थ्यो । पुनः बत्ती आएपछि फिल्म हेरेको उनको सम्झना छ । 'एक्लै गइन्थेन,' उनले भने, 'साथीभाइ जाँदा अँध्यारोमा चिच्याइन्थ्यो ।' अहिले शनिबारबाहेक हल खाली देख्ने गरेको उनले बताए । कतिपयले युट्युब र टेलिभिजनमै मन परेको चलचित्र हेर्ने गरेकाले हलसम्म नआउने उनको बुझाइ छ ।

तिलोत्तमाका नारायण काफ्ले फिल्म भनेपछि हुरुक्कै हुन्थे । 'नयाँ चलचित्र लागेको दिन साइकलमा कुदिहाल्थें,' उनले भने, 'बुटवलको हाटबजार छेउमा झुपडीमा चलचित्र देखाइन्थ्यो ।' उनका अनुसार तपतप पानी चुहिए पनि चलचित्र रोकिन्थेन । त्यसबेला भुइँमा बोरा बिछ्याएर र बेन्चमा बसेर हेर्ने गरेको उनले सुनाए । उनका अनुसार त्यसबेला र अहिलेका हलको अवस्थामा आकाश जमिनको फरक छ । ४४ वर्षअघि फस्ट क्लासमा बसेर चलचित्र हेर्दा १ रुपैयाँ, मध्यममा ७५ पैसा र अन्तिममा ५० पैसा तिरेर हेर्न पाइने उनले बताए । उनले 'कान्छी', 'माइतीघर' जस्ता नेपाली चलचित्र हेरेको बताए । बुटवलका महेश्वरगोपाल लाकोलले पहिलो चलचित्र मन्दिर (हल) स्थापना गरेका थिए । त्यसबेला बटौली (पारि बुटवल) स्थित आफ्नै घरमा हल खोलेर मिलन प्रकाश चलचित्र मन्दिर सञ्चालन गरेका थिए । उक्त हल २०३१ सालसम्म सञ्चालन भएको उनका भाइ कमलले बताए ।

बटौलीको हल बन्द भएपछि ४२ वर्षअघि सिद्धार्थनगर नगरपालिका-३, खजहनामा पञ्चरत्न चलचित्र मन्दिर सञ्चालनमा आएको स्थानीय रवि पन्तले बताए । 'विद्यालय पढ्दा त्यहीं फिल्म हेर्थ्यौं,' उनले भने, 'त्यो हल बन्द भएको २५ वर्ष भयो ।' त्यसबेला चलचित्र उत्पादन कमै हुन्थे । भारतबाट नयाँ चलचित्र आउन समय लाग्ने भएकाले यहाँका मानिस साइकल चढेर नौतनवा, गोरखपुरसम्म जाने गरेको उनले बताए ।

२०३५/३६ मा बुटवलका द्वारिका उदयले घुम्ती चलचित्र हल सुरु गरे । द्वारिकाका छोरा प्रदीपले राजेश टुरिङ नाम दिइएको हललाई विभिन्न स्थानमा पुऱ्याएर चलचित्र प्रदर्शन गरिन्थ्यो । 'एउटै नाममा लामो समय चलाउन नपाइने भएपछि ०३९ बाट लक्ष्मी टुरिङ नाम राखेर चलायौं,' उनले भने, 'त्यतिबेला मेला, बजार र गाउँमा चलचित्र देखाउने चलन थियो ।' त्यसबेला नौ वर्षका प्रदीपले बुबाकै मोवाइल हलमा चलचित्र हेरेको बताए । लामो समय घुम्ती हल सञ्चालन गरेपछि द्वारिकाले ०४३ मा बुटवल चलचित्र मन्दिर स्थापना गरेका थिए । त्यसबेला प्रदीपका दाइ राजकुमारले बुबासँगै हल हेर्थे । अध्ययन गरिरहेका प्रदीपले सघाउन थाले । उक्त हलमा १ हजार ७३ जना अट्ने क्षमता थियो । बुटवलवरिपरिका गाउँबाटै पनि मानिस बस चढेर फिल्म हेर्न आउने गरेको प्रदीपले सम्झिए । त्यतिबेला एक करोड रुपैयाँ लगानीमा बुटवल चलचित्र मन्दिर खोलेपछि कपिलवस्तुको कृष्णनगर र नवलपरासीको सुनवलमा पनि उदयकै लगानीमा हल सञ्चालनमा आएका थिए । तर, द्वन्द्वकालको सुरुवातपछि हलमा मान्छे आउन कम भयो । कपिलवस्तु र सुनवलको हल बेचेर बुटवलको मात्र चलाएको प्रदीपले सुनाए । कान्छा छोरा प्रदीपले ०७३ सालबाट पुनः चलचित्र मन्दिरमा लगानी गरे । टुके प्रोजेक्टर, सराउन्डिङ साउन्ड, एसी, लक्जरियस सिट रहेको हलमा बुधबार द्वारिका डे स्वरूप १ सय ५० रुपैयाँ मात्र टिकट शुल्क लाग्छ । अन्य बेला २ सय ५० रुपैयाँ पर्छ ।

चलचित्र मन्दिर धमाधम खुल्न र सञ्चालनमा आउन थालेपछि एकै ठाउँमा रहेको जनसंख्या हेरेर मात्र चलचित्र हल खोल्ने प्रावधान गराउनुपर्ने उदयको मत छ । 'भाषाभाषी संरक्षणका लागि बनेका चलचित्रलाई द्वारिका उदयमा न्यून शुल्क लिएर सञ्चालन गर्न सक्ने व्यवस्था भएकाले जातजाति र भाषासँग सम्बन्धित सबैलाई त्यस्ता चलचित्र उत्पादन गर्न पनि उनले सुझाएका छन् ।

सिद्धार्थनगरकी कल्पना सिंखडाले 'कालीदास' चलचित्र हेर्न हल जाँदा हलको बनावट उनलाई सामान्य लाग्थ्यो । थोत्रा कुर्सी, छिर्नेबित्तिकै ठुस्स गनाउने दुर्गन्धित हलमा कोच्चिएर फिल्म हेर्नुपर्थ्यो । 'हलभित्र असभ्य भाषा प्रयोग हुन्थ्यो,' उनले भनिन्, 'परिवारसँग चलचित्र हेर्न जाने वातावरण नै थिएन ।' अहिले उनी चलचित्र 'आमा' हेर्न गएको द्वारिका उदय सिनेमा हल सोचेभन्दा बेग्लै पाएको बताइन् ।

२०४१ मा बुटवलको राजमार्ग चौराहामा सञ्चालनमा आएको कालिका चलचित्र मन्दिर अहिले पनि चलिरहेको छ । हरिप्रसाद दुवाले त्यसबेला यहाँका मानिस चलचित्र हेर्न गोरखपुरसम्म जाने गरेको देखेर सिनेमा हल खोले चल्छ भन्ने लागेर लगानी गरेको उनका छोरा कपिल दुवाले बताए । त्यसै बेला मिलन चलचित्र मन्दिर पनि बुटवलको मिलनचोकमा सञ्चालनमा आएको थियो । उक्त चलचित्र मन्दिर पनि अहिलेसम्म चलिरहेको छ ।

रूपन्देहीको सिद्धार्थनगरमा मनोरन्जनको माध्यम बन्न ०५८ सालमा खुलेको पद्मश्री चलचित्र मन्दिरमा अहिले दर्शकको चाप खस्केको छ । यसका सञ्चालक राजु पौडेलले प्रविधिको विकासले सञ्चार क्षेत्रले फड्को मार्दा चलचित्र हातहातमा पुग्ने गरेको बताए । कासीपछि बुटवलमा डिजिटल माध्यमको पहिलो भयु सिनेमा हल सुरु भयो । अमरपथस्थित सिंह कम्प्लेक्समा सञ्चालित हलले दर्शकको आकर्षण राम्रै बटुल्यो । सिद्धार्थनगरमा सञ्चालित कासी सिने प्लेक्स आउँदो चैतमा ६ वर्ष पुग्दैछ । मोफसलकै पहिलो मल्टिप्लेक्सका रूपमा स्थापित यस सिनेमा घरमा ढाइ करोड रुपैयाँ लगानी गरेको सञ्चालक ओम जैशीले बताए ।

त्यस्तै देशैभरि शाखा विस्तारमा लागिरहेको क्यूएफएक्स सिनेमाजको मल्टिप्लेक्स हल बुटवलमा खुलेपछि दर्शकको ध्यान केन्द्रित गरेको छ । 'सुतेरै चलचित्र हेर्न पाइने भएपछि बरु अलि महँगै भए पनि केही हुँदैन,' क्यूएफएक्सबाट चलचित्र हेरेर फर्किएका प्रकाश मल्ल ठकुरीले भने, 'यस्तो हल भयो भने बच्चाबच्चीलाई र वृद्धवृद्धालाई अझै गज्जब ।' उनले यो हल सञ्चालनमा आएदेखि अन्यमा चलचित्र नहेरेको बताए । चलचित्रको पर्दाबाट पात्र आँखैअगाडि आएजस्तो हुने, जताबाट सुने पनि क्लियर आवाजले यसप्रति लोभ्याएको उनले सुनाए ।

गत मंसिरबाट बुटवलको भाटभटेनीमा सञ्चालनमा आएको क्यूएफएक्सले नयाँ प्रविधिबाट मानिसलाई चलचित्र हेर्ने वातावरण मिलाएको क्यूएफएक्सका अप्रेसन म्यानेजर सुशील मानन्धरले बताए । बुटवलमा क्यूएफएक्सका दुइटा पर्दा सञ्चालनमा छन् ।

# सिर्जनात्मक काममा अवसर कति ?



काठमाडौं (कास)- विराटनगरबाट २६ वर्षअघि काठमाडौं आउँदा दीपाश्री निरौलाले कलाकार बन्ने सपना बोकेकी थिइन् । तर, यहाँ उनले चिनेजानेका कोही थिएनन्, खानबस्नै धौधौ थियो । मदनकृष्ण श्रेष्ठले रेडियो नेपाल बोलाएर बालनाटकमा अभिनय गराए । त्यसबापत् उनले पाउँथिन् ३ सय रुपैयाँ । त्यसपछि वासुदेव मुनालको बालनाटकबाट २ सय रुपैयाँ पाइन् । ब्लकस्टर 'छक्का पन्जा' सिरिजकी निर्देशक दीपाश्रीले हाँस्दै सुनाइन्, '५ सय पाउँदा काठमाडौं नै किन्छुजस्तो भएको थियो तर त्यसपछि पनि यहाँ टिक्न निरन्तर संघर्ष गर्नुपऱ्यो ।'

'बुलबुल' का निर्देशक विनोद पौडेलको सपनाचाहिँ हिरो बन्ने थियो । फिल्म अध्ययनपछि हिरोमा छानिए । भूमिका थियो, लागूपदार्थ दुर्व्यसनीको । चरित्र खोज्दै वाग्मती किनारामा कैयौं दिन बिताए, दुर्व्यसनीको सिकार भएकासँग संगत गरे । फिल्म सुटिङ भयो तर कहिल्यै रिलिज भएन । उनले अभिनय गरेका अन्य पाँच फिल्म पनि हलसम्म पुगेनन् । विनोदले ठट्यौली शैलीमा सुनाए, 'हिरो होइन, निर्देशक र कलेजको प्रिन्सिपल बनें ।' उनी ओस्कार इन्टरनेसनल फिल्म कलेजको प्रमुख कार्यकारी अधिकृत (सीईओ) र प्रिन्सिपल हुन् ।

'फिल्म, भिडियो, एनिमेसन र कर्पोरेट क्षेत्रमा सिर्जनात्मक कामको अवसर' विषय अन्तरक्रियामा बुधबार दीपाश्री र विनोदले अनुभव बाँडेका हुन् । सिर्जना सूत्रले गरेको कार्यक्रममा एनिमेसन कम्पनी इन्स्सेन्ट रेन स्टुडियोका सीईओ किरणभक्त जोशी र राइड सेयरिङ सर्भिस पठाओका क्षेत्रीय निर्देशक असीम मानसिंह बस्न्यात पनि वक्ता थिए । उनीहरूले सिर्जनशील क्षेत्रमा अगाडि बढ्दाका आफ्नो अनुभव सुनाउँदै नयाँ पुस्तालाई सुझाव पनि दिए ।

'गुनासो नगरी राम्रो काम गर्ने हो भने अवसर आफैं आउँछ,' हलिउड फिल्म निर्माण कम्पनी डिज्नेमा लामो समय काम गरेका किरणभक्तले सुनाए, 'पहिले आफूमा विश्वास गर्नुस्, त्यसपछि तपाईंको आइडियाले अरूको मन जित्छ ।' उनको कम्पनीले १२ वर्षदेखि हलिउड एनिमेसनको काम नेपालबाटै गर्दै आइरहेको छ । 'सुरुमा हलिउड कम्पनीले पत्याउँदैन्थे, हामीले कामबाटै प्रमाणित गऱ्यौं । अहिले भारतमा समेत काम गराउँछौं,' उनले भने ।

पठाओका असीममानले 'पुरातन शैलीमा जागिर खाने सोचले अब नहुने' बताए । धैर्य राखेर काममा केन्द्रित हुँदा सफलता पाइने दीपाश्रीले बताइन्- 'हाम्रा फिल्मले अहिले करोडौंका व्यापार गर्छन्, अढाइ दशकको मिहिनेतको फल हो यो ।' फिल्म, संगीतसहित हरेक सिर्जनशील क्षेत्रमा अघि बढ्न चाहनेलाई अवसर प्रदान गर्ने 'प्लेटफर्म' का रूपमा सिर्जना सूत्र स्थापना गरिएको संस्थापक सम्पदा मल्लले बताइन् ।

# सानवीले जितिन् किड्स प्लानेट अवार्ड




काठमाडौं (कास)- इन्डोनेसियाको बालीमा आइतबार सम्पन्न 'किड्स प्लानेट इन्टरनेसनल' प्रतियोगितामा सिनियर गर्ल्सतर्फ काठमाडौं धुम्बाराईकी १२ वर्षीया सानवी स्वाँर विजेता बनेकी छन् । गत कात्तिक महिनामा रेडियन्ट इभेन्टले गरेको 'किड्स अफ द इयर- १०१९' सिनियरतर्फको उपाधि पाएसँगै सानवीले अन्तर्राष्ट्रिय स्तरको बालबालिका सौन्दर्य प्रतियोगितामा सहभागी हुने अवसर पाएकी थिइन् ।

'किड्स प्लानेट इन्टरनेसनल' को ग्रान्ड फिनालेमा नेवारी समुदायमा प्रख्यात लाखे नाचसँगै 'भ्यालिन्चा' को प्रस्तुति शैली र यसको परम्परागत कथनसमेत उनले खुलाएकी थिइन् । निर्णायक समूहको 'नेपालमा गएर के भन्छौ ?' भन्ने प्रश्नमा उनले 'किड्स प्लानेटले बालबालिकालाई कसरी हिँड्ने, कसरी बोल्ने पक्षमा क्षमता अभिवृद्धि, आत्मविश्वास र सामाजिकीकरण गर्न सघाउ पुऱ्याएको छ । यही भन्छु' जवाफ दिएकी थिइन् । उपाधिसँगै उनले ट्रफी, सिल्भर क्राउन, गिफ्ट ह्याम्पर र बालीका विभिन्न खेलमा सहभागी हुने अवसर पाइन् ।

बालविकास र बालप्रतिभा प्रस्फुटन गर्ने उद्देश्यले नेपाल, इन्डोनेसिया र अफ्रिकी मुलुकको ८ देखि १४ वर्ष उमेर समूहका ४५ जना बालबालिकाबीच गरिएको प्रतिस्पर्धामा नेपालबाट ६ जना सहभागी थिए । सिनियर र जुनियर बालबालिकाबीच गरिएको प्रतिस्पर्धामा नेपालबाटै चिराग बजगाईंले सिनियर र प्रतीक भट्टले जुनियर बोयज समूहमा सोही अवार्ड प्राप्त गरे । पेमा डोमा लामाले बेस्ट ट्यालेन्ट, जयश अग्रवालले बेस्ट लिडरसिप, यकिन अर्यालले मोस्ट ट्यालेन्ट उपाधि पाए ।

हालै मुलुक फर्केकी सानवीले अवार्ड पाएर निकै खुसी भएको बताइन् । जोन डिबे स्कुलमा ८ कक्षा अध्ययनरत सानवीलाई गायन, फेसन डिजाइन र खेलकुदमा रुचि छ । उनी भविष्यमा सफल इन्टेरियर डिजाइनर बन्न चाहन्छिन् भने र मोडलिङमा पनि उनको इच्छा छ । दृढ भएर उनले भनिन्, 'मैले हाम्रो कन्ट्री र कल्चरलाई बालीमा देखाएँ ।' उनलाई 'भ्यालिन्चा' बारे उनकी आमा सभ्यता खड्काले बुझाएकी थिइन् । नेपालका तर्फबाट नौलो रूपमा प्रतिनिधित्व हुने गरी कुमारी र लाखेबारे धेरै प्रस्तुति भइसकेकाले कमैलाई थाहा भएको 'भ्यालिन्चा' लाई नै लिइएको खड्काले बताइन् ।

# रिक्सा चालकलाई 'धुलो' को सम्मान

काठमाडौं (कास)- फिल्म 'धुलो' को युनिटले बुधबार राजधानीमा दुई रिक्सा चालकलाई सम्मान गरेको छ । चार दशकदेखि ठमेल, क्षेत्रपाटी एरियामा रिक्सा चलाउँदै आएका हीरालाल तामाङ र दुई दशकदेखि सोही स्थानमा रिक्सा चलाउँदै आएका बलबहादुर श्रेष्ठ सम्मानित भएका हुन् । वरिष्ठ चलचित्रकर्मी नीर शाह, नेपाल टेलिभिजनका महाप्रबन्धक गोविन्द रोक्का र निर्देशक प्रद्युम्न मिश्रले दुवैलाई सम्मानपत्र हस्तान्तरण गरे ।

कार्यक्रममा करिब एक सय रिक्सा चालकलाई फिल्म 'धुलो' अंकित ज्याकेट पनि प्रदान गरिएको थियो । आउँदो शुक्रबार रिलिज हुन लागेको फिल्ममा बुद्धि तामाङ, अग्रज केसी, सृजना सुब्बालगायतको अभिनय छ ।


# Vacancy@Triyog

**Triyog High School** is looking for motivated and passionate individuals, who believe in learning and growthin an experiential/ progressive teaching-learning platform.

**Primary School**
- Grade Teachers
- Assistant Teachers
- Craft Teacher
- ICT Teacher

**Junior School**
- ICT Teacher
- Science and Math Teacher
- Language-Arts, Social Studies and Nepali Teacher

**Middle and High School**
- Librarian
- Science, Social Studies and OBTE Teacher

**Psycho-Social Counselor**
- Relevant professional certification and experience

**IT Assistant**
- Relevant professional certification and experience

**Prerequisites**
- Bachelor's/Master's/B.Ed. Degree
- Fluency in written and spoken English
- Fundamental IT skills
- Passionate about education and learning
- 2 years experience is desirable but not a constraint

Salary is at par with industry standards.
Send your CV to **vacancy @triyog.edu.np**, by **3 March, 2020.**

विद्ययाऽमृतमश्नुते
TRIYOG HIGH SCHOOL ESTD. 1987 KATHMANDU

**TRIYOG HIGH SCHOOL**
Dhapasi, Kathmandu, Tel: 4365285, 4381695
www.triyog.edu.np

# Model Wanted

A Newly opened Modeling / Dancing / Acting company located at capital city is seeking for Models. If you want to persue your career in it, please send your cv at **modelcraft20@gmail.com within 7 days. https.//m.facebook.com/model-craft.**

**Model Craft Pvt. Ltd.**
Sundhara-11, CTC Mall, 2nd Floor, Unit-317/318/319

# आवश्यकता

**यस संस्थाको लागि निम्न बमोजिम योग्य, अनुभवी तथा दक्ष कर्मचारीहरु आवश्यक भएकोले ईच्छुक एवं योग्य नेपाली नागरिकहरुले आफ्नो व्यक्तिगत विवरण (Bio Data), शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकताको प्रतिलिपि र PP Size को २ प्रति फोटो सहित ७ दिन भित्रमा संस्थाको मुख्य कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।**

| Position | No. | Qualification | Salary |
|---|---|---|---|
| Marketing Officer | 1 M | BBA or Equivalent | 25,000.00 (+) |
| Marketing Supervisor | 2 M/F | + 2 or Equivalent | 16,000.00 (+) |
| Marketing Representative | 10 M/F | SEE or Equivalent | 12,000.00 (+) |

- स्थानीय, अनुभवी तथा सवारी चालक अनुमती प्राप्त व्यक्तिलाई विशेष प्राथमिकता दिईनेछ ।
- प्रारम्भिक चरणमा छनौटमा परेका व्यक्तिहरुलाई मात्र अन्तर्वार्ताको लागि बोलाइनेछ ।

**पञ्चकन्या बचत तथा ऋण सहकारी संस्था लि.**
**PANCHAKANYA SAVING& CREDIT CO-OPERATIVE LTD.**
मुख्य कार्यालयः पार्क प्लाजा, पाँचौं तल्ला, खिचापोखरी, न्युरोड, काठमाडौं
फोन नं.: ०१-४२६००१३, ०१-४२५७३७७
Email: panchakanyasaving@gmail.com
Web Site: www.panchakanyasaving.com.np

**Save the Children**

# NOTICE

**To implement Global Fund - HIV/TB Program**
**In Partnership with Save the Children**

This is in reference to the Call for Proposal announced by Save the Children on **11th February 2020** in **Kantipur Daily** to implement the HIV/TB program for prison inmates. As per the letter received from the Department of Prison Management, interested non-government organizations can submit proposals without the recommendation letter from the Department of Prison Management. The organizations who have already submitted the proposal are not required to re-submit.

**Proposal submission deadline:** 4th March 2020 [by 4:00 pm]

**Note**: For more information, please refer to the Call for Proposal published on 11th February 2020 in Kantipur Daily.

**Interim Chief of Party**
**Global Fund Program**
**Save the Children,** Nepal Country Office
Airport Gate Area, Sambhu Marg, Kathmandu, Nepal
GPO Box 3394, Tel: +977-1-4468130/4464803

# युरोपभरि फैलियो कोरोना

## इटालीमा हालसम्म ११ जनाको मृत्यु हुनुका साथै ३ सयभन्दा बढीमा संक्रमण पुष्टि


कोरोना भाइरस संक्रमण फैलिएपछि इटालीबाट स्पेनको बार्सिलोनास्थित विमानस्थलमा उत्रेका यात्रु । तस्बिर : रोयटर्स

ब्रसेल्स/पेरिस (एजेन्सी)- थुप्रै युरोपेली देशहरूले आफूकहाँ पहिलोपटक नयाँ कोरोना भाइरसको संक्रमण देखिएको जनाएका छन् ।

अस्ट्रिया, क्रोएसिया र स्विट्जरल्यान्डले कोरोना भाइरस फैलिएको इटालीसँग ती घटना जोडिएका जनाएका छन् । ती देशका अधिकारीले इटालीबाट फर्किएका व्यक्तिहरूमा कोरोना भाइरसको संक्रमण देखिएको बताएका छन् ।

त्यसैगरी, ब्राजिल कोरोना भाइरसको संक्रमण देखिने पहिलो ल्याटिन अमेरिकी देश भएको छ । बीबीसीका अनुसार इटालीबाट फर्किएका ब्राजिलका नागरिकमा कोरोनाको संक्रमण देखिएको हो ।

युरोपेली देशमध्ये इटालीमा कोरोना संक्रमितको संख्या अप्रत्याशित रूपमा बढिरहेको छ । अधिकारीका अनुसार इटालीमा हालसम्म ११ जनाको मृत्यु भइसकेको छ । ३ सय जनाभन्दा बढीमा कोरोनाको संक्रमण पुष्टि भइसकेको छ ।

इटालीका छिमेकी देशहरूले इटालीसँग सीमा बन्द गर्ने कदम 'असमानुपातिक' हुने बताएका छन् । इटालीको मध्य तथा दक्षिणी क्षेत्रका साथै अन्य युरोपेली देशमा नयाँ संक्रमित देखिरहेका भए पनि फ्रान्स, जर्मनी र इटलीका स्वास्थ्यमन्त्री र युरोपेली आयोगले इटालीसँगका सीमा खुला राख्ने प्रतिबद्धता जनाएका हुन् ।

'सीमाको वास्ता नगर्ने एउटा भाइरसबारे हामीले कुरा गरिरहेका छौं,' इटालीका स्वास्थ्यमन्त्री रोबर्टो स्पेरान्जाले भने । उनका समकक्षी जेन्स स्पाहनले इटलिप्रति लक्षित गर्दै भने, 'पछिल्लो अवस्थालाई छिमेकीले निकै, निकै गम्भीर रूपमा लिइरहेका छन् ।' बीबीसीका अनुसार बिदा मनाउन इटाली पुगेर फर्केका बेलायती बालबालिकालाई घर पठाइएको छ । त्यसका साथै सरकारले यात्रा गर्नका लागि नयाँ मार्गदर्शन सार्वजनिक गरेको छ । बेलायती स्वास्थ्यमन्त्री म्याट ह्यानककले इटालीबाट बेलायत आउने उडान तत्काल बन्द गर्ने कुनै योजना नभएको बताएका छन् ।

अस्ट्रियाको इन्सब्रकमा बस्ने एक जोडीमा भाइसरको संक्रमण पुष्टि भएपछि कडा सर्तकता अपनाइएको अधिकारीले जनाएका छन् । त्यसैगरी, इटालीबाट फर्किएका एक क्रोएसियाली नागरिक र स्विट्जरल्यान्डको टिटिनोका करिब ७० वर्षको हाराहारीका मानिसमा भाइरस देखिएको हो । स्पेनमा पनि भाइरस संक्रमणको पुष्टि भएपछि करिब एक हजार पर्यटकलाई एक होटलमा राखेर निगरानी थालिएको छ । जर्मनी र फ्रान्समा हालै इटलीको भ्रमण गरेका मानिसमा भाइरस देखिएको अधिकारीले जनाएका छन् । फ्रान्समा भाइरस संक्रमणका कारण दोस्रो व्यक्तिको ज्यान गएको छ ।

भाइरसको प्रकोप थप फैलन सक्ने भन्दै विश्व स्वास्थ्य संगठनका एक वरिष्ठ अधिकारीले तत्काल आवश्यक तयारी गर्न सुझाव दिएका छन् । ब्रुस एलवार्डले थुप्रै देशले कोरोना भाइरसको प्रकोपसँग जुध्नका लागि आवश्यक तयारी गरेको नदेखिएको दाबी गरे ।

सन् २०१९ मो अन्त्यमा चीनको वुहानबाट फैलिएको कोरोना भाइरसका कारण हालसम्म २ हजार ७ सय भन्दा बढी मानिसको ज्यान गइसकेको छ भने ८० हजारभन्दा बढी संक्रमित भएका छन् । पछिल्लो समय इरान र दक्षिण कोरियामा भाइरसको संक्रमण तीव्र गतिमा फैलिइरहेको छ ।

## इन्डोनेसियामा बाढी

जकार्ता (एजेन्सी)- इन्डोनेसियाको जाभा प्रान्तस्थित कारावाङ जिल्लामा आएको बाढीपहिरोका कारण १० हजारभन्दा बढी मानिस विस्थापित भएका छन् । राष्ट्रिय विपद् व्यवस्थापन संस्थाका अनुसार ३ वटा विद्यालय भवन र एक मस्जिद क्षतिग्रस्त भएको छ । अधिकारीका अनुसार ८ सय हेक्टरभन्दा बढी क्षेत्रमा लगाइएको धानबाली डुबानमा परेको छ । प्रभावित क्षेत्रबाट ४८ हजार मानिसलाई उद्धार गरी राहत सहायता प्रदान गरिएको छ ।

# दिल्लीमा अझै त्रास

■ सुरेशराज न्यौपाने (नयाँदिल्ली)

विगत दुई दिनदेखि हिंसात्मक प्रदर्शनका कारण तनावपूर्ण रहेको भारतको राजधानी नयाँदिल्लीको उत्तरपूर्वी क्षेत्र बुधबार भने शान्त रह्यो । बुधबार अपराह्न मौजपुर, बाबरपुर पुग्दा देखिएका दृश्य मंगलबार भएको कहालीलाग्दो हिंसा बुझाउन पर्याप्त थिए । सडकका छेउछाउमा जलेका सवारीसाधनहरू यत्रतत्र थिए । चोकचोकमा इँटाका थुप्रा थिए, सडकछेउका पसलहरू प्रायः पनि कुनै सट्टे थिएनन् । सोमबार र मंगलबार सबैभन्दा बढी हिंसात्मक घटना भएका जाफराबाद, मौजपुर, बाबरपुर, गोकुलपुरी क्षेत्र पूरै सुनसान थियो । पसलहरू सबै बन्द थिए भने सवारीसाधन फाट्टफुट्ट मात्र चलेका थिए । अधिकांशको सिसा फुटाइका थिए भने कतिपयमा आगजानीसमेत गरिएका थिए । मंगलबार सबैभन्दा बढी क्षति मौजपुर र गोकुलपुरीको टायर बजार र कबाडी बजारमा पुगेको थियो ।

परिस्थिति असामान्य बन्दै गएपछि दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले मंगलबार अपराह्न गृहमन्त्री अमित शाह र दिल्लीका उपराज्यपाल जी बैजालसँग भेट गरेका थिए । त्यो भेटपछि केन्द्र सरकारले हिंसाग्रस्त क्षेत्रमा थप प्रहरी परिचालन गर्ने निर्णय गरेको थियो ।

बुधबार स्थिति शान्तिपूर्ण रहे पनि त्यहाँमा बासिन्दामा अझै पनि भय र त्रास रहेको देखिन्छ । तर, स्थानीय बासिन्दाहरूमा अहिले भने भय र त्रास कायमै छ । स्थानीयहरू बाहिरका मानिससँग बोल्नबाट अझै डराइरहेका थिए । स्थानीयहरू घरका छतबाट सडकको दृश्य नियालिरहेको देखिन्थे । केही स्थानीयहरूले समयमै पर्याप्त मात्रामा सुरक्षाफौज तैनाथ गरिएको भए हिंसात्मक घटना हुने थिएन भन्दै आक्रोशसमेत व्यक्त गरे । यसैबीच, दिल्ली उच्च अदालतले भड्काउ भाषण दिने कपिल मिश्रलगायतका नेतालाई पक्राउ गर्न आदेश दिएको छ । भारतीय जनता

- हिन्दु-मुस्लिम समुदायबीचको दंगा रोकियो
- सोमबार र मंगलबारका झडपमा २७ ले ज्यान गुमाए

पार्टीका दिल्ली नेता कपिल मिश्रले गत आइतबार नागरिकता ऐनको विरोधमा प्रदर्शन गरिरहेकालाई तीन दिनभित्र प्रदर्शन अन्त्य गर्न अन्यथा आफूहरूले जे पनि गर्न सक्ने भन्दै खुला चुनौती दिएका थिए । मिश्राले त्यस्तो अभिव्यक्ति दिएको भोलिपल्टदेखि प्रदर्शनले दंगाको रूप लिएको थियो । सोमबार र मंगलबारसम्म भएको दंगामा परेर एक प्रहरीसहित २७ जनाको ज्यान गएको छ भने २ सय ५० घाइते भएका छन् ।


# 'भारत-नेपाल सम्बन्ध अद्वितीय'



नयाँदिल्ली (कास)- भारतका पूर्वप्रधानमन्त्री मनमोहन सिंहले भारत-नेपाल सम्बन्ध अद्वितीय भएको बताएका छन् । बुधबार नयाँदिल्लीमा आयोजित एक कार्यक्रम सिंहले 'सम्बन्ध प्रकृति, भगवान् र बलियो जनस्तरको सम्बन्धले दुई देशलाई जोडेको' बताए । नेपालका लागि पूर्वभारतीय राजदूत मन्जीवसिंह पुरीको पहलमा प्रकाशित 'शिख हेरिटेज नेपाल' पुस्तक माथिको अन्तरक्रिया कार्यक्रममा सिंहले त्यस्तो धारणा राखेका हुन् ।

सिंहले शिख धर्म, गुरुनानक र नेपालबीचका सम्बन्ध उजागर गर्ने अभिलेखमाथि प्राज्ञिक अनुसन्धान गर्न सके झन् थप प्रशंसनीय हुनेसमेत बताए । शिख समुदायका गुरुनानकले करिब ५ सय वर्षअघि काठमाडौंको बालाजु क्षेत्रमा केही समय बिताएको बताइन्छ । पुरी नेपालमा राजदूत रहँदा बीपी कोइराला भारत-नेपाल फाउन्डेसनले पुस्तक प्रकाशनमा ल्याएको थियो । कार्यक्रममा बोल्दै भारतका लागि नेपाली राजदूत नीलाम्बर आचार्यले गुरुनानकसम्बन्धी सम्पदा जेजति छन्, त्यो नेपाली र नेपालको भएको बताए ।


## वृद्ध मानिस हराएको सूचना


लालकाजी महर्जन

मिति २०७६/१०/१२ गतेका दिन खोकना-२१, ललितपुर म.न.पा. बस्ने गहुगोरो वर्णको, उचाई ५.२ फिट, वर्ष ७९ को **लालकाजी महर्जन** नाम गरेको वृद्ध मानिस सोही मितिदेखि हराइरहेको र अहिलेसम्म फेला नपरेको हुँदा देख्नुहुने वा भेट्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न सम्पर्क नं. मा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

सम्पर्क: ९८४१४२८९४६, ९८६८१३४८१८



UN WOMEN
United Nations Entity for Gender Equality and the Empowerment of Women

यूएन विमिनः लैंगिक समानता र महिला सशक्तिकरणका लागि राष्ट्र संघीय निकाय

## आवश्यकता

यूएन विमिन नेपालको लागि **ड्राइभर**को, संख्या एक, आवश्यकता भएको हुनाले निम्नानुसारको योग्यता र अनुभव भएका नेपाली नागरिकहरूबाट दरखास्त आव्हान गरिन्छ।

**पदरसंख्या**: ड्राइभर/१ **कार्य क्षेत्र**: काठमाडौं, नेपाल
**कारारको प्रकार/तह**: सेवा करार/एस.बी. २.१ **अवधी**: १ वर्ष (थप गर्न पनि सकिने)
**निवेदनका लागि अन्तिम मिति**: फाल्गुण २५, २०७६ (०८ मार्च २०२०)

**न्यूनतम योग्यता**: एस.एल.सी. वा एस.ई.ई. उत्तीर्ण, कम्तीमा ३ वर्षको ड्राइभिङ अनुभव भएको, सुरक्षित ड्राइभिङ रेकर्ड भएको, सवारी सम्बन्धी नियम र कानूनको पूर्ण ज्ञान भएको, सामान्य सवारी मर्मत-सम्भार सम्बन्धी दक्षता तथा अनुभव भएको, मान्यता प्राप्त चालक अनुमतिपत्र भएको, कार्यालयीय कामकाजको लागि नेपाली तथा अंग्रेजी राम्ररी बोल्न र लेख्न सक्ने

विस्तृत जानकारी र आवेदनका लागि
यस लिंक https://jobs=undp=org/cj_view_job=cfm<cur_job_id=89907 मा जानु पर्नेछ।

आवेदनका साथमा यूएन व्यक्तिगत विवरण (P 11) फारम संलग्न गर्नुपर्नेछ। यो फारम यूएन विमिन वेवसाइट http://www=unwomen=org/en/about-us/employment बाट डाउनलोड गर्न सकिनेछ।

सबै आवेदनहरूमा उच्च गोपनियता कायम गरिनेछ।

यौनिकता, राष्ट्रीयता र संस्कृतिका आधारमा समावेशिता हासिल गर्नका लागि यूएन विमिन प्रतिवद्ध छ। योग्य व्यक्ति, खासगरी **महिला**, अल्प-संख्यक समूह, आदिवासी समूह, एलजीबीटीआईक्यू र अपांगता भएका उम्मेदवारहरूलाई आवेदन दिनका लागि विशेष प्रोत्साहित गरिन्छ।



# JOB ANNOUNCEMENT

**First date of publication: 26 February 2020**

UNDP — Empowered lives. Resilient nations.

**United Nations Development Programme (UNDP) Nepal works with the people and Government of Nepal, and other development partners to pursue equitable and sustainable human development goals through eradication of poverty, increase in livelihood opportunities, improvement in community resilience against conflict, disasters and impact of climate change, while laying down strong foundations for a society based on rule of law with an inclusive and participatory democracy.**

*The UNDP Nepal is seeking applications from qualified and result oriented Nepalese citizens for following assignment for Parliament Support Project:*

| S.N. | Position Title | Level | Number of positions | Duty Station | Application Deadline |
|---|---|---|---|---|---|
| 1 | Procurement and Logistic Officer | SB 4 Peg I | 1 (One) | Kathmandu | 11 March 2020 |

**Weblink for application: https://jobs.partneragencies.net/erecruitjobs.html?JobOpeningId=29103&hrs_jo_pst_seq=1&hrs_site_id=2**

**Only short-listed candidates will be contacted. UNDP retains the right to contact referees directly.** UNDP is committed to achieve work force diversity (in terms of nationality, minority groups, caste/ethnic groups, persons with disability etc.) and has a policy to have gender balance among staff at all levels. Qualified female candidates and candidates particularly from disadvantaged and socially excluded groups are strongly encouraged to apply.

*All applications will be treated with highest confidentiality*



# GEMS SCHOOL VACANCY ANNOUNCEMENT

GEMS School, a leading educational institution in the country, founded in 1984 A.D., is a residential cum day, co-educational school with world class infrastructure. It is the only school in Nepal to have been bestowed upon the National Educational Award 6 times, Regional Educational Award two times and The Best Provincial School Award two times since its inception.

The school primarily focuses on the overall-development of the students with the alignment of the International Primary Curriculum (IPC) at the Primary Level incorporating modern teaching pedagogies. We are inviting applications from well-qualified, experienced and dynamic candidates with strong commitment to progressive teaching and professional development for the following positions:

1. Asst. ECA & Clubs Coordinator
(Minimum Bachelor's Degree in any field, 2 years of experience in the relevant field)
2. Food & Beverage Manager (Catering/ Events)
(Minimum Bachelor's Degree in Hotel Management, 3-5 years of experience in the relevant field)
3. Chef
(Minimum Diploma or equivalent, 3 years of experience in the relevant field)
4. Heavy Vehicle Driver
(5 years of experience in the relevant field)
5. General Helper
6. Day Ayah

The remuneration and other benefits are highly attractive. Interested candidates should visit **www.gems.edu.np/careers** for the detailed job description and may apply online via a downloadable form, which must be completed and sent to the Director at **career@gems.edu.np** or dropped in person at the school office latest by **Falgun 23, 2076 (March 6, 2020)**. Only shortlisted candidates will be contacted for the recruitment process.

Human Resource Department
GEMS School, Dhapakhel, Lalitpur, Nepal
Contact: 01-5275111, 112 | www.gems.edu.np

GEMS GROUP



# Vacancy Announcement

Neco Insurance Limited is one of the Nepal's oldest general insurance companies having largest networks along with providing various services related to non-life insurance. As per the requirement of growing market, we are seeking qualified energetic and result-oriented individuals with excellent communication skills and interpersonal skills for the following post.

| S. N | Position | Required No | Education/Experience | Work Place/Department |
|---|---|---|---|---|
| 1 | Manager/Assistant Manager | 1 | At least Bachelor Degree in management stream and experience working in general insurance company. Preference shall be given to local persons. | Province No 1/ Nepalgung/Dhangadhi (Marketing) |
| 2. | CA | 2 | Chartered Accountant | Finance/Claim/ Re-Insurance |
| 3. | Sr. Officer /Officer | 2 | At least Bachelor Degree in management stream and experience working in general insurance company. Preference shall be given to local persons. | Nepalgung/Dhangadhi (Marketing) |
| 4 | Marketing Assistant | 15 | Fresh candidate having higher secondary education in management. However, candidate having experience in general insurance company get priority. | Various branches in and outside Kathmandu valley. (Marketing) |
| 5. | JTA | 4 | Candidates having Vocational Education on Agricultural field from recognized educational institution. The candidates shall be hired on call basis. | Narayanghat/Hetauda/ Butwal/Nepalgunj (Marketing) |

Candidate who are eligible and meet above criteria are requested to send their application along with recent passport size photo and updated curriculum vitae, cover letter mentioning the position applied for as well as department, within 15 days from the date of this advertisement to **Email: vacancy@neco.com.np**
Only shortlisted candidate will be invited for further recruitment process. Company reserves the right to accept/ reject any or all applications without assigning any reason, whatsoever.

नेको इन्सुरेन्स लि.
Neco Insurance Ltd.
NECO MAKE A VISIBLE DIFFERENCE

**Anamnagar, Kathmandu, Nepal**
Phone: 01-4770415, Fax: 01-4770162
P.O.B No. 12271
www.necoinsurance.com.np
info@necoinsurance.com.np



# Vacancy Announcement

National Life, a leading and well established Life Insurance Company of Nepal, operating for more than three decades is looking for a suitable candidate as follows.

**Job Position: Province Head - Few**

Main responsibilities : The overall responsibility shall include overseeing the smooth operation of Province. He / She should be capable of setting and achieving competitive business targets, maintaining existing customer, closely work with Agents network. Should have a pleasing personality and be capable of handling the assigned responsibilities independently and work in a team.

Requirements : Must have 5 years proven working experience in Marketing field, should have a Bachelor's Degree from reputed University. Excellent interpersonal skills and pleasant personality along with Master's Degree in management will be preferred. (inside & outside valley)

**Job Position: Branch In-charge/ Marketing**

Main responsibilities : The overall responsibility shall include overseeing the smooth operation of branch. He / She should be capable of setting and achieving competitive business targets, maintaining existing customer, closely work with Agents network. Should have a pleasing personality and be capable of handling the assigned responsibilities independently and work in a team.

Requirements : Must have 2 years experience in Marketing field, should have a Bachelor's Degree from reputed University. Excellent interpersonal skills and pleasant personality will be preferred.

Areas : Kathmandu: Ghantaghar, Gongabu, Narayanthan, Naxal, Chabahil, Newroad, Tinkune, Kalanki, Lalitpur: Pulchowk, Imadole, Chapagaun, Bhaktapur, Kirtipur, Hetauda, Palung, Dhading, Birgunj, Fikkal, Lamahi, Mugu, Dolpa, Darchulla, Bajura, Baitadi, Sukkhad, Okhaldhunga, Panchthar, Chandranigahapur, Harion, Janakpur, Bardibas, Baglung, Damauli, Lamjung, Myagdi, Pokhara, Syangjha, Butwal, Rampur, Nepalgunj, Pyuthan, Jajarkot, Humla, Jumla, Kalikot, Surkhet, Mahendranagar, Tikapur & Doti.

Candidate can also apply for other prospective areas.

**Job Position: Trainee Assistant (Inside and Outside Valley)**

Requirements : Minimum intermediate level or above from reputed university. Computer skill with in-depth knowledge of Windows Application with excellent Nepali/English Typing is must.

Remuneration and other facilities will be as per Company rules.

Interested candidates, who meet the above criteria, may apply with a detailed CV, a PP size photograph together with copies of testimonials to the following address, within 7 days of this notice. Only short listed candidates will be called for an interview. Telephone enquiries will not be entertained.

नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड
NATIONAL LIFE INSURANCE COMPANY LIMITED
फोन: ४४१४७९९, फ्याक्स: ९७७-१-४४३५६३३, P.O.Box : 4332, Kathmandu, Nepal
वेभ: www.nationallife.com.np

# अर्थ वाणिज्य








काठमाडौंको कलंकीमा बुधबार बिहान चिया बेच्दै महिला । *तस्बिर : अनिश रेग्मी/कान्तिपुर*

## जाइकाको टोलीले थाल्यो परामर्श

### कोटेश्वर-जडीबुटी खण्डको डीपीआरलाई अर्को टोली आउने


**विमल खतिवडा** (काठमाडौं)

कोटेश्वर-जडीबुटी खण्डको ट्राफिक जाम हटाउने उपायबारे जापनिज सहयोग नियोग (जाइका) ले पठाएको कन्सल्टटेन्ट (परामर्शदाता) ले परामर्श थालेको छ । आइतबार आएको छ सदस्यीय टोलीले सम्बन्धित मन्त्रालय, विभाग र यस मातहतका कार्यालयसँग कुन विकल्प अपनाउने भन्दै परामर्श सुरु गरेको हो । वर्ष दिनअघि जाइकाले प्रारम्भिक अध्ययन गरेर बुझाएको प्रतिवेदनअनुसार नै तीन विकल्पमध्ये सरकारले एउटा विकल्प छान्नुपर्नेछ ।

विकल्प छानिएपछि कन्सल्टेन्टमध्ये केही जाने र केही यहीँ बसेर डीपीआर तहको अध्ययनमा सघाउने छन् । 'डीपीआर गर्न एक वर्ष लाग्नेछ,' उनले भने, 'जुन अध्ययन ठेक्का सम्झौता गर्ने तहसम्मको हुनेछ ।' फ्लाइओभर र सुरुङ (२ वटा) मध्ये एउटा विकल्प छान्नुपर्ने हुन्छ । यीमध्ये अन्य विकल्प भए परामर्शदाताले बुझ्नेछन् । डीपीआरको क्रममा डाटा संकलन र सर्भेदेखि डिजाइनसम्मको काम हुनेछ । 'सरकारले विकल्प छानेपछि त्यहीअनुसार डिजाइनको काम थालिनेछ,' उनले भने । अध्ययनको नबनाउने हो भने त्यही खण्डमा सुरुङ बनाउने दोस्रो विकल्प छ । तेस्रो विकल्प तीनकुनेबाट जडीबुटीसम्म सुरुङ निर्माण गर्ने रहेको छ । सुरुङ १ दशमलव ४ किमिको हुनेछ ।

सबैभन्दा कम लागतको विकल्प फ्लाईओभरलाई लिइएको छ, जसको लागत ९ अर्ब रुपैयाँ रहने प्रारम्भिक अध्ययनका क्रममा अनुमान गरिएको छ । यही खण्डमा निर्माण गरिने सुरुङमार्गका लागि १८ अर्ब रुपैयाँ लाग्ने अनुमान गरिएको छ । 'यो प्रारम्भिक अध्ययनको रिपोर्ट मात्र हो,' उनले भने, 'डीपीआरपश्चात् यसको लागत र दूरी तलमाथि हुन सक्छ तर

#### जाइकाले सुझाएका तीन विकल्प




'कन्सल्टेन्टको ११ जनाको टिम हुन्छ,' सडक विभागअन्तर्गत विकास सहायता कार्यान्वयन महाशाखा प्रमुख अर्जुनजंग थापाले भने, 'थप पाँच जनाको टोली केही दिनभित्रै आउनेछ ।' उनका अनुसार परामर्श टुंगिएपछि डीपीआरको काम सुरु गरिनेछ । 'यो टोलीले सबैसँग छलफल गरेर सरकारलाई सहज हुने एउटा विकल्प छान्न लगाउनेछ,' उनले भने, 'त्यसपछि कुन विकल्पमा जाने, त्यही अनुसारको विज्ञ टोलीलाई कन्सल्टेन्टले जापानबाट बोलाउनेछ ।'

सबै खर्च जाइकाले नै व्यहोर्नेछ । 'कुन विकल्प छान्ने भन्नेबारे हामी आपसमा पनि छलफल गर्नेछौं,' उनले भने, 'छलफल नगरी निर्णय हुने छैन ।' कसले बनाउने भन्नेबारे निर्णय भइसकेको छैन । जाइकाको वर्ष दिनअघिको प्रारम्भिक अध्ययन प्रतिवेदनअनुसारका तीन विकल्पअन्तर्गत पहिलो तीनकुनेबाट कोटेश्वरको बालकुमारीतर्फ यात्रु हिँड्ने पुलसम्म सवारी साधन गुड्ने अकासे-पुल बनाउने रहेको छ, जसको दूरी १ दशमलव ६ किमि हुनेछ । यो पुल चार लेनको हुनेछ । अकासे-पुल विकल्प भने यिनै हुन् ।' उनका अनुसार महाशाखाले निकालेको विकल्पमा नयाँबानेश्वरबाट आउने सिधा सडकलाई विमानस्थल मुनिबाट जडीबुटी निकाल्ने गरी सुरुङ निर्माण गर्ने भन्ने पनि छ, जसको दूरी ९ सय मिटर र लागत २२ अर्ब आकलन गरिएको छ । यसले विमानस्थलको धावनमार्ग छुने छैन । ट्राफिक प्रहरीका अनुसार भक्तपुरबाट कोटेश्वर हुँदै दैनिक २४ हजारभन्दा बढी सवारी साधन ओहोर-दोहोर गर्छन् । तर घण्टौं ट्राफिक जामले गर्दा यात्रुले सास्ती खेप्नुपर्ने बाध्यता छ ।

## हुम्लामा होटल बुकिङ शून्य

**छपाल लामा** (हुम्ला)

गत वर्ष यतिबेला होटल व्यवसायी मानबहादुर रावतलाई फोन उठाउन र पर्यटकका लागि कोठा 'बुक' गर्न भ्याइनभ्याई थियो । फागुन मध्यसम्म मानसरोवर जाने करिब हजार यात्रुका लागि होटलका कोठा बुक गरिसकेका थिए । यसपालि एउटा पनि कोठा बुक नहुँदा उनी चिन्तित छन् । 'आजसम्म एउटै कोठा बुक भएको छैन, होटल त डुब्ने भयो,' उनले भने, 'यस्तो सुनसान त कहिल्यै हुन्थेन ।'

होटल कैलाशका सञ्चालक रावत मात्र होइन, सिमकोटस्थित अन्य पर्यटकीय होटलका सञ्चालक यस्तै चिन्तामा डुबेका छन् । चीनमा फैलिएको नोवल कोरोना भाइरसको संक्रमणले मानसरोवर यात्रालाई प्रभावित गरेको छ । वर्षेनि चैत अन्तिम सातादेखि भारतीय धार्मिक पर्यटक हुम्लाको हिल्सा नाका भएर मानसरोवर पुग्ने गर्छन् । यसका लागि यात्रा प्रबन्ध गर्ने कम्पनीहरूले फागुन मध्यसम्म होटलका कोठा बुक गरिसक्छन् ।

गत वर्ष यतिबेला करिब १ हजार २ सय पर्यटकका लागि कोठा बुक गरिसकेका होटल शनि भ्याली रिसोर्टका सञ्चालक निमा लामा अहिले काठमाडौंमा छन् । शनि ट्राभलका प्रबन्ध निर्देशकसमेत रहेका उनले अहिलेसम्म कुनै पनि भारतीय पर्यटक मानवसरोवर जान सम्पर्कमा नआएको बताए । 'कोरोना भाइरसको त्रासकै कारण हुनुपर्छ,' उनले भने, 'ग्राहक नै नआएपछि के गर्नु ?'

गत वर्ष सिमकोट भएर करिब १० हजार भारतीय पर्यटक मानसरोवर पुगेका थिए । झन्डै साढे चार महिना लामो तीर्थयात्रीहरू नेपालगन्ज र सुर्खेतबाट जहाजमा सिमकोट, सिमकोटबाट हेलिकोप्टरमा हिल्सा र त्यहाँबाट गाडीमा मानसरोवर पुग्ने गर्छन् । तीर्थयात्रीलाई लक्षित गरी पछिल्लो

> नोबल कोरोना भाइरसका कारण मानसरोवर जाने पर्यटक घट्दा होटल व्यवसाय प्रभावित

समय सिमकोट र हिल्सामा करोडौं लगानी गरेर स्तरीय होटल खुलेका छन् । मानसरोवर यात्राको सिजनमा ती होटलले मनग्गे आम्दानीसमेत गर्दछन् । व्यवसायी रावतले गत वर्ष करिब ३०-३५ लाख रुपैयाँ आम्दानी भएको बताए । 'यो वर्ष शून्य होलाजस्तो छ,' उनले भने, 'कोरोनाको सबैभन्दा ठूलो मार हामीमाथि पर्‍यो ।'

होटल व्यवसायी संघ हुम्लाका अनुसार सिमकोट र हिल्सामा गरेर करिब ८० वटा साना-ठूला पर्यटकीय होटल छन् । संघका अध्यक्ष मिम लामाका अनुसार प्रायः सबै होटल कुरुवाको भरमा छन् । 'मानसरोवर यात्रा हुम्लाको आर्थिक विकासको प्रमुख आधार हो,' उनले भने, 'होटल व्यवसायीलाई मात्र होइन, यससँग जोडिएका अन्यलाई पनि समस्या भएको छ ।'

होटल व्यवसायीका साथै पर्यटकका भारी बोक्ने भरिया, ट्रेकिङ व्यवसायी, हेलिकप्टर कम्पनी पनि प्रभावित भएका छन् । सिजनमा चार वटा हेलिकप्टर कम्पनीले सिमकोट-हिल्सा उडान गर्ने गर्छन् । सिम्रिक एयरका पश्चिम क्षेत्र इन्चार्ज कमल गौतमका अनुसार यतिबेला ट्रेकिङ व्यवसायीले हेलिकप्टर कम्पनीसँग छलफल गर्न सुरु गरिसक्थे । यस वर्ष भने सुनसान रहेका उनले बताए । उनका अनुसार सिजनको बेला हुम्ला-सिमकोट दैनिक करिब ४० वटा उडान हुने गर्छन् । नेपालगन्ज-सिमकोटसमेत दैनिक करिब २०-३० वटा उडान हुने गर्छन् ।

हुम्लाका होटलहरू मुख्यतया मानसरोवर यात्रालाई लक्षित गरी खोलिएका हुन् । हिउँदमा मान्छे जाडो छल्न सहरतिर जाने भएकाले मानसरोवर यात्राको सिजनले वर्षभरिको घाटा पूर्ति गर्ने गर्छ । होटल पञ्चमुखीकी सञ्चालक छिनी लामा १ करोड लगानी गरेर खोलेको होटलको लगानी कसरी उठाउने भन्ने चिन्ताले सताएको बताइन् ।

## वरिष्ठ उपाध्यक्षमा ढकालको उम्मेदवारी



चन्द्र ढकाल

**कान्तिपुर संवाददाता** (कान्तिपुर)

नेपाल उद्योग वाणिज्य महासंघको आगामी निर्वाचनमा वरिष्ठ उपाध्यक्षमा चन्द्र ढकालले उम्मेदवारी घोषणा गरेका छन् । 'समृद्धिको आधार, राज्य-निजी क्षेत्र साझेदार' नारासहित बुधबार ढकालले उम्मेदवारीको घोषणा गरेका हुन् ।

'महासंघमा सक्रिय भएपछि यसकै काम र विभिन्न कार्यक्रमका सिलसिलामा देशभर पुग्ने अवसर पाएँ । उद्योगी व्यवसायी साथीहरू, नागरिक समाजका प्रतिनिधिहरूसँग औपचारिक/अनौपचारिक थुप्रै बसाइ भए, भेला र बैठकहरू भए,' घोषणा कार्यक्रममा उनले भने, 'जिल्ला/जिल्लाको सुझाव, आग्रह र शुभेच्छालाई स्वीकार गर्दै वरिष्ठ उपाध्यक्ष पदमा उम्मेदवारी घोषणा गर्दछु ।'

ढकाल हाल महासंघको उपाध्यक्ष तथा रोजगारदाता परिषद्का सभापति हुन् । यसअघि दुई कार्यकाल कार्यसमितिको सदस्य भई काम गरेका ढकाल आईएमई ग्रुप, ग्लोबल आईएमई बैंक र चन्द्रागिरि हिल्स लिमिटेडका अध्यक्ष तथा डिस होम मिडिया प्रालिका प्रवर्द्धक हुन् । ढकालको जलविद्युत्, पर्यटन, सूचना प्रविधि, ट्राभल्स एन्ड टुर्स, अटोमोबाइल तथा केबुलकारलगायत दुई दर्जनभन्दा बढी व्यवसायमा लगानी छ ।

उनले उद्योगी व्यवसायीको मनोबल सधैं उचो बनाउने काममा लाग्ने बताए । 'व्यवसायीहरूको भरोसा र आशाको संवाहक बनेर काम गर्ने प्रतिबद्धता गर्दछु,' उनले भने, 'जिल्ला नगर तथा वस्तुगत उद्योग वाणिज्य संघहरूलाई थप सशक्त बनाउन प्राथमिकता दिनेछु ।' उनले महासंघको भावी अध्यक्ष तथा हालका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छाको पनि प्रशंसा गरे । गोल्छा भने उनको घोषणासभा कार्यक्रममा उपस्थित थिएनन् । आगामी तीन वर्षका लागि गोल्छालाई अध्यक्ष पाइसकेको बताउँदै उनले सबैसँग सहकार्य गरेर काम गर्ने बताए ।

'तीन वर्षका लागि 'डाइनामिक' नेतृत्वका रूपमा सफल उद्यमी शेखर गोल्छालाई पाइसकेका छौं । **बाँकी पृष्ठ १२ ▶▶**






## नाका खुले, भन्सार खुलेनन्

### भन्सार शुल्क बुझाउन एक दिन हिंडेर खलंगा पुग्छन् सेवाग्राही

**मनोज बडू** (दार्चुला)

व्यास गाउँपालिका-५ धौलाकोटका चन्द्रसिंह धामीले तिग्रम नाकाबाट सिमेन्ट र सरियाको भन्सार राजस्व बुझाउन एक दिन हिंडेर सदरमुकाम खलंगा पुग्नुपर्‍यो । नाका खुले पनि सीमामा भन्सार कार्यालय स्थापना नहुँदा दार्चुलाका स्थानीयले कठिनाइ बेहोर्नुपरेको छ । 'ठूलो परिमाणमा व्यापारिक सामान ल्याउनुपरे त ठीकै हो,' उनले भने, 'घरायसी प्रयोजनका थोरै सामग्री ल्याउनुपरे पनि राजस्व तिर्न खलंगा जान झन्झटिलो छ ।'

लेकम गाउँपालिका-३ लालीमा चार महिनाअघि झोलुंगे पुल बनेपछि सीमा नाका सञ्चालनमा आएको छ । तर यहाँका स्थानीयले निर्माण तथा व्यापारिक वस्तु यो नाकाबाट आयात गर्नुपरे भन्सार राजस्व तिर्न खलंगा धाउनुपर्ने लालीका स्थानीय शेरसिंह विष्टले बताए । नजिक स्थानीय बजार नहुँदा यहाँका बासिन्दाले भारतीय बजारबाट दैनिक उपभोग्य तथा निर्माण सामग्री ल्याउने गरेका छन् ।



**लेकम गाउँपालिका-३ लालीस्थित नेपाल-भारत जोड्ने झोलुंगे पुल क्षेत्र । पुल निर्माण भएपछि नेपाल-भारत सीमामा नाका खुले पनि भन्सार स्थापना नहुँदा स्थानीयलाई सामान आयात गर्न अप्ठ्यारो भएको छ ।** *तस्बिर : मनोज/कान्तिपुर*

दार्चुलामा नेपाल-भारत सीमा जोड्ने छ वटा नाका सञ्चालनमा छन् । तर पनि एउटा नाकामा मात्रै भन्सार कार्यालय स्थापना गरिएको छ । अन्य पाँच नाकाबाट राजस्व छली भइरहेको स्थानीय बताउँछन् । पञ्चायतकालमा दार्चुला छोटी भन्सार कार्यालयसँगै तिंकर, सीतापुल, दत्तु र जौलजिबी नाकामा छोटी भन्सार स्थापना गरिएका थिए ।

द्वन्द्वका बेला असुरक्षाका कारण विस्थापित कार्यालय पुनःस्थापन हुन सकेका छैनन् । नाका भने खुला भएका छन् । महाकाली भन्सार कार्यालय झुलाघाटअन्तर्गत दार्चुलाका चार र बैतडीमा झुलाघाटसँगै पञ्चेश्वर क्षेत्रतिर धर्मघाट भन्सार कार्यालय स्थापना गरिएको झुलाघाट भन्सार कार्यालयका प्रमुख रामप्रसाद चौरसियाले बताए । अहिले मूल भन्सार कार्यालय झुलाघाट र दार्चुला छोटी भन्सार कार्यालय खलंगा सञ्चालनमा छन् ।

सरकारले भन्सारमार्फत राजस्व बढाउने नीति लिए पनि विस्थापित भन्सार कार्यालय पुनःस्थापना गर्न पहल नगरेको स्थानीयको गुनासो छ । त्रिदेशीय सीमामा रहेको सीतापुल र तिंकर छोटी भन्सार कार्यालय ०५७ मा विस्थापित भएको हो । स्थानीयले भन्सारको समस्याका कारण जोखिम मोलेर महाकालीबाट सामान तार्ने गरेका छन् । राजस्व तिर्न खलंगा पुग्नुभन्दा जोखिम मोलेर रातिको समयमा ट्युबमै समान अवैध रूपमा तार्ने गरेको स्थानीयको भनाइ छ । नजिक पोस्ट रहेका सुरक्षाकर्मीले जानकारी पाउने भए पनि व्यापारीले केही रकम दिएर बिनारोकावट सामान भित्र्याउने गरेको स्थानीय व्यवसायी नै स्विकार्छन् ।

तिंकर भारतीय बजार र चीनको तिब्बत सीमा हो । तिब्बतबाट आयातनिर्यात हुने वस्तुको भन्सार संकलन गर्न नसक्दा राजस्व गुम्ने गरेको छ । झुलाघाट भन्सारका प्रमुख चौरसियाले भने विस्थापित भन्सार पुनःस्थापना गर्न मन्त्रालयले नै निर्णय गर्नुपर्नेमा जोड दिए । भारतको धार्चुलामा भन्सार आउट पोस्ट छ । अन्य नाकामा छैन । भारतले पनि सीमा नाकाहरूमा भन्सार चेक पोस्ट सञ्चालनमा ल्याए नयाँ भन्सार कार्यालय सञ्चालन गर्न सजिलो हुने उनको भनाइ छ ।




# मुआब्जा लिन अंश मुद्दा

**भीमबहादुर सिंह** (जाजरकोट)

बारेकोट गाउँपालिका-९ काप्तीका लोकराज बस्नेत अंश र लिखत बदर मुद्दाका लागि दैनिक जिल्ला अदालत धाउँछन् । सोही गाउपालिका-८ सक्लाका धनबहादुर कुमाई लुकाइछिपाई राखेको अंश मुद्दामा अदालत धाएको लामो समय भयो ।

उनीहरू उदाहरण मात्र हुन्, जाजरकोट अदालत र मालपोत कार्यालयमा अंश, लिखत बदर, हक कायम, जग्गा रोक्कालगायत मुद्दा थुप्रिने क्रम बढेको छ । नलगाड जलविद्युत् आयोजनाले यो वर्षमा मुआब्जा वितरण गर्ने भएपछि अंशियार र जग्गा किनबेच गर्नेबीच विवाद हुँदा मुद्दा पर्ने क्रम बढेको हो । बाबु-बाजेको पैतृक सम्पत्ति अर्कै व्यक्तिको नाममा भई जग्गाको मुआब्जा प्राप्त नहुने अवस्था आएपछि अंशियारहरू अदालत धाउने क्रम बढेको हो ।



मुआब्जा पाउन विवाद भएको जाजरकोटको बारेकोट गाउँपालिका–८ अँधेरीखोला आसपासको जग्गा । *तस्बिर : भीमबहादुर/कान्तिपुर*

नलगाडले मुआब्जा वितरण गर्ने सूचना निकालेसँगै जग्गा विवाद बढेको स्थानीय राजुराजा सिंहले बताए । 'विगतमा गाउँभरका स्थानीयको जग्गाजमिन एउटैको नाममा दर्ता र नामसारी गर्ने प्रचलनले अहिले समस्या निम्त्याएको छ,' उनले भने, 'बारेकोटमा मात्रै यस्तो समस्या एक सयभन्दा बढी परिवारमा छ ।' उनका अनुसार पाँच पुस्तासम्म जग्गाको नामसारी नलिएका उदाहरण प्रसस्तै छन् । जग्गा भोगचलन गर्दै आए पनि आफ्नो नाममा नहुँदा स्थानीय मुआब्जा पाउनबाट वञ्चित हुने अवस्था आएको उनले जनाए ।

स्थानीयका अनुसार मुआब्जा नपाउने भएपछि मुद्दा दर्ता गर्नुको विकल्प छैन । बारेकोट गाउँपालिका-७ सुवाकोटका कर्णबहादुर शाहीले लिखत बदरका लागि अदालतको तारेख भोगिरहेको जानकारी दिए । उनका अनुसार जग्गाधनी प्रमाणपुर्जा प्राप्त गरेका व्यक्तिको बेमाइनीले विवाद बढ्दै गएको हो । जिल्ला अदालतका अनुसार चालु आर्थिक वर्षमा अंश तथा जग्गा विवादका तीन दर्जन मुद्दा दर्ता भएका छन् । मालपोत कार्यालयले जग्गा विवादका करिब ६० निवेदन दर्ता भएको जनाएको छ । नलगाड जलविद्युत् आयोजनाले चालु आर्थिक वर्षमा बारेकोटमा ४ हजार ६ सय रोपनी जग्गाको २ अर्ब ७३ करोड रुपैयाँ मुआब्जा वितरण गर्ने भएको छ । आयोजनाले बारेकोटमा ६ हजार रोपनीभन्दा बढी जग्गा अधिग्रहण गर्नुपर्ने जनाएको छ ।

## नेपाल स्टक एक्सचेन्ज

१४ फागुन २०७६ को कारोबार

| कम्पनीको नाम | अघिल्लो दिनको मूल्य | अन्तिम मूल्य | कारोबार संख्या | फरक |
|---|---|---|---|---|
| कृषि विकास बैंक | ४३५ | ४५३ | ८८८४६ | १८ |
| आंखुखोला जलविद्युत | ६१ | ६१ | १५६० | ० |
| अपी पावर कम्पनी | १४८ | १५४ | २२४१६३ | ६ |
| अरूण कावेली पावर | १४४ | १४४ | ७१४७० | ० |
| अरूणभ्याली हाइड्रोपावर | ११३ | १०४ | ६७१९० | -९ |
| आशा लघुवित्त | ८८५ | ८८० | ३९९१ | -५ |
| एसियन लाइफ इन्स्योरेन्स | ६९० | ७०१ | ९२५९७ | ११ |
| बैंक अफ काठमाडौं लि. | २६२ | २७४ | ९८४३८ | १२ |
| बरूण हाइड्रोपावर | १०३ | १०३ | ८०९३ | ० |
| बेस्ट फाइनान्स | ११० | ११२ | ३२४३० | २ |
| विशाल बजार कम्पनी | १९७५ | २०३० | ३०३४ | ५५ |
| बोटलर्स नेपाल (तराइ) | ९००० | ८६०० | ५४५ | -४०० |
| बुटवल पावर कम्पनी | ४०३ | ४०३ | ४५९९७ | ० |
| सेन्ट्रल फाइनान्स | १५६ | १५४ | ६०६७ | -२ |
| सेन्चुरी कमर्सियल बैंक | १९२ | १९९ | २०४६७८ | ७ |
| छिमेक लघुवित्त विकास बैंक | १३०५ | १३३० | ३३४३२ | २५ |
| छ्याङ्दी हाइड्रोपावर | १०० | १०१ | ८१३ | १ |
| चिलिमे हाइड्रोपावर | ४६६ | ४७२ | ४२३९६ | ६ |
| सिटिजन बैंक इन्टरनेशनल | २१३ | २१९ | १०८३४७ | ६ |
| सिटिजन इन्भेष्टमेन्ट ट्रष्ट | ३०३६ | ३११० | २१२७५ | ७४ |
| सिटिजन म्युचुअल फन्ड | ९.९९ | १०.३५ | ६०९०० | ०.३६ |
| सिभिल बैंक | १५८ | १५७ | २९३१६० | -१ |
| सिभिल लघुवित्त वित्तीय संस्था | १२६७ | १३८७ | १५२३१ | १२० |
| कर्पोरेट डेभलपमेन्ट | १३७ | १३९ | १४०० | २ |
| डिप्रोक्स लघुवित्त वित्तीय संस्था | १०५० | १०४० | २६३२५ | -१० |
| दिव्येश्वरी हाइड्रोपावर | ५३ | ५७ | ८९४४ | ४ |
| एभरेष्ट बैंक लि. | ७४० | ८०० | ४८८६९ | ६० |
| एभरेष्ट इन्स्योरेन्स | ४९४ | ४८३ | ५२०७० | -११ |
| एक्सेल डेपलपमेन्ट बैंक लि. | ४०६ | ४०० | ८८७१ | -६ |
| फस्ट माइक्रोफाइनान्स | ६५६ | ६७१ | ४९९९४ | १५ |
| फरवार्ड कम्युनिटी माइक्रोफाइनान्स | १८७२ | १९९० | १०९९५ | ११८ |
| गणपति माइक्रोफाइनान्स | १०५० | १०४२ | ३३१४ | -८ |
| गरिमा विकास बैंक | २५९ | २७३ | १७०४४१ | १४ |
| घोडीघोडा लघुवित्त | ९६० | ९६० | ६७० | ० |
| गोलोबल आइएमइ बैंक | २९२ | २९६ | २६२४०९ | ४ |
| गोलोबल आइएमइ लघुवित्त वित्तीय | १६१५ | १६४५ | ३९६५ | ३० |
| गुडविल फाइनान्स | १६५ | १७१ | ४८७७ | ६ |
| ग्रामीण विकास लघुवित्त | ६४५ | ६३८ | ८७२०१ | -७ |
| ग्रीन डेभ. बैंक | १४१ | १३९ | ६०५५ | -२ |
| गुहेश्वरी मर्चेन्ट बैंक एण्ड फाइनान्स | १४० | १४० | २३९७८ | ० |
| गुराँस लघुवित्त वि. संस्था | ८४१ | ८५५ | १४१० | १४ |
| गुराँस लाइफ इन्स्योरेन्स | ९३५ | १०२६ | १०१९९६ | ९१ |
| गुर्खाज फाइनान्स | १३७ | १४१ | २८६१९ | ४ |
| हिमालय ऊर्जा विकास क. | ११५ | ११३ | ७१८ | -२ |
| हिमालयन बैंक | ६१४ | ६३५ | ३६२५१ | २१ |
| हिमालयन डिष्टिलरी | १८३७ | १८८० | ८७०८१ | ४३ |
| हिमालयन जनरल इन्स्योरेन्स | ४८१ | ४८० | ३३८३७ | -१ |
| हिमालयन पावर पार्टनर | १६९ | १६५ | २५५५ | -४ |
| हाइड्रोसिटी इन्भे. एन्ड डेभ. क.लि. | १५५ | १५७ | ८४९४४ | २ |
| आईसीएफसी फाइनान्स लि. | २१७ | २१६ | २६४०३ | -१ |
| आईएमई जनरल इन्स्योरेन्स | ५३० | ५२४ | १७७४० | -६ |
| इन्फिनिटी लघुवित्त | ९५८ | ९५३ | ६२७५ | -५ |
| जानकी फाइनान्स | १८९ | १८९ | ४५८० | ० |
| जनउत्थान सामुदायिक लघुवित्त | १९५३ | १९२१ | ६६६६ | -३२ |
| जोशी हाइड्रोपावर | ६४ | ७० | ४४२० | ६ |
| ज्योति विकास बैंक | २०४ | २०४ | ६३०९४ | ० |
| कालिका माइक्रोक्रेडिट डेभ. बैंक | १११९ | १०९६ | १५३५३ | -२३ |
| कालिका पावर कम्पनी | १११ | १२२ | १८१२५ | ११ |
| कामना सेवा विकास बैंक | १७९ | १८० | ४४३९७ | १ |
| कर्णाली डेभलपमेन्ट बैंक | १२४ | १२३ | ७७१२ | -१ |
| खानीखोला हाइड्रोपावर | ५६ | ६१ | ७०० | ५ |
| कुमारी बैंक लि. | २११ | २१६ | २०५७७४ | ५ |
| लक्ष्मी बैंक | २५१ | २५७ | ८६२३९ | ६ |
| लक्ष्मी इक्विटी फन्ड | ९.०१ | ८.९४ | ४२६०० | -०.०७ |
| लक्ष्मी लघुवित्त वित्तीय संस्था | १३०० | १३५० | ७७१२ | ५० |
| लाइफ इन्स्योरेन्स कं.लि. | १६६० | १७४० | ४८५७५ | ८० |
| लुम्बिनी विकास बैंक | २११ | २१४ | ७४४३३ | ३ |
| लुम्बिनी जनरल इन्स्योरेन्स | ५७६ | ५९० | ३८८३१ | १४ |
| माछापुच्छ्रे बैंक लि. | २५९ | २७२ | ११७१९० | १३ |
| महालक्ष्मी विकास बैंक | २४९ | २५० | २५०७५ | १ |
| महिला सहयात्रा माइक्रोफाइनान्स | ९६९ | ९४१ | ३४९१ | -२८ |
| मन्जुश्री फाइनान्स | २५१ | २५५ | १०१९७१ | ४ |
| मेगा बैंक | २३४ | २४४ | १८४२२१ | १० |
| मेरो माइक्रोफाइनान्स | ७८७ | ८०८ | २८०३१ | २१ |
| मितेरी डेपलमपेन्ट बैंक | ४३४ | ४२७ | ७४१० | -७ |
| मिथीला लघुवित्तय वित्तीय संस्था | ९१२ | ९१० | १८८१ | -२ |
| माउन्टेन हाइड्रो नेपाल | ९७ | ९६ | १४९० | -१ |
| मुक्तिनाथ विकास बैंक | ३६८ | ३८३ | ९९०९३ | १५ |
| मल्टिप्रपोज फाइनान्स | १२९ | १२९ | १५६२७ | ० |
| नबिल बैंक | ८१४ | ८७० | ८३२१२ | ५६ |
| नबिल इक्विटी फन्ड | ९.१४ | ९.५० | १०५२०६ | ०.३६ |
| नेडेप लघुवित्त | ८१६ | ८१५ | १७९५३ | -१ |
| नेशनल हाइड्रोपावर कम्पनि लि. | ६७ | ६८ | १३५७४४ | १ |
| नेशनल लाइफ इन्स्योरेन्स | ७८७ | ८५२ | ८८७९७ | ६५ |
| नेशनल माइक्रोफाइनान्स | २०५० | २१०८ | १२१० | ५८ |
| नेको इन्स्योरेन्स | ७०० | ६९५ | १६१०३४ | -५ |
| नेपाल बंगलादेश बैंक लि. | २२६ | २३२ | १२११७७ | ६ |
| नेपाल बैंक लि. | २९३ | ३०८ | ५८९९८८ | १५ |
| नेपाल क्रेडिट एन्ड कमर्स बैंक | २१० | २१३ | १९९३०५ | ३ |
| नेपाल दूरसञ्चार | ७२२ | ७३८ | १०९३७३ | १६ |
| नेपाल फाइनान्स लि. | १३८ | १५० | ६५३७ | १२ |
| नेपाल हाइड्रो डेभलपर्स | १६५ | १७० | ४६२० | ५ |
| नेपाल इन्स्योरेनस | ५३३ | ५३६ | २०३६९९ | ३ |
| नेपाल इन्भेष्टमेन्ट बैंक | ४३५ | ४५० | ७४२१५ | १५ |
| नेपाल इन्भेष्टमेन्ट बैंक प्र.से. | ३८५ | ३७९ | ३९८४० | -६ |
| नेपाल लाइफ इन्स्योरेन्स क. लि. | १३९० | १४९४ | १५०२८६ | १०४ |
| नेपाल एसबीआई बैंक | ४७७ | ४९३ | ५००५६ | १६ |
| नेपाल सेवा लघुवित्तय वित्तीय संस्था | ९३४ | ९३५ | ३५७२ | १ |
| नेरूडे लघुवित्त | ९२७ | ९२० | १२२५२ | -७ |
| न्याग्दी ग्रुप पावर | १४५ | १४९ | ६४३९१ | ४ |
| एनआइसी एसिया बैंक लि. | ५९५ | ६१० | १६६८३८ | १५ |
| एनआइसी एसिया ग्रोथ फन्ड | ९.९० | १०.११ | ९६८०० | ०.२१ |
| निर्धन उत्थान | ११७२ | १२०२ | १९४७५ | ३० |
| एनएलजी इन्स्युरेन्स कं. लि. | ७३९ | ७५४ | ११५६८ | १५ |
| एनएमबी माइक्रोफाइनान्स | ११६० | ११६० | ७९४४ | ० |
| एनएमबी बैंक लि. | ४७७ | ४८४ | १४८४५७ | ७ |
| ओरियन्टल होटल | ५०४ | ५३५ | ५५७५३ | ३१ |
| पन्चकन्यामाई हाइड्रो | ९५ | ९५ | १२४६ | ० |
| पाँचथर पावर क.लि. | १३० | १३० | ६११६ | ० |
| पोखरा फाइनान्स | १७१ | १६९ | ९२५१ | -२ |
| प्रभु बैंक | २६७ | २७७ | ३०५४७५ | १० |
| प्रभु इन्स्योरेन्स | ५३१ | ५३८ | ५५४८७ | ७ |

**कुल कारोबार मूल्य :** ४,१५४,८८३,०९२ **कारोबार संख्या :** ३२,१५४
**सेयर संख्या :** ९,९०६,९८९ **नेप्से :** १,५१६.१३ (50.९३) ▲


## घर भत्काउने सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

**का.म.न.पा. वडा नं. १ नक्साल आनन्द भैरव मार्ग स्थित ३ तला जम्मा क्षेत्रफल अनुमानित २०००० एसक्वायर फिट भवनको वनोट वाल पक्की घर भत्काउनु पर्ने भएकोले इच्छुक व्यक्तिहरुले यस कार्यालयमा रु २००० बुझाई फारम खरिद गरी धरौटी वापतको रकम सिद्धाथ वैक लिमिटेड हात्तिसार शाखामा रहेको बचत, खाता नं ००११५२६६१५९ मा जम्मा गरेको सक्कल भौचर संलग्न राखि मिति २०७६।११।२२ गते सम्म फारम बुझाई सक्नु पर्नेछ । अन्य सर्तहरु कार्यालयबाट बिकी हुने सिलबन्दी वोलपत्रमा उल्लेख भए बमोजीम हुनेछ । विस्तृत जानकारीको लागि प्रह्लाद भट्ट मोवाईल नं. ९८४१५७३९६० मा सम्पर्क गर्नुहोला ।**

## INVITATION FOR SEALED BIDS

Sanima Bank Ltd. invites sealed bids from interested contractors for interior works at Balaju, Sukedhara and Maitidevi sites with the following terms and conditions.

- Bidder company/firm should be registered with the Government of Nepal and should have updated company/firm registration certificate and latest tax clearance status.
- At least 3 years of work experience in the interior works of 'A' class Commercial Bank.
- Each Bidder should submit a bid bond with validity of 1 month/cash deposit in the bank of 5% of total bid value.

The bid documents with specifications and other details for the interior works in the sites may be obtained from Bank's General Service Department, Head Office during office hours till 2.00 P.M. on March 5, 2020 except public holidays upon payment of NPR 2,000/- (non-refundable) for each set of documents.

Original signed copies of all the bid documents along with copies of related certificates should be submitted to the Bank's General Service Department in separate sealed envelopes by 3.00 P.M. on March 5, 2020.

The bid documents will be opened at 4.00 P.M. on March 5, 2020 at the bank with/without presence of the bidders.

The bank reserves the right to accept or reject any or all bids without assigning any reason whatsoever.

SanimaBank www.sanimabank.com

Alakapuri, Naxal, Kathmandu | Tel No.: 01-4428979/80 | Email: sanima@sanimabank.com


## वरिष्ठ...

उहाँको नेतृत्वमा हाम्रो एउटा व्यावसायिक र गतिशील टिम बन्नेछ,' ढकालले भने, 'यो टिम महासंघमा, उद्योग वाणिज्यको क्षेत्रमा, सरकारसँग पोलिसी डाइलगको क्षेत्रमा, सरोकारवाला र साझेदारहरूसँग साझेदारी गर्न एक र एक जोडेर दुई होइन, हामी एक र एक जोडेर एघार बनाउनेछौं ।' मुलुकको अर्थतन्त्रममा निजी क्षेत्रको योगदान ७५ प्रतिशत रहे पनि राज्यबाट अपेक्षाअनुसार अभिभावकको भूमिका पाउन नसकेको उनले गुनासो गरे । 'राज्य भनेको हाम्रो अभिभावक हो र यसले हामीलाई सहजीकरण गरिदिनुपर्छ,' उनले भने, 'राज्यसँग आवश्यक वातावरणका लागि पहल गर्नुपर्छ र आवश्यक परे संघर्ष गरेर पनि लिनुपर्छ ।' आगामी चैतमा हुने महासंघको ५४औं वार्षिक साधारणसभामा मुलुकभरका व्यवसायीहरूको समर्थन रहेको उनले दाबी गरे । महासंघको विधानअनुसार वरिष्ठ उपाध्यक्ष अर्को कार्यकालमा स्वत: अध्यक्ष हुन्छ । उम्मेदवारी घोषण कार्यक्रममा महासंघका पूर्व अध्यक्ष सुरज वैद्य, चण्डिराज ढकाल, महासंघका उपाध्यक्ष अमेशलाल श्रेष्ठ र महासंघका सातमध्ये छ प्रदेश अध्यक्षहरू उपस्थित थिए ।

## अर्थ संक्षेप

### एनसेलको 'ह्याप्पी आवर अन रिचार्ज'

काठमाडौं (कास)- एनसेलले 'ह्याप्पी आवर अन रिचार्ज' को योजना ल्याएको छ । 'अझै नजिकिन्छ सम्बन्ध' अन्तर्गत एनसेलले उक्त योजना ल्याएको हो । योजनाअन्तर्गत ग्राहकले सय रुपैयाँ र सोभन्दा माथिको प्रत्येक रिचार्जबापत भ्वाइस सेवामा छुट प्राप्त गर्नेछन् । यो योजना बिहीबारदेखि ९० दिनसम्मका लागि लागू हुने कम्पनीले जनाएको छ ।

### सकियो 'स्पिन्ज एक्टिभ गर्ल'

काठमाडौं (कास)- सौन्दर्य ब्रान्ड स्पिन्जले आयोजना गरेको 'स्पिन्ज एक्टिभ गर्ल-२०२०' प्रतियोगिता मंगलबार सकिएको छ । अन्तिम चरणको प्रतियोगितामा काठमाडौंका १६ कलेजले प्रतिस्पर्धा गरेका थिए । प्रतियोगितामा १० हजार विद्यार्थी सहभागी थिए । प्रतिस्पर्धामा प्रत्येक कलेजबाट एक जनालाई विजेता छनोट गरी अन्तिम चरणको प्रतियोगितामा प्रतिस्पर्धा गराएको थियो ।

### डिसहोमको भोजपुरी च्यानल

काठमाडौं (कास)- डिसहोमले भोजपुरी भाषाको 'भोजपुरी म्याजिक' च्यानल सुरु गरेको छ । उक्त च्यानलमा भोजपुरी भाषाका चलचित्र र गीत प्रसारण हुनेछ । च्यानलले नेपाली दर्शकलाई भिन्न स्वाद र भोजपुरी भाषाको मनोरञ्जन प्रदान गर्ने कम्पनीले जनाएको छ ।

### नेपाल स्टारको बैंकिङ पार्टनरमा सिद्धार्थ

काठमाडौं (कास)- सांगीतक टीभी रियालिटी सो 'नेपाल स्टार' को बैंकिङ पार्टनरमा सिद्धार्थ बैंक आबद्ध भएको छ । बुधबार राजधानीमा आयोजित कार्यक्रममा नेपाल स्टार आयोजक र बैंकबीच सम्झौता भएको हो । नेपाल स्टार नेपालका लागि सातै प्रदेश र काठमाडौंमा गरी आठ स्थानमा अडिसन भएको आयोजकले बताएको छ ।

### इन्भेस्टमेन्टको दुई नयाँ योजना

काठमाडौं (कास)- नेपाल इन्भेस्टमेन्ट बैंकले भ्रमण प्याकेज र छुटका दुई योजना बुधबार सार्वजनिक गरेको छ । बैंकको ३४औं वार्षिक उत्सवको अवसरमा पर्यटनलाई प्रोत्साहन गर्न योजना ल्याएको हो । बैंकले सिम्रिक एयरसँगको सहकार्यमा छ महिनासम्मका लागि बैंकका क्रेडिट कार्डमार्फत मासिक ३ हजार ४ सय रुपैयाँको किस्ताबन्दीमा गोसाइँकुण्ड भ्रमणको प्याकेज उपलब्ध गराएको छ । छुट योजनामा बैंकको भिजा, डेबिट, तथा मास्टर डोमेस्टिक डेबिट कार्डको कारोबारमा ३४ प्रतिशत अर्थात् ३ हजार ४ सय रुपैयाँसम्म क्यास ब्याक हुने बैंकले बताएको छ ।

### सकियो 'फ्रिडम थ्रो एजुकेसन'

काठमाडौं (कास)- राउन्ड टेबल नेपाल (छाता संगठन) अन्तर्गत वीरगन्ज फ्रेन्ड्स राउन्ड टेबल ८ ले गत शनिबार 'फ्रिडम थ्रो एजुकेसन' सम्पन्न गरेको छ । शक्ति गोल्ड टीएमटीको प्रायोजकमा उक्त साहित्यिक कार्यक्रम समापन भएको आयोजकले जनाएको छ ।

### एभरेस्टका ग्राहकलाई सोल्टीमा १० प्रतिशत छुट

काठमाडौं (कास)- एभरेस्ट बैंकका ग्राहकले सोल्टी क्राउन प्लाजामा १० प्रतिशतसम्म छुट पाउने भएका छन् । बैंक र सोल्टीबीच बुधबार छुटसम्बन्धी सम्झौता भएको हो । सम्झौताअनुसार काठमाडौंको सोल्टी क्राउन प्लाजा र नेपालगन्जमा अवस्थित सोल्टी वेस्टइन्डमा बैंकको डेबिट र क्रेडिट कार्डको प्रयोगमा ग्राहकले उक्त छुट प्राप्त गर्नेछन् ।

### वाणिज्यको चाइल्ड हेल्थलाई ५० लाख सहयोग

काठमाडौं (कास)- राष्ट्रिय वाणिज्य बैंकले बुधबार काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थ (किओच) लाई ५० लाख रुपैयाँ सहयोग गरेको छ । बैंकले सामाजिक उत्तरदायित्वअन्तर्गत चाइल्ड हेल्थलाई अस्पताल भवन निर्माणका लागि सहयोग गरेको हो । बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र किओचका संस्थापक अध्यक्ष भगवान् कोइरालाबीच सहयोगसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ । बैंक सञ्चालक समितिका अध्यक्ष निर्मलहरि अधिकारीले चेक किओचका संस्थापक अध्यक्ष कोइरालालाई हस्तान्तरण गरे ।

### सीएनआईको वरिष्ठ उपाध्यक्षमा अग्रवाल मनोनीत



काठमाडौं (कास)- नेपाल उद्योग परिसंघ (सीएनआई) को वरिष्ठ उपाध्यक्षमा विष्णुकुमार अग्रवाल मनोनीत भएका छन् । सीएनआईको गभर्निङ काउन्सिल र पदाधिकारी समितिको बैठकले अग्रवाललाई वरिष्ठ उपाध्यक्षमा मनोनीत गरेको हो । अग्रवाल सीएनआईको उपाध्यक्षमा कार्यरत थिए ।

### चेम्बर–टर्किस सहकार्य

काठमाडौं (कास)- नेपाल चेम्बर अफ कमर्स र टर्किस एयरलाइन्सबीच बुधबार चेम्बरका सदस्यलाई उडानमा छुट दिनेसम्बन्धी सम्झौता भएको छ । सम्झौतापछि चेम्बरसँग आबद्ध सदस्यले इकोनमी क्लासमा ७ प्रतिशत र बिजनेस क्लासमा १० प्रतिशतसम्म छुट पाउनेछन् । यो छुट प्रवर्द्धनात्मक प्रस्ताव र कोड सेयर उडानमा लागू नहुने चेम्बरले बताएको छ ।

### नेपाल स्टारको प्रायोजकमा वाईवाई




काठमाडौं (कास)- सांगीतिक रियालिटी सो नेपाल स्टारलाई वाईवाईले प्रायोजन गर्ने भएको छ । गत आइतबार कि इन्टरटेन्टमेन्ट एन्ड रिसर्च प्रालिका प्रमुख रवीन्द्र कुमार रिजाल र वाईवाईको तर्फबाट चौधरी ग्रूपका म्यानेजर निर्वाण चौधरीले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् ।


## Romania मा वैदेशिक रोजगारको अवसर

पुर्व स्वीकृत मितिः २०७६/११/०८ | चलानी नं.: ६०१५२१०७ | LT. No.: 233593

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 10 | 0 | सम्बन्धित काममा दक्ष | 650 | ७४,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Housekeeping | 30 | 20 | | 550 | ६२,७९५ | | | | | | | |
| 3. | waiter | 20 | 10 | | 550 | ६२,७९५ | | | | | | | |
| 4. | Roomboy | 20 | 0 | | 550 | ६२,७९५ | | | | | | | |
| 5. | Dishwasher | 10 | 0 | | 550 | ६२,७९५ | | | | | | | |
| 6. | General Workers | 30 | 0 | | 550 | ६२,७९५ | | | | | | | |

**नोट : यसै कम्पनीबाट Seafood/Butcher, Helper/Butcher, Stewards, Maintenance Technician/AC Technician/Electrician, Cooked Rice Packers, Rice Cook, Security (JMF), Helper/Freezer/Chiller, Customer Service, Forklift Operator Butcher, Motorbike Driver (Nepali License Holder), Van Salesman, र Service Crew हरुको पनि माग भई आएकोले निःशुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २१ गते (4 March 2020) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Life line Overseas (P.) Ltd. श्रम इजाजत पत्र नं.: ३३७/०५९/०६०

**लाईफ लाईन ओभरसिज प्रा. लि.**

**गोगंवु, काठमाडौं, नेपाल, फोन नं. ०१-५९०४२८८, ५९०४५२२, ५९०३६४१**
**मोबाईल नं. : ९८५१००२९७६, ९८५११८०९५४**

*Drop your CV at cv@lifelineoverseas.com, recruit@lifelineoverseas.com, yam@lifelineoverseas.com*

**नोट : यसै प्रा.लि.को लागि Recruitment Coordinator को पनि आवश्यकता परेको हुँदा योग्य र इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।**
**तलब : आपसी सहमतीमा** **सुविधा : कम्पनीको नियम अनुसार**

## Madan Bhandari University of Science and Technology Development Board

Setopati, Sainbu, Lalitpur Metropolitan City Ward No. 18, Nepal

### INVITATION FOR BIDS

**First date of publication: February 27, 2020 (2076/11/15)**

1. Madan Bhandari University of Science and Technology Development Board (MBUSTDB) invites Bids from Nepalese eligible bidders for the works mentioned below under National Competitive Bidding procedures.

| Sr. No. | Contract Number | Description of Work | Total Estimated Amount in NPR (without VAT) | Bid Document Cost (NPR) | Bid Validity | Bid Security Amount | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|---|
| 1 | MBUSTDB/W/NCB-01/2076/77 | Construction of Deep Tube Well at Chitlang | 34,12,500.00 | NPR 3,000.00 | At least 90 days from the date of Bid-Opening | 1,00,000.00 | 120 days |

2. Hard copy of Bidding documents can be purchased by eligible Bidders during office hours till **March 27, 2020, Friday (2076/12/14)** from MBUSTDB. Sealed bids must be submitted to the MBUSTDB by hand on or before **13:00 hrs.** of **March 29, 2020, Sunday (2076/12/16).** The bids shall be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 hours on March 29, 2020, Sunday (2076/12/16) at MBUSTDB.**

Detailed notice on Invitation for Bids may be downloaded from the MBUSTDB website: www.mbustb.org and interested eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of MBUSTDB through phone No. 977-9840088016 or Email: info@mbustb.org.

Chairperson, MBUSTDB


# राइज फाउन्डेसन र एनआरएनएबीच सहकार्य

**कान्तिपुर संवाददाता** (काठमाडौं)

नेपाल भ्रमण वर्ष २०२० को उपलक्ष्यमा आयोजित 'मेरो गाउँ, मेरो ठाउँ' भिडियो च्यालेन्जलाई अन्तर्राष्ट्रियकरण गर्न गैर आवासीय नेपाली संघ (एनआरएनए) ले वि विल राइज फाउण्डेशनसँग सहकार्य गर्ने भएको छ । संघको सचिवालय, बालुवाटारमा बुधबार आयोजित कार्यक्रममा दुई संस्थाबीच सहकार्य सम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ ।

संघका उपाध्यक्ष एवं व्यापार, उद्योग तथा नेपाल प्रवर्द्धन विभागका प्रमुख अर्जुन श्रेष्ठले एनआरएनएको यो सहकार्यले ओझेलमा परेका तर प्रचुर पर्यटन सम्भावना बोकेका गाउँठाउँलाई विश्वव्यापी रुपमा चिनाउन र सामाजिक-आर्थिक उन्नतिमा टेवा पुर्‍याउन प्रमुख भूमिका निर्वाह गर्ने बताए । फाउण्डेशनका संस्थापक अध्यक्ष तथा अभियानका संयोजक निर्मल श्रेष्ठले एनआरएनएको सहकार्यले यस अभियानलाई राष्ट्रिय स्तरबाट उत्थान गरी अन्तर्राष्ट्रियकरण गर्न सहयोग पुर्‍याउने विश्वास व्यक्त गरे । अधिकतम ५ मिनेटसम्मका भिडियोबीच प्रतियोगिता हुनेछ । मार्च ९ सम्म पठाउनुपर्ने र छनोटमा परेका १० उत्कृष्ट भिडियोलाई अप्रिलमा पुरस्कृत गर्ने फाउन्डेसनले जनाएको छ ।

## छोटकरी

### 'ओली सरकार असफल'



जनकपुर (कास)- राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष कमल थापाले केपी शर्मा ओली नेतृत्वको सरकार सबै मोर्चामा असफल भएको बताएका छन् । जनकपुरमा बुधबार आयोजित पार्टीको प्रदेशस्तरीय भेलामा उनले सरकारको कामबाट जनता निराश बनेको बताए । 'सरकारले जनताको कुनै पनि अपेक्षा पूरा गर्न सकेको छैन,' उनले भने, 'मुलुकमा भ्रष्टाचार र महँगी बढेको छ ।'

### दुई जना सचिवमा बढुवा

काठमाडौं (कास)- सरकारले दुई जना वरिष्ठ सहसचिवलाई सचिवलाई बढुवा गरेको छ । मन्त्रिपरिषद्को पछिल्लो बैठकले सामान्य प्रशासन समूहका टेकनारायण पाण्डे र इन्जिनियरिङ समूहका रामकृष्ण सापकोटालाई सचिवमा पदोन्नति गरेको हो । पाण्डेलाई कर्णाली प्रदेशको प्रमुख सचिवमा र सापकोटालाई नेपाल ट्रस्टको सचिवमा पदस्थापनसमेत गरिएको छ । मन्त्रिपरिषद्ले कर्णाली प्रदेशका प्रमुख सचिव केवल भण्डारीलाई राष्ट्रिय योजना आयोगको सचिवमा सरुवा गरेको छ । योजना आयोगका सचिव लक्ष्मण अर्याललाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा सरुवा गरिएको छ ।

# क्षयरोग छेक्न नयाँ रणनीति

काठमाडौं (कास)- क्षयरोग नियन्त्रण गर्न सरकारले नयाँ रणनीति २०२१-२०२५ बनाउने तयारी थालेको छ । सन् २०५० सम्ममा नेपालबाट क्षयरोग अन्त्य गर्ने लक्ष्य प्राप्तिका लागि नयाँ रणनीति बनाइन लागेको हो । 'पुराना रणनीति र योजनामा काम गरेर क्षयरोग घट्ने स्थिति छैन, त्यसैले नयाँ ढंगबाट जान खोजेका हौं,' राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रका निर्देशक डा. सागरकुमार राजभण्डारीले भने ।

निर्देशक डा. राजभण्डारीका अनुसार लक्ष्य प्राप्तिका लागि प्रत्येक वर्ष क्षयरोगका बिरामी ५ प्रतिशतका दरले घट्नुपर्ने भए पनि अहिले ३ प्रतिशतका दरले मात्रै घटिरहेको छ । विश्व स्वास्थ्य संगठनको अनुमानमा नेपालमा बर्सेनि ४५ हजार क्षयरोगका बिरामी थपिन्छन् । सरकारले ४५ हजार बिरामीलाई आधार मानेर रणनीति र योजना बनाउने गरेको थियो । डा. राजभण्डारीका अनुसार नेपालमा बर्सेनि ७० हजार नयाँ बिरामी थपिइरहेका छन् । '४५ हजारको हिसाबमा तय गरिएको बजेट र जनशक्ति र भौतिक संरचनाले अब पुग्दैन,' उनले भने ।

नयाँ रणनीति बनाउन केन्द्रका विज्ञ टोलीले सातै प्रदेश पुगेर नीति निर्माण तहका व्यक्ति, कार्यान्वयन गर्ने निकाय, चिकित्सक र समुदाय, अस्पताल र जेलमा बसेका क्षयरोगका बिरामीसँग भेटेर छलफल गरिसकेको छ ।

क्षयरोगप्रति सामाजिक विभेद हट्न नसक्नु मुख्य चुनौती रहेकाले अब उपचारात्मकभन्दा सामुदायिक काम बढी गर्नुपर्ने डा. राजभण्डारीले बताए । अब बिरामीले स्वास्थ्यकर्मी खोज्नेभन्दा पनि स्वास्थ्यकर्मी नै घरमा पुगेर बिरामी खोज्ने खालको नीति लिएर काम गर्ने उनले बताए ।

केन्द्रका क्षयरोग विशेषज्ञ डा. सुवेश श्रेष्ठका अनुसार समुदायका बिरामी बढिरहे पनि नजिकका स्वास्थ्य संस्थामा रोग पत्ता लगाउने उपकरण र औषधि पर्याप्त छैनन् । 'प्राथमिक स्वास्थ्य संस्थासम्म खकार र रगत जाँच गर्ने ल्याब र जिनएक्सपर्ट पुग्न आवश्यक छ,' उनले भने, '२० प्रतिशत बिरामीले निजी अस्पताल र क्लिनिकमा रुमल्लिएर सही उपचार गरेका छैनन्, निजीसँग पनि समन्वय हुने खालको रणनीति बनाउने हाम्रो तयारी छ ।' उनका अनुसार बिरामी पत्ता लागे पनि पूर्ण उपचार गर्दैनन्, ती बीचैमा हराउँछन् । केन्द्रका अनुसार अहिले २८ प्रतिशत अर्थात् १२ हजार बिरामी हराइरहेका छन् । क्षयरोबाट बर्सेनि सात हजारले ज्यान गुमाइरहेका छन् ।

# राष्ट्रिय सभामा गौतम...

उनले भने, 'प्रधानमन्त्रीज्यू आफ्नै अध्यक्षतामा बसेको निर्णयविरुद्ध जानुहुन्छ भनेर त सोच्न पनि सक्दैनौं ।'

नेकपा अध्यक्ष एवं प्रधानमन्त्री ओली भने बहुमतका आधारमा सचिवालय सदस्यहरूले आफूलाई पेलेको भन्दै रुष्ट बनेका थिए । नेता नेपालसँग टेलिफोनमा असन्तुष्टि जनाएसँगै उनले नेपाललाई बुधबार अपराह्न ४ बजे पुनः प्रधानमन्त्री निवास बोलाएका थिए । त्यहाँ सुरुमा नेपालसँग मात्रै भेटेका ओलीले त्यसपछि रक्षामन्त्री ईश्वर पोखरेल र आफ्नो सचिवालयका केही सदस्यहरूसँग छलफल गरे । उक्त परामर्श बैठकमा गौतम 'घरि संविधान संशोधन नगरी राष्ट्रिय सभामा जान्नँ भन्ने, घरि यही अवस्थामा पनि जान्छु भनेर चिसै पानीले नुहाउनुको पछाडि गम्भीर खेल रहेको' निष्कर्ष निकालिएको थियो, उपस्थित स्रोतले जानकारी दियो ।

नेपालसँगको भेटमा ओलीले अर्थमन्त्री खतिवडालाई नै राष्ट्रिय सभा सदस्यका रूपमा निरन्तरता दिने बताएका थिए । 'गौतमलाई राष्ट्रिय सभामा मनोनीत गर्न सिफारिस गर्ने निर्णय पो भएको हो, कहिले सिफारिस गर्ने भन्ने त भएको छैन,' ओलीले नेपाललाई भनेको भनाइ उद्धृत गर्दै बालुवाटार स्रोतले भन्यो ।

नेपालसँगको छलफलपछि ओलीले नेकपा संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङसँग पनि परामर्श गरेका छन् । ओलीको असन्तुष्टि बाहिरिनुअघि नै उनीनिकट केही नेताहरूले गौतमलाई राष्ट्रिय सभामा पठाउने सहमति सैद्धान्तिक मात्रै भएको र यही फागुन २० गते पठाउने विषयमा कुनै सहमति नभएको दाबी गरेका थिए ।

'पहिलो कुरा गत मंसिर ४ गतेको निर्णयअनुसार सरकार ओली र दाहालले दल चलाउने कुरा भएको थियो, स्थायी र केन्द्रीय कमिटीको बैठकमा दाहालको भूमिका धेरै थियो,' ओलीनिकट एक उच्च नेताले कान्तिपुरसँग भने, 'तर गुटै बाँधेर प्रधानमन्त्रीलाई अप्ठ्यारोमा पार्ने गरी निर्णय त गर्नु भएन नि !'

बुधबार बिहान बसेको सचिवालय बैठकमा अध्यक्ष पुष्पकमल दाहालले गौतमलाई राष्ट्रिय सभा सदस्य बनाउनुपर्ने प्रस्ताव गरेका थिए । 'संविधान संशोधनको विषय अहिले नै बाहिर नलैजाने भनेर निर्णय गरियो, बाहिरियो, खासै राम्रो सन्देश गएन,' अध्यक्ष दाहालको भनाइ उद्धृत गर्दै सचिवालय स्रोतले भन्यो, 'अहिले कार्यदल विघटन गरौं, वामदेवजी निःसर्त राष्ट्रिय सभामा जानुस् ।'

लगत्तै बोलेका वरिष्ठ नेता नेपालले पनि खास समय आएपछि संविधान संशोधन भई नै हाल्ने बताउँदै अहिले भने निःसर्त राष्ट्रिय सभामा जाँदा हुन्छ भनेर गौतमलाई सुझाव दिएका थिए ।

नेपाल र दाहालको प्रस्तावमा सचिवालयका आठैजना सदस्यको सहमति थियो । 'बाँकी रहेका एक सदस्य एवं प्रधानमन्त्री ओलीले त्यसप्रति त्यहाँ असहमति जनाउनुभएको थिएन,' सचिवालय स्रोतले उल्लेख गर्‍यो ।

'सबै कमरेडले जानुपर्छ भन्नुहुन्छ भने म जान्छु,' गौतमले बैठकमा भने, 'संविधान संशोधनका लागि सैद्धान्तिक रूपमा सबैले सहमति जनाएकै कुरा हो । कुनै न कुनै बेला संविधान संशोधनका लागि उपयुक्त समय आउला नि त !'

उनले पार्टीभित्रैबाट अनावश्यक हल्ला फिँजाएर सधैं आफ्नाविरुद्ध मात्रै 'खेल खेल्ने' गरिएको भन्दै असन्तुष्टि जनाएका थिए । 'संविधान संशोधनसम्बन्धी निर्णय बाहिर नलैजाने भनिएको थियो, तर प्रधानमन्त्रीज्यूकै सचिवालयबाट त्यसलाई सार्वजनिक गरियो, कहाँबाट कसरी सूचना चुहियो मसित प्रमाण नै छ,' गौतमको भनाइ उद्धृत गर्दै स्रोतले भन्यो, 'मलाई बदनाम गराउने काम मात्रै भयो, यस्तै गर्दै जाने हो भने त पार्टीबाटै निकाल्दिनुस् बरु !'

उपाध्यक्ष गौतमले असन्तुष्टि जनाएपछि अध्यक्ष दाहालले निर्णयमा प्रतिबद्ध हुनुपर्ने बताएका थिए । गौतमलाई राष्ट्रिय सभा सदस्य बनाउन सबै सदस्य सहमत भएपछि बोलेका प्रधानमन्त्री ओलीले भने आफूलाई अप्ठ्यारोमा पारिएको भन्दै आक्रोश पोखेका थिए । 'पहिले १६ जनालाई राष्ट्रिय सभा उम्मेदवार बनाउने निर्णय गर्दा वामदेवजी संविधान संशोधन हुने ग्यारेन्टी नभएसम्म जान्न भनेर अडानमा बस्नुभयो, अहिले घुमिफिरी त्यही निर्णयमा सहमत हुनुभयो,' प्रधानमन्त्री ओलीले बैठकमा भने, 'मलाई सधैं अप्ठ्यारोमा पार्ने काम मात्रै गर्नुहुन्छ, पहिले मैले भनेको बेलामा राष्ट्रिय सभामा जान सहमत भएको भए के बिग्रिन्थ्यो ?'

प्रधानमन्त्रीले पार्टीमा 'आफूविरुद्ध भयंकर खेल्न' थालिएको भन्दै त्यसको मुकाबिला गर्न सक्षम रहेको बताएका थिए । केहीअघि प्रधानमन्त्री ओलीले आफ्नो नेतृत्वको सरकारलाई ढाल्ने कसरत भइरहेको भन्दै सार्वजनिक रूपमा असन्तुष्टि पोखेका थिए ।

स्रोतका अनुसार मंगलबार साँझ दाहाल निवास खुमलटारमा बसेको अध्यक्ष दाहाल, वरिष्ठ नेताहरू नेपाल र झलनाथ खनाल तथा उपाध्यक्ष गौतमबीच भएको छलफलमा गौतमलाई निःसर्त राष्ट्रिय सभा सदस्य बन्न सहमत गराइएको थियो । मंगलबार साँझ चार नेताबीच भएको सहमतिअनुसार नै अध्यक्ष दाहालले गौतमलाई निःसर्त राष्ट्रिय सभा सदस्य बन्न प्रस्ताव गरेको र खनाल तथा नेपालले त्यसप्रति समर्थन जनाएको ओली पक्षधरको बुझाइ छ । 'देशको अर्थतन्त्र सही ट्र्याकमा गएका बेला विभिन्न व्यापारिक घरानाहरूको स्वार्थमा अर्थमन्त्री खतिवडालाई रोक्न यस्तो खेल खेलिएको छ,' ओलीनिकट एक नेताले कान्तिपुरसँग दाबी गरे ।

प्रधानमन्त्री ओलीले खतिवडाको साटो गौतमलाई राष्ट्रिय सभामा पठाउने पार्टी सचिवालयको निर्णय मान्न आफू बाध्य नभएको बताएपछि नेकपाभित्र चर्किएको विवादको अवतरण कसरी हुन्छ भन्ने प्रस्ट छैन ।




## राष्ट्रपति आउँदा...

सरकारको एक सय गन्तव्यअन्तर्गत परेको मालिकार्जुन क्षेत्रमा राष्ट्रपति भण्डारीको भ्रमणका क्रममा विद्यालय प्रांगणमा कार्यक्रम हुँदै छ । त्यहाँ पञ्चकन्याले स्वागत गर्ने र मालिकार्जुन क्षेत्रको स्थानीय कला-संस्कृति, सगुन, झोडो, ढुस्को प्रदर्शनीको तयारी गरिएको धामी बताउँछन् ।

राष्ट्रपति दर्शन गर्न आउने भएपछि मालिकार्जुन मन्दिर परिसरको सुरक्षा व्यवस्था कडा पारिएको छ । जिल्ला प्रशासन कार्यालय दार्चुलाले ४० नेपाली सेना, १२० नेपाल प्रहरी, ७० जना सशस्त्र प्रहरीसँगै सादा पोसाकका सुरक्षाकर्मी खटाइएको जनाएको छ । राष्ट्रपति भण्डारी बिहान १० बजे मालिकार्जुन मन्दिर परिसरमा निर्माण गरिएको हेलिप्याडमा अवतरण गर्ने समयतालिका छ । राष्ट्रपतिले मालिकार्जुनमा २ घण्टा बिताउने स्थानीय प्रशासनले जनाएको छ ।

**हार्दिक श्रद्धाञ्जली**



जन्मः २०१३/०५/१५
स्वर्गारोहणः २०७६/०९/२९

**स्व. रविन्द्र रायमाझी**

यस आरोग्य मन्दिरका सालिन व्यक्तित्वका धनी तथा इमान्दार **रविन्द्र रायमाझी** दिवंगत हुनुभएको ४५औं दिनको पुण्यतिथिमा यस संस्थाका सम्पूर्ण परिवारहरूबाट हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**टेक बहादुर रायमाझी आरोग्य मन्दिर, परिवार**
तिलगंगा, पिंगलास्थान, काठमाडौं, फोन नं. ४४८०१७०

**हार्दिक श्रद्धाञ्जली**



जन्म : १९९६/०१/१५
स्वर्गारोहणः २०७६/११/०३

**स्व. श्री मोहनबहादुर न्यौपाने**

गैरआवासीय नेपाली संघ चीनका अध्यक्ष श्री प्रदीप न्यौपानेज्यूका पुजनीय पिता **श्री मोहनबहादुर न्यौपाने**को स्वर्गारोहण भएको आज **तेह्रौं दिन**को पुण्यतिथिमा उहाँको आत्माको चिरशान्तिको कामना गर्दछौं । साथै यो अकल्पनीय शोकबाट सन्तप्त परिवारमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामना गर्दछौं ।

NRNA NCC-CHINA
**गैर-आवासीय नेपाली संघ चीन**

**हार्दिक श्रद्धाञ्जली**



स्व. कुन्ताशोभा राई
जन्मः वि.सं.१९८९/८/१५
स्वर्गारोहणः वि.सं. २०७६/११/०६

यस संस्थाका महासचिव श्री भक्तजङ्ग राई तथा सल्लाहकार श्री पशुपति राईको ममतामयी माता **कुन्ता शोभा राईको** असामयिक स्वर्गारोहण भएको आज **९ औं दिनको** पुण्यतिथीमा दिवंगत आत्माको चीरशान्तीको कामना गर्दै यस दुःखद घडीमा शोकाकुल परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भन्ने कामना सहित भावपूर्ण समवेदना प्रकट गर्दछौं ।

**बास्पानी किराँत राई तोमिहँ चारघरे सुवाँखिम समाज, काठमाण्डौ**

*Heartfelt Condolence*



जन्म मितिः वि.सं. १९८९
**(स्व. कुन्ताशोभा राई)**
स्वर्गारोहणः २०७६ फागुन ०६

हाम्रो अन्यन्य मित्र श्री चिरन्जीवी राईको बजु, नेपाली कांग्रेस जिल्ला कार्यसमिति खोटाङ्गको सदस्य तथा ब्रिटीश भुतपूर्व सैनिक संघका केन्द्रीय सचिव श्री भत्तजन राईको ममतामयी माता तथा श्रीमती रानीमाया राईको सासुआमा स्व. कुन्ताशोभा राईको असामयिक निधन भएकोले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदन प्रकट गर्दछौं ।

डा. राजन गुरुङ्ग
श्री ईश्वर लामा दोङ्ग
श्री पुजन जङ्ग गुरुङ्ग

## बर्गिकृत डिस्प्ले

**आकर्षक घर विक्रिमा**
बुढानिलकण्ठ सिद्दार्थ कोलोनी नजिकै ५.५ आना जग्गामा बनेको ४ बेडरुम ६ बाथरुम भएको सम्पूर्ण सुविधा सम्पन्न **रोज भिल्लाको** केहि घरहरु विक्रिमा ।
९८४३०३६४६५
बिकाश जी


**मुक्तिनाथ मनकामना दर्शन टुर**
जान आउन आराम दाइ गाडी बाट सेवा उपलब्ध छ
मानसरोवर ट्राभल्स एण्ड टुर्स प्रा.लि.
नयाँबसपार्क, काठमाण्डौ
9851051659, 9856034631
01-4353998, 4365807

**स्टक सेल**
घर बनाउँदै हुनुहुन्छ ?
धाराहरु, कमोड, टायल, किचन सिङ्क, स्टिम, ज्याकुजी आदी चाहिएमा सम्पर्क गर्नुहोला ।
मैनाली विजनेश कन्सर्न प्रा.लि.
वालुवाटार-४, काठमाडौं ।
९८५११८४७०१, ९८५११८४७०२
०१-४४४५९७०, ०१-४४३६५३३
०१-६२०००९०

**आवश्यकता**
चालु आवस्थामा रहेको TU अन्तर्गत व्यवस्थापन संकायको कलेज बिक्री गर्न चाहनुहुने संस्था वा महानुभावले सम्पर्कका लागि अनुरोध गरिन्छ ।
सम्पर्क
९८५१०७६८२०/९८४१४७३९५१

**WANTED**
We are looking for smart, energetic Engineer for the following post.
1. Civil Engineer - 5
2. Electric Engineer - 5
3. Mechanical Engineer - 2
Interested candidates send us your CV, at following email address.
Only shortlisted candidates will called for interview.
Attractive Salary
Email: lawatiratna@gmail.com
Contact: 9860528732

**३३ कर्मचारी अर्जेन्ट**
कामः अफिसभित्रै
No Interview, 100% Job
योग्यताः Test, SEE, +2 above देखि
साधारण लेखपढ भएनभएका जोकोहीले पनि गर्न सकिने
तलबः 18,500/-देखि 23,500/-सम्म
सुविधाः (खाजा खर्च १०० बसभाडा १००)
समयः 9:00 AM- 5:00 PM
क.नि. शर्त लागु हुनेछ ।
Parttime/Fulltime पनिगर्न मिल्ने
ग्वार्कोचोकैमा
9808728580
9846599866
मार्केटिङ्ग अनलाईन जब होइन १६ वर्षमाथि जसलेनि गर्न मिल्ने ।

फ्रि-होम डेलिभरी
**यौन-शक्ति**
यौन सम्बन्धी सम्पूर्ण समस्याहरुको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरु
जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहै नदिई छुटाउन
चाँयापोतो डण्डीफोर चाउरीपना हटाउन
STEP-UP हाईट बढाउन
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटोपना घटाउन-बढाउन
SEX-TOYS पनि पाईन्छ
कपाल झर्न रोकी पुनःउमार्न-Hair Building Fiber
★हेलो शप नेपाल★
कोटेश्वर City-Tower
9808650895, 9868200286
Note: This Is Food Supplement Products, Not For Medicinal Use

**आकर्षक FLAT हरु विक्रीमा**
CONTACT
SUNRISE CITY HOME
ANAMNAGAR
01-5244841, 9849908167
SUNRISE APARTMENT
NAKKHU
01-5185111, 9860974540

**CANADA**
Visa (free apply)
Visa for staff nurse & Other occupation
**EUROPE**
Croatia &
Schengen Visit Visa
Student Care Foundation
Contact
9863383884, 9815151535

**७५ कर्मचारी अर्जेन्ट**
No Selection / Direct Job
इच्छुक हुँदा काम सिधै आजैबाट गर्नसकिने

| तलब | योग्यता |
|---|---|
| 24,000/- - 48,500/- | पढेनपढेका देखी Test/SEE +2 Bachelor गरेनगरेका महिलापुरुष विधार्थीगृहिणी १६वर्षदेखी ६०वर्षसम्मका जोकोहीले गर्नमिल्ने |

समयः 9am-5pm Parttime
कामलाईः आफ्नो अनकुल ठाउँमा पनि
सुविधाः खाजा बस भाडा रु २०० दिनको
क.शर्त लागु
गोपीकृष्णहल
9849159679,9810342257
01-4820559
गरिमा/सनराईज बैंकनजिकै
नोटः दक्षता,क्षमता र योग्यतामा वृधि

**तु. आवश्यकता**
हरि ओम बचत तथा ऋण सहकारी संस्था लि. को लागि दक्ष व्यवस्थापक १ जना चाहियो ।
सम्पर्कः ०१४३३२०७९
९८०८८८२१०७
कीर्तिपुर
ट्याङ्गलाफाट काठमाडौं ।

**SPACE ON RENT**
Suitable for showroom
Corporate office, Bank
Ground floor: 650 sq.ft.
1st floor: 1900 sq.ft.
Metro bus station
Kuleshwar, Ktm
CONTACTS
9841752270
9808978140

**आवश्यकता**
AHU उद्योग कम्पनीलाई थप कर्मचारी चाहियो ।

| पद | संख्या | योग्यता | तलब |
|---|---|---|---|
| रिसेप्सनिष्ट | ३ | +2 Run | 12500/- |
| सुपरभाइजर | ५ | +2 Pass | 14500/- |
| स्टोर किपर | ४ | +2 Run | 13500/- |
| अफिस स्टाफ | ७ | SLC/SEE | 11500/- |
| साधारण कर्मचारी | ६ | 8 Pass | 10000/- |

थप सुविधाः कम्पनीको नियम अनुसार
सम्पर्क कार्यालय

| गोङ्गबु | जडिबुटी |
|---|---|
| 9840787026 | 9865626499 |
| 9818955613 | 9818224601 |

नोटः अफिस भिजिट गर्दा शैक्षिक प्रमाणपत्र अनिवार्य

**सुरक्षित लगानीको सुवर्ण अवसर**
एक प्रतिष्ठीत कम्पनीको लागि लगानीकर्ताको आवश्यकता भएकोले इच्छुक व्यक्तिहरुले तल उल्लेखित नम्बरमा सम्पर्क गर्नुहोला ।
सम्पर्कः ९८०३०७३७३५

**घर विक्रिमा**
कलंकी सितापम्प पछाडी १० आना जग्गामा बनेको ४ वटा सटर, पार्किङ्ग सहितको ३½ तले घर विक्रिमा ।
सम्पर्कः ९८०३०७३७३५

**घर बिक्रीमा**
न्युरोड प्यूखाको ब्यापारीक घर बिक्रीमा
सम्पर्क
०१-४२४९६७३
९८५१०७४८४३

**घर भाडामा**
कलंकीचोक सगै हस्पिटल, बैंक तथा वित्तियसंस्था, कलेज, स्कूल तथा अन्य प्रोजेक्टकोलागि अति उपयुक्त ३रोपनी जग्गामा बनेका प्रशस्त पार्कीङ्ग सहितको ६.५ तल्ले सुविधा सम्पन्न भवन भाडामा छ।
☎ ९८०२०२३०२३

**बर्गिकृत डिस्प्ले**
श्याम स्वेतः रु. ३०००/-*
स्पट कलरः रु. ३५००/-*
मल्टि कलरः रु. ५०००/-*

# खेलकुद



## दर्शकका लागि

छैटौं माइभ्याली गोल्डकप फुटबल बिहीबार सुरु हुँदै छ । नागाल्यान्डको कोहिमा इगल फुटबल क्लबले रूपन्देहीको गोर्खा ब्वाइज फुटबल क्लब प्रतिस्पर्धा गर्नेछ । इलामको स्थानीय टुँडिखेलमा दर्शकका लागि बाँसको अस्थायी प्यारापिट बनाइएको छ ।

## सरस्वतीका कप्तानलाई प्रतिबन्ध



फाइल तस्बिर

**हिमालयन शेर्पा र सरस्वतीको प्रतिस्पर्धा ।**

काठमाडौं (कास)- सहिद स्मारक 'ए' डिभिजन लिगमा खेल मिलेमतो गरेको प्रमाणित भएपछि अखिल नेपाल फुटबल संघ (एन्फा) ले रेलिगेसनमा परेको सरस्वती क्लबका कप्तान दीपेश श्रेष्ठलाई २ वर्षको प्रतिबन्ध लगाएको छ । साथै उनले ५० हजार जरिवाना पनि बुझाउनुपर्नेछ । दीपेशसँगै हिमालयन शेर्पाका म्यानेजर विजेन्द्र पुडासैनी र गोलकिपर प्रशिक्षक मीनबहादुर बस्नेतलाई पनि कारबाही गरिएको छ । फागुन २ मा बसेको एन्फा अनुशासन समितिको बैठकले गरेको निर्णयअनुसार पत्र सम्बन्धित व्यक्तिलाई मंगलबार प्रदान गरिएको थियो ।

दीपेशले २ वर्षसम्म फिफा, एएफसी र एन्फाको मान्यता पाएका फुटबल गतिविधिमा सहभागी हुन पाउने छैनन् । म्यानेजर पुडासैनीले यस्तै प्रकारको प्रतिबन्ध ३ महिना झेल्नुपर्नेछ । गोलकिपर प्रशिक्षक बस्नेतलाई कडा चेतावनी दिएर छाडिएको छ । माघ १४ गते एन्फा मैदान सातदोबाटोमा हिमालयन शेर्पाविरुद्धको खेलमा सरस्वतीका कप्तान दीपेश मिलेमतोको प्रस्ताव गरेको प्रमाणित भएपछि कारबाहीमा परेका हुन् । त्यस खेलमा सरस्वती ४-३ गोलले विजयी भएको थियो ।

एन्फाका प्रवक्ता किरण राईका अनुसार सम्बन्धित क्लबको उजुरीका आधारमा संघले छानबिन गर्दा आरोप पुष्टि भएको हो । मिलेमतोको पूर्वसूचना पाएर पनि लुकाउने प्रयास गरेका कारण हिमालयन शेर्पाका म्यानेजर पुडासैनीलाई ३० हजार रुपैयाँ जरिवानाको पनि निर्णय भएको छ ।

दीपेशले मिलेमतोका लागि शेर्पाका गोलरक्षक किशोर गिरीलाई प्रस्ताव गरेका थिए । उनले प्रस्ताव अस्वीकार गरी टिम म्यानेजरलाई तत्कालै जानकारी गराएको प्रमाणित भएको प्रवक्ता राईले बताए । त्यसैले किशोरलाई कुनै कारबाही गरिएको छैन ।

मंसिर २८ देखि फागुन ३ सम्म काठमाडौंमा सञ्चालित 'ए' डिभिजन लिगमा सरस्वती रेलिगेसनमा परेको थियो भने शेर्पाले दसौं स्थानमा रहेर लिग अन्त्य गरेको थियो । यसपल्ट मछिन्द्रले लिगको उपाधि जितेको हो । खेल मिलेमतो प्रमाणित भएर एन्फाले कारबाही प्रक्रिया अगाडि बढाएको सम्भवतः यो पहिलो हो ।

# बायर्नसँग चेल्सी स्तब्ध



**च्याम्पियन्स लिगमा चेल्सीविरुद्ध तेस्रो गोल गरेपछि खुसी साट्दै रोबर्टो लेवान्डोस्की (बायाँ) सहित बायर्न म्युनिखका खेलाडी ।** *तस्बिर : एपी*

**च्याम्पियन्स लिग**

**एएफपी** (लन्डन)

सर्ज जनब्रीले बायर्न म्युनिखलाई मंगलबार राति युरोपेली च्याम्पियन्स लिग क्वाटरफाइनलको संघारमा पुर्‍याएका छन् । उनको दुई गोल मदतमा बायर्नले स्टानफोर्ड ब्रिजमा भएको अन्तिम १६ पहिलो लेगमा चेल्सीलाई ३-० ले हरायो । गत सिजन बायर्नले टोटेनहमलाई ७-२ ले हराउँदा पनि यी जर्मन खेलाडीले ४ गोल गरेका थिए । पूर्व आर्सनल खेलाडी फेरि एकपल्ट लन्डन भूमिमा नायक साबित भए । आर्सनलमा छँदा असफल रहेका जनब्रीलाई ऋणमा वेस्ट ब्रोम समेत पठाइएको थियो ।

तर बायर्न गएयता यी २४ वर्षीय विङ्गरले पुनर्जीवन पाएका छन् । घरमै बेहारेको स्तब्धपूर्ण हारले चेल्सी भने प्रतियोगिताबाट बाहिरिने निश्चित स्थितिमा पुगेको छ । चेल्सीविरुद्ध जनब्रीले तीन मिनेट अन्तरमा दुई गोल गरे । बायर्नको तेस्रो गोल रोबर्टो लेवान्डोस्कीको नाममा रह्यो । खेलको ८३ औं मिनेटमा डिफेन्डर मार्कोस अलोन्सोले रातो कार्ड खाए । चेल्सी १० खेलाडीमा सीमित रहेको थियो । अब दोस्रो लेगको खेल मार्च १८ मा म्युनिखमा हुनेछ । त्यसमा फर्कन चेल्सीले चमत्कारी प्रदर्शन गर्नुपर्नेछ ।

सन् २०१२ मा एलिनाज एरिनामा भएको च्याम्पियन्स लिग फाइनलमा चेल्सीले बायर्नलाई नै हराएर उपाधि जितेको थियो । यसपल्ट जितको नायक जनब्रीले खेलपछि भने, 'लन्डनमा मेरो धेरै साथी छन् र तिनीहरू सबैले आज मेरो खेल दर्शकदीर्घाबाट हेरिरहेका थिए । हामीले तीन गोल गर्न सक्यौं र यसले टिमलाई धेरै आत्मविश्वास दिनेछ । तर हामीले अझै दोस्रो लेग खेल्नु छ र त्यसअघि आजको जितमा धेरै खुसी हुनुपर्ने छैन ।'

उनको तर्क थियो, 'गत सिजन लिभरपुलले तीन गोलले पछाडि रहेको स्थिति उल्टाएको थियो, त्यसैले बायर्नसामु दोस्रो लेगमा गम्भीर भएर खेल्नुबाहेक अर्को विकल्प छैन । पूर्व प्रशिक्षक निको कोभिच बर्खास्तगीमा परेयता बायर्नले लय समातेको छ र राम्रो प्रदर्शन गरिरहेको छ । यसअघिका ६ विजेताले समूह चरणका सबै खेल जित्ने नसकेको स्थितिमा पाँचपल्टको विजेता बायर्नले त्यो अपवाद तोडेर यसपल्ट उपाधिका लागि प्रयास गर्नेछ ।

**नेपोली-बार्सिलोना**

नेपोली- एन्टोइन ग्रिजमनको गोल मदतमा बार्सिलोनाले युरोपेली च्याम्पियन्स लिग अन्तिम १६ पहिलो लेगमा नेपोलीलाई १-१ को बराबरीमा रोकेको छ । खेलले एक घण्टा छुने क्रममा हुँदा फ्रान्सेली खेलाडीले बराबरी गोल गरे । यसअघि ड्रिस मार्टिन्सले गोल गर्दै घरेलु मैदानमा नेपोलीलाई अग्रता दिलाएका थिए । उनले ३० औं मिनेटमा गोल गरे ।

यो उनको क्लबका लागि १ सय २१ औं गोल रह्यो । यसक्रममा उनले क्लबका लागि सर्वाधिक गोल गर्ने मारेक हाम्सिकसँग बराबरी गरेका छन् । मंगलबार रातिको खेलको अन्त्यतिर बार्सिलोना १० खेलाडीमा सीमित रह्यो । आर्टुरो भिडाल दोहोरो पहेँलो कार्ड खाएर मैदान छाड्न बाध्य रहे । 'अन्त्यमा हाम्रो लागि बराबरीको नतिजा राम्रो रह्यो, किनभने हामीले दोस्रो लेगमा घरमा खेल्नेछौं,' बार्सिलोना प्रशिक्षक क्विक सेटिनले भने । दोस्रो लेगको खेल नो क्याम्पमा मार्च १८ मा हुनेछ । त्यसबाट बार्सिलोना क्वाटरफाइनल पुग्न बलियो प्रत्याशी हुनेछ । पहिलो लेग भने दुवै टिमका प्रशिक्षकका लागि च्याम्पियन्स लिगमा डेब्यु रह्यो ।

सेटिनले जस्तै नेपोलीका प्रशिक्षक जेनारो गाटुसोले पनि च्याम्पियन्स लिगका समूह चरणपछि मात्र क्लब हेर्न सुरु गरेका थिए । खेलपछि गाटुसोले भने, 'हाम्रा लागि केही पनि बिग्रेको छैन । खाली उनीहरू हामीमाथि दबाब पनि कायम राख्न सफल भए । खेलको एक मोडमा हामी चुक्यौं र उनीहरूले गोल गर्दै हामीलाई सजाय दिए ।' नेपोली कप्तान लोरेन्जो इसिग्नेले भने खेल जित्नुपर्ने स्थितिले बराबरीमा चित्त बुझाउनु निराशाजनक रहेको प्रतिक्रिया दिए ।

## छोटकरी

### बाँसबारीको नाटकीय जित

काठमाडौं (कास)- इन्ज्युरी समयमा २ गोल गर्दै बाँसबारी क्लबले सहिद स्मारक 'बी' डिभिजन लिगमा ब्वाइज युनियन क्लबमाथि ३-२ को नाटकीय जित पाएको छ । सातदोबाटो मैदानमा बुधबार दुई पूर्व 'ए' डिभिजन क्लबबीचको भिडन्तमा पहिलो हाफ ब्वाइज युनियनले अग्रता बनाएको हो । २३ औं मिनेटमा कप्तान टंकबहादुर सिङदानले गोल गरे । दोस्रो हाफको सुरुआती १५ मिनेटमा ब्वाइज युनियनले अग्रता दोब्बर बनायो । यसपल्ट अरुण लिम्बुले गोल गरे । तर अन्तिम १६ मिनेटमा बाँसबारी ३ गोल गर्दै ए डिभिजनमा बढुवा हुने लक्ष्यमा एक खुट्किलो अघि बढेको छ । ७९ औं मिनेटमा वैकल्पिक स्ट्राइकर सुलेमान थापामगरले गोल गरे । बाँकी दुई गोल इन्ज्युरी समयमा सम्भव भयो । वैकल्पिक खेलाडी सुरेश कुमालले गोल गरी खेल बराबरीमा ल्याए । ६ मिनेट थप इन्ज्युरी समयको पाँचौं मिनेटमा सजिन थापामगरको गोलसँगै बाँसबारीले नाटकीय जित निकालेको हो । बुधबारै श्री कुमारी क्लबले पनि पुल्चोक स्पोर्टस क्लबमाथि ३-२ को जित रचेको छ । पहिलो हाफ गोलरहित भए पनि दोस्रो हाफको सुरुमै श्रीकुमारीले अग्रता लियो । पुल्चोकका डिफेन्डर यामबहादुर श्रेष्ठले आत्मघाती गोल गरे । ६५ औं मिनेटमा सेरब लो तामाङले गोल गरी खेल बराबरीमा ल्याए । तर श्रीकुमारीले ४ मिनेटको अन्तरमा २ गोल गोल गर्दा ३-१ को अग्रता बनायो । ७९ औं मिनेटमा कप्तान रुकेश श्रेष्ठ र ८३ औं मिनेटमा मिसन लामाले गोल गरे । इन्ज्युरी समयको अन्तिममा पुल्चोकका सेरबले दोस्रो गोल गरे पनि टिमको हार टार्न सकेनन् ।

### बनस्थली र एलए सेमिफाइनलमा

काठमाडौं (कास)- सिद्धार्थ बनस्थली र लिटिल एन्जल्स (एलए) दसौं लोयल्टी कप अन्तरस्कुल जुनियर छात्र फुटबलमा बुधबार सेमिफाइनल पुगेका छन् । सिद्धार्थ वनस्थलीले टीआईएलाई ५-० गोलले पराजित गर्‍यो । विजेताका अनमोल खत्रीले ३ र जेनिश रेग्मीले २ गोल गरे । साबिक विजेता एलएले काष्ठमण्डपलाई ८-० ले हरायो । एलएका प्रसुन तुलाधरले ५ र तुसानमान सिंहले ३ गोल गरे । टीआईएका सक्षम डंगोल र काष्ठमण्डपका प्रशान्त लिम्बु म्यान अफ द म्याच चुनिए । वनस्थलीको भेट आयोजक लोयल्टी एकेडेमी 'बी' र एलएको टाइमलाइनसँग हुनेछ ।

### रोयल लगातार विजयी

काठमाडौं (कास)- आयोजक रोयल स्पोर्ट्स सेन्ट्रलले प्रथम रोयल राष्ट्रव्यापी यू-२३ पुरुष बास्केटबलमा बुधबार लगातार दोस्रो जित हात पारेको छ । जेभियर र टाइम्स पनि विजयी भए । ललितपुरको सानागाउँस्थित घरेलु कोर्टमा रोयलले कास्कीलाई ८९-६६ ले पराजित गर्‍यो । रोयलको जितमा निकेश मगरले २५ स्कोर गरे । अनिश मगरको १७ स्कोरमा जेभियरले ह्वाइटहाउसलाई ५९-५० ले हरायो । निर्धारित समयमा ४६-४६ ले बराबरी भयो । ५ मिनेटको अत्तिरिक्त समयमा जेभियरले १३-४ स्कोर जोड्दै जित हात पार्‍यो । टाइम्सले गोल्डेनगेटमाथि ७५-६४ को जित दर्ता गर्दा जसमन तामाङले १६ स्कोर गरे ।

# श्रीस्टार विजयी

**मोहन बुढाऐर** (धनगढी)

श्रीस्टार क्लबले बुधबार नेपाल आइस चौथो खप्तड गोल्डकप फुटबलको बुधबार जित हात पार्दै सेमिफाइनलमा स्थान बनाएको छ । धनगढी रंगशालामा सिमराको नव जनजागृति क्लबविरुद्धको क्वाटरफाइनलमा जित हात पार्दै श्रीस्टार अन्तिम चारमा पुग्यो । पहिलो चरणमा वाइ पाएको श्रीस्टारले २-० को नतिजा निकाल्यो । ललितपुरे क्लब श्रीस्टारको जितमा संजोग राई र आशिष राईले गोल गरेका थिए । पहिलो हाफ गोलरहित बराबरीमा सकिएको खेलको दोस्रो हाफमा श्रीस्टारले दुई गोल गर्‍यो ।

खेलको ८० औं मिनेटमा निशान खड्काको पासमा संजोगले हेड गोल गर्दै श्रीस्टारलाई अग्रता दिलाए । त्यसपछि खेलको ८१ औं मिनेटमा आशिषले गोल गरेर श्रीस्टारको जित सुनिश्चित गरे । आशिषले पनि निशान खड्काकै पास सदुपयोग गरे । खेलको म्यान अफ द म्याच श्रीस्टारका कप्तान विक्रम लामा चुनिए । उनले १० हजार रुपैयाँ पुरस्कार पाए ।

श्रीस्टारका प्रशिक्षक मेघराज केसीले विपक्षी टीमले सोचेभन्दा राम्रो खेलेका कारण सुरुमा गोल हुन गाह्रो भएको बताए । 'हामीले जति सोचेका थियौं त्यो भन्दा पनि राम्रो खेल्यौं,' उनले भने, 'त्यही भएर हामीलाई स्कोर निकाल्न गाह्रो भयो ।'

नव जनजागृतिका प्रशिक्षक सोनु क्षेत्री भने ए डिभिजन टिमलाई कडा टक्कर दिन सकेकोमा सन्तुष्ट भएको बताए । 'अघिल्लो खेलमा ४-० को जितले मनोबल उच्च भएको थियो । टप कम्पिटिसन म्याचमा पछि तालमेल मिलेन र गोल गर्न सकिएन,' उनले भने, 'अन्तिम १० मिनेटमा सम्हालिन सकेनौं । पहिलो हाफ जस्तो राम्रो खेल दोस्रो हाफमा खेल्न सकेनौं ।' श्रीस्टारले फाइनल पुग्नका लागि हिमालयन शेर्पा र गोर्खा ब्वाइज क्लब रूपन्देहीबीचको विजेतासँग खेल्नेछ । बिहीबार नेपाल पुलिस र एपीएफ क्लब भिड्ने छन् ।



केशव थापा

**श्रीस्टारका रुपेश केसी र जनजागृतिका आशलाल चौधरी एयर बलमा जुध्दै ।**

# मनाङ फाइनलमा

**कान्तिपुर संवाददाता** (सुनसरी)

मनाङ मर्स्याङ्दी क्लब धरान रंगशालामा जारी बुढासुब्बा टुबोर्ग गोल्डकप फुटबलको फाइनलमा नजिक पुगेको छ । मनाङले दार्जिलिङको युनाइटेड कर्स्याङ फुटबल क्लब (यूकेएफसी) लाई २-० ले पराजित गर्दै उपाधि दाबेदारिता देखाएको हो ।

विजेता मनाङले अब फाइनलमा विभागीय टोली नेपाल पुलिस र मछिन्द्रबीचको विजेतासँग भिड्ने छ । मनाङका लागि विमल राना र म्यान अफ द म्याच दयानन्द सिंहले गोल गरेका थिए । विमलले खेलको १९ औं मिनेटमा कमल श्रेष्ठले गरेको कर्नर प्रहार सदुपयोग गर्दै हेडमार्फत गोल गरेका थिए । सहिद स्मारक 'ए' डिभिजन लिगमा तेस्रो भएका मनाङबाट दोस्रो गोल इन्ज्युरी समयमा दयानन्दले गरेका थिए ।

उनले रन्जन विष्टको पासमा गोल गरे । मनाङले पहिलो हाफको अन्तिम समयमा अन्जन विष्टले पेनाल्टी एरियामा सशक्त प्रहार गरे तर युकेएफसीका कप्तान विरेन प्रधानले गोल हुनबाट बचाए । खेलको ४८ औं मिनेटमा निशान लिम्बुको अर्को प्रहार गोलकिपर राज बर्मनले कठिनसँग जोगाए । ६० औं मिनेटमा दयानन्दको पासमा अन्जन विष्टको हेड बाहिरिएको थियो । कोनेकोराको पासमा ६४ औं मिनेट बित्दा रेजिन सुब्बाले वान भर्सेज वान अवस्थामा प्रहार गरेको बल बाहिरियो । किपर बिट भएर अगाडि बढेको बेला गोल गर्ने अवसर पाए पनि ८० औं मिनेटमा निशान लिम्बुको प्रहार बाहिरियो । लगत्तै दयानन्दले गरेको प्रहार गोलकिपर वर्मनले पन्च गरेर बचाए ।

रोमान्चक प्रतिस्पर्धापूर्ण खेलमा मनाङविरुद्ध पटक-पटक गोल गर्ने अवसर युके एफसीले गुमाउँदा हार्नुपरेको थियो । म्यान अफ द म्याच यूकेएफसीका आशिष देवान घोषित भए । उनले १५ हजार रुपैयाँ प्राप्त गरे । वेस्ट गोल अफ द डे घोषित मनाङका दयानन्द सिंहले ५ हजार हात पारे ।





प्रदीप मेन्याङ्बो

**बुढासुब्बा गोल्डकपमा बुधबार म्यान अफ द म्याच भएका यूकेएफसीका आशिष देवान ।**

# पारसलाई महिन्द्राको कार

काठमाडौं (कास)- राष्ट्रिय क्रिकेट टोलीका पूर्व कप्तान पारस खड्कालाई व्यापारिक घराना अग्नि ग्रुपले ब्रान्ड एम्बासडरमा नियुक्त गरेको छ । सम्झौताअनुसार पारसले दुई वर्षसम्म अग्नि ग्रुपको ब्रान्ड प्रवर्द्धनसम्बन्धी कार्यमा सरिक हुनुपर्नेछ ।

त्यसबापत अग्निले उनलाई महिन्द्रा एक्सयूभी एसयूभी ३०० कार प्रदान गरेको छ । त्यसका लागि बुधबार पारस र अग्नि ग्रुपका कार्यकारी निर्देशक अर्जुनप्रसाद शर्माबीच सम्झौतापत्रमा हस्ताक्षर भएको थियो । नेपाली बजारमा करिब ५० लाख पर्ने यस कारको मूल्यमध्ये आधा रकममात्र अग्निले प्रायोजन गरेको हो । सम्झौतापछि पूर्वकप्तान पारसले महिन्द्रासँगको आफ्नो सम्बन्ध डेढ दशक पुरानो भएको स्मरण गर्दै नयाँ सहकार्यबाट हर्षित भएको बताए ।

'सन् २००७ मा अग्नि ग्रुप आधिकारिक बिक्रेता रहेको महिन्द्रा मोटरसाइकलको ब्रान्ड प्रवर्द्धक भएको थिएँ । १३-१४ वर्षसम्म यसलाई निरन्तरता दिन पाउँदा गर्व लागेको छ,' पारसले भने, 'यस्तो प्रायोजनबाट खेलाडीका रूपमा हामीलाई करिअरमा केन्द्रित हुन सहयोग मिल्नेछ ।'



हेमन्त श्रेष्ठ

# हिमालय सफल

काठमाडौं (कास)- नेक्सस क्रिकेट एकेडेमीलाई एक इनिङ्स र ६३ रनले पराजित गर्दै ग्रेट हिमालय क्रिकेट एकेडेमी यू-१९ स्तरको दुई दिवसीय हिमालय क्रिकेट लिगको फाइनल पुगेको छ । समूह 'बी' बाट २ जितसहित ५० अंकसाथ ग्रेट हिमालय उपाधि नजिक पुगेको हो ।

दोस्रो दिन बुधबार ७ ओभरको खेलपछि नै विजेता छिनोफानो भयो । दोस्रो इनिङ्समा १०९-८ को अवस्थामा दोस्रो दिनको सुरुआत गरेको नेक्ससले ८ रनमात्र थप्न सक्यो ।

KANTIPUR PUBLICATIONS PVT. LTD.
KMG
KANTIPUR MEDIA GROUP

आवश्यकता

यस पब्लिकेसन्सको लागि निम्नानुसार कर्मचारी आवश्यक परेकाले सेल्समा रुचि भएका इच्छुक उम्मेदवारहरुले निम्न स्थानमा आवेदन दिनुहोस् ।

- काठमाडौं - ७५ जना (पुरुष/महिला)
- विराटनगर - ३० जना (पुरुष/महिला)
- भरतपुर - ३० जना (पुरुष/महिला)
- पोखरा - ३० जना (पुरुष/महिला)
- नेपालगञ्ज - ३० जना (पुरुष/महिला)

आवेदन दिने अन्तिम मिति :- २०७६ फाल्गुण ३० गते ।

पूर्वाञ्चल क्षेत्रीय कार्यालय:
वरगाछी, विराटनगर
फोन नं.: ०२१-४६०१४१, ४६१९५९
Email: anuj@kmg.com.np

मध्यपश्चिमाञ्चल तथा सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय:
पुष्पलाल चोक, नेपालगञ्ज
फोन नं.: ०८१-४११२२२
Email: ashok.shrestha@kmg.com.np

कान्तिपुर पब्लिकेसन्स प्रा.लि.
मिलनचोक, भरतपुर
फोन नं. ०५६-५२८९००
Email: rajesh.paudel@kmg.com.np

पश्चिमाञ्चल क्षेत्रीय कार्यालय:
सृजना चोक, पोखरा
फोन नं.: ०६१-५२५६५६
Email: nabaraj@kmg.com.np

KANTIPUR PUBLICATIONS PVT. LTD.
कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि.
सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं,
फोन नं. ०१-५१३५०००
Email: hrd@kmg.com.np

# लक्ष्य च्याम्पियन

## ट्वान्टी-२० एसिया कपको पहिलो खुट्किलोमा विजेता हुने नेपालको लक्ष्य



**एसीसी इस्टर्न रिजनका लागि थाइल्यान्ड जानुअघि नेपाली क्रिकेट टोली ।** *तस्बिर : कान्तिपुर*

**कान्तिपुर संवाददाता** (काठमाडौं)

सन् २०२० को सेप्टेम्बरमा पाकिस्तानमा हुने ट्वान्टी-२० एसिया कप क्रिकेटका लागि छनोट चरणको पहिलो खुट्किलोका रूपमा थाइल्यान्डमा हुन लागेको एसीसी इस्टर्न रिजन प्रतियोगिता खेल्न नेपाली टोली बिहीबार त्यसतर्फ जाँदैछ ।

चीनमा महामारीको रूप लिएको र आसपासका देशलाई पनि त्रसित बनाएको कोरोना भाइरसका कारण चीन, भुटान र म्यानमारले नाम फिर्ता लिएपछि प्रतियोगितामा ५ टिमको मात्र सहभागिता रहनेछ । थाइल्यान्ड, मलेसिया, सिंगापुर र हङकङको सहभागिता रहने प्रतियोगितामा नेपालले विजेता बन्ने लक्ष्य लिएको छ । सहभागी अन्य टोलीसँगको पछिल्लो प्रदर्शनअनुसार प्रतियोगितामा नेपाल नै स्वभाविक दाबेदार हो । तर टिमले विपक्षीलाई कमजोर रूपमा नलिने कप्तान ज्ञानेन्द्र मल्लले बताए ।

'तयारी र टिम सन्तुलन हेर्दा हामी प्रतियोगितामा आशावादी छौं । लक्ष्य च्याम्पियन बन्ने हो,' बुधबार काठमाडौंमा आयोजित बिदाइपछि कप्तान ज्ञानेन्द्रले भने, 'हामीलाई थाहा छ कि यो एसिया कपका लागि प्रारम्भिक चरण हो । हाम्रा प्रतिस्पर्धीसँगको यसअघिका नतिजाअनुसार हामीले उनीहरूलाई कमजोर आँक्ने छैनौं । शतप्रतिशत प्रयास गर्नेछौं ।' इस्टर्न रिजनमा शीर्ष दुई स्थानमा आउने टिमले अगस्टमा मलेसियामा आयोजना हुने एसिया कप छनोट खेल्नेछ । त्यहा वेस्टर्न रिजनका फाइनलिस्ट यूएई र कुवेतसँग खेल्नुपर्नेछ । राउन्ड रोबिन लिग प्रणालीमा हुने त्यस प्रतियोगिता विजेता टोलीले सेप्टेम्बरमा हुने एसिया कपमा सहभागिता जनाउन पाउनेछ । जहाँ एसियाका पाँच टेस्ट मान्यताप्राप्त देश भारत, बंगलादेश, श्रीलंका, अफगानिस्तान र पाकिस्तान हुनेछन् । भारत एसिया कपको साबिक विजेता हो ।

उमेश पटवालले राजीनामा दिएसँगै जगत टमाटा राष्ट्रिय टोलीको मुख्य प्रशिक्षकको जिम्मेवारीमा फर्किएपछिको यो पहिलो प्रतियोगिता पनि हो । उनले टिममा युवा खेलाडीलाई अधिक विश्वास गरिएको जनाए । 'तयारी राम्रो भएको छ । युवा प्रतिभाले धेरै अवसर पाएका छन् । कुशल मल्ल, सन्दीप जोरालगायतका युवा खेलाडी ब्याटिङ/बलिङमा मात्र होइन फिल्डिङमा पनि टिमका लागि अहं भूमिकामा हुनेछन्,' उनले थपे ।

बिदाइमा राष्ट्रिय खेलकुद परिषदका सदस्य-सचिव रमेशकुमार सिलवालले पनि एसिया कपमा छनोट हुने गरी उच्च प्रदर्शन गर्न टिमलाई शुभकामना दिए । 'युवा खेलाडीले प्रतियोगितामा पर्याप्त अवसर पाउनेछन् । सिनियर खेलाडीका लागि पनि आफ्नो लयलाई निरन्तरता दिने चुनौती हुनेछ,' निर्धारित समयभन्दा पौने १ घण्टा ढिला आएका सिलवालले भने, 'अर्को वर्षका लागि बजेट पेश गर्ने समयसीमा घर्किसकेकाले त्यसैले तयारीका कारण ढिला भयो । अबको बजेटमा क्रिकेटलाई प्राथमिकतामा राखेर पर्याप्त बजेट विजियोजन गरेको छु ।'

फागुन १७ देखि २३ सम्म हुने प्रतियोगितामा नेपालले पहिलो खेल शनिबार मलेसियासँग खेल्नेछ । फागुन १८ मा हङकङ, २१ मा थाइल्यान्ड र २३ मा सिंगापुरसँग खेल्नेछ ।

# आर्मी क्लबलाई राइनो कप

**नारायण शर्मा** (नवलपरासी)



नारायण शर्मा

पूर्वी नवलपरासीको कोल्हुवामा भएको राइनो संरक्षण गोल्डकप फुटबल प्रतियोगितामा बुधबार त्रिभुवन आर्मी क्लबले उपाधि जितेको छ । आर्मीले विभागीय प्रतिदन्द्वी नेपाल पुलिस क्लबलाई १-० ले पराजित गरेर उपाधि जित्यो ।

आर्मी क्लबका सुदील राईले खेलको पाँचौं मिनेटमै गोल गरेका थिए । त्यही गोलबाट आर्मीले १० लाख रुपैयाँ पुरस्कार जितेको छ । पुलिसले ५ लाख रुपैयाँ हात पाऱ्यो । खेलको सुरुदेखि नै आर्मीले पुलिसलाई दबाबमा राखेको थियो । बुधबार म्यान अफ द म्याच आर्मीका सुदील राई भए । उनले ५ हजार रुपैयाँ पुरस्कार पाए । सर्वाधिक गोलकर्ता पुलिस क्लबका बुद्धबल तामाङ थिए । उनले २० हजार हात पारे । म्यान अफ द सिरिजमा सुमन अर्याल पुरस्कृत भए । उनले २० हजार रुपैयाँ पाए ।

मध्यविन्दु नगरपालिका वडा-४ मा रहेको राइनो फुटबल खेल मैदानमा फागुन ५ देखि गैंडा जोगाऔं भन्ने नाराका साथ राइनो गोल्डकप गरिएको थियो । विजेतालाई एन्फा अध्यक्ष कर्माछिरिङ शेर्पाले पुरस्कृत गरेका थिए । राइनो क्लबद्धारा आयोजित प्रतियोगितामा १० टिमको सहभागिता थियो ।










कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुधीर शर्मा



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २८ अंक ९ विराटनगर | १५ फागुन २०७६ बिहीबार फाल्गुण शुक्लपक्ष चतुर्थी | नेपाल संवत् ११४० | प्रदेश १ संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, February 27, 2020 | पृष्ठ १२+४ | १० रुपैयाँ



**टुंगनाको धुनमा...** | २१४७ औं ग्याल्बो ल्होसार (नयाँ वर्ष) का अवसरमा बुधबार काठमाडौंको बौद्धस्थित गुम्बामा आयोजित समारोहमा हिमाली लोकबाजा टुंगना बजाएर गाउँदै कलाकार । सोमबार सुरु भएको तीनदिने धर्मपाल उत्सवका क्रममा शेर्पा समुदायले गुम्बामा भेला हुँदै 'बँदेल वर्ष' बिदा गरेर 'मुसा वर्ष' को स्वागत गरेका छन् । *तस्बिर : संजोग मानन्धर/कान्तिपुर*

# राष्ट्रिय सभामा गौतम कि खतिवडा ?

- नेकपामा बबन्डर सुरु
- सरकार र सचिवालयबीच गम्भीर मतभेद

**बिनु सुवेदी** (काठमाडौं)

राष्ट्रिय सभा सदस्यमा वामदेव गौतमलाई मनोनयन गर्न सरकारलाई सिफारिस गर्ने नेकपा केन्द्रीय सचिवालयको निर्णयलाई प्रधानमन्त्री एवं नेकपा अध्यक्ष केपी शर्मा ओलीले नमान्ने बताएपछि सत्तारूढ दलभित्रको विवाद उत्कर्षमा पुगेको छ । बुधबार आफूसमेत उपस्थित बैठकबाट निर्णय भएको दुई घण्टा नबित्दै ओलीले त्यसलाई नमान्ने भन्दै पार्टी सचिवालयको सिफारिसलाई चुनौती दिएका थिए ।

सचिवालय स्रोतका अनुसार प्रधानमन्त्री ओलीले बैठकपछि वरिष्ठ नेता माधवकुमार नेपाललाई फोन गरेर गौतमलाई राष्ट्रिय सभा सदस्य बनाउने सचिवालयको निर्णय आफूले नमान्ने र अर्थमन्त्रीसमेत रहेका राष्ट्रिय सभा सदस्य युवराज खतिवडालाई नै निरन्तरता दिने बताएपछि पछिल्लो विवाद बढेको हो । दुई वर्षअघि राष्ट्रिय सभा सदस्यमा राष्ट्रपतिबाट मनोनीत खतिवडालाई नै फेरि मनोनयन गराउने ओलीको चाहना प्रस्ट रूपमा प्रकट भएको छ ।

यता बुधबार बिहान प्रधानमन्त्री निवास, बालुवाटारमा बसेको सचिवालय बैठकले भने खतिवडाको बहिर्गमनपछि राष्ट्रिय सभामा रिक्त हुने उक्त स्थानमा पार्टी उपाध्यक्ष गौतमलाई सिफारिस गर्न सरकारलाई सुझाव दिने निर्णय गरेको थियो ।

यससँगै गत शनिबारको सचिवालय बैठकले संविधान संशोधनका लागि बनाएको कार्यदल भंग गर्ने र औचित्य एवं आवश्यकताका आधारमा संविधान संशोधनका लागि छलफल अघि बढाउने निर्णय गरेको महासचिव विष्णु



'गौतमलाई राष्ट्रिय सभामा मनोनयन गर्ने सचिवालयको सर्वसम्मत निर्णय हो, यही निर्णय नै लागू हुन्छ ।'

**– विष्णु पौडेल**
नेकपा महासचिव

पौडेलले बताए । 'गौतमलाई राष्ट्रिय सभामा मनोनयन गर्ने सचिवालयको सर्वसम्मत निर्णय हो, यही निर्णय नै लागू हुन्छ,' उनले कान्तिपुरसँग भने । यसअघि अध्यक्ष ओलीसँग निकट मानिने महासचिव पौडेलले सचिवालयको बहुमतले गरेको निर्णयतर्फ आफूलाई उभ्याएका छन् ।

बैठकपछि पार्टी प्रवक्ता नारायणकाजी श्रेष्ठले पनि गौतमलाई राष्ट्रिय सभा सदस्य बनाउने निर्णय भएको जानकारी पत्रकारलाई गराएका थिए । 'पछाडिको डेभलपमेन्ट के भयो थाहा छैन, सचिवालय बैठकले वामदेवजीलाई राष्ट्रिय सभामा लैजाने निर्णय गरेको हो,' प्रवक्ता श्रेष्ठले कान्तिपुरसँग भने । **बाँकी पृष्ठ १४**

## ४ दिने घटनाक्रम

**शनिबार**
नेकपा सचिवालयमा संविधान संशोधन कार्यदल गठन, निर्णय गोप्य राख्ने सहमति ।

**आइतबार**
प्रधानमन्त्रीनिकट नेताहरूबाट कार्यदल गठनको सूचना सार्वजनिक, कार्यदल सदस्यहरूद्वारा अनभिज्ञता प्रकट, केही नेताद्वारा खण्डन । माधव नेपाल र ईश्वर पोखरेलबीच कोटेश्वरमा भेट ।

**सोमबार**
कार्यदल संयोजक नेपालद्वारा सदस्यहरू सुवास नेम्बाङ र खिमलाल देवकोटासँग आफ्नै निवासमा अनौपचारिक छलफल । सदस्यहरूद्वारा कार्यदलको औचित्यमाथि प्रश्न । दिउँसो पुष्पकमल दाहाल, नेपाल र विष्णु पौडेलबीच धुम्बाराहीमा कुराकानी ।

**मंगलबार**
ओलीसँग दाहाल र नेपालको छुट्टाछुट्टै भेट । साँझ खुमलटारमा दाहाल, नेपाल, झलनाथ खनाल र वामदेव गौतमबीच कुराकानी । संविधान संशोधनबिनै राष्ट्रिय सभामा जान गौतम तयार ।

**बुधबार**
बिहान ओली–दाहाल छलफल । दिउँसो सचिवालयद्वारा गौतमलाई राष्ट्रिय सभामा लैजाने र संविधान संशोधन अध्ययन कार्यदल भंग गर्ने निर्णय । बैठकपछि ओलीद्वारा सचिवालयको निर्णय नमान्ने घोषणा । साँझ ओली–नेपाल भेट । ओली समूहको छुट्टै बैठक ।

## भित्र

**समाचार । २**
शशांक भन्छन्– 'अब शेरबहादुरजीलाई रोक्छु'

**समाचार । ३**
दुलही सजिएर बसिन्– न दुलाहा आए, न जन्ती

**कला र शैली । ८**
बोरामाथि पलेँटी कसेर फिल्म हेर्ने अहिले सुतेर हेर्छन्

**अर्थ वाणिज्य । ११**
हुम्लामा होटल बुकिङ शून्य

# एकै दिन ४ अर्बको सेयर

बैंकिङ, लघुवित्त, बिमा, जलविद्युत्, होटल र उत्पादन तथा प्रशोधन समूहका केही कम्पनीको चलखेल भएको आशंका

**यज्ञ बञ्जाडे** (काठमाडौं)

सेयर बजारमा बुधबार ४ अर्ब १५ करोड ४८ लाख रुपैयाँको कीर्तिमानी कारोबार भएको छ । सेयर कारोबार मापक नेप्से परिसूचक यस दिन झन्डै ५१ अंकले बढेर १ हजार ५ सय ९३.१३ विन्दुमा पुग्यो । अघिल्लो दिन ४३.०२ अंकले बढेको थियो । आइतबार ३ अर्ब ६० करोड रुपैयाँको कारोबार भएको थियो । १२ उपसमूहको परिसूचक उकालो लागेपछि बुधबार समग्र नेप्से उच्च अंकले बढेको हो । अर्थमन्त्री युवराज खतिवडाको बहिर्गमनको चर्चासँगै सेयर कारोबार बढ्नुलाई जानकारहरूले 'अर्थपूर्ण संयोग' मानेका छन् ।

केही कम्पनीको कारोबार छोटो समयमै धेरै अंकले बढ्नुमा पर्याप्त प्राकृतिक आधार नदेखिएको धितोपत्र बोर्डका अध्यक्ष भीष्मराज ढुंगानाले बताए । 'निर्जीवन बिमा, लघुवित्त, जलविद्युत्, उत्पादन तथा प्रशोधनलगायत समूहअन्तर्गतका केही कम्पनीको सेयर कारोबार धेरै बढ्नुमा पर्याप्त आधार देखिँदैन,' उनले भने । बजारलाई धितोपत्र बोर्डले निरन्तर सूक्ष्म रूपले हेरिरहेको जानकारी दिँदै उनले डराइहाल्नुपर्ने अवस्था नरहेको बताए ।

'लगानीकर्ताले राम्रा कम्पनी छानेर लगानी गर्नुपर्छ,' उनले भने । बुधबार ३२ हजार १ सय ५४ वटा सेयर कारोबार हुँदा करिब ९९ लाख ७ हजार कित्ता सेयरको किनबेच भएको छ । **बाँकी पृष्ठ १३**

# राष्ट्रपति आउँदा बिदा !

बैतडी/दार्चुला (कास)– मन्दिरमा पूजा र भवन उद्घाटनको कार्यक्रममा राष्ट्रपति विद्यादेवी भण्डारी आउने भएपछि बैतडी र दार्चुलाका दुई/दुई पालिकाले सार्वजनिक बिदा दिने निर्णय गरेका छन् । बैतडीका पाटन नगरपालिका र दशरथचन्द नगरपालिका तथा दार्चुलाका शैल्यशिखर नगरपालिका र मालिकार्जुन गाउँपालिकाले बिहीबारका लागि सबै कार्यालय र



**बैतडी र दार्चुलाका चार पालिकाका सबै कार्यालय र शैक्षिक संस्थामा आज सार्वजनिक बिदा**

शैक्षिक संस्था बन्द गरेका हुन् । उनीहरूले राष्ट्रपतिलाई नागरिक अभिनन्दन पनि गर्ने घोषणा गरेका छन् । आफ्ना गाउँ र नगरवासीका लागि सूचना जारी गर्दै राष्ट्रपतिको स्वागतमा भेला हुन भनेका छन् । विद्यार्थीलाई अनिवार्य सहभागी हुन भनिएको छ ।


राष्ट्रपति भण्डारीले बिहीबार पाटनस्थित भीमदत्त पोलिटेक्निक इन्स्टिच्युटको भवन र छात्रावास उद्घाटन गर्ने कार्यक्रम छ । त्यसपछि दशरथचन्द नगरपालिकास्थित त्रिपुरासुन्दरी मन्दिरमा पूजा गर्ने दशरथचन्दका नगरप्रवक्ता चक्रप्रसाद शर्माले बताए । राष्ट्रप्रमुख जिल्ला आउँदा सार्वजनिक बिदा दिनु राम्रो निर्णय भएको उनले दाबी गरे । पाटन र दशरथचन्द नगरले राष्ट्रपति भण्डारीलाई नागरिक अभिनन्दन गर्ने कार्यक्रम छ ।

सार्वजनिक बिदा दिने निर्णयले बालबालिकाको पढाइ प्रभावित हुने शिक्षकहरूले बताए । 'राष्ट्रप्रमुख आउँदा कार्यक्रमस्थल नजिकका विद्यालयका विद्यार्थी जानु, स्वागत गर्नु ठिकै भए पनि सबै विद्यालय बन्द गर्न जरुरी थिएन,' दशरथचन्द माविका प्रधानाध्यापक तेजप्रकाश भट्टले भने ।

राष्ट्रपतिले बिहीबारै मालिकार्जुन गाउँपालिकास्थित मालिकार्जुन मन्दिरमा विशेष पूजापाठ गर्ने कार्यक्रम छ । जिल्लाका शैल्यशिखर नगरपालिका र मालिकार्जुन गाउँपालिकाले सार्वजनिक बिदा घोषणा गर्दै स्वागतका लागि उपस्थित हुन सर्वसाधारणलाई सूचना जारी गरेका छन् ।

शैल्यशिखर नगर कार्यपालिकाको बुधबारको बैठकले बिदा दिने निर्णयसँगै नगरवासीलाई राष्ट्रपतिको स्वागतका लागि उपस्थित हुन अनुरोध गर्दै सूचना जारी गरेको निमित्त प्रमुख प्रशासकीय अधिकृत अरुणप्रसाद जोशीले जानकारी दिए । नागरिक अभिनन्दन र स्वागतका लागि गाउँपालिकाले बिदा दिने निर्णय गरेको मालिकार्जुन गाउँपालिका अध्यक्ष नरेन्द्रसिंह धामीले बताए । **बाँकी पृष्ठ १४**



## छोटकरी

### दुई मृत भेटिए

विराटनगर (कास)- तेह्रथुमको फेदाप गाउँपालिका २ का ५७ वर्षीय टेकबहादुर लिम्बू गाउँकै कुलोनजिक मृत फेला परेका छन् । कुलो बनाउन जाने भनेर घरबाट हिंडेका उनी नफर्केपछि खोजी गर्दा बुधबार मृत अवस्थामा भेटिएको प्रहरीले जनाएको छ । यसैगरी भोजपुरको हतुवागढी गाउँपालिका ६ का २८ वर्षीय गौतम राईको खोलाले बगाएर मृत्यु भएको छ । छिन्ताङस्थित ससुराली घर पुगेर फर्कने क्रममा स्थानीय ठाडो खोलामा बगेर उनको मृत्यु भएको प्रहरीले जनायो ।

### ६ करोडमा दुग्ध उद्योग

मोरङ (कास)- विराटनगर महानगर १४ जतुवामा ६ करोड लगानीमा सूर्योदय मिल्क एन्ड बेभरेज उद्योग सञ्चालनमा ल्याइएको छ । उद्योगको बुधबार प्रदेश १ का मुख्यमन्त्री शेरधन राईले उद्‍घाटन गरे । आधुनिक प्रविधियुक्त उद्योगले प्रतिघण्टा दैनिक २० हजार लिटर दुध प्रशोधन गर्ने सञ्चालक अनुज यादवले बताए । प्रारम्भिक चरणमा ६ करोड लगानी गरिएको उनले जनाए ।

### विदेश पठाउने भन्दै ठग्ने पक्राउ

विराटनगर (कास)- रोजगारीका लागि विदेश पठाइदिने भन्दै २० लाखभन्दा बढी रकम ठगी गरेको आरोपमा प्रहरीले सुनसरी इटहरीका लोकेन्द्र कार्कीलाई पक्रेको छ । उनले भरपर्दो म्यानपावर कम्पनीमार्फत विदेश लगेर रोजगारीमा लगाइदिने भन्दै रकम उठाएको प्रहरीले जनाएको छ । उनले जग्गा किनाइदिने भन्दै बैना रकम लिएर समेत सर्वसाधाररणलाई ठगी गर्ने गरेको प्रहरीले जनाएको छ । कार्कीको साथबाट विभिन्न बैंक र वित्तीय संस्थाको चेकबुकलगायत सामग्री बरामद गरिएको छ ।

# जेनतेन चल्दै सामुदायिक

- कक्षा तीनसम्म पढाइ हुने विद्यालयमा जम्मा चार विद्यार्थी
- पढाउन कार्यालय सहयोगीको भर


**कुम्भराज राई** (ओखलढुंगा)

सानोजुरे आधारभूत विद्यालय मानेभन्ज्याङ गाउँपालिका-३ मा पर्छ । कक्षा ३ सम्म पढाइ हुने यहाँ जम्मा चार विद्यार्थी छन् । सोमबार साढे १० बजे विद्यालय पुग्दा कार्यालय सहयोगी सुशीला राई भर्खरै कार्यालय खोल्दै थिइन् । विद्यार्थी आइसकेका थिएनन् ।

'खै त विद्यार्थी ?' भन्ने प्रश्नमा सुशीलाले 'आउँदै छन्' भन्ने जवाफ दिइन् । नभन्दै दुई छात्रा आइपुगे । तीमध्ये एक सुशीलाकै छोरी थिइन् । बाहिरै राखेर सुशीलाले उनीहरूलाई पढाइन् । विद्यालयका शिक्षक ठण्डसिं राई कार्यालयको कामले गाउँपालिका गएकाले सुशीला आफैंले पढाइन् । 'सर नहुँदा मैले नै पढाउने गर्छु ।' सुशीलाले भनिन्, 'सर हुँदा पनि सरले अंग्रेजी, गणितजस्ता विषय पढाउनुहुन्छ । मैले नेपाली र सामाजिक पढाउने गर्छु ।' एक शिक्षक र एक कार्यालय सहयोगी भएको यस विद्यालय यसरी नै चल्दै आएको छ ।

मोलुङ गाउँपालिका-२ स्थित प्रभु आधारभूत विद्यालयको अवस्था पनि त्यस्तै छ । भर्ना संख्या ११ छ । तर औसतमा चार जना विद्यार्थी हाजिर हुन्छन् । एक शिक्षक र बाल विकासका एक शिक्षिकालाई गरी भागमा दुई जना विद्यार्थी पर्छन् । थोरै विद्यार्थी भएपछि पढाउने शिक्षक सक्रिय हुन नसकिने प्रधानाध्यापक कुलबहादुर बानियाँले बताए ।

'पहिले यही विद्यालयमा ७० भन्दा बढी विद्यार्थी हुँदा बहुकक्षा विधिबाट भ्याइनभ्याई पढाको हो,' उनले भने, 'अहिले दुई जनालाई पढाएर बस्दा खासै जाँगर पनि चल्दैन ।' गाउँका अधिकांश बालबालिकाहरू निजी विद्यालयमा जाने चलनले विद्यालय रित्तिएको उनले बताए । सानोजुरे र प्रभु आधारभूत, दुवै विद्यालय २०६९ सालमा घटुवा भएका हुन् । त्यसअघि कक्षा ५ सम्म पढाइ हुन्थ्यो ।



मोलुङ–२ स्थित प्रभु आधारभूत विद्यालयमा दुई विद्यार्थीलाई पढाउँदै प्रधानाध्यापक कुलबहादुर बानियाँ । *तस्बिर : कुम्भराज/कान्तिपुर*

तत्कालीन जिल्ला शिक्षा कार्यालयले कतिपय विद्यालयलाई विद्यार्थी संख्या कम भएकै कारण विद्यालय मिलान र घटुवा गरेको थियो । जिल्लामा तीन सय ३१ वटा सामुदायिक विद्यालयहरू छन् । त्यसमध्ये ५४ वटा विद्यालयमा २० भन्दा कम विद्यार्थी संख्या छन् । भर्ना संख्या धेरै देखिए पनि एकजना, दुईजना विद्यार्थीको भरमा चलेका विद्यालयको संख्या एक दर्जनभन्दा बढी छन् । घरधुरी र बालबालिका संख्या हेर्ने हो भने विद्यालय आवश्यक देखिन्छ । तर अभिभावकको आकर्षण भने निजी विद्यालयमा मात्र देखिन्छ । त्यसैको कारण सामुदायिक विद्यालयहरू रित्तिने अवस्थामा पुगेका हुन् ।

पूर्वाधार र जनशक्तिको हिसाबले संस्थागतको तुलनामा सामुदायिक विद्यालय राम्रो भए पनि अभिभावकलाई विश्वास दिलाउन नसकेको शिक्षा समन्वय इकाईका प्रमुख भीमप्रसाद मिश्रले बताए । 'पहिलेभन्दा बालबालिकाको संख्या जन्मदरकै आधारले पनि घटेको छ ।' प्रमुख मिश्रले भने, 'अनि मुख्य कारण सामुदायिक विद्यालयका शिक्षकहरूले अभिभावकलाई विश्वास दिलाउन सकेनन् । आफ्नै शिक्षण सिकाइको विश्वास नभएपछि कसरी अभिभावकलाई विश्वास दिलाउन सकिन्छ त ? यहाँ सरासर शिक्षकको कमजोरी देखिन्छ ।'

अंग्रेजी भाषाको मोहको भ्रमले अभिभावकहरू पनि निजी विद्यालयमा आकर्षित भएको उनले बताए । केही विद्यालयले अंग्रेजी माध्यमबाट पढाइसहित शिक्षाको गुणस्तर सुधार गर्दा थोरै संख्यामा विद्यार्थी बढेको उदाहरण छन् । तर अधिकांश सामुदायिक विद्यालयको अवस्था नाजुक छ ।

जिल्लामा २ सय ५९ वटा आधारभूत तहका विद्यालय छन् । त्यसमध्ये कक्षा १ देखि ५ सम्म पढाइ हुने २ सय ९ विद्यालय छन् । ८ कक्षा सम्म पढाइ हुने ५० वटा विद्यालय छन् । माध्यमिक तहमा कक्षा १० सम्म पढाई हुने ४७ वटा र कक्षा १२ सम्म पढाइ हुने २५ वटा विद्यालय छन् । ती विद्यालयमा दरबन्दीका स्थायी शिक्षकहरू १ हजार ९९ सय छन् भने राहत र निजी स्रोतमा ४ सय २७ शिक्षक कार्यरत छन् ।

बालकक्षादेखि कक्षा १२ सम्म जिल्लामा हाल ३४ हजार ९ सय १७ छात्रछात्रा अध्ययनरत रहेको शिक्षा समन्वय इकाईको अभिलेखमा उल्लेख छ ।


## आवश्यकता!!
## आवश्यकता!!
## आवश्यकता!!!

यस **महाविर ट्रेड कन्सर्न प्रा.लि.** विराटनगर को लागि निम्न कर्मचारी आवश्यक भएको हुनाले ईच्छुक नेपाली नागरिकहरूले आफ्नो योग्यताको प्रमाणपत्र, बायो डाटा, नागरिकताको फोटो कपी सहित १० दिन भित्रमा आवेदन दिनु होला ।

| क्र.सं. | पद | आवश्यक संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|
| १. | बजार प्रतिनिधी | ६ | कम्तीमा १२ पास गरेको हुन पर्ने |

ईङ्गलीस, नेपाली र हिन्दी प्रष्ट आउनु पर्ने
कम्प्यूटरको नलेज भएको
अटो पार्ट्सको जानकारी भएकोलाई प्राथमिकता
मोटरसाईकल चालउन जान्ने साथै लाईसेन्स प्राप्त हुनु पर्ने ।

सम्पर्क नं.: ०२१-५०००४६९ / ९८५२०३४२०२
ईमेल: mtcbrtmahavir@gmail.com


# 'नियन्त्रण होइन नियमन'

मोरङ (कास)- पूर्वप्रधानन्यायाधीश कल्याणकुमार श्रेष्ठले नियमनको नाममा पत्रकारिता क्षेत्रलाई नियन्त्रणमा पारिन नहुने बताएका छन् । मानव अधिकार पत्रकार समाजले विराटनगरमा आयोजना गरेको 'नेपालमा संघीयता कार्यान्वयनमा सरोकारवालाको भूमिका' विषयक अन्तर्क्रियामा बोल्दै उनले यस्तो बताएका हुन् ।

'विभिन्न मुलुकमा पत्रकारिता क्षेत्रलाई नियन्त्रण गर्ने कार्य भइरहेको छ,' उनले भने, 'पत्रकारिता क्षेत्र नियन्त्रित हुनु भनेको अभिव्यक्ति स्वतन्त्रतामाथि प्रहार हो, अभिव्यक्ति स्वतन्त्रताबिना लोकतन्त्र रहन सक्दैन ।' उनले सरकारले साइबर क्राइम, विद्युतीय अपराधलगायतको नाममा मिडिया क्षेत्रमाथि नियन्त्रण बढाउँदै लगेकामा चिन्ता व्यक्त गरे । 'संसारभरि मिडिया क्षेत्र नियन्त्रित भइरहेको छ एकातिर सामाजिक सञ्जालको प्रभाव अर्कोतिर फेक न्युजको हल्ला छ,' श्रेष्ठले भने, 'यस्तो अबस्थामा मिडिया क्षेत्र सशक्त भएर अघि बढ्नुको विकल्प छैन ।'

उनले संविधान कार्यान्वयनका लागि दरिलो अर्थतन्त्र नभए कार्यान्वयन नहुने बताए । अन्नपूर्ण पोस्टका सम्पादक हरिबहादुर थापाले पत्रकारिता क्षेत्रमा बढेको राजनीतिक प्रभावले पनि मिडिया क्षेत्र कमजोर बन्दै गएको बताए । पत्रकारले तटस्थ भएर काम गर्नुपर्नेमा उनले जोड दिए । प्रदेश १ का सामाजिक विकासमन्त्री जीवन घिमिरेले संघीय सरकार अधिकार केन्द्रित गर्ने मानसिकताबाट माथि उठ्न नसक्दा समस्या भएको बताए ।


## मोटरसाइकल हरायो

मिति २०७६ साल फागुन १२ गते विराटनगर-३ औषधी विभाग घरमा राखेको मोटरसाईकल हराएको हुनाले थाहा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा तलको ठेगानामा सम्पर्क गरिदिनु होला ।
**नाम:** अजय कामत
**ठेगाना:** विराटनगर उप–महानगरपालिका वडा नं.: ३, मोरङ्ग
**सम्पर्क नं.:** ९८१६३३००७८
**मो. सा. नं.:** प्रदेश १, १–२०–०४० प ९८७८
**चेचिस नं.:**MD2A11CY7KPE29877
**ईन्जिन नं.:**DHYRE-72028
**मोटरसाइकल:** Pulsar 150
**रंग:** BLACK/RED

## मोटरसाइकल हरायो

मिति २०७६ साल फागुन १२ गते विराटनगर-३ औषधी विभाग घरमा राखेको मोटरसाईकल हराएको हुनाले थाहा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा तलको ठेगानामा सम्पर्क गरिदिनु होला ।
**नाम:** बद्री कामत
**ठेगाना:** विराटनगर उप–महानगरपालिका वडा नं.: ३, मोरङ्ग
**सम्पर्क नं.:** ९८०७०१३०४८
**मोटरसाइकल नं.:** को ३६ प. ५७२५
**चेचिस नं.:**MD2A92CY4JCF-41475
**ईन्जिन नं.:**JEYCJF-68720
**मोटरसाइकल:** Pulsar 160NS
**रंग :** GRAY


# हिमपातले सेताम्य लेकाली डाँडा

इलाम (कास)- फागुन दोस्रो साता पनि जिल्लाका लेकाली डाँडा हिउँले सेताम्य बनेका छन् । पुसयता यो क्षेत्रमा हिउँ पर्ने क्रम जारी छ । २ हजार ५ सय मिटर आसपास र माथिल्लो क्षेत्र हिउँले ढाकिएको छ । त्यस क्षेत्रको जनजीवन चिसोका कारण प्रभावित बनेको छ ।

समुद्री सतहबाट ३ हजार ६ सय ३६ मिटरको सन्दकपुरसहित आसपासका आहालटार, बिखे भन्ज्याङ, कालपोखरी, छिन्टापु, जौवारी, कैयाकट्टा, माबु थामलगायत क्षेत्रमा व्यापक हिमपात भएको हो ।

स्थानीयका अनुसार यो पटक कम उचाईसम्म हिउ झरेको छ भने अघिल्ला वर्षभन्दा बाक्लो गरी हिउँ जमेको छ । 'कुनै कुनै स्थानमा त हिउँमा खुट्टा पूरै भासिने गरी बाक्लो छ,' जौबारीका पासाङ शेर्पाले भने, 'हिउँदभर यो वर्ष पटकपटक हिमपात भएको हो ।'

यसअघि कमै मात्र हिउँ खस्ने माबुथाम पनि सेताम्ये देखिएको छ । पाँचथर सीमावर्ती कुहिभीर, पाँचथरको पौवा, सिलौटी, साधुटारलगायतका क्षेत्रमा पनि यो पटक बाक्लो हिमपात भएको हो । हिउँमा रमाउने राँके पौवा क्षेत्रमा इलाम र पाँचथरबाट मात्र नभएर तराईका जिल्लाबाट पनि बाक्लो उपस्थिति हुने गरेको राँकेका व्यवसायी तथा इलाम उद्योग वाणिज्य संघका सचिव शिरी विष्टले जानकारी दिए ।


यस क्षेत्रमा टाढाबाट पनि हिउँ खेल्दै रमाउने पुग्ने क्रम बढेको छ । हिमपातका कारण जिल्लाकै अग्लो सन्दकपुरतर्फ जाने सवारी आवागमन बन्द भएको छ । नेपाल र भारत दुवैतर्फबाट सन्दकपुर जाने सडक अवरुद्ध भएका हुन् । नियमित सवारी आवागमन हुने सीमावर्ती क्षेत्रका अधिकांश सडकमा सवारी साधन चल्न सकेका छैनन् ।

हिमपातले भारतको दार्जिलिङ सीमावर्ती मेघमा, तुम्लिङ, जौबारी, कालपोखरीलगायत बजार बन्द छन् । पुसको पहिलो साता पनि उच्च पहाडी क्षेत्रमा वर्षासँगै हिमपात भएको थियो । हिमपातपछि चिसो धेरै बढ्दा यहाँका व्यवसायी र पशुपालक कृषक भने समस्यामा छन् ।

हिमपातले मानेभन्ज्याङदेखि ३२ किलोमिटरको दूरीमा रहेको सन्दकपुरसम्मका सडकमा कतिपय स्थानमा अवरोध छ । बाक्लो हिउँ जमेकाले सवारीका साधन चल्न कठिन हुने स्थानीयले बताएका छन् ।




इलामको उत्तरी जौबारी बजारमा भएको हिमपात । *तस्बिर : विप्लव भट्टराई/कान्तिपुर*















## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | अधिक खर्च | तुला | आलोचित हुने |
| वृष | नयाँ कार्य आरम्भ | वृश्चिक | मनोकांक्षा पूर्ण |
| मिथुन | कार्य सिद्धि | धनु | कान्ति क्षय |
| कर्कट | धर्म बढ्ने | मकर | शत्रु परास्त |
| सिंह | अपव्यय | कुम्भ | अपेक्षित लाभ |
| कन्या | प्रतिष्ठा प्राप्त | मीन | उत्साहप्रद |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल फाल्गुन १६ गते शुक्रबार तदनुरुप २८ फरवरी २०२० फाल्गुन शुक्लपक्ष पञ्चमी तिथि प्रात: ५:५६ बजेसम्म उप्रान्त षष्ठि तिथि, अश्विनी नक्षत्र रात्रिको १:२६ बजेसम्म उप्रान्त भरणी नक्षत्र, शुक्ल योग प्रात: ९:२८ बजेसम्म उप्रान्त ब्रम्हा योग, बब करण दिनको ५:४ बजेसम्म उप्रान्त बालब करण, मेष राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | | | |
|---|---|---|---|
| ५:०० | भक्तिसुर | ५:०० | कल कान्तिपुर |
| ५:३० | आध्यात्मिक सन्देश | ६:०० | कान्तिपुर न्यूज |
| ६:०० | जीवन विज्ञान | ६:३० | सुमनसँग (रिपिट) |
| ६:३० | भजन | ७:०० | कान्तिपुर समाचार |
| ७:०० | कान्तिपुर समाचार | ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | गुडमर्निङ नेपाल | ८:०० | कान्तिपुर समाचार |
| ८:३० | कान्तिपुर न्युज | ९:०० | ह्वाट द फ्लप |
| ९:०० | इट्स माइ सो (रिपिट) | १०:०० | सुमनसँग (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार | १०:३० | कान्तिपुर न्युज |
| १०:३० | फिल्म टनिक (रिपिट) | ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:०० | कान्तिपुर न्यूज | ११:३० | कान्तिपुर समाचार |
| ११:३० | रजतपट (रिपिट) | १२:०० | कल कान्तिपुर रिपीटेड |
| १२:०० | कान्तिपुर समाचार | १:०० | कान्तिपुर न्यूज रिपीटेड |
| १२:३० | सरोकार (रिपिट) | १:३० | सुमनसँग (रिपिट) |
| १:३० | हियर्ज टु लाइफ (रिपिट) | २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:०० | कान्तिपुर समाचार | २:३० | हिअर्ज टू लाईफ (रिपिट) |
| २:३० | बलियो घर (रिपिट) | ३:०० | कल कान्तिपुर रिपीटेड |
| ३:०० | इट्स माई सो (रिपिट) | ४:०० | ह्वाट द फ्लप (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार | | |
| ४:३० | रजतपट (रिपिट) | | |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | | | |
|---|---|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (अच्यूत सुवेदी) | १५:०० | कान्तिपुर डायरी |
| ०६:३० | कान्तिपुर डायरी | १५:१५ | तमु चौतारी (सहज कु. घले) |
| ०७:०० | द हेडलाइनर्स | १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| ०७:३० | शिक्षा संवाद (कमला) | १६:०५ | बी-स्कोप |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी | १७:०० | डिष्ट्रिक्ट डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (स्मीता) | १७:०५ | को भन्दा को कम (सन्जोक बस्याल) |
| ०८:३० | ओल्ड इज गोल्ड | १८:०० | मुक्तिको सन्देस |
| ०९:०० | कान्तिपुर डायरी | १८:३० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट | १९:०० | यो माया भन्ने चीज यस्तै हो (प्रियंका) |
| ०९:१५ | राष्ट्रिय गीत | २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| ०९:२० | रेडियो टक (किरण) | २०:०५ | हिप हप हसल (स्मीता) |
| १०:०० | स्पोर्टस् डायरी | २१:०० | कान्तिपुर डायरी |
| १०:०५ | द लाइफ स्टाइल सो (सागरिका) | २१:२५ | न्युज मेकर अफ द डे |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी | २१:३० | इन्द्रेनी |
| ११:०५ | द लाइफ स्टाइल सो (सागरिका) | २२:०० | शब्द श्लाघा (भूपेन्द्र) |
| १२:०० | कान्तिपुर डायरी | २३:०० | सुनौलो यादहरु (दीपाञ्जली) |
| १२:१० | हिट लिस्ट (शुभराज) | २४:०० | हिट लिस्ट (रेमन) |
| १३:०० | डिस्ट्रिक डायरी | ०१:०० | सफर (राजेश) |
| १३:०५ | के छ नेपाल (निशान्त) | ०२:०० | नेपाली गीतहरु लगातार |
| १४:०० | इन्टरनेसनल डायरी | ०३:०० | हिन्दी गीतहरु लगातार |
| १४:०५ | के छ नेपाल (निशान्त) | ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **दमकल** | |
| विराटनगर | ०२१-४२००० |
| इटहरी | ०२५-५८०१०१ |
| धरान | ०२५-५२०१९९ |
| इनरुवा | ०२५-५६०१०१ |
| दमक | ०२३-५८०१०१ |
| भद्रपुर | ०२३-५१०१०१ |
| धनकुटा | ९८५२०६११०१ |
| कोसी अञ्चल अस्पताल विराटनगर | ५३०१०३/५२४२३४ |
| मेची अञ्चल अस्पताल, भद्रपुर | ०२३-५२००२४ |
| वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान | ०२५-५२५५५५ |
| रक्तसञ्चार केन्द्र, विराटनगर | ०२१-५२३३२६ |
| विराटनगर आँखा अस्पताल | ०२१-४३६३६० |
| रक्तसञ्चार केन्द्र, धरान | ०२५-५२०९६८ |
| **एम्बुलेन्स** | |
| विराटनगर सेन्ट्रल | ०२१-५३७००१ |
| लाइफगार्ड अस्पताल, विराटनगर | ९७४२०४२३३३ |
| दुहबी जेसिज, सुनसरी | ०२५-५४०४३५ |
| शव बाहन, विराटनगर | ०२१-५२५८७४ |
| **प्रहरी** | |
| जिल्ला प्रहरी कार्यालय, मोरङ | १००/९८५२०२६७५० |
| इलाका प्रहरी कार्यालय, उर्लाबारी | ५४०९९०/९८५२०९०१३६ |
| इलाका प्रहरी कार्यालय, रंगेली | ५८०१३०/९८५२०९०१४४ |
| क्षेत्रीय ट्राफिक कार्यालय, इटहरी | ०२५-५८०१०५/९८५२०९०१६१/१०३ |

**काठमाडौंका महत्त्वपूर्ण नम्बर**

| | |
|---|---|
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| नेपाल मेडिसिटी अस्पताल | ११३४, ४२१७७६६, ४२१७७५५ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# लाटोफुस्रो दागले गाउँ छुटायो

## सुदूर पहाडका धेरै कुष्ठरोगीले अपमान सहे, कतिपय गाउँनिकाला भए तर बेलैमा उपचार पाएकाहरू भने निको भएर सम्मानपूर्वक जीवन बिताइरहेका छन्

### कुष्ठरोगीको पीडा

**डीआर पन्त** (डडेलधुरा)
**भवानी भट्ट** (कञ्चनपुर)



कञ्चनपुरको वेदकोट-५, धरमपुरमा कुष्ठरोगको कारण अपांगता भएका स्थानीय ।
*तस्बिर : भवानी/कान्तिपुर*

पाप लागेर कुष्ठरोगी भएको भन्दै गाउँ निकाला भएका जयबहादुर खड्का उपचारपछि निको भइसकेका छन् । उनलाई कुष्ठरोग लागेर पाएको सास्तीभन्दा गाउँ निकाला गरेको पीर बढी छ । त्यस्तै अवस्थाका सीता साउद र राजबहादुर खड्का पनि कुनै समय गाउँबाट निकालिए थिए । गाउँबाट निकालिनुको पीडा उनीहरूमा अहिले पनि बल्भिरहन्छ ।

विसं २०१६ तिर गाउँबाट लखेटिएका जयबहादुर अहिले ८१ वर्षका भए । युवा उमेरमा गाउँ छाड्न बाध्य पारिएका उनी ६० वर्ष बित्यो, फेरि फर्केर गएका छैनन् । 'रोग त निको भयो, जीउभरि खत छन्, त्योभन्दा बढी घर छाड्न बाध्य पारिएको चोट मनमा छ,' उनी भन्छन्, 'जमाना पनि त्यस्तै थियो । त्यो बेला कुन बिमारी हो भन्ने खुट्याउने कोही थिएन ।' डडेलधुरा र डोटी सिमानाको छतिवन नजिकै सडकछेउमा बस्दै आएका खड्का आफूले गाउँ छाड्नुपर्दाका दिन सुनाउन सजिलो मान्दैनन् । छोराले सम्झाएपछि बल्ल मुख खोले, 'हुम्ला कालिकातिर मेरो जन्मथलो हो । २१ वर्षको उमेरमा गाउँनिकाला भएको, म त्यसपछि कहिल्यै गाउँ फर्केर गइनँ ।'

गाउँ छाडेपछि केही समय हुम्ला र बाजुराको सिमानामा पर्ने एउटा गुफामा दिन बिताए । बाटो थिएन । गोरेटो र जंगल हुँदै १५ दिनसम्म भोकभोकै हिँडेर डडेलधुरा पुगे । 'डडेलधुराको पोखरा नजिकै पाल टाँगेर विदेशी डाक्टरले कुष्ठरोगीको उपचार गरिरहेका थिए,' उनी भन्छन्, 'भाग्यले मैले पनि अरू १६ जनासँगै पालभित्र उपचार पाएँ ।' उपचार पाउनेहरू कालीकोट, अछाम, दार्चुलाका विभिन्न ठाउँबाट उनीजस्तै परिस्थितिका सिकार भएर आएका थिए । आफू जसरी नै कुष्ठरोगको उपचार गराउन आएकी बझाङको ज्यावन क्षेत्रकी महिलासँग उनले बिहे गरे । सन्तान भयो । केही वर्षअघि श्रीमतीको मृत्यु भएको बताएका उनी अहिले छोरासँग बस्छन् ।

सीता साउद अहिले ७० वर्षकी भइन् । बालविवाहको चलन थियो । उनको १२ वर्षकै उमेरमा बिहे भयो । त्यसको तीन वर्षमै जीउमा लाटोफुस्रो दाग आउन थाल्यो । बैतडीको तल्लो स्वराड क्षेत्रकी उनी सुरुमा रोग लुकाएर बसिन् । जब बढ्दै गयो, सबैले थाहा पाए । परिवार र आफन्तसँगै छिमेकीसमेतले छिछि र दुरदुर गर्न थाले । उपचार गराउन लैजानुको साटो परिवारबाटै अपहेलित भएपछि उनी खप्न नसकेर माइती आइन् । त्यहाँ पनि उस्तै तिरस्कार बेहोर्नुपर्‍यो । 'त्यो जमाना त्यस्तै थियो, रोग लागेकालाई उपचारका लागि लैजानुभन्दा समाजले अपमान गर्थ्यो,' कञ्चनपुरको वेदकोट नगरपालिका-५ धरमपुरकी ७० वर्षीया साउद भन्छिन्, 'कुष्ठरोग लागेका सुरुका वर्ष अनेक पीडा खेप्नुपर्‍यो ।' डडेलधुराको टिम अस्पतालमा उनले १० वर्ष उपचार गराइन् र निको भइन् । 'दुई वर्षसम्म अस्पतालमै बसेर उपचार गराउनु पर्‍यो,' उनी भन्छिन्, 'पछि पूरै बिसेक हुन डाक्टरले दिएको ओखती लामो समयसम्म खानुपर्‍यो ।'

राजबहादुर खड्काको पनि समस्या धेरै फरक छैन । उनलाई पनि बालखै छँदा कुष्ठरोगले समात्यो । के अनौठो रोग भनेर छरछिमेकी र आफन्तले हेला गरे । गाउँ छाडेर उपचार गर्न डडेलधुरा पुगे । उपचार पाएपछि रोग निको भयो । 'घरमा बस्न त के बाटोघाटोमा हिँड्नसमेत दिँदैनथे,' ५५ वर्षीय राजबहादुरले बाल्यकाल स्मरण गरे, 'खेतबाट हिँड्न खोज्दा पानी नै बिग्रिन्छ भन्थे । कतै जानुपरे राति लुकेर हिँड्नुपर्थ्यो ।'

### अस्पतालले फेरेको जीवन

शिक्षा र पूर्वाधार विकासको चरण बामे सर्न लागेका बेला समाज अन्धविश्वासी थियो । कुष्ठरोगबारे जनचेतना अभाव हुँदा रोगी अपमानित भइरहेका थिए । विसं २०२५ मा डडेलधुरामा टिम अस्पताल स्थापना भएपछि भने कुष्ठरोगको उपचार सुरु भयो । सुदूरपश्चिमसँगै कर्णाली क्षेत्रका बिरामीसमेत उपचारका लागि आए । परिवारबाट अपहेलित भएका धेरैजना रोग बिसेक भएपछि पनि घर फर्केनन् । अस्पतालमै खानेबस्ने सुविधा भएकाले उपचार अवधिसम्म कुनै समस्या थिएन । उनीहरूले डडेलधुरा क्षेत्रमै मजदुरी तथा अन्य काम गरेर गुजारा चलाउन थाले । कतिपयले उपचारकै क्रममा आफूजस्तै अवस्थाबाट गुज्रेकासँग घरजम पनि गरे । रोगकै कारण घरबार बिग्रेकाहरूले अस्पतालमै विवाह गरे । टिम अस्पताल र कुष्ठरोग निवारण संघको पहलमा सरकारले पुनःस्थापनाको कार्यक्रम पनि ल्यायो । अहिलेको धरमपुर क्षेत्रमा सरकारले उनीहरूलाई घरजग्गा दिएर बसोबास गराउने निर्णय भयो । त्यही निर्णयअनुसार धरमपुरबस्ती स्थापना भएको हो । टिम अस्पतालबाट उपचार गराएर आएकाहरूको बस्ती भएका कारण यहाँका स्थानीयले अहिले पनि 'टिम टोल' भन्ने गरेका छन् ।

### पुनःस्थापना गरेर बसाइयो बस्ती

धरमपुर क्षेत्रमा कुष्ठरोगीको पुनःस्थापना २०२९ देखि सुरु भएको हो । एक दशकमा यहाँ २८ परिवारको पुनःस्थापना भएको छ । 'हामी सुरुमै आएर यहाँ बसोबास गर्न थालेका हौं,' टिम अस्पतालमा उपचारपछि धरमपुर क्षेत्रमा बसोबास सुरु गरेका ६७ वर्षीय धनबहादुर रोकायाले भने, 'सुरुमा हामी तीनजना आएका हौं । त्यसपछि हरेक वर्ष थपिँदै गए ।' रोकाया बाजुराको काँडाबाट उपचारका लागि टिम अस्पताल आएका थिए । उनका अनुसार २०३९ मा २८ जनाका नाममा जग्गाधनी पुर्जा बनेको थियो । हरेकका नाममा २२ कट्ठा जमिन र काठले बनेका घरसँगै एक वर्षको खाद्यान्न पनि सरकारले नै उपलब्ध गराउँथ्यो । यसबाहेक २८ परिवारका लागि खानेपानीका दुई ह्यान्डपम्प, हरेक परिवारलाई एक/एकवटा गोरु उपलब्ध गराइएको थियो । 'हामीहरू दुई परिवार मिलेर एक हल गोरु बनाएर खेत जोत्ने गर्थ्यौं,' रोकाया भन्छन्, 'सुरुका वर्ष उब्जनी राम्रो नहुँदासम्म भनेर एक वर्ष पुग्ने रासनसमेत पाएका थियौं ।'

दुई दशकपछि २०५१ मा पनि धरमपुर क्षेत्रमा थप २६ परिवारलाई पुनःस्थापना गरिएको थियो । सुरुमा पुनर्स्थापना भएको बस्तीलाई तल्लो धरमपुर र पछि स्थापना गरिएको बस्तीलाई माथिल्लो धरमपुर नामकरण गरिएको छ । दोस्रो चरणमा पुनःस्थापना गरिएका परिवारलाई आधा बिघा जमिन, काठको जस्तापाता लगाएको घर, घरैपिच्छे शौचालय र खानेपानीका नल्का जडान गरिएको थियो । काठ र जस्तापाताले बनेका एकनासका घर, एकै प्लटमा मिलेको जमिन भएकाले सुरुमा यो बस्ती नमुना नै थियो तर अहिले धेरैजसोले काठका ढाँचा फालेर पक्की घर बनाइसकेका छन् । ३० देखि ५० को दशकसम्म कुष्ठरोगीलाई पुनःस्थापना गरिएको क्षेत्र ढडुवाखर्कका नाममा चिनिन्थ्यो । यहाँ वन फाँडेर बस्ती बसाइएको हो । तत्कालीन राजा वीरेन्द्रको आदेशमा उनीहरूलाई सरकारले पुनःस्थापना गरेपछि बस्ती बस्न सुरु भएको हो । त्यस अघिसम्म डडेलधुरा र डोटीबाट गाईभैंसी चराउन आउनेहरूको खर्क थियो । यही कारणले यस क्षेत्रको नाम ढडुवाखर्क राखिएको थियो । जब कुष्ठरोगीहरूलाई पुनःस्थापना गरियो, त्यसपछि यो बस्ती टिम टोलका नामले चिनिन थाल्यो । स्थानीयले यो गाउँ फरक धर्म मान्नेको हो भन्दै गाउँकै नाम धरमपुर राखेको धनबहादुर बताउँछन् । उनका अनुसार सुरुमा कुष्ठरोगीलाई पुनःस्थापना गर्दा स्थानीयले होच्याएर कोडी र फाँटासमेत भन्ने गरेका थिए । गाउँको नाम सभ्य भाषाबाट राख्ने योजनाअनुसार २०५४/०५५ देखि धरमपुर भएको स्थानीय जयबहादुर बोहोरा बताउँछन् । वेदकोट नगरपालिका-५ का अधिकांश बस्ती ऐलानी छन् । २०२०/०२२ देखि चलनभोग भइरहेको भए पनि सुरुमा पुनःस्थापना भएको कुष्ठरोगीको बस्ती मात्रै दर्ता छ । पछिल्लो पटक पुनःस्थापना भएकाहरूले भने हालसम्म जग्गा धनीपुर्जा पाउन सकेका छैनन् ।

### हराउँदै गयो भेदभाव

धरमपुरमा पुनःस्थापना सुरु गर्दा तल्लो क्षेत्रका बासिन्दाले विरोध गरे । कुष्ठरोगीलाई माथिल्लो क्षेत्रमा राख्दा पानीका मुहान नै बिग्रिने भनेर स्थानीयले विरोध गरेका थिए । कतिपयले त उनीहरूलाई धपाउन नै खोजे । 'राति आएर घर भत्काउने, पानीका कुवामा फोहोर गरिदिन्थे,' राजबहादुरले भने, 'हामीसँग बोल्ने र हिँडडुल गर्ने पनि कोही हुँदैनथे । बिहे र व्रतबन्धलगायतमा पनि कसैले बोलाउँदैनथे । बाटो हिँड्दा पनि गाली गर्ने, थुक्नेहरू हुन्थे ।' रोगीहरूबीच मात्रै बोलचाल र सहयोग आदानप्रदान हुन्थ्यो । अहिले कुष्ठरोगीलाई हेर्ने दृष्टि फेरिएको छ । विगतमा बस्नै नदिनेहरूसमेत आफ्नो घरमा बोलाउन थालेको राजबहादुरले सुनाए । टिम अस्पतालमा उपचार पाएका राजबहादुरजस्ता धेरै जना अहिले सम्मानपूर्वक जीवन बिताइरहेका छन् । 'गाउँनिकाला भएपछि डडेलधुरा आउन सक्ने धेरैले नयाँ जीवन पाए,' उनी भन्छन्, 'कतिपय कुष्ठरोगी गाउँ नजिकका गुफामा कष्टको जीवन बिताएर मरे ।' काठमाडौंको वीर अस्पतालबाट २०१८ मा कुष्ठरोगको उपचार सुरु भएको हो । डडेलधुरामा भने २०१७ मै बेलायती चिकित्सक क्यात्रिना योङले पहिलोपटक कुष्ठरोगको उपचार गर्न सुरु गरेकी थिइन् । त्यसको आठ वर्षपछि २०२५ मा अमेरिकी डा. सिमनले टिम अस्पताल स्थापना गरे । टिम अस्पतालमा पछिल्लो ५१ वर्षको अवधिमा हजारौं कुष्ठरोगीले उपचार पाए ।

सात वर्षअघि टिम अस्पताललाई गाभेर उपक्षेत्रीय अस्पताल बनाइयो । अस्पतालका क्षयकुष्ठ सुपरभाइजर तारादत्त पन्त भन्छन्, 'उपक्षेत्रीय अस्पताल बनेको चार वर्षयता एक सय १५ जना कुष्ठरोगीको उपचार भएको तथ्यांक छ ।' अस्पतालमा डडेलधुरा बैतडी, डोटी, बाजुरा, बझाङ, अछाम र दार्चुलालगायत सुदूरका पहाडी जिल्लाबाट उपचारका लागि बिरामी आउँछन् । 'अस्पताल आइपुगेका सबैको उपचार भएको छ,' उनले भने, 'हरेक महिना सरदर ४/५ जना कुष्ठरोगी अस्पतालमा आइपुग्ने गरेका छन् ।' सरकारले सन् २०१० मा कुष्ठरोग निवारण भएको घोषणा गरे पनि सुदूरपश्चिमका पहाडी जिल्लामा भने बर्सेनि यसका रोगी भेटिन्छन् ।

## अवैध खानीले जोखिम

गोरखा (कास)- बुढीगण्डकी नदी किनारको गोरखातर्फको सरकारी जग्गामा अवैध उत्खनन गरी चोरीनिकासी बढेको छ । मुआब्जा वितरणपछि सरकारी स्वामित्वमा आएको जग्गामा आठ ठाउँमा अवैध बालुवा खानी सञ्चालन भइरहेको स्थानीय प्रशासनले गरेको स्थलगत अध्ययनमा देखिएको हो ।

जिल्ला प्रशासन कार्यालयका खरिदार रविलाल सुवेदीका अनुसार दर्बुङदेखि बालुवाटारसम्मका खानी सोमबार अनुगमन गरिएको हो । 'अघिल्ला वर्षमा उत्खनन भएका खानी प्रशस्त रहेछन्,' उनले भने, 'हामीले हाल सञ्चालनमा रहेका खानी मात्र हेर्‍यौं ।' उनका अनुसार अनुगमन टोलीले बोर्लाङको घाटबेंसीमा बालुवा 'लोड' गर्दै गरेको ग१त ५२०२ नम्बरको ट्याक्टर नियन्त्रणमा लिएको छ । अनुगमन आउने पूर्वसूचना पाएका ठेकेदारले टिपर, ट्याक्टर र एक्स्काभेटर अघिल्लो दिन नै हटाएका स्थानीय बताउँछन् । सुवेदीका अनुसार अनुगमनका क्रममा कतिपय खानीमा आला डोब भेटिएका थिए ।

गण्डकी गाउँपालिकाअन्तर्गत दर्बुङको छोटटार, दर्बुङ फाँट, फुजेलको ढावे, भीमसेन थापा गाउँपालिकास्थित बोर्लाङको क्यामुनटार, ज्यादुल खोला, घाँटबेंसी तथा धावाको बालुवाटार र तान्द्राङको सिसौघारीमा रहेका बालुवा खानीको अनुगमन गरिएको हो । बालुवाटारमा रहेका चारमध्ये तीनवटा खानी सञ्चालनमा छन् । 'विशेष गरी उत्खनन भएका क्षेत्र पहिचान गर्‍यौं, सञ्चालनमा छ कि छैन हेर्‍यौं,' सुवेदीले भने, 'अब प्रतिवेदन बनाएर बुझाउँछौं ।' स्थानीयले निश्चित रकम लिएर खानी सञ्चालन गर्न ठेकेदारलाई जग्गा दिने गरेको भेटिएको सुवेदीले बताए ।

दर्बुङ फाँटमा भने रातको समयमा बालुवा निकासी हुँदै आएको स्थानीयसँगको छलफलपछि जानकारी पाइएको अनुगमन टोलीले जनाएको छ । ज्यादुल खोला फाँटमा खानीको बालुवा पखाल्न खुलेआम फिरफिरे सञ्चालनमा छ । ती क्षेत्रमा सञ्चालित खानीले वातावरणीय प्रभाव मूल्यांकन पनि गरेका छैनन् । खानी सञ्चालन गर्ने ठेकेदारले खानी तथा भूगर्भ विभागसँग अनुमति नलिनुका साथै स्थानीय तहलाई पनि जानकारी गराएका छैनन् । अनियन्त्रित उत्खननले जोखिम बढाएको छ । कतिपय खानीमा अघिल्ला वर्ष बालुवा झिकेका खाडल त्यसै छाडिएको छ ।

प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले अध्ययन टोलीको प्रतिवेदनका आधारमा कारबाही अघि बढाउने बताए । 'केही स्थानमा बालुवा झिकेको आला डोब रहेको बुझ्यौं,' उनले भने, 'प्रहरीलाई रोक्न निर्देशन दिन्छौं ।' उजुरी परेको खण्डमा मुआब्जा लिएको जग्गाको बालुवा ठेकेदारलाई बेच्ने पूर्वजग्गाधनीलाई पनि कारबाही गर्ने उनले बताए ।

## सीमा क्षेत्रका योजनामा भारतीय अवरोध

**कान्तिपुर संवाददाता** (मोरङ)

नेपाल-भारत संयुक्त सीमा क्षेत्र सर्वेक्षण टोलीले नापी नगरेकाले इलामलगायत सीमावर्ती क्षेत्रमा भौतिक निर्माणका योजना कार्यान्वयनमा अवरोध भइरहेको भन्दै प्रदेशसभामा आवाज उठेको छ । बुधबार बसेको प्रदेश १ को प्रदेशसभा बैठकमा सत्तारुढ दल नेकपाकी सांसद खिनुलङ्बा लिम्बुले नेपाल-भारत संयुक्त सीमा क्षेत्र सर्वेक्षण टोलीले सीमाको नापी नगरेकाले विकास निर्माणका आयोजना कार्यान्वयनमा समस्या भएको बताइन् । 'सर्भे टिमले तराईको क्षेत्रमा झापासम्म सीमाको नापी गरेको तर इलामलगायत पहाडी जिल्लाका सीमा क्षेत्रमा भने नापी गरेको छैन,' उनले भनिन् । पूर्वाधार निर्माणको काममा समस्या भइरहेकाले तत्काल सीमानाको नापीका लागि लिम्बूले सरकारको ध्यानाकर्षण गराइन् ।

इलामको सीमावर्ती सन्दकपुर क्षेत्रमा नेपालले एकलौटी संरचना बनाएको भन्दै असोज दोस्रो हप्ता भारतीय सीमा सुरक्षा बलले अवरोध गरेका थिए । समस्या तत्काल नसुल्झाए नेपालतर्फ सीमावर्ती क्षेत्रमा यसअघि निर्माण थालिएका र चालु आर्थिक वर्षमा निर्माण हुने पर्यटकीय पूर्वाधारका योजना कार्यान्वयनमा समस्या हुने उनको भनाइ छ । प्रदेश सरकारले पूर्वाधार विकास कार्यक्रमअन्तर्गत छुट्याएको रकमबाट सन्दकपुर गाउँपालिकाको सन्दकपुर डाँडामा करिब एक करोड लागतमा पूर्वाधार निर्माण थालिएको थियो । यहाँ भ्यु-प्वाइन्टसहित एक सय मिटर पैदल मार्ग, प्रवेशद्वारलगायत निर्माणका काम सीमानाको नापी नहुँदा रोकिएको लिम्बूले सुनाइन् ।

नेपालतर्फ आहालटारमा निर्माण गर्न लागिएको आवास गृहमा पनि अवरोध छ । तीन करोड लागतमा बन्ने आवास गृहका लागि टेन्डरसमेत भएको अवस्थामा भारतीय पक्षले सीमा यकिन नभएसम्म पूर्वाधार बनाउन दिएका छैनन् । 'पाँचथर सीमा नजिकै इलामकै क्षेत्रमा भवन बन्ने यकिन भए पनि भारतीय भनाइले काम अघि बढाउन व्यवधान भएको छ,' उनले भनिन्, 'प्राविधिकले गुगल म्याप देखाएर भवन बनाउन लागिएको क्षेत्रमा समेत भारतीय पक्षले अवरोध गर्दै आएका छन् ।' हिमालय दृश्यावलोकनसहित नेपाल, भारत र भुटानका अनेक स्थान नियाल्न सकिने गरी उक्त क्षेत्रमा भवन निर्माणको योजना छ ।

> टेन्डर भएका योजनामा समेत भारतीय पक्षले सीमा यकिन नभएसम्म निर्माणको काम अघि बढाउन दिएका छैनन्

शेर्पा च्यालेट होटलअगाडि जंगे पिलर रहे पनि त्यसमाथि सहायक र सानो पिलर नहुँदा सीमा यकिन हुन सकेको छैन । यस क्षेत्रमा सीमा क्षेत्रलाई पानीढलोका आधारमा बुझिने गरेको छ तर पछिल्लो समय भारतीय पक्षले गुगल नक्साअनुसार नेपालका धेरै क्षेत्र र बस्ती भारततिर पर्ने दाबी गर्दै आएको छ । वैज्ञानिक सीमांकन नभएसम्म यस क्षेत्रमा पूर्वाधार निर्माणदेखि अन्य गतिविधि गर्न समस्या हुने उनको भनाइ छ ।

सीमा सुरक्षा कार्यालयले गरेको सर्वेक्षणअनुसार कतिपय सीमास्तम्भ हराएका छन् भने कतिपय सुधार गर्नुपर्ने अवस्थाका छन् । इलामको सीमावर्ती क्षेत्रमा ३७ सीमास्तम्भ छैनन् । यो क्षेत्रमा जंगे पिलर १७ वटा हुनुपर्नेमा १६, सहायक पिलर ८३ हुनुपर्नेमा ७२ र सानो पिलर ४६ हुनुपर्नेमा २१ वटामात्र छन् । गत आवमा प्रदेश १ स्थित नेपाल-भारत सीमामा १७९ नयाँ सीमा स्तम्भ बनाइएको थियो । नेपाल-भारत संयुक्त सीमा क्षेत्र सर्वेक्षण टोलीको दोस्रो बैठकमा ३६ वटा स्तम्भ मर्मत गरिएको जानकारी गराइएको थियो । टोलीले सुनसरी, मोरङ र झापास्थित सीमामा निर्माण गर्नुपर्ने स्तम्भमध्ये केही यसअघि नै निर्माण भइसकेका र बाँकी रहेका स्थानमध्ये केही जमिनमा र नदीमा निर्माण गरेको जनाएको थियो । ठूला नदीबाहेक विजोर नम्बरका स्तम्भ नेपाल पक्षले र जोर नम्बरका स्तम्भ भारत पक्षले निर्माण गर्ने व्यवस्था छ ।

## जनप्रतिनिधि भ्रमणमा, काम ठप्प

खोटाङ (कास)- जन्तेढुङ्गा गाउँपालिका प्रमुख, प्रमुख प्रशासकीय अधिकृतसहितको टोली कृषि भ्रमणमा गएपछि कार्यालयको काम ठप्प भएको छ । कार्यालय नै रित्तो हुनेगरी गाउँपालिका प्रमुख शंकर राई, प्रमुख प्रशासकीय अधिकृत चित्रप्रसाद गुरागाईं लगायतको टोली फागुन ७ मा कृषि भ्रमणमा निस्किएको हो ।

गाउँपालिका अध्यक्ष राईका अनुसार ६ वटा वडामध्ये पाँचजना वडाअध्यक्ष, हरेक वडाका दुईजनाका दरले कृषकसहितको टोली भ्रमणमा गएको छ । वडा नम्बर १ का वडाअध्यक्ष केदारमान राई, २ का अध्यक्ष गणेशबहादुर विष्ट, ४ का अध्यक्ष विदुरमान राई, ५ का अध्यक्ष रामकुमार श्रेष्ठ र ६ का अध्यक्ष सुकदेव राई भ्रमणमा निस्किएको उनको भनाइ छ । गाउँपालिका उपाध्यक्ष विमला राई र वडा नम्बर ३ का अध्यक्ष चन्द्रकुमार राई मात्रै भ्रमण टोलीमा सहभागी छैनन् ।

टोलीले पोखरा, चितवन लगायतका ठाउँहरूमा भ्रमण गरेको अध्यक्ष राईले बताए । टोली भ्रमणमा गएको बेला गाउँपालिकामा कार्यरत रोजगार संयोजक विज्ञान राईलाई निमित्तको जिम्मेवारी दिइएको प्रमुख प्रशासकीय अधिकृत गुरागाईंले सुनाए । सामान्य सिफारिसबाहेक अन्य कुनै जिम्मेवारी नदिएको निमित्त प्रमुख राईले बताए ।

जनप्रतिनिधिले कृषकका लागि छुट्याएको बजेट मोजमस्तीमा उडाएको एक स्थानीयले आरोप लगाए । गुरागाईंका अनुसार भ्रमणका लागि पाँच लाख विनियोजन गरिएको छ ।








नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २८ अंक ९ जनकपुर | १५ फागुन २०७६ बिहीबार फाल्गुण शुक्लपक्ष चतुर्थी | नेपाल संवत् ११४० | प्रदेश २ संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, February 27, 2020 | पृष्ठ १२+४ | १० रुपैयाँ





**टुंगनाको धुनमा...** | २१४७ औं ग्याल्बो ल्होसार (नयाँ वर्ष) का अवसरमा बुधबार काठमाडौंको बौद्धस्थित गुम्बामा आयोजित समारोहमा हिमाली लोकबाजा टुंगना बजाएर गाउँदै कलाकार । सोमबार सुरु भएको तीनदिने धर्मपाल उत्सवका क्रममा शेर्पा समुदायले गुम्बामा भेला हुँदै 'बँदेल वर्ष' बिदा गरेर 'मुसा वर्ष' को स्वागत गरेका छन् । *तस्बिर : संजोग मानन्धर/कान्तिपुर*

# राष्ट्रिय सभामा गौतम कि खतिवडा ?

● नेकपामा बबन्डर सुरु ● सरकार र सचिवालयबीच गम्भीर मतभेद

**बिनु सुवेदी** (काठमाडौं)

राष्ट्रिय सभा सदस्यमा वामदेव गौतमलाई मनोनयन गर्न सरकारलाई सिफारिस गर्ने नेकपा केन्द्रीय सचिवालयको निर्णयलाई प्रधानमन्त्री एवं नेकपा अध्यक्ष केपी शर्मा ओलीले नमान्ने बताएपछि सत्तारूढ दलभित्रको विवाद उत्कर्षमा पुगेको छ । बुधबार आफूसमेत उपस्थित बैठकबाट निर्णय भएको दुई घण्टा नबित्दै ओलीले त्यसलाई नमान्ने भन्दै पार्टी सचिवालयको सिफारिसलाई चुनौती दिएका थिए ।

सचिवालय स्रोतका अनुसार प्रधानमन्त्री ओलीले बैठकपछि वरिष्ठ नेता माधवकुमार नेपाललाई फोन गरेर गौतमलाई राष्ट्रिय सभा सदस्य बनाउने सचिवालयको निर्णय आफूले नमान्ने र अर्थमन्त्रीसमेत रहेका राष्ट्रिय सभा सदस्य युवराज खतिवडालाई नै निरन्तरता दिने बताएपछि पछिल्लो विवाद बढेको हो । दुई वर्षअघि राष्ट्रिय सभा सदस्यमा राष्ट्रपतिबाट मनोनीत खतिवडालाई नै फेरि मनोनयन गराउने ओलीको चाहना प्रस्ट रूपमा प्रकट भएको छ ।

यता बुधबार बिहान प्रधानमन्त्री निवास, बालुवाटारमा बसेको सचिवालय बैठकले भने खतिवडाको बहिर्गमनपछि राष्ट्रिय सभामा रिक्त हुने उक्त स्थानमा पार्टी उपाध्यक्ष गौतमलाई सिफारिस गर्न सरकारलाई सुझाव दिने निर्णय गरेको थियो ।

यससँगै गत शनिबारको सचिवालय बैठकले संविधान संशोधनका लागि बनाएको कार्यदल भंग गर्ने र औचित्य एवं आवश्यकताका आधारमा संविधान संशोधनका लागि छलफल अघि बढाउने निर्णय गरेको महासचिव विष्णु पौडेलले बताए । 'गौतमलाई राष्ट्रिय सभामा मनोनयन गर्ने सचिवालयको सर्वसम्मत निर्णय हो, यही निर्णय नै लागू हुन्छ,' उनले कान्तिपुरसँग भने । यसअघि अध्यक्ष ओलीसँग निकट मानिने महासचिव पौडेलले सचिवालयको बहुमतले गरेको निर्णयतर्फ आफूलाई उभ्याएका छन् ।

बैठकपछि पार्टी प्रवक्ता नारायणकाजी श्रेष्ठले पनि गौतमलाई राष्ट्रिय सभा सदस्य बनाउने निर्णय भएको जानकारी पत्रकारलाई गराएका थिए । 'पछाडिको डेभलपमेन्ट के भयो थाहा छैन, सचिवालय बैठकले वामदेवजीलाई राष्ट्रिय सभामा लैजाने निर्णय गरेको हो,' प्रवक्ता श्रेष्ठले कान्तिपुरसँग भने । **बाँकी पृष्ठ १४**



गौतमलाई राष्ट्रिय सभामा मनोनयन गर्ने सचिवालयको सर्वसम्मत निर्णय हो, यही निर्णय नै लागू हुन्छ ।'

**– विष्णु पौडेल**
नेकपा महासचिव

## ४ दिने घटनाक्रम

**शनिबार**
नेकपा सचिवालयमा संविधान संशोधन कार्यदल गठन, निर्णय गोप्य राख्ने सहमति ।

**आइतबार**
प्रधानमन्त्रीनिकट नेताहरूबाट कार्यदल गठनको सूचना सार्वजनिक, कार्यदल सदस्यहरूद्वारा अनभिज्ञता प्रकट, केही नेताद्वारा खण्डन । माधव नेपाल र ईश्वर पोखरेलबीच कोटेश्वरमा भेट ।

**सोमबार**
कार्यदल संयोजक नेपालद्वारा सदस्यहरू सुवास नेम्बाङ र खिमलाल देवकोटासँग आफ्नै निवासमा अनौपचारिक छलफल । सदस्यहरूद्वारा कार्यदलको औचित्यमाथि प्रश्न । दिउँसो पुष्पकमल दाहाल, नेपाल र विष्णु पौडेलबीच धुम्बाराहीमा कुराकानी ।

**मंगलबार**
ओलीसँग दाहाल र नेपालको छुट्टाछुट्टै भेट । साँझ खुमलटारमा दाहाल, नेपाल, झलनाथ खनाल र वामदेव गौतमबीच कुराकानी । संविधान संशोधनबिनै राष्ट्रिय सभामा जान गौतम तयार ।

**बुधबार**
बिहान ओली–दाहाल छलफल । दिउँसो सचिवालयद्वारा गौतमलाई राष्ट्रिय सभामा लैजाने र संविधान संशोधन अध्ययन कार्यदल भंग गर्ने निर्णय । बैठकपछि ओलीद्वारा सचिवालयको निर्णय नमान्ने घोषणा । साँझ ओली–नेपाल भेट । ओली समूहको छुट्टै बैठक ।


## भित्र

**समाचार । २**
शशांक भन्छन्- 'अब शेरबहादुरजीलाई रोक्छु'

**समाचार । ३**
दुलही सजिएर बसिन्- न दुलाहा आए, न जन्ती

**कला र शैली । ८**
बोरामाथि पलेँटी कसेर फिल्म हेर्ने अहिले सुतेर हेर्छन्

**अर्थ वाणिज्य । ११**
हुम्लामा होटल बुकिङ शून्य


# एकै दिन ४ अर्बको सेयर

बैंकिङ, लघुवित्त, बिमा, जलविद्युत्, होटल र उत्पादन तथा प्रशोधन समूहका केही कम्पनीको चलखेल भएको आशंका

**यज्ञ बञ्जाडे** (काठमाडौं)

सेयर बजारमा बुधबार ४ अर्ब १५ करोड ४८ लाख रुपैयाँको कीर्तिमानी कारोबार भएको छ । सेयर कारोबार मापक नेप्से परिसूचक यस दिन झन्डै ५१ अंकले बढेर १ हजार ५ सय ९३.१३ विन्दुमा पुग्यो । अघिल्लो दिन ४३.०२ अंकले बढेको थियो । आइतबार ३ अर्ब ६० करोड रुपैयाँको कारोबार भएको थियो । १२ उपसमूहको परिसूचक उकालो लागेपछि बुधबार समग्र नेप्से उच्च अंकले बढेको हो । अर्थमन्त्री युवराज खतिवडाको बहिर्गमनको चर्चासँगै सेयर कारोबार बढ्नुलाई जानकारहरूले 'अर्थपूर्ण संयोग' मानेका छन् ।

केही कम्पनीको कारोबार छोटो समयमै धेरै अंकले बढ्नुमा पर्याप्त प्राकृतिक आधार नदेखिएको धितोपत्र बोर्डका अध्यक्ष भीष्मराज ढुंगानाले बताए । 'निर्जीवन बिमा, लघुवित्त, जलविद्युत्, उत्पादन तथा प्रशोधनलगायत समूहअन्तर्गतका केही कम्पनीको सेयर कारोबार धेरै बढ्नुमा पर्याप्त आधार देखिँदैन,' उनले भने । बजारलाई धितोपत्र बोर्डले निरन्तर सूक्ष्म रूपले हेरिरहेको जानकारी दिँदै उनले डराइहाल्नुपर्ने अवस्था नरहेको बताए ।

'लगानीकर्ताले राम्रा कम्पनी छानेर लगानी गर्नुपर्छ,' उनले भने । बुधबार ३२ हजार १ सय ५४ वटा सेयर कारोबार हुँदा करिब ९९ लाख ७ हजार कित्ता सेयरको किनबेच भएको छ । **बाँकी पृष्ठ १३**

# राष्ट्रपति आउँदा बिदा !

बैतडी/दार्चुला (कास)- मन्दिरमा पूजा र भवन उद्घाटनको कार्यक्रममा राष्ट्रपति विद्यादेवी भण्डारी आउने भएपछि बैतडी र दार्चुलाका दुई/दुई पालिकाले सार्वजनिक बिदा दिने निर्णय गरेका छन् । बैतडीका पाटन नगरपालिका र दशरथचन्द नगरपालिका तथा दार्चुलाका शैल्यशिखर नगरपालिका र मालिकार्जुन गाउँपालिकाले बिहीबारका लागि सबै कार्यालय र शैक्षिक संस्था बन्द गरेका हुन् । उनीहरूले राष्ट्रपतिलाई नागरिक अभिनन्दन पनि गर्ने घोषणा गरेका छन् । आफ्ना गाउँ र नगरवासीका लागि सूचना जारी गर्दै राष्ट्रपतिको स्वागतमा भेला हुन भनेका छन् । विद्यार्थीलाई अनिवार्य सहभागी हुन भनिएको छ ।

राष्ट्रपति भण्डारीले बिहीबार पाटनस्थित भीमदत्त पोलिटेक्निक इन्स्टिच्युटको भवन र छात्रावास उद्घाटन गर्ने कार्यक्रम छ । त्यसपछि दशरथचन्द नगरपालिकास्थित त्रिपुरासुन्दरी मन्दिरमा पूजा गर्ने दशरथचन्दका नगरप्रवक्ता चक्रप्रसाद शर्माले बताए । राष्ट्रप्रमुख जिल्ला आउँदा सार्वजनिक बिदा दिनु राम्रो निर्णय भएको उनले दाबी गरे । पाटन र दशरथचन्द नगरले राष्ट्रपति भण्डारीलाई नागरिक अभिनन्दन गर्ने कार्यक्रम छ ।

सार्वजनिक बिदा दिने निर्णयले बालबालिकाको पढाइ प्रभावित हुने शिक्षकहरूले बताए । 'राष्ट्रप्रमुख आउँदा कार्यक्रमस्थल नजिकका विद्यालयका विद्यार्थी जानु, स्वागत गर्नु ठिकै भए पनि सबै विद्यालय बन्द गर्न जरुरी थिएन,' दशरथचन्द माविका प्रधानाध्यापक तेजप्रकाश भट्टले भने ।

राष्ट्रपतिले बिहीबारै मालिकार्जुन गाउँपालिकास्थित मालिकार्जुन मन्दिरमा विशेष पूजापाठ गर्ने कार्यक्रम छ । जिल्लाका शैल्यशिखर नगरपालिका र मालिकार्जुन गाउँपालिकाले सार्वजनिक बिदा घोषणा गर्दै स्वागतका लागि उपस्थित हुन सर्वसाधारणलाई सूचना जारी गरेका छन् ।


शैल्यशिखर नगर कार्यपालिकाको बुधबारको बैठकले बिदा दिने निर्णयसँगै नगरवासीलाई राष्ट्रपतिको स्वागतका लागि उपस्थित हुन अनुरोध गर्दै सूचना जारी गरेको निमित्त प्रमुख प्रशासकीय अधिकृत अरुणप्रसाद जोशीले जानकारी दिए । नागरिक अभिनन्दन र स्वागतका लागि गाउँपालिकाले बिदा दिने निर्णय गरेको मालिकार्जुन गाउँपालिका अध्यक्ष नरेन्द्रसिंह धामीले बताए । **बाँकी पृष्ठ १४**



**बैतडी र दार्चुलाका चार पालिकाका सबै कार्यालय र शैक्षिक संस्थामा आज सार्वजनिक बिदा**







## छोटकरी

### नगदसहित भारतीय पक्राउ

सर्लाही (कास)- सदरमुकाम मलंगवा-९ लच्काबाट स्रोत नखुलेको ५ लाख नेपाली रुपैयाँसहित मंगलबार प्रहरीले एक भारतीयलाई प्रहरीले पक्राउ गरेको छ। भारतबाट नेपाल आउँदै गरेको अवस्थामा ५ लाख १०० रुपैयाँसहित भारतको सोनवर्षा ग्रामपञ्चायत १३ का ७० वर्षीय गणेश महतोलाई पक्राउ गरिएको हो। श्रोत खुलाउन नसकिएपछि महतोलाई पक्राउ गरिएको सीमा सुरक्षा कार्यालय मलंगवाका सशस्त्र प्रहरी निरीक्षक संजित कुमार सिंहले बताए।

### लागूऔषधसहित दुई समातिए

सर्लाही (कास)- लागूऔषधसहित सीमावर्ती क्षेत्रमा पर्ने पर्साबाट दुई जना पक्राउ परेका छन्। भारतीय बजार सोनवर्षाबाट मोटरसाइकलमा लुकाईछिपाई लागूऔषध लिएर आउँदै गर्दा धनुषाको मिथिला नगरपालिका-९, का २८ वर्षीय सरोज लामा र सोही स्थानका २४ वर्षीय बिमल लामालाई प्रहरीले पक्राउ गरेको हो। उनीहरूको साथबाट स्पास्मो ट्याब्लेट १४० पिस, नाईट्राभेट ट्याब्लेट तीन सय पिस र २० बोतल इक्सीप्लोन कफ सिरफ बरामद भएको प्रहरीले जनाएको छ। प्रहरी चौकी पर्साअगाडि शंका लागेर खानतलासी गर्दा युवाहरूको साथबाट लागूऔषध बरामद भएको हो।

### वर्षमा ४९ जनाले आत्महत्या गरे

पर्सा (कास)- पर्सामा महिला र बालबालिकाले आत्महत्या गर्ने क्रम बढेको छ। जिल्ला प्रहरीको तथ्यांकअनुसार चालु आर्थिक वर्षमा ४९ जनाले आत्महत्या गरेका छन्। ती मध्ये ७ बालिका तथा ३ बालक रहेका छन्। त्यसैगरी, २० महिला र १९ पुरुषले आत्महत्या गरेका छन्। आत्महत्या गरेका मध्ये ३५ ले झुन्डिएर तथा १४ ले विषसेवन गरेका छन्। आत्महत्या गर्नेमध्ये अधिकांश बालबालिकाले सुसाइड नोट लेख्ने र उनीहरूले जीवनदेखि निराश भई बाँच्नुको अर्थ नरहेको कारण देखाउने गरेका छन्। गत वर्ष जिल्लाका दुई किशोरीले भारतमा गई रेल्वे लिकमा आत्महत्या गरेको घटनाले सनसनी मच्चाएको थियो। पछिल्लो समय महिला तथा बालबालिकामा बढ्दो आत्महत्याको दरले सबैलाई चिन्तित बनाएको छ। जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी वीरेन्द्रबहादुर शाही बालबालिका तथा किशोरकिशोरीहरूले गर्ने आत्महत्याका घटनामा अभिभावकले उनीहरूकै भविष्य सपार्नका लागि सम्झाउँदा पनि आक्रोशमा आएर आत्महत्या गरेको पाइएको बताउँछन्।

# जति पाइला, त्यति पुण्य !

## नेपालमा १०५ र भारतमा २८ किमि यात्रा पैदलै पूरा गरिन्छ



धनुषाको कचुरी मिथिलाविहारी मन्दिरबाट सुरु मिथिला परिक्रमामा सहभागी साधु–सन्त। उनीहरू बुधबार महोत्तरीको मटिहानी पुगेका छन्। *तस्बिरः श्यामसुन्दर शशि/कान्तिपुर*

### १५ दिने मिथिला परिक्रमा

**अजित तिवारी** (जनकपुर)

१५ दिने लामो र कठोर परिक्रमामा हिँडेकी जनकपुर-८ सुन्दर सदनकी ८० वर्षीया पटवानी सखी सोमबार अचानक बिरामी परिन्। निरन्तरको हिँडाइले थलिएकी सखीलाई उच्च रक्तचाप देखिएपछि उपचारका लागि भारतको जयनगरस्थित अस्पतालमा भर्ना गरियो।

चिकित्सकले उनलाई आराम गर्न सल्लाह दिए तर सखीलाई भने परिक्रमामा सहभागी भइहाल्ने हुटहुटीले डिस्चार्ज गर्न चिकित्सकलाई दबाब दिइन्। रक्तचाप सामान्य भएपछि उनी बुधबारबाट फेरि परिक्रममा सहभागी भएकी छन्। सुन्दर सदन मन्दिरका महन्थ नवलकिशोर यादवका अनुसार परिक्रमाप्रतिको अटुट लगावले नै उनलाई ८० वर्षको उमेरमा पनि ठमठम हिँड्न सहज भइरहेको छ। 'परिक्रमामा सहभागीहरू विश्राम गर्ने थलोमा सखी दिनहुँ कथा वाचन गर्छिन्,' महन्थ यादवले भने, 'बिरामी भए पनि कथा वाचन गर्न टुटाउँदिनन्।' जति पाइला हिँडे उतिकै पुण्य पाइने लोभमा हरेक वर्ष फागुनमा हुने १५ दिने मिथिला परिक्रमामा सहभागी हुनेहरूको संख्या बढ्दो छ। आइतबार धनुषाको ठेरा कचुरीबाट शुभारम्भ परिक्रमा बुधबार महोत्तरीको मटिहानी पुगेको छ। यो धार्मिक परिक्रमा नेपाल र भारतका विभिन्न स्थानमा १५ दिनसम्म घुमेर फागुपूर्णिमाका दिन सम्पन्न हुनेछ। १५ औं दिन धार्मिक सहर जनकपुरको अन्तरगृह परिक्रमा गरेपछि तराईमा होली पर्व मनाइने चलन छ। नेपाल र भारतको १३३ किलोमिटर भूभागको परिक्रमा गरिने यो धार्मिक उत्सवमा दुबै देशका सयौं भक्तजन सहभागि हुन्छन्। परिक्रमामा सहभागि साधु-सन्त र सर्वसाधारणले नेपालमा १०५ किमि र भारतको २८ किमि क्षेत्र पैदलै हिंड्नेछन्। बिहान सूर्योदयदेखि हिंड्न सुरु गर्ने परिक्रमामा सहभागीहरू खानबस्नको प्रबन्ध आफैं मिलाएका हुन्छन्।

फागुन अमावश्याको दिन कचुरीको मिथिलाविहारी मन्दिरबाट सुरु भएको परिक्रमा भारतको कलानेश्वर, फुलहर हुँदै महोत्तरीको मटिहानी, जलेश्वर, मडई, ध्रुवकुण्ड, कञ्चनवन तथा धनुषाको पर्वता, धनुषाधाम, सतोषर, औरही औरसाहा हुँदै फेरि भारतको करुणा, विसौल र कलानेश्वर पुगेर जनकपुर फर्किन्छन्। परिक्रमामा सहभागीहरू खानेकुरा, सुत्ने-ओछ्याउने, कपडा र औषधी सँगै बोक्छन्। टायर-गाडामा सामान ओसार्ने परिक्रमाका सहभागीहरूका लागि १६ स्थानमा विश्राम स्थल तोकिएको हुन्छ। रमाइलो कतिसम्म कि नेपाल-भारतका साधुहरू गाई, घोडा, उँट र बाँदरसमेत सँगै लिएर परिक्रमामा सहभागी हुन्छन्। साधु-सन्तको सामान पनि यिनै जनावरलाई बोकाइन्छ। जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दासका अनुसार राजा जनकको भूभाग रहेको ८४ कोस (१३३ किमि) को परिक्रमा गर्दा मोक्ष प्राप्त हुने धार्मिक विश्वास छ। 'साधु-सन्तहरूले परिक्रमाको रुट तोकेका हुन्,' दासले कान्तिपुरसँग भने, 'परिक्रमामा जति पाइँला हिंडे, उति पाप कट्ने विश्वास छ। परिक्रमामा सहभागिहरूको वासस्थान गाउँ-बस्ती भन्दा पर पोखरीको डिल वा आँपको वगैचामा राखिन्छ। भर्खरै मुना पलाएको आँपले बगैचा बासनामय छ। त्यही बिश्राम गर्ने परिक्रमाका सहभागिहरू धार्मिक नाँचगान गरेर रमाउँछन्। परिक्रमाकर्मी हतपत्ती गाउँ-बस्ती छिर्दैनन्। बिश्रामस्थलमा नजिकका गाउँ-बस्तीबाट चामल, दाल, नुन, तेल र दाउरा तथा सुत्न-बस्नका लागि परालको बन्दोबस्त मिलाइदिएका हुन्छन्। यी सबै जोगाड मिलाउन स्थानीयले आपसमै चन्दा संकलन पनि गर्छन्।

परिक्रमामा सहभागि भएकाहरूलाई मंगलबार र बुधबार परेको पानीले बिजोग बनाएको छ। खुल्ला ठाउँमै बिश्राम र खानपान गर्नुपरेकाले समस्या पारेको छ। परिक्रमामा सहभागि सुन्दर सदनका महन्थ यादवका अनुसार लगातारको पानी र मौसममा आएको परिवर्तनको असर परिक्रमाकर्मीमा परेको छ। 'संगै लगेका खाद्यन्न र लुगाकपडा सबै भिजेको छ,' उनले भने, 'मंगलबार राति त खाना पनि पकाउन सकिएन। सबै भिजेकाले भोकै सुते।'

# हुन्डी कारोबार कस्दै प्रहरी

**कान्तिपुर संवाददाता** (पर्सा)

प्रहरी टोलीले सोमबार वीरगन्ज महानगरपालिका १० आदर्शनगरबाट २ जनालाई श्रोत नखुलेको नगदसहित पक्राउ गर्‍यो। मोटरसाइकलसहित रौतहट पिप्रा पोखरिया १ घर भई हाल वीरगन्ज १६ नगवा बस्ने ४१ वर्षिय संजयकुमार साहको साथबाट ९ लाख ७१ हजार रुपैया बरामद भयो। त्यसैगरी वीरगन्ज १६ नगवाका ३० बर्षिय जयलाल महतोको साथबाट १० लाख रुपैयाँ बरामद भयो।

स्रोत खुलाउन नसकेपछि प्रहरीले दुबैलाई नियन्त्रणमा लिई अवैध वित्तीय कारोवार (हुण्डी) मा मुद्दा दर्ता गरी कारवाही अघि बढाएको छ। प्रहरीले मंगलबार पनि वीरगन्ज भन्सार क्षेत्रबाट हुण्डी कारोवार गर्ने थप २ जनालाई पक्राउ गर्‍यो। मोटरसाइकल चढी रक्सौलबाट वीरगन्जतर्फ आउँदै गरेका भारत रक्सौल डुमरियाका ३५ वर्षीय विजयकुमार महतोको साथबाट ४ लाख रुपैयाँ फेला परेको छ। त्यस्तै, मोटरसाइकल चलाउँदै रक्सौलबाट वीरगन्जतर्फ आउँदै गरेका वीरगन्ज १६ नगवाका ३१ बर्षिय राजु कुमार कलवारको साथबाट ३ लाख रुपैयाँ फेला पर्‍यो। प्रहरीले दुबैलाई अवैध वित्तीय कारोबार (हुन्डी) मा मुद्दा चलाएको छ। वीरगन्जबाट दिनहुँ हुन्डी कारोबारमा संलग्न आरोपमा प्रहरीले व्यक्तिहरूलाई पक्राउ गरिरहेको छ। खुला सिमानाको कारण एक-अर्का मुलुकमा सहजै आवागमन गर्ने सुविधा भएकाले संगठित हुन्डी कारोबारीले यसरी ढुवानीकर्तामार्फत हुन्डी कारोबारको जालो फैलाइरहेका छन्।

प्रहरीले धमाधम यस्ता कारोबारी तथा ढुवानीकर्ता समात्न थालेपछि वीरगन्जको व्यवसायीमा प्रहरीप्रति असन्तुष्टि बढेको छ। वीरगन्ज उद्योग वाणिज्य संघका एक पदाधिकारीले नगद लिएर एक-अर्का मुलुकमा आउजाउ गर्ने चलन धेरै पुरानो रहेको बताए। 'यसरी नगद बोकेर हिंड्ने सबै हुन्डी कारोबारी नै हुन् भन्न मिल्दैन,' उनले भने, 'हुन्डीको आरोपमा शुद्ध व्यवसायी पनि मर्कामा पर्न सक्छन्। प्रहरीले गम्भीर अनुसन्धान गरेर कारबाही अघि बढाउनुपर्छ।'

जिल्ला प्रहरी कार्यालयको तथ्यांकअनुसार चालु आवमा प्रहरीले जिल्लाबाट मात्र १ करोड ३१ लाख ६८ हजार २६० अवैध रुपैयाँसहित २८ जनालाई पक्राउ गरेको छ। यसबाहेक नेपालमा अवैध रहेको २ हजार दरको भारतीय नोट १२ लाखसहित थप एकजना पक्राउ परेका छन्।

गत आवमा पनि प्रहरीले यस्तै कारोबारमा संलग्न ८ जनालाई पक्राउ गरेको थियो। उनीहरूको साथबाट ४१ लाख २९ हजार रुपैया बरामद भएको थियो।

पर्साका प्रहरी उपरीक्षक गंगा पन्त भने हुण्डी कारोबारीहरू नै पक्राउ गरिएको दाबी गर्छिन्। 'श्रोत नखुलेको रकम कसैले बोकेर हिड्छ र उसले त्यो रकमको श्रोत खुलाउन सक्दैन भने त्यस्तो रकम अवैध हुन्छ,' उनले भनिन्, 'शंकास्पद, ५ लाख रुपैया भन्दा बढी बोकेकाहरू बढी जसो पक्राउ परी रहेका छन्। जसले श्रोत खुलाउन सक्छ उसको नगद फिर्ता पनि गरी रहेका छौं।'

# पुस्तौंदेखि कुर्दै हुलाकी सडक

**कान्तिपुर संवाददाता** (सर्लाही)

सर्लाहीको गोडैता नगरपालिका-९ सिसौटियाका मुकेश झा १५ वर्षको छँदा हुलाकी सडक कालोपत्रे हुने हल्ला चलेको थियो। अहिले उनी ४५ वर्षका भए तर कालोपत्रे त परै जाओस् सडकको जीर्णोद्धारसमेत हुनसकेको छैन। वर्षौंदेखि जीर्ण रहेको सडकले काँचुली फेर्न नसक्दा यस क्षेत्रका स्थानीय हिउँदमा धूलो र वर्षामा हिलोको सास्ती खेप्न बाध्य छन्। जिल्लाको पुर्व संग्रमपुरदेखि पश्चिम बलरासम्म कुल ४२ किलोमिटर सडक अझै कालोपत्रको पर्खाइमा छ।

तराई-मधेसको मेरुदण्डका रुपमा रहेको राणाकालीन हुलाकी मार्ग हिउँदको समयमा सधैं जिर्ण रहने र वर्षाको बेला दर्जन भन्दा बढी ठाउँमा कटान समस्या हुने गर्छ। हुलाकी सडकले सदरमुकाम मलंगवासहित भारतीय सीमा नजिकका ५० गाउबस्तीलाई छुन्छ। वर्षाको बेला बाढीको भेलले यी बस्तीहरूको सदरमुकाम मलंगवासंग सम्पर्क टुट्ने गरेको छ। हिउँदको समयमा धुलोका कारण स्थानीय तथा यात्रुको अवस्था कष्टकर बन्ने गरेको छ।

झन्डै तीस वर्षअघि भारतका तत्कालीन प्रधानमन्त्री चन्द्रशेखरले हुलाकी सडक कालोपत्र हुने भनेपछि यस क्षेत्रका स्थानीयवासी खुसीले गदगद भएका थिए। धुलो र हिलोको समस्या समाधान हुने र ब्यापार व्यवसायले प्रगति गर्ने अपेक्षा उनीहरूको थियो। किसानले पनि सडक कालोपत्रे भए आफ्ना उत्पादन बजारमा पुर्‍याउन सजिलो हुने भन्दै खुसी भएका थिए तर सडकले काँचुली फेर्न सकेन। बीस वर्षअघि जिल्लाको मुख्य सडक नवलपुर-मलंगवा कालोपत्र हुँदै गर्दा यस क्षेत्रका स्थानीयमा फेरि हुलाकी सडक पनि कालोपत्र हुने आशा पलायो तर त्यो आशा पनि निराशामा परिणत भयो। हुलाकी सडक स्तर उन्नतिको काम हुन नसकिरहेको बेला नेपाल सरकारले पूर्व-पश्चिम राजमार्गदेखि हुलाकी सडक जोड्ने जिल्लाका अन्य सडक पनि हुलाकी सडकअन्तर्गत नै राखी झन्डै १० वर्षअघि भारत सरकारलाई कालोपत्रेको जिम्मा दियो। भारत सरकारले ठेक्का समेत लगाएर हुलाकी सडकको कालोपत्रेको काम अगाडि बढायो तर ठेक्का साकारेको भिस्वा कन्स्ट्रक्सनले काम नै नगरी बेपत्ता भयो। कालोपत्रेको काम गर्ने ठेकेदार नै बेपत्ता बनेपछि सडकहरू अलपत्र बने। नागरिकको चर्को दबावपछि हुलाकी सडकमा थप गरिएका उत्तर-दक्षिणका सडकहरू नेपाल सरकारले पुनः अर्को ठेक्का लगाएर कालोपत्रेको काम गरेको छ तर पुरानो र मुख्य मानिएको हुलाकी सडकको अवस्था अझै पनि जस्ताको त्यस्तै छ।

पूर्वदेखि पश्चिम फैलिएको यो पुरानो मार्ग अहिलेसम्म स्तरीय बन्न त सकेको छैन। भएको जीर्ण सडक पनि वर्षाको बेला भत्केर अवरुद्ध हुने गरेको छ। तात्कालीन राजा महेन्द्रका पालामा पूर्वपश्चिम राजमार्ग निर्माण भएपछि यसको स्तरोन्नति ओझेलमा पर्दै आइरहेको छ। अधिकांश भाग सुख्खामा धुलाम्मे र वर्षा बेलामा हिलाम्मे र ठाउँठाउँमा भत्किने गरेको छ। वर्षौंअघि निर्मित हुलाकी मार्गले काँचुली फेर्न नसक्दा स्थानीय दिक्क भएको झाको गुनासो छ। 'एक पटक हैन, पटक-पटक कालोपत्रे हुने भनेर यस क्षेत्रका स्थानीयले आश्वासन मात्र पाएका छन्, सडक कालोपत्रे पाएका छैनन्,' झाले भने।


यस क्षेत्रका जनतालाई राज्यले नै पछाडि पारेको स्थानीयको गुनासो छ। मुलुकमा यस भन्दा पछाडि सुरु भएका आयोजना तथा सडक सम्पन्न भइसकेका र सम्पन्न हुने क्रममा रहे पनि यस क्षेत्रका जनताले किन पीडा र सास्ती खेप्न बाध्य भएका छन् भनेर नागरिक समाजका महासचिव शिवचन्द्र चौधरीले प्रतिप्रश्न गरे। 'अहिलेसम्मको स्थिति हेर्दा राज्यको नियत र नीति नै यस सडकलाई पछाडि पारिएको देखिन्छ, कहिले ठेकेदारको बहाना त कहिले बजेटको बहाना गर्दै आलटाल भएको छ,' उनले प्रतिप्रश्न गर्दै भने, 'ठेकेदार र बजेट तथा ठेक्कापट्टा राज्य संयन्त्र भित्र पर्छ की पर्दैन ? जिम्मेवारी कसले लिने ?

नेपालको संविधान २०७२ ले प्रत्याभुत गरेको मौलिक हक भाग ३, धारा १८ को उपधारा २ मा क्षेत्रको आधारमा विकासमा भेदभाव गर्न नपाइने भनेर उल्लेख छ। र धारा ३० को उपधारा १ र २ मा समेत स्वक्ष बातावरण पाउनु पर्ने नागरिकको अधिकार भएपनि यसको पालना नभएको नेपाल मानव अधिकार संगठनका सभापति रजनीकान्त झाले बताए। 'सडक छेउको बासिन्दा तथा यात्रु धुलोले अत्यन्त जोखिमपुर्ण जिवन बाँच्न बाध्य छन्,' उनले भने, 'राज्यका निर्देशक सिद्धान्त, निती तथा दायित्व अन्तर्गत स्वक्ष बातावरण विकासको अधिकारलाई समेत प्राथमिकता नदिएको देखिन्छ।' यसैबीच हुलाकी सडकको काम फागु पूर्णिमासम्म अघि नबढाए चरणवद्ध आन्दोलनमा उत्रने सर्वपक्षिय भेलाले निर्णय गरेको छ।
















## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | अधिक खर्च | तुला | आलोचित हुने |
| वृष | नयाँ कार्य आरम्भ | वृश्चिक | मनोकांक्षा पूर्ण |
| मिथुन | कार्य सिद्धि | धनु | कान्ति क्षय |
| कर्कट | धर्म बढ्ने | मकर | शत्रु परास्त |
| सिंह | अपव्यय | कुम्भ | अपेक्षित लाभ |
| कन्या | प्रतिष्ठा प्राप्त | मीन | उत्साहप्रद |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल फाल्गुन १६ गते शुक्रबार तदनुरुप २८ फरवरी २०२० फाल्गुन शुक्लपक्ष पञ्चमी तिथि प्रातः ५:५६ बजेसम्म उप्रान्त षष्ठि तिथि, अश्विनी नक्षत्र रात्रिको १:२६ बजेसम्म उप्रान्त भरणी नक्षत्र, शुक्ल योग प्रातः ९:२८ बजेसम्म उप्रान्त ब्रम्हा योग, बब करण दिनको ५:४ बजेसम्म उप्रान्त बालब करण, मेष राशिमा चन्द्रमा।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

| | | | |
|---|---|---|---|
| ५:०० | भक्तिसुर | ५:०० | कल कान्तिपुर |
| ५:३० | आध्यात्मिक सन्देश | ६:०० | कान्तिपुर न्यूज |
| ६:०० | जीवन विज्ञान | ६:३० | सुमनसँग (रिपिट) |
| ६:३० | भजन | ७:०० | कान्तिपुर समाचार |
| ७:०० | कान्तिपुर समाचार | ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | गुडमर्निङ नेपाल | ८:०० | कान्तिपुर समाचार |
| ८:३० | कान्तिपुर न्यूज | ९:०० | ह्वाट द फ्लप |
| ९:०० | इट्स माइ सो (रिपिट) | १०:०० | सुमनसँग (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार | १०:३० | कान्तिपुर न्यूज |
| १०:३० | फिल्म टनिक (रिपिट) | ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:०० | कान्तिपुर न्यूज | ११:३० | कान्तिपुर समाचार |
| ११:३० | रजतपट (रिपिट) | १२:०० | कल कान्तिपुर रिपीटेड |
| १२:०० | कान्तिपुर समाचार | १:०० | कान्तिपुर न्यूज रिपीटेड |
| १२:३० | सरोकार (रिपिट) | १:३० | सुमनसँग (रिपिट) |
| १:३० | हियर्ज टु लाइफ (रिपिट) | २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:०० | कान्तिपुर समाचार | २:३० | हिअर्ज टू लाईफ (रिपिट) |
| २:३० | बलियो घर (रिपिट) | ३:०० | कल कान्तिपुर रिपीटेड |
| ३:०० | इट्स माई सो (रिपिट) | ४:०० | ह्वाट द फ्लप (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार | | |
| ४:३० | रजतपट (रिपिट) | | |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

| | | | |
|---|---|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (अच्यूत सुवेदी) | १५:०० | कान्तिपुर डायरी |
| ०६:३० | कान्तिपुर डायरी | १५:१५ | तमु चौतारी (सहज कु. घले) |
| ०७:०० | द हेडलाइनर्स | १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| ०७:३० | शिक्षा संवाद (कमला) | १६:०५ | बी-स्कोप |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी | १७:०० | डिष्ट्रिक्ट डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (स्मीता) | १७:०५ | को भन्दा को कम (सन्जोक बस्याल) |
| ०८:३० | ओल्ड इज गोल्ड | १८:०० | मुक्तिको सन्देस |
| ०९:०० | कान्तिपुर डायरी | १८:३० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट | १९:०० | यो माया भन्ने चीज यस्तै हो (प्रियंका) |
| ०९:१५ | राष्ट्रिय गीत | २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| ०९:२० | रेडियो टक (किरण) | २०:०५ | हिप हप हसल (स्मीता) |
| १०:०० | स्पोर्टस् डायरी | २१:०० | कान्तिपुर डायरी |
| १०:०५ | द लाइफ स्टाइल सो (सागरिका) | २१:२५ | न्युज मेकर अफ द डे |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी | २१:३० | इन्द्रेनी |
| ११:०५ | द लाइफ स्टाइल सो (सागरिका) | २२:०० | शब्द श्लाघा (भूपेन्द्र) |
| १२:०० | कान्तिपुर डायरी | २३:०० | सुनौलो यादहरु (दीपाञ्जली) |
| १२:१० | हिट लिस्ट (शुभराज) | २४:०० | हिट लिस्ट (रेमन) |
| १३:०० | डिस्ट्रिक डायरी | ०१:०० | सफर (राजेश) |
| १३:०५ | के छ नेपाल (निशान्त) | ०२:०० | नेपाली गीतहरु लगातार |
| १४:०० | इन्टरनेसनल डायरी | ०३:०० | हिन्दी गीतहरु लगातार |
| १४:०५ | के छ नेपाल (निशान्त) | ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **धनुषा** | |
| प्रहरी | ०४१५२४१०० |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२६९३८ |
| एम्बुलेन्स महावीर युवा कमिटी | ५२५९८० |
| एम्बुलेन्स मारवाडी सेवा समिति | ५२१७८४ |
| रक्त सञ्चार रेडक्रस | ५२०८७० |
| धनुषा अस्पताल | ५२५८०० |
| केयर मेडिकल सेन्टर | ५२०२३० |
| जानकी आँखा अस्पताल | ५२०३९७ |
| जानकी हेल्थ केयर सेन्टर | ५२५३४१ |
| अञ्चल प्रहरी कार्यालय | ५२०३६५ |
| एयरपोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२४४६० |
| जानकी मन्दिर | ५२०१७६ |
| राष्ट्रिय मानव अधिकार आयोग | ०४१-५२७८१२/५२७८११ |
| **महोत्तरी** | |
| जिल्ला अस्पताल | ५२००७० |
| वारुण यन्त्र | ५२००९७ |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२०००९ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| बन्दना हस्पिटल प्रा.लि. गौशाला | ९८५४०२५५२७/९८५४०२३५२७ |
| विद्युत् फ्युज शाखा | ५२००६६ |
| जलेश्वर अस्पताल | ५२००७० |
| ईलाका हेल्थ पोष्ट बलवा एम्बुलेन्स | ९८४४१२७१७७ |
| छिन्नमस्ता गण | ५२९६१९ |
| ई.प्र.का. बर्दिबास | ५५५००६ |
| जिल्ला प्रहरी कार्यालय | ५२०१९९ |
| प्रहरी कन्ट्रोल | ५२०००९ |
| जिल्ला अस्पताल | ५२००७० |
| ईलाका प्रहरी कार्यालय गौशाला | ५५१००/६९२०७२ |
| **काठमाडौंका महत्वपूर्ण टेलिफोन** | |
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| नेपाल मेडिसिटी अस्पताल | ११३४, ४२१७७६६, ४२१७७५५ |
| मेडीकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७१६०३ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६११९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०, ९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

**कान्तिपुर सम्पर्क** जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# लाटोफुस्रो दागले गाउँ छुटायो

## सुदूर पहाडका धेरै कुष्ठरोगीले अपमान सहे, कतिपय गाउँनिकाला भए तर बेलैमा उपचार पाएकाहरू भने निको भएर सम्मानपूर्वक जीवन बिताइरहेका छन्

### कुष्ठरोगीको पीडा

**डीआर पन्त** (डडेलधुरा)
**भवानी भट्ट** (कञ्चनपुर)



**कञ्चनपुरको वेदकोट–५, धरमपुरमा कुष्ठरोगको कारण अपांगता भएका स्थानीय ।** *तस्बिर : भवानी/कान्तिपुर*

पाप लागेर कुष्ठरोगी भएको भन्दै गाउँ निकाला भएका जयबहादुर खड्का उपचारपछि निको भइसकेका छन् । उनलाई कुष्ठरोग लागेर पाएको सास्तीभन्दा गाउँ निकाला गरेको पीर बढी छ । त्यस्तै अवस्थाका सीता साउद र राजबहादुर खड्का पनि कुनै समय गाउँबाट निकालिए थिए । गाउँबाट निकालिनुको पीडा उनीहरूमा अहिले पनि बल्झिरहन्छ ।

विसं २०१६ तिर गाउँबाट लखेटिएका जयबहादुर अहिले ८१ वर्षका भए । युवा उमेरमा गाउँ छाड्न बाध्य पारिएका उनी ६० वर्ष बित्यो, फेरि फर्केर गएका छैनन् । 'रोग त निको भयो, जीउभरि खत छन्, त्योभन्दा बढी घर छाड्न बाध्य पारिएको चोट मनमा छ,' उनी भन्छन्, 'जमाना पनि त्यस्तै थियो । त्यो बेला कुन बिमारी हो भन्ने खुट्याउने कोही थिएन ।' डडेलधुरा र डोटी सिमानाको छतिवन नजिकै सडकछेउमा बस्दै आएका खड्का आफूले गाउँ छाड्नुपर्दाका दिन सुनाउन सजिलो मान्दैनन् । छोराले सम्झाएपछि बल्ल मुख खोले, 'हुम्ला कालिकातिर मेरो जन्मथलो हो । २१ वर्षको उमेरमा गाउँनिकाला भएको, म त्यसपछि कहिल्यै गाउँ फर्केर गइनँ ।'

गाउँ छाडेपछि केही समय हुम्ला र बाजुराको सिमानामा पर्ने एउटा गुफामा दिन बिताए । बाटो थिएन । गोरेटो र जंगल हुँदै १५ दिनसम्म भोकभोकै हिँडेर डडेलधुरा पुगे । 'डडेलधुराको पोखरा नजिकै पाल टाँगेर विदेशी डाक्टरले कुष्ठरोगीको उपचार गरिरहेका थिए,' उनी भन्छन्, 'भाग्यले मैले पनि अरू १६ जनासँगै पालभित्र उपचार पाएँ ।' उपचार पाउनेहरू कालीकोट, अछाम, दार्चुलाका विभिन्न ठाउँबाट उनीजस्तै परिस्थितिका सिकार भएर आएका थिए । आफू जसरी नै कुष्ठरोगको उपचार गराउन आएकी बझाङको ज्यावन क्षेत्रकी महिलासँग उनले बिहे गरे । सन्तान भयो । केही वर्षअघि श्रीमतीको मृत्यु भएको बताएका उनी अहिले छोरासँग बस्छन् ।

सीता साउद अहिले ७० वर्षकी भइन् । बालविवाहको चलन थियो । उनको १२ वर्षकै उमेरमा बिहे भयो । त्यसको तीन वर्षमै जीउमा लाटोफुस्रो दाग आउन थाल्यो । बैतडीको तल्लो स्वराड क्षेत्रकी उनी सुरुमा रोग लुकाएर बसिन् । जब बढ्दै गयो, सबैले थाहा पाए । परिवार र आफन्तसँगै छिमेकीसमेतले छिछि र दुरदुर गर्न थाले । उपचार गराउन लैजानुको साटो परिवारबाटै अपहेलित भएपछि उनी खप्न नसकेर माइती आइन् । त्यहाँ पनि उस्तै तिरस्कार बेहोर्नुपर्‍यो । 'त्यो जमाना त्यस्तै थियो, रोग लागेकालाई उपचारका लागि लैजानुभन्दा समाजले अपमान गर्थ्यो,' कञ्चनपुरको वेदकोट नगरपालिका-५ धरमपुरकी ७० वर्षीया साउद भन्छिन्, 'कुष्ठरोग लागेका सुरुका वर्ष अनेक पीडा खेप्नुपर्‍यो ।' डडेलधुराको टिम अस्पतालमा उनले १० वर्ष उपचार गराइन् र निको भइन् । 'दुई वर्षसम्म अस्पतालमै बसेर उपचार गराउनु पर्‍यो,' उनी भन्छिन्, 'पछि पूरै बिसेक हुन डाक्टरले दिएको ओखती लामो समयसम्म खानुपर्‍यो ।'

राजबहादुर खड्काको पनि समस्या धेरै फरक छैन । उनलाई पनि बालखै छँदा कुष्ठरोगले समात्यो । के अनौठो रोग भनेर छरछिमेकी र आफन्तले हेला गरे । गाउँ छाडेर उपचार गर्न डडेलधुरा पुगे । उपचार पाएपछि रोग निको भयो । 'घरमा बस्न त के बाटोघाटोमा हिँड्नसमेत दिँदैनथे,' ५५ वर्षीय राजबहादुरले बाल्यकाल स्मरण गरे, 'खेतबाट हिँड्न खोज्दा पानी नै बिग्रिन्छ भन्थे । कतै जानुपरे राति लुकेर हिँड्नुपर्थ्यो ।'

### अस्पतालले फेरेको जीवन

शिक्षा र पूर्वाधार विकासको चरण बामे सर्न लागेका बेला समाज अन्धविश्वासी थियो । कुष्ठरोगबारे जनचेतना अभाव हुँदा रोगी अपमानित भइरहेका थिए । विसं २०२५ मा डडेलधुरामा टिम अस्पताल स्थापना भएपछि भने कुष्ठरोगको उपचार सुरु भयो । सुदूरपश्चिमसँगै कर्णाली क्षेत्रका बिरामीसमेत उपचारका लागि आए । परिवारबाट अपहेलित भएका धेरैजना रोग बिसेक भएपछि पनि घर फर्केनन् । अस्पतालमै खानेबस्ने सुविधा भएकाले उपचार अवधिसम्म कुनै समस्या थिएन । उनीहरूले डडेलधुरा क्षेत्रमै मजदुरी तथा अन्य काम गरेर गुजारा चलाउन थाले । कतिपयले उपचारकै क्रममा आफूजस्तै अवस्थाबाट गुज्रेकासँग घरजम पनि गरे । रोगकै कारण घरबार बिग्रेकाहरूले अस्पतालमै विवाह गरे । टिम अस्पताल र कुष्ठरोग निवारण संघको पहलमा सरकारले पुन:स्थापनाको कार्यक्रम पनि ल्यायो । अहिलेको धरमपुर क्षेत्रमा सरकारले उनीहरूलाई घरजग्गा दिएर बसोबास गराउने निर्णय भयो । त्यही निर्णयअनुसार धरमपुरबस्ती स्थापना भएको हो । टिम अस्पतालबाट उपचार गराएर आएकाहरूको बस्ती भएका कारण यहाँका स्थानीयले अहिले पनि 'टिम टोल' भन्ने गरेका छन् ।

### पुन:स्थापना गरेर बसाइयो बस्ती

धरमपुर क्षेत्रमा कुष्ठरोगीको पुन:स्थापना २०२९ देखि सुरु भएको हो । एक दशकमा यहाँ २८ परिवारको पुन:स्थापना भएको छ । 'हामी सुरुमै आएर यहाँ बसोबास गर्न थालेका हौं,' टिम अस्पतालमा उपचारपछि धरमपुर क्षेत्रमा बसोबास सुरु गरेका ६७ वर्षीय धनबहादुर रोकायाले भने, 'सुरुमा हामी तीनजना आएका हौं । त्यसपछि हरेक वर्ष थपिँदै गए ।' रोकाया बाजुराको काँडाबाट उपचारका लागि टिम अस्पताल आएका थिए । उनका अनुसार २०३९ मा २८ जनाका नाममा जग्गाधनी पुर्जा बनेको थियो । हरेकका नाममा २२ कट्ठा जमिन र काठले बनेका घरसँगै एक वर्षको खाद्यान्न पनि सरकारले नै उपलब्ध गराउँथ्यो । यसबाहेक २८ परिवारका लागि खानेपानीका दुई ह्यान्डपम्प, हरेक परिवारलाई एक/एकवटा गोरु उपलब्ध गराइएको थियो । 'हामीहरू दुई परिवार मिलेर एक हल गोरु बनाएर खेत जोत्ने गर्थ्यौं,' रोकाया भन्छन्, 'सुरुका वर्ष उब्जनी राम्रो नहुँदासम्म भनेर एक वर्ष पुग्ने रासनसमेत पाएका थियौं ।'

दुई दशकपछि २०५१ मा पनि धरमपुर क्षेत्रमा थप २६ परिवारलाई पुन:स्थापना गरिएको थियो । सुरुमा पुनर्स्थापना भएको बस्तीलाई तल्लो धरमपुर र पछि स्थापना गरिएको बस्तीलाई माथिल्लो धरमपुर नामकरण गरिएको छ । दोस्रो चरणमा पुन:स्थापना गरिएका परिवारलाई आधा बिघा जमिन, काठको जस्तापाता लगाएको घर, घरैपिच्छे शौचालय र खानेपानीका नल्का जडान गरिएको थियो । काठ र जस्तापाताले बनेका एकनासका घर, एकै प्लटमा मिलेको जमिन भएकाले सुरुमा यो बस्ती नमुना नै थियो तर अहिले धेरैजसोले काठका ढाँचा फालेर पक्की घर बनाइसकेका छन् । ३० देखि ५० को दशकसम्म कुष्ठरोगीलाई पुन:स्थापना गरिएको क्षेत्र ढडुवाखर्कका नाममा चिनिन्थ्यो । यहाँ वन फाँडेर बस्ती बसाइएको हो । तत्कालीन राजा वीरेन्द्रको आदेशमा उनीहरूलाई सरकारले पुन:स्थापना गरेपछि बस्ती बस्न सुरु भएको हो । त्यस अघिसम्म डडेलधुरा र डोटीबाट गाईभैंसी चराउन आउनेहरूको खर्क थियो । यही कारणले यस क्षेत्रको नाम ढडुवाखर्क राखिएको थियो । जब कुष्ठरोगीहरूलाई पुन:स्थापना गरियो, त्यसपछि यो बस्ती टिम टोलका नामले चिनिन थाल्यो । स्थानीयले यो गाउँ फरक धर्म मान्नेको हो भन्दै गाउँकै नाम धरमपुर राखेको धनबहादुर बताउँछन् । उनका अनुसार सुरुमा कुष्ठरोगीलाई पुन:स्थापना गर्दा स्थानीयले होच्याएर कोडी र फाँटासमेत भन्ने गरेका थिए । गाउँको नाम सभ्य भाषाबाट राख्ने योजनाअनुसार २०५४/०५५ देखि धरमपुर भएको स्थानीय जयबहादुर बोहोरा बताउँछन् । वेदकोट नगरपालिका-५ का अधिकांश बस्ती ऐलानी छन् । २०२०/०२२ देखि चलनभोग भइरहेको भए पनि सुरुमा पुन:स्थापना भएको कुष्ठरोगीको बस्ती मात्रै दर्ता छ । पछिल्लो पटक पुन:स्थापना भएकाहरूले भने हालसम्म जग्गा धनीपुर्जा पाउन सकेका छैनन् ।

### हराउँदै गयो भेदभाव

धरमपुरमा पुन:स्थापना सुरु गर्दा तल्लो क्षेत्रका बासिन्दाले विरोध गरे । कुष्ठरोगीलाई माथिल्लो क्षेत्रमा राख्दा पानीका मुहान नै बिग्रिने भनेर स्थानीयले विरोध गरेका थिए । कतिपयले त उनीहरूलाई धपाउन नै खोजे । 'राति आएर घर भत्काउने, पानीका कुवामा फोहोर गरिदिन्थे,' राजबहादुरले भने, 'हामीसँग बोल्ने र हिँडडुल गर्ने पनि कोही हुँदैनथे । बिहे र व्रतबन्धलगायतमा पनि कसैले बोलाउँदैनथे । बाटो हिँड्दा पनि गाली गर्ने, थुक्नेहरू हुन्थे ।' रोगीहरूबीच मात्रै बोलचाल र सहयोग आदानप्रदान हुन्थ्यो । अहिले कुष्ठरोगीलाई हेर्ने दृष्टि फेरिएको छ । विगतमा बस्नै नदिनेहरूसमेत आफ्नो घरमा बोलाउन थालेको राजबहादुरले सुनाए । टिम अस्पतालमा उपचार पाएका राजबहादुरजस्ता धेरै जना अहिले सम्मानपूर्वक जीवन बिताइरहेका छन् । 'गाउँनिकाला भएपछि डडेलधुरा आउन सक्ने धेरैले नयाँ जीवन पाए,' उनी भन्छन्, 'कतिपय कुष्ठरोगी गाउँ नजिकका गुफामा कष्टको जीवन बिताएर मरे ।' काठमाडौंको वीर अस्पतालबाट २०१८ मा कुष्ठरोगको उपचार सुरु भएको हो । डडेलधुरामा भने २०१७ मै बेलायती चिकित्सक क्यात्रिना योङले पहिलोपटक कुष्ठरोगको उपचार गर्न सुरु गरेकी थिइन् । त्यसको आठ वर्षपछि २०२५ मा अमेरिकी डा. सिमनले टिम अस्पताल स्थापना गरे । टिम अस्पतालमा पछिल्लो ५१ वर्षको अवधिमा हजारौं कुष्ठरोगीले उपचार पाए ।

सात वर्षअघि टिम अस्पताललाई गाभेर उपक्षेत्रीय अस्पताल बनाइयो । अस्पतालका क्षयकुष्ठ सुपरभाइजर तारादत्त पन्त भन्छन्, 'उपक्षेत्रीय अस्पताल बनेको चार वर्षयता एक सय १५ जना कुष्ठरोगीको उपचार भएको तथ्यांक छ ।' अस्पतालमा डडेलधुरा बैतडी, डोटी, बाजुरा, बझाङ, अछाम र दार्चुलालगायत सुदूरका पहाडी जिल्लाबाट उपचारका लागि बिरामी आउँछन् । 'अस्पताल आइपुगेका सबैको उपचार भएको छ,' उनले भने, 'हरेक महिना सरदर ४/५ जना कुष्ठरोगी अस्पतालमा आइपुग्ने गरेका छन् ।' सरकारले सन् २०१० मा कुष्ठरोग निवारण भएको घोषणा गरे पनि सुदूरपश्चिमका पहाडी जिल्लामा भने बर्सेनि यसका रोगी भेटिन्छन् ।

# अवैध खानीले जोखिम

गोरखा (कास)- बुढीगण्डकी नदी किनारको गोरखातर्फको सरकारी जग्गामा अवैध उत्खनन गरी चोरीनिकासी बढेको छ । मुआब्जा वितरणपछि सरकारी स्वामित्वमा आएको जग्गामा आठ ठाउँमा अवैध बालुवा खानी सञ्चालन भइरहेको स्थानीय प्रशासनले गरेको स्थलगत अध्ययनमा देखिएको हो ।

जिल्ला प्रशासन कार्यालयका खरिदार रविलाल सुवेदीका अनुसार दर्बुङदेखि बालुवाटारसम्मका खानी सोमबार अनुगमन गरिएको हो । 'अघिल्ला वर्षमा उत्खनन भएका खानी प्रशस्त रहेछन्,' उनले भने, 'हामीले हाल सञ्चालनमा रहेका खानी मात्र हेर्‍यौं ।' उनका अनुसार अनुगमन टोलीले बोर्लाङको घाटबेंसीमा बालुवा 'लोड' गर्दै गरेको ग१त ५२०२ नम्बरको ट्याक्टर नियन्त्रणमा लिएको छ । अनुगमन आउने पूर्वसूचना पाएका ठेकेदारले टिपर, ट्याक्टर र एक्स्काभेटर अघिल्लो दिन नै हटाएका स्थानीय बताउँछन् । सुवेदीका अनुसार अनुगमनका क्रममा कतिपय खानीमा आला डोब भेटिएका थिए ।

गण्डकी गाउँपालिकाअन्तर्गत दर्बुङको छोटटार, दर्बुङ फाँट, फुजेलको ढावे, भीमसेन थापा गाउँपालिकास्थित बोर्लाङको क्यामुनटार, ज्यादुल खोला, घाँटबेंसी तथा धावाको बालुवाटार र तान्द्राङको सिसौघारीमा रहेका बालुवा खानीको अनुगमन गरिएको हो । बालुवाटारमा रहेका चारमध्ये तीनवटा खानी सञ्चालनमा छन् । 'विशेष गरी उत्खनन भएका क्षेत्र पहिचान गर्‍यौं, सञ्चालनमा छ कि छैन हेर्‍यौं,' सुवेदीले भने, 'अब प्रतिवेदन बनाएर बुझाउँछौं ।' स्थानीयले निश्चित रकम लिएर खानी सञ्चालन गर्न ठेकेदारलाई जग्गा दिने गरेको भेटिएको सुवेदीले बताए ।

दर्बुङ फाँटमा भने रातको समयमा बालुवा निकासी हुँदै आएको स्थानीयसँगको छलफलपछि जानकारी पाइएको अनुगमन टोलीले जनाएको छ । ज्यादुल खोला फाँटमा खानीको बालुवा पखाल्न खुलेआम फिरफिरे सञ्चालनमा छ । ती क्षेत्रमा सञ्चालित खानीले वातावरणीय प्रभाव मूल्यांकन पनि गरेका छैनन् । खानी सञ्चालन गर्ने ठेकेदारले खानी तथा भूगर्भ विभागसँग अनुमति नलिनुका साथै स्थानीय तहलाई पनि जानकारी गराएका छैनन् । अनियन्त्रित उत्खननले जोखिम बढाएको छ । कतिपय खानीमा अघिल्ला वर्ष बालुवा झिकेका खाडल त्यसै छाडिएको छ ।

प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले अध्ययन टोलीको प्रतिवेदनका आधारमा कारबाही अघि बढाउने बताए । 'केही स्थानमा बालुवा झिकेको आला डोब रहेको बुझ्यौं,' उनले भने, 'प्रहरीलाई रोक्न निर्देशन दिन्छौं ।' उजुरी परेको खण्डमा मुआब्जा लिएको जग्गाको बालुवा ठेकेदारलाई बेच्ने पूर्वजग्गाधनीलाई पनि कारबाही गर्ने उनले बताए ।

# सीमा क्षेत्रका योजनामा भारतीय अवरोध

**कान्तिपुर संवाददाता** (मोरङ)

नेपाल-भारत संयुक्त सीमा क्षेत्र सर्वेक्षण टोलीले नापी नगरेकाले इलामलगायत सीमावर्ती क्षेत्रमा भौतिक निर्माणका योजना कार्यान्वयनमा अवरोध भइरहेको भन्दै प्रदेशसभामा आवाज उठेको छ । बुधबार बसेको प्रदेश १ को प्रदेशसभा बैठकमा सत्तारुढ दल नेकपाकी सांसद खिनुलङबा लिम्बुले नेपाल-भारत संयुक्त सीमा क्षेत्र सर्वेक्षण टोलीले सीमाको नापी नगरेकाले विकास निर्माणका आयोजना कार्यान्वयनमा समस्या भएको बताइन् । 'सर्भे टिमले तराईको क्षेत्रमा झापासम्म सीमाको नापी गरेको तर इलामलगायत पहाडी जिल्लाका सीमा क्षेत्रमा भने नापी गरेको छैन,' उनले भनिन् । पूर्वाधार निर्माणको काममा समस्या भइरहेकाले तत्काल सीमानाको नापीका लागि लिम्बूले सरकारको ध्यानाकर्षण गराइन् ।

इलामको सीमावर्ती सन्दकपुर क्षेत्रमा नेपालले एकलौटी संरचना बनाएको भन्दै असोज दोस्रो हप्ता भारतीय सीमा सुरक्षा बलले अवरोध गरेका थिए । समस्या तत्काल नसुल्झाए नेपालतर्फ सीमावर्ती क्षेत्रमा यसअघि निर्माण थालिएका र चालु आर्थिक वर्षमा निर्माण हुने पर्यटकीय पूर्वाधारका योजना कार्यान्वयनमा समस्या हुने उनको भनाइ छ । प्रदेश सरकारले पूर्वाधार विकास कार्यक्रमअन्तर्गत छुट्याएको रकमबाट सन्दकपुर गाउँपालिकाको सन्दकपुर डाँडामा करिब एक करोड लागतमा पूर्वाधार निर्माण थालिएको थियो । यहाँ भ्यु-प्वाइन्टसहित एक सय मिटर पैदल मार्ग, प्रवेशद्वारलगायत निर्माणका काम सीमानाको नापी नहुँदा रोकिएको लिम्बूले सुनाइन् ।

नेपालतर्फ आहालटारमा निर्माण गर्न लागिएको आवास गृहमा पनि अवरोध छ । तीन करोड लागतमा बन्ने आवास गृहका लागि टेन्डरसमेत भएको अवस्थामा भारतीय पक्षले सीमा यकिन नभएसम्म पूर्वाधार बनाउन दिएका छैनन् । 'पाँचथर सीमा नजिकै इलामकै क्षेत्रमा भवन बन्ने यकिन भए पनि भारतीय भनाइले काम अघि बढाउन व्यवधान भएको छ,' उनले भनिन्, 'प्राविधिकले गुगल म्याप देखाएर भवन बनाउन लागिएको क्षेत्रमा समेत भारतीय पक्षले अवरोध गर्दै आएका छन् ।' हिमालय दृश्यावलोकनसहित नेपाल, भारत र भुटानका अनेक स्थान नियाल्न सकिने गरी उक्त क्षेत्रमा भवन निर्माणको योजना छ ।

> टेन्डर भएका योजनामा समेत भारतीय पक्षले सीमा यकिन नभएसम्म निर्माणको काम अघि बढाउन दिएका छैनन्

शेर्पा च्यालेट होटलअगाडि जंगे पिलर रहे पनि त्यसमाथि सहायक र सानो पिलर नहुँदा सीमा यकिन हुन सकेको छैन । यस क्षेत्रमा सीमा क्षेत्रलाई पानीढलोका आधारमा बुझिने गरेको छ तर पछिल्लो समय भारतीय पक्षले गुगल नक्साअनुसार नेपालका धेरै क्षेत्र र बस्ती भारततिर पर्ने दाबी गर्दै आएको छ । वैज्ञानिक सीमांकन नभएसम्म यस क्षेत्रमा पूर्वाधार निर्माणदेखि अन्य गतिविधि गर्न समस्या हुने उनको भनाइ छ ।

सीमा सुरक्षा कार्यालयले गरेको सर्वेक्षणअनुसार कतिपय सीमास्तम्भ हराएका छन् भने कतिपय सुधार गर्नुपर्ने अवस्थाका छन् । इलामको सीमावर्ती क्षेत्रमा ३७ सीमास्तम्भ छैनन् । यो क्षेत्रमा जंगे पिलर १७ वटा हुनुपर्नेमा १६, सहायक पिलर ८३ हुनुपर्नेमा ७२ र सानो पिलर ४६ हुनुपर्नेमा २१ वटामात्र छन् । गत आवमा प्रदेश १ स्थित नेपाल-भारत सीमामा १७९ नयाँ सीमा स्तम्भ बनाइएको थियो । नेपाल-भारत संयुक्त सीमा क्षेत्र सर्वेक्षण टोलीको दोस्रो बैठकमा ३६ वटा स्तम्भ मर्मत गरिएको जानकारी गराइएको थियो । टोलीले सुनसरी, मोरङ र झापास्थित सीमामा निर्माण गर्नुपर्ने स्तम्भमध्ये केही यसअघि नै निर्माण भइसकेका र बाँकी रहेका स्थानमध्ये केही जमिनमा र नदीमा निर्माण गरेको जनाएको थियो । ठूला नदीबाहेक बिजोर नम्बरका स्तम्भ नेपाल पक्षले र जोर नम्बरका स्तम्भ भारत पक्षले निर्माण गर्ने व्यवस्था छ ।

# जनप्रतिनिधि भ्रमणमा, काम ठप्प

खोटाङ (कास)- जन्तेढुङ्गा गाउँपालिका प्रमुख, प्रमुख प्रशासकीय अधिकृतसहितको टोली कृषि भ्रमणमा गएपछि कार्यालयको काम ठप्प भएको छ । कार्यालय नै रित्तो हुनेगरी गाउँपालिका प्रमुख शंकर राई, प्रमुख प्रशासकीय अधिकृत चित्रप्रसाद गुरागाईं लगायतको टोली फागुन ७ मा कृषि भ्रमणमा निस्किएको हो ।

गाउँपालिका अध्यक्ष राईका अनुसार ६ वटा वडामध्ये पाँचजना वडाअध्यक्ष, हरेक वडाका दुईजनाका दरले कृषकसहितको टोली भ्रमणमा गएको छ । वडा नम्बर १ का वडाअध्यक्ष केदारमान राई, २ का अध्यक्ष गणेशबहादुर विष्ट, ४ का अध्यक्ष विदुरमान राई, ५ का अध्यक्ष रामकुमार श्रेष्ठ र ६ का अध्यक्ष सुकदेव राई भ्रमणमा निस्किएको उनको भनाइ छ । गाउँपालिका उपाध्यक्ष विमला राई र वडा नम्बर ३ का अध्यक्ष चन्द्रकुमार राई मात्रै भ्रमण टोलीमा सहभागी छैनन् ।


टोलीले पोखरा, चितवन लगायतका ठाउँहरूमा भ्रमण गरेको अध्यक्ष राईले बताए । टोली भ्रमणमा गएको बेला गाउँपालिकामा कार्यरत रोजगार संयोजक विज्ञान राईलाई निमित्तको जिम्मेवारी दिइएको प्रमुख प्रशासकीय अधिकृत गुरागाईंले सुनाए । सामान्य सिफारिसबाहेक अन्य कुनै जिम्मेवारी नदिएको निमित्त प्रमुख राईले बताए ।

जनप्रतिनिधिले कृषकका लागि छुट्याएको बजेट मोजमस्तीमा उडाएको एक स्थानीयले आरोप लगाए । गुरागाईंका अनुसार भ्रमणका लागि पाँच लाख विनियोजन गरिएको छ ।







नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com
# कान्तिपुर
सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २८ अंक ९ पोखरा | १५ फागुन २०७६ बिहीबार फाल्गुण शुक्लपक्ष चतुर्थी | नेपाल संवत् ११४० | गण्डकी प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, February 27, 2020 | पृष्ठ १२+४ | १० रुपैयाँ



**टुंगनाको धुनमा...** | २१४७ औं ग्याल्बो ल्होसार (नयाँ वर्ष) का अवसरमा बुधबार काठमाडौंको बौद्धस्थित गुम्बामा आयोजित समारोहमा हिमाली लोकबाजा टुंगना बजाएर गाउँदै कलाकार । सोमबार सुरु भएको तीनदिने धर्मपाल उत्सवका क्रममा शेर्पा समुदायले गुम्बामा भेला हुँदै 'बँदेल वर्ष' बिदा गरेर 'मुसा वर्ष' को स्वागत गरेका छन् । *तस्बिर : संजोग मानन्धर/कान्तिपुर*

# राष्ट्रिय सभामा गौतम कि खतिवडा ?

- नेकपामा बबन्डर सुरु
- सरकार र सचिवालयबीच गम्भीर मतभेद

**बिनु सुवेदी** (काठमाडौं)

राष्ट्रिय सभा सदस्यमा वामदेव गौतमलाई मनोनयन गर्न सरकारलाई सिफारिस गर्ने नेकपा केन्द्रीय सचिवालयको निर्णयलाई प्रधानमन्त्री एवं नेकपा अध्यक्ष केपी शर्मा ओलीले नमान्ने बताएपछि सत्तारूढ दलभित्रको विवाद उत्कर्षमा पुगेको छ । बुधबार आफूसमेत उपस्थित बैठकबाट निर्णय भएको दुई घण्टा नबित्दै ओलीले त्यसलाई नमान्ने भन्दै पार्टी सचिवालयको सिफारिसलाई चुनौती दिएका थिए ।

सचिवालय स्रोतका अनुसार प्रधानमन्त्री ओलीले बैठकपछि वरिष्ठ नेता माधवकुमार नेपाललाई फोन गरेर गौतमलाई राष्ट्रिय सभा सदस्य बनाउने सचिवालयको निर्णय आफूले नमान्ने र अर्थमन्त्रीसमेत रहेका राष्ट्रिय सभा सदस्य युवराज खतिवडालाई नै निरन्तरता दिने बताएपछि पछिल्लो विवाद बढेको हो । दुई वर्षअघि राष्ट्रिय सभा सदस्यमा राष्ट्रपतिबाट मनोनीत खतिवडालाई नै फेरि मनोनयन गराउने ओलीको चाहना प्रस्ट रूपमा प्रकट भएको छ ।

यता बुधबार बिहान प्रधानमन्त्री निवास, बालुवाटारमा बसेको सचिवालय बैठकले भने खतिवडाको बहिर्गमनपछि राष्ट्रिय सभामा रिक्त हुने उक्त स्थानमा पार्टी उपाध्यक्ष गौतमलाई सिफारिस गर्न सरकारलाई सुझाव दिने निर्णय गरेको थियो ।

यससँगै गत शनिबारको सचिवालय बैठकले संविधान संशोधनका लागि बनाएको कार्यदल भंग गर्ने र औचित्य एवं आवश्यकताका आधारमा संविधान संशोधनका लागि छलफल अघि बढाउने निर्णय गरेको महासचिव विष्णु पौडेलले बताए । 'गौतमलाई राष्ट्रिय सभामा मनोनयन गर्ने सचिवालयको सर्वसम्मत निर्णय हो, यही निर्णय नै लागू हुन्छ,' उनले कान्तिपुरसँग भने । यसअघि अध्यक्ष ओलीसँग निकट मानिने महासचिव पौडेलले सचिवालयको बहुमतले गरेको निर्णयतर्फ आफूलाई उभ्याएका छन् ।

बैठकपछि पार्टी प्रवक्ता नारायणकाजी श्रेष्ठले पनि गौतमलाई राष्ट्रिय सभा सदस्य बनाउने निर्णय भएको जानकारी पत्रकारलाई गराएका थिए । 'पछाडिको डेभलपमेन्ट के भयो थाहा छैन, सचिवालय बैठकले वामदेवजीलाई राष्ट्रिय सभामा लैजाने निर्णय गरेको हो,' प्रवक्ता श्रेष्ठले कान्तिपुरसँग भने । **बाँकी पृष्ठ १४**



गौतमलाई राष्ट्रिय सभामा मनोनयन गर्ने सचिवालयको सर्वसम्मत निर्णय हो, यही निर्णय नै लागू हुन्छ ।'

**– विष्णु पौडेल**
नेकपा महासचिव

## ४ दिने घटनाक्रम

**शनिबार**

नेकपा सचिवालयमा संविधान संशोधन कार्यदल गठन, निर्णय गोप्य राख्ने सहमति ।

**आइतबार**

प्रधानमन्त्रीनिकट नेताहरूबाट कार्यदल गठनको सूचना सार्वजनिक, कार्यदल सदस्यहरूद्वारा अनभिज्ञता प्रकट, केही नेताद्वारा खण्डन । माधव नेपाल र ईश्वर पोखरेलबीच कोटेश्वरमा भेट ।

**सोमबार**

कार्यदल संयोजक नेपालद्वारा सदस्यहरू सुवास नेम्बाङ र खिमलाल देवकोटासँग आफ्नै निवासमा अनौपचारिक छलफल । सदस्यहरूद्वारा कार्यदलको औचित्यमाथि प्रश्न । दिउँसो पुष्पकमल दाहाल, नेपाल र विष्णु पौडेलबीच धुम्बाराहीमा कुराकानी ।

**मंगलबार**

ओलीसँग दाहाल र नेपालको छुट्टाछुट्टै भेट । साँझ खुमलटारमा दाहाल, नेपाल, झलनाथ खनाल र वामदेव गौतमबीच कुराकानी । संविधान संशोधनबिनै राष्ट्रिय सभामा जान गौतम तयार ।

**बुधबार**

बिहान ओली–दाहाल छलफल । दिउँसो सचिवालयद्वारा गौतमलाई राष्ट्रिय सभामा लैजाने र संविधान संशोधन अध्ययन कार्यदल भंग गर्ने निर्णय । बैठकपछि ओलीद्वारा सचिवालयको निर्णय नमान्ने घोषणा । साँझ ओली–नेपाल भेट । ओली समूहको छुट्टै बैठक ।

## भित्र

**समाचार । २**
शशांक भन्छन्- 'अब शेरबहादुरजीलाई रोक्छु'

**समाचार । ३**
दुलही सजिएर बसिन्- न दुलाहा आए, न जन्ती

**कला र शैली । ८**
बोरामाथि पलैंटी कसेर फिल्म हेर्ने अहिले सुतेर हेर्छन्

**अर्थ वाणिज्य । ११**
हुम्लामा होटल बुकिङ शून्य

# एकै दिन ४ अर्बको सेयर

बैंकिङ, लघुवित्त, बिमा, जलविद्युत्, होटल र उत्पादन तथा प्रशोधन समूहका केही कम्पनीको चलखेल भएको आशंका

**यज्ञ बञ्जाडे** (काठमाडौं)

सेयर बजारमा बुधबार ४ अर्ब १५ करोड ४८ लाख रुपैयाँको कीर्तिमानी कारोबार भएको छ । सेयर कारोबार मापक नेप्से परिसूचक यस दिन झन्डै ५१ अंकले बढेर १ हजार ५ सय ९३.१३ बिन्दुमा पुग्यो । अघिल्लो दिन ४३.०२ अंकले बढेको थियो । आइतबार ३ अर्ब ६० करोड रुपैयाँको कारोबार भएको थियो । १२ उपसमूहको परिसूचक उकालो लागेपछि बुधबार समग्र नेप्से उच्च अंकले बढेको हो । अर्थमन्त्री युवराज खतिवडाको बहिर्गमनको चर्चासँगै सेयर कारोबार बढ्नुलाई जानकारहरूले 'अर्थपूर्ण संयोग' मानेका छन् ।

केही कम्पनीको कारोबार छोटो समयमै धेरै अंकले बढ्नुमा पर्याप्त प्राकृतिक आधार नदेखिएको धितोपत्र बोर्डका अध्यक्ष भीष्मराज ढुंगानाले बताए । 'निर्जीवन बिमा, लघुवित्त, जलविद्युत्, उत्पादन तथा प्रशोधनलगायत समूहअन्तर्गतका केही कम्पनीको सेयर कारोबार धेरै बढ्नुमा पर्याप्त आधार देखिँदैन,' उनले भने । बजारलाई धितोपत्र बोर्डले निरन्तर सूक्ष्म रूपले हेरिरहेको जानकारी दिँदै उनले डराइहाल्नुपर्ने अवस्था नरहेको बताए ।

'लगानीकर्ताले राम्रा कम्पनी छानेर लगानी गर्नुपर्छ,' उनले भने । बुधबार ३२ हजार १ सय ५४ वटा सेयर कारोबार हुँदा करिब ९९ लाख ७ हजार कित्ता सेयरको किनबेच भएको छ । **बाँकी पृष्ठ १३**

# राष्ट्रपति आउँदा बिदा !

बैतडी/दार्चुला (कास)- मन्दिरमा पूजा र भवन उद्घाटनको कार्यक्रममा राष्ट्रपति विद्यादेवी भण्डारी आउने भएपछि बैतडी र दार्चुलाका दुई/दुई पालिकाले सार्वजनिक बिदा दिने निर्णय गरेका छन् । बैतडीका पाटन नगरपालिका र दशरथचन्द नगरपालिका तथा दार्चुलाका शैल्यशिखर नगरपालिका र मालिकार्जुन गाउँपालिकाले बिहीबारका लागि सबै कार्यालय र शैक्षिक संस्था बन्द गरेका हुन् । उनीहरूले राष्ट्रपतिलाई नागरिक अभिनन्दन पनि गर्ने घोषणा गरेका छन् । आफ्ना गाउँ र नगरवासीका लागि सूचना जारी गर्दै राष्ट्रपतिको स्वागतमा भेला हुन भनेका छन् । विद्यार्थीलाई अनिवार्य सहभागी हुन भनिएको छ ।



**बैतडी र दार्चुलाका चार पालिकाका सबै कार्यालय र शैक्षिक संस्थामा आज सार्वजनिक बिदा**


राष्ट्रपति भण्डारीले बिहीबार पाटनस्थित भीमदत्त पोलिटेक्निक इन्स्टिच्युटको भवन र छात्रावास उद्घाटन गर्ने कार्यक्रम छ । त्यसपछि दशरथचन्द नगरपालिकास्थित त्रिपुरासुन्दरी मन्दिरमा पूजा गर्ने दशरथचन्दका नगरप्रवक्ता चक्रप्रसाद शर्माले बताए । राष्ट्रप्रमुख जिल्ला आउँदा सार्वजनिक बिदा दिनु राम्रो निर्णय भएको उनले दाबी गरे । पाटन र दशरथचन्द नगरले राष्ट्रपति भण्डारीलाई नागरिक अभिनन्दन गर्ने कार्यक्रम छ ।

सार्वजनिक बिदा दिने निर्णयले बालबालिकाको पढाइ प्रभावित हुने शिक्षकहरूले बताए । 'राष्ट्रप्रमुख आउँदा कार्यक्रमस्थल नजिकका विद्यालयका विद्यार्थी जानु, स्वागत गर्नु ठिकै भए पनि सबै विद्यालय बन्द गर्न जरुरी थिएन,' दशरथचन्द माविका प्रधानाध्यापक तेजप्रकाश भट्टले भने ।

राष्ट्रपतिले बिहीबारै मालिकार्जुन गाउँपालिकास्थित मालिकार्जुन मन्दिरमा विशेष पूजापाठ गर्ने कार्यक्रम छ । जिल्लाका शैल्यशिखर नगरपालिका र मालिकार्जुन गाउँपालिकाले सार्वजनिक बिदा घोषणा गर्दै स्वागतका लागि उपस्थित हुन सर्वसाधारणलाई सूचना जारी गरेका छन् ।

शैल्यशिखर नगर कार्यपालिकाको बुधबारको बैठकले बिदा दिने निर्णयसँगै नगरवासीलाई राष्ट्रपतिको स्वागतका लागि उपस्थित हुन अनुरोध गर्दै सूचना जारी गरेको निमित्त प्रमुख प्रशासकीय अधिकृत अरुणप्रसाद जोशीले जानकारी दिए । नागरिक अभिनन्दन र स्वागतका लागि गाउँपालिकाले बिदा दिने निर्णय गरेको मालिकार्जुन गाउँपालिका अध्यक्ष नरेन्द्रसिंह धामीले बताए । **बाँकी पृष्ठ १४**



## छोटकरी

### सुरक्षा बैठकमा क्रसर र चन्द समूहबारे छलफल

लमजुङ (कास)- गण्डकी प्रदेशको ५ जिल्लाका सुरक्षा निकायको संयुक्त बैठकमा अवैध क्रसर र नेत्रविक्रम चन्द नेतृत्व समूहको गतिविधिबारे छलफल भएको छ। लमजुङ, कास्की, तनहुँ, गोरखा र मनाङका सुरक्षा निकायका प्रमुख सम्मिलित बैठकमा अवैध क्रसर उद्योग सञ्चालन गर्न नदिने र चन्द समूहको गतिविधिलाई निस्तेज पार्ने निर्णय गरिएको एक सहभागिले बताए। बुधबार बेंसीसहर-३ काउलेपानीमा आयोजित अन्तरजिल्ला समन्वय बैठकले अवान्छित गतिविधि र गैरकानुनी कार्य गर्न नदिने र उच्च सुरक्षा अपानउने निर्णय गरेको हो। लागूऔषध नियन्त्रण, प्राकृतिक स्रोतको दोहन, जडिबुटीको अवैध संकलन अहिलेको चुनौति बनेको भन्दै यसलाई रोक्ने निर्णय गरिएको छ। हिमाली जिल्ला मनाङ र गोरखा चीनसंग जोडिएको र सीमाक्षेत्रमा अवाञ्छित गतिविधि हुनसक्ने भन्दै यसतर्फ दुवै जिल्लाले सतर्कता अपनाउने भएका छन्। विपद्को सतर्कता अपनाउनुपर्ने उनीहरूको जोड थियो। लमजुङका प्रमुख जिल्ला अधिकारी लक्ष्मणबहादुर खड्काले सुरक्षाका सन्दर्भमा एकापसमा समन्वय तथा सूचना आदानप्रदान गरेर अघि बढ्ने निर्णय गरेको बताए। उनले भने, 'शान्ति सुरक्षा र नागरिकमा अमनचयन गराउने, सुरक्षा मजबुत बनाउने, अवान्धित गतिविधि हुन नदिने, सुरक्षा सतर्कता अपनाउने निर्णय भएको छ।' बैठकमा ५ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धानका प्रमुख सहभागि थिए।

### प्रधानाध्यापक र प्राविधिकविरुद्ध विशेष अदालतमा मुद्दा

गोरखा (कास)- तत्कालीन जिल्ला शिक्षा कार्यालयबाट प्राप्त विभिन्न शीर्षकको रकम हिनामिना गरेको आरोपमा सिरानचोक गाउपालिका-१ केरावारीको नेपाने माविका प्रधानाध्यापक शिवकुमार साहविरुद्ध विशेष अदालतमा मुद्दा दर्ता भएको छ। उनीसंगै शिक्षा विकास तथा समन्वय इकाइका प्राविधिक विकास झाविरुद्ध पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दर्ता गरेको छ। दुवैजनालाई ३ महिनाअघि अख्तियारले नियन्त्रणमा राखेर अनुसन्धान थालेको थियो। साहले विद्यालयमा आएको विभिन्न शीर्षकको छात्रवृत्ति, पोसाक, झोलाका लागि प्राप्त रकम हिनामिना गरेको आरोप उनीमाथि छ। विभिन्न शीर्षकमा २९ लाख ३० हजार रुपैयाँ हिनामिना गरेको आरोप छ। शिक्षा विकास तथा समन्वय इकाइका प्राविधिक सबइन्जिनियर झाले साहसँग मिलेर गलत प्रतिवेदन दिएको आरोप छ। उनले ३ लाख ५० हजार हिनामिना गराउने कार्यमा प्रत्यक्ष संलग्न रहेको भन्दै त्यति नै रकम बिगो दाबी गर्दै विशेष अदालतमा आरोपपत्र दायर गरिएको छ।

### लघुवित्तका शाखा प्रमुखद्वारा ६२ लाख रुपैयाँको हिनामिना

लमजुङ (कास)- हिमाली जिल्ला मनाङको सदरमुकाम चामेमा रहेको एनएमबी लघुवित्त वित्तीय संस्था लिमिटेड (साबिक एनएमबी माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड) शाखा प्रमुखले ६२ लाख रुपैयाँभन्दा बढीको आर्थिक हिनामिना गरेको पाइएको छ। संस्थाको आन्तरिक लेखा परीक्षण र छानबिनका लागि गठित समितिले चामे शाखा कार्यालय प्रमुख कल्पना गुरुङले करिब ६२ लाख १० हजार रुपैयाँ हिनामिना गरेको निष्कर्ष निकालेको छ। मनाङको नासो गाउँपालिका-४ धारापानीकी उनी प्रहरी हिरासतमा छन्। प्रहरीले फागुन ४ मा पक्राउ गरी ५ गते ७ दिनका लागि म्याद थपेको छ। आइतबार म्याद सकिएको र पुनः ७ दिनका म्याद थपेर अनुसन्धान गरिएको मनाङका प्रहरी प्रमुख डीएसपी मेखबहादुर कुँवरले बताए।

# बजारमा मुस्ताङी स्याउ

## असोज-कात्तिकतिर कोल्डस्टोरमा राखिएका ३०० टन मुस्ताङी स्याउ अहिले धमाधम बिक्री

**कान्तिपुर संवाददाता** (पोखरा)

मध्य फागुनमा मुस्ताङी स्याउ ! विक्रेताले मुस्ताङको अर्गानिक स्याउभन्दा पनि ग्राहकले हत्तपत्त पत्याउँदैनन्। नपत्याएर के गर्नु यतिबेला पोखरालगायत बजारमा मुस्ताङको स्याउ बिक्री भइरहेको छ।

सामान्यतया हरितालिका तिजलगत्तै पूर्ण रूपमा पनि नपाक्दै मुस्ताङको स्याउ बजारमा आउँछ, तिहार आसपाससम्म पाइन्छ। त्यसपछि भने चीन र भारतबाट ल्याइएको स्याउले बजार ढाक्छ। पोखरा-२६ बुढीबजारस्थित मालिका एग्रो ग्रुपको कोल्डस्टोर (शीतभण्डार) मा राखिएको मुस्ताङी स्याउ यतिबेला बजारमा बिक्री भएको हो। कोल्डस्टोरमा गत असोज/कात्तिकमा ३०० टन स्याउ राखिएको थियो।

मुस्ताङको स्याउ पोखरामा कोल्डस्टोरमा राखेर बेसिजनमा बिक्री भएको यो पहिलो हो। 'सिजनमा मात्रै मुस्ताङी अर्गानिक स्याउ पाइने तर बेसिजनमा नपाइने उपभोक्ताको गुनासोपछि कोल्डस्टोरमा राखेका थियौं,' सञ्चालकमध्येका एक दलराज पुनले भने, 'अहिले धमाधम बेचिरहेका छौं। सुरुसुरुमा विक्रेताले समेत नपत्याएर स्याउ खरिद गरेनन्। अहिले भने माग आइरहेको छ।'

ग्रुपले पोखराबाहेक पर्वत, बागलुङ, बेनी, काठमाडौं, चितवन र बुटवलसम्म स्याउ पुर्‍याएको छ। प्रतिकिलो डेढसय रुपैयाँका दरले बजारमा पठाइएको कोल्डस्टोरका अर्का सञ्चालक बेगप्रसाद गर्बुजाले बताए। 'कोल्डस्टोरमा राखेर मुस्ताङी स्याउ बेसिजनमा उपभोक्ताकामा पुर्‍याउने उद्देश्यले पहिलो अभ्यास गरेका हौं,' उनले भने, 'स्याउसहित आलु, तरकारीलगायत कृषिजन्य उत्पादन कोल्डस्टोरमा राख्छौं।' अहिलेसम्म १०० टन स्याउ बिक्री भएको छ। कोरोना भाइरसका कारण चीनबाट स्याउ आयात रोकिएकाले बिक्री बढेको छ। कोल्डस्टोरमा मुस्ताङको मार्फा बागवानी केन्द्र र केही किसानको स्याउ ल्याएर भण्डारण गरिएको थियो। बेसिजनमा मुस्ताङको स्याउ खान नपाइने अवस्थाको यो कोल्डस्टोरले अन्त्य गरिदिएको उपभोक्ता बताउँछन्। 'सुरुमा मुस्ताङको स्याउ भन्ने पत्यारै लागेन' पोखरा-८ की प्रतिभा गौतमले भनिन्, 'थोरै किनेर चाख्दा स्वादिलो भयो। मुस्ताङको भन्ने पक्का भएपछि अहिले खोजीखोजी किन्ने गरेको छु।' यसअघि पोखरामा केही व्यवसायीले कोल्डस्टोरमा राखेर मुस्ताङी स्याउन बेच्ने प्रयास पनि गरेका थिए। तर पुरानो प्रविधिका कारण सफल भने भएन। गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको अनुदान र ६ उद्यमीको ५ करोड लगानीमा वर्षअघि कोल्डस्टोर बनेको हो। कोल्डस्टोरमा फलफूल, तरकारीलगायतको भण्डारण गर्न मिल्छ। स्टोरमा प्रदेश सरकारको साढे २ करोड रुपैयाँ लगानी छ। सञ्चालक गर्बुजाले प्रदेशका किसानलाई लाभ पुग्ने गरी शीतभण्डार सञ्चालनमा ल्याएको बताउँछन्। उत्पादन धेरै हुँदा कहाँ राख्ने भन्ने किसानको चिन्ता हटेको उनको भनाइ छ।




**पोखरा-२६ बुढीबजारमा मंगलबार कोल्डस्टोरमा राखिएको मुस्ताङी स्याउ बिक्रीका लागि प्याकिङ गर्दै।** *तस्बिर : लालप्रसाद शर्मा/कान्तिपुर*

**कोल्डस्टोर बनाउँदै प्रदेश सरकार**

खर्च संचित नमिल्दा रोकिएको कोल्ड स्टोर निर्माणको काम पुनः सुचारु भएको छ। साउनदेखि माघसम्म रोकिएको कामको गत सातादेखि प्रक्रिया अघि बढाइएको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले जनाएको छ।

प्रदेश सरकारले गत वर्ष २ कोल्ड स्टोर बनाएको थियो। चालु वर्ष ६ बनाउने योजना अघि सारेअनुसार अहिले १४ आवेदन दर्ता भएका मन्त्रालयको योजना महाशाखा प्रमुख ग्रीष्म न्यौपानेले बताए। प्रदेशभरि उत्पादन हुने फलफूललाई मध्यनजर गर्दै कोल्ड स्टोरमा लगानी बढाएको मन्त्रालयको भनाइ छ।

६ वटै कोल्ड स्टोर १०० टनभन्दा माथिको क्षमताका हुने छन्। नवलपुर, गोरखा, कास्की, स्याङ्जा र तनहुँबाट मात्र आवेदन परेको छ। कोल्डस्टोर चालु आवभित्र सम्पन्न हुने गरी काम भएको मन्त्रालयले बताएको छ। मन्त्रालयले एउटा कोल्ड स्टोरलाई डेढ करोड रुपैयाँ अनुदान दिनेछ।

'कोल्ड स्टोर निर्माणको लागि स्थानीय तह, प्राइभेट कम्पनी, सहकारी तथा समूहरूले प्रस्ताव हालेका छन्,' न्यौपानेले भने, 'स्थानीय तहले आफूले पनि लागत हाल्ने गरी प्रस्ताव गरेको छ।' गतबर्ष मन्त्रालयले २५ वटा कोल्ड स्टोरको योजना अघि सारेको थियो। जसमध्ये २ वटा ठूला र अन्य मध्यम साथै साना थिए। पोखरा-२६ बुढीबजार र १४ चाउथेमा निर्माण गरिएका दुई ठूला कोल्ड स्टोर सञ्चालनमा आइसकेका छन्। दुवै स्टोरको क्षमता ५ सय टन रहेको छ। अन्य साना भनिएका जम्मा १० टनका छन्। कोल्ड स्टोरको अभावमा उत्पादन भएका वस्तु सस्तो मूल्यमा फाल्नुपर्ने र बजार अभावका कारण बारीमै सुकाउनुपर्ने अवस्था रहेकाले सरकारले योजना बनाएर नै काम गरेको महाशाखा प्रमुख न्यौपानेले बताए। प्रदेशका ११ वटै जिल्लामा सरकारको कोल्ड स्टोर निर्माण गर्ने लक्ष्य रहेको भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री लेखबहादुर थापाले बताए।

# पढ्दै र कम्प्युटर सिक्दै आमाहरू

**घनश्याम खड्का** (म्याग्दी)

सदरमुकाम बेनीको पश्चिम म्याग्दीखोला किनारमा उज्यालो बैकल्पिक विद्यालय छ। विद्यालयको ३ कक्षाकी नियमित विद्यार्थी हुन बेनी नगरपालिका-३ भकिम्लीकी ७० वर्षीया दिलमाया पुन। ३ वर्षअघि भर्ना भएर उनले पढ्न सुरु गरेकी थिइन्। 'कखरा, एबिसी र हिसाबका जोडघटाउ सिकें। भागा र गुणन गर्न अलि अप्ठेरो लागेको छ,' उनले भनिन्, 'यो उमेरमा पढ्न पाउँदा खुसी छु।' उनी विद्यालयकै जेठी विद्यार्थी हुन्।

पुनमात्र होइन, पर्वतको जलजला गाउँपालिका-३ वारीबेनीकी ६० वर्षकी रेनु मल्ल, मालिका-७ की ५० वर्षीया तुलकुमारी मल्ल, बेनीकी ५३ वर्षीया लालकुमारी सापकोटा, ५६ वर्षकी भुलमायाँ तिलिजा, ६० वर्षकै राधिका आचार्य र ४३ वर्षकी देवी सुवेदी विद्यार्थी हुन्। सुवेदी त एकघन्टा पैदल हिंडेर स्कुल पुग्छिन्। 'चार वर्षअघि ३ कक्षामा भर्ना भएर पढ्न थालेकी थिए अहिले ८ कक्षामा पुगे' रेनुले भनिन, 'सामान्य अंग्रेजी पनि जानेको छु। क्याल्कुलेटरमा भागा र गुणनको हिसाब पनि गर्छु। अझ ठूलो कुरा त कम्प्युटरमा आफ्नो नाम टाइप गर्न जानेको छु।' पढ्ने उमेरमा नपाएको र अहिले छोराछोरी हुर्केपछिको फुर्सद समयमा पढेर धोका मेटाएको बताउने उनी साना बालबालिकालाई पढाउन सक्ने हैसियत बनाएको भन्दै दंग छिन्।



**म्याग्दीको बेनीस्थित उज्यालो वैकल्पिक विद्यालयमा पढ्दै आमाहरू।** *तस्बिर : घनश्याम/कान्तिपुर*

औपचारिक शिक्षाबाट वञ्चित वयस्कलाई शिक्षाको मूलधारमा ल्याउन सञ्चालित उज्यालो विद्यालयमा अहिले ९ कक्षासम्मको पढाइ हुन्छ। पढ्ने इच्छा भए उमेरले छेक्दैन भन्ने गतिलो अवसर विद्यालयले दिएको छ। विद्यालयमा १५ देखि ६० वर्ष समूहका ६८ आमा अध्ययनरत छन्। केही ६० वर्षमाथिका पनि छन्। नाम मात्र लेख्न सक्ने धोकाले पढ्न थालेका आमाहरूले अहिले नेपाली, अंग्रेजी, गणित विषय पढ्दै, लेख्दै र कम्प्युटर पनि चलाउन सिकिरहेका छन्।

तत्कालीन जिल्ला शिक्षा कार्यालयको विद्यालय क्षेत्र विकास कार्यक्रमअन्तर्गत ०७३ देखि विद्यालय सञ्चालनमा छ। 'बाल्यकालमा भाइबहिनी स्याहार्न र किशोरावस्थामा गोठ स्याहार्दै बित्यो। उतिबेला पढ्न नपाएकाले दाँतमा ढुंगो लागेझैं भएर पढ्न थालेकी' ५६ वर्षकी भुनुमाया तिलिजाले भनिन्, 'अनपढ हुँदा सामाजिक तथा राजनीतिक क्षेत्रमा पछि परेको महसुस पनि भयो।' उनी ९ कक्षामा पढ्छिन्। विद्यालयमा अक्षर चिन्न गएकालाई पहिलो तहमा, ३ कक्षा पढ्दै छाडेका दोस्रो तह र ५ कक्षासम्म पढेर विद्यालय छाडेकालाई तेस्रो तहमा राखेर पढाइन्छ। ५ कक्षामाथि पढ्ने आमाका लागि छुट्टै कम्प्युटर कक्षा थपिएको छ। 'मागअनुसार ५ कक्षामाथिका आमा विद्यार्थीलाई कम्प्युटरको आधारभूत विषय पढाउँछौं,' विद्यालयकी संयोजक रीता गर्बुजाले भनिन्।

# न्यायिक समिति गठन गर्न रिट

पर्वत (कास)- न्यायिक समिति गठन नगरेर सर्वसाधारणको संवैधानिक हक हनन गरिएको भन्दै कुश्मा नगरपालिकाविरुद्ध उच्च अदालत पोखराका बागलुङ इजलास केन्द्रमा रिट निवेदन परेको छ। अधिवक्ता रामचन्द्र शर्माले समिति नबनाएर जनताको न्याय पाउने अधिकार वञ्चित भएको जनाउँदै सोमबार रिट दिएका हुन्।


जनप्रतिनिधि आएको तीन वर्ष पुग्ने लाग्दा कुश्ममा समिति गठन भएको छैन। दलीय विवादका कारण गठन हुन नसकेको न्यायिक समिति अभावकै कारण नगरपालिकालई अनिर्णयको बन्दी बनाएको रिटमा छ। नगरपालिकामा दुई राजनीतिक दलका प्रतिनिधिबीच कुरा नमिल्दा समिति बन्न नसकेको हो। शर्माले संवैधानिक व्यवस्था र न्यायको सर्वमान्य सिद्धान्तलाई बेवास्ता गरिएको भन्दै नगर कार्यपालिकालाई विपक्षी बनाई रिट दायर गरेका हुन्। यसले नगरपालिकामाथि दबाब सिर्जना भएको छ।

रिटमा संविधानको उल्लंघन गर्ने काम स्थानीय सरकारले गरेको आरोप लगाइएको छ साथै जनप्रतिनिधिको बेवास्ताले नागरिकले न्याय पाउने अधिकार कुण्ठित गर्नुपर्ने कारण माग गरिएको छ। कार्यपालिकामा नेकपाको बहुमत छ। प्रमुख र उपप्रमुख भने कांग्रेसबाट विजयी छन्। न्यायिक समितिलाई पूर्णता दिन नेकपा प्रतिनिधिहरूले विभिन्न सर्त राख्दै आएका छन्। सुरुमा समितिको संयोजक उपप्रमुखलाई तोकेर सदस्य आफूलाई दिन माग गर्दै आएको उपप्रमुख सीता काफ्ले लामिछानेले बताइन्।















## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | अधिक खर्च | तुला | आलोचित हुने |
| वृष | नयाँ कार्य आरम्भ | वृश्चिक | मनोकांक्षा पूर्ण |
| मिथुन | कार्य सिद्धि | धनु | कान्ति क्षय |
| कर्कट | धर्म बढ्ने | मकर | शत्रु परास्त |
| सिंह | अपव्यय | कुम्भ | अपेक्षित लाभ |
| कन्या | प्रतिष्ठा प्राप्त | मीन | उत्साहप्रद |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल फाल्गुन १६ गते शुक्रबार तदनुरुप २८ फरवरी २०२० फाल्गुन शुक्लपक्ष पञ्चमी तिथि प्रातः ५:५६ बजेसम्म उप्रान्त षष्ठि तिथि, अश्विनी नक्षत्र रात्रिको १:२६ बजेसम्म उप्रान्त भरणी नक्षत्र, शुक्ल योग प्रातः ९:२८ बजेसम्म उप्रान्त ब्रम्हा योग, बब करण दिनको ५:४ बजेसम्म उप्रान्त बालब करण, मेष राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | भजन |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | इट्स माइ सो (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | फिल्म टनिक (रिपिट) |
| ११:०० | कान्तिपुर न्यूज |
| ११:३० | रजतपट (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | सरोकार (रिपिट) |
| १:३० | हियर्ज टु लाइफ (रिपिट) |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | बलियो घर (रिपिट) |
| ३:०० | इट्स माई सो (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | रजतपट (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्यूज |
| ६:३० | सुमनसँग (रिपिट) |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | ह्वाट द फ्लप |
| १०:०० | सुमनसँग (रिपिट) |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | सुमनसँग (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | हिअर्ज टू लाईफ (रिपिट) |
| ३:०० | कल कान्तिपुर रिपीटेड |
| ४:०० | ह्वाट द फ्लप (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगञ्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगञ्ज

| | |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (अच्यूत सुवेदी) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | शिक्षा संवाद (कमला) |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (स्मीता) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | रेडियो टक (किरण) |
| १०:०० | स्पोर्टस् डायरी |
| १०:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | हिट लिस्ट (शुभराज) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (निशान्त) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल (निशान्त) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | तमु चौतारी (सहज कु. घले) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | बी-स्कोप |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | को भन्दा को कम (सन्जोक बस्याल) |
| १८:०० | मुक्तिको सन्देस |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | यो माया भन्ने चीज यस्तै हो (प्रियंका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | हिप हप हसल (स्मीता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | शब्द श्लाघा (भूपेन्द्र) |
| २३:०० | सुनौलो यादहरु (दीपाञ्जली) |
| २४:०० | हिट लिस्ट (रेमन) |
| ०१:०० | सफर (राजेश) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

**पोखराका महत्त्वपूर्ण नम्बरहरू**

| | |
|---|---|
| रक्त सञ्चार सेवा केन्द्र/एम्बुलेन्स रेडक्रस | ०६१-५२१०९१ |
| कास्की रेडक्रस | ०६१-५२०३५७ |
| दमकल सेवा | ०६१-५२०२२२ |
| शव बाहन सेवा (सिद्धार्थ क्लब) | ०६१-५३०२०० |
| पश्चिमाञ्चल क्षेत्रीय अस्पताल | ०६१-५२००६६/६७ |
| मनिपाल शिक्षण अस्पताल | ०६१-५२६४१६/१७/१८ |
| गण्डकी मेडिकल कलेज | ०६१-५५०२५३ |
| हिमालय आँखा अस्पताल | ०६१-४६११६८ |
| पोखरा विश्वविद्यालय, लेखनाथ | ०६१-५६१०४६/५६१५४६ |
| क्षेत्रीय प्रशासन कार्यालय | टोल फ्रि ११११/०६१-४६४८४१ |
| क्षेत्रीय प्रहरी कार्यालय | ०६१-४६२५००/९८५६०२८४३३ |
| जिल्ला प्रहरी कार्यालय | ०६१-५२००३३/९८५६०३०५९९ |
| जिल्ला ट्राफिक प्रहरी | १०३/०६१-५२०४१२ |
| सशस्त्र प्रहरी बल (कालिका गण) | ०६१-५४१०८८/९८५१२७२०४७ |

**बागलुङ**

| | |
|---|---|
| धौलागिरि अञ्चल अस्पताल | ०६८ ५२०१८८/५२०२८८ |
| रक्तसञ्चार केन्द्र | ०६८ ५२०२७३ |
| कालिका भगवती गुठी एम्बुलेन्स | ९८४६९१७५०० |
| गोरखा अस्पताल | ०६४ ४२०२०८ |
| स्याङ्जा जिल्ला अस्पताल | ०६३ ४२०२३९ |
| स्याङ्जा रेडक्रस एम्बुलेन्स | ०६३ ४२०११४ |
| पर्वत जिल्ला अस्पताल | ०६७ ४२०११९/४२०४१४ |
| पर्वत रेडक्रस एम्बुलेन्स | ०६७ ४२०१६९ |
| पर्वत प्रहरी/वारुणयन्त्र | ०६७ ४२०१००/४२०१९९ |
| लमजुङ जिल्ला अस्पताल | ०६६ ५२०१९५/५२०५५७ |
| लमजुङ सामुदायिक अस्पताल | ०६६ ५२०१८३ |
| म्याग्दी जिल्ला अस्पताल | ०६९ ५२०१०८ |
| दमौली अस्पताल | ०६५ ५६०२०३ |
| नवलपरासी जिल्ला अस्पताल | ०७८ ५२०५०३ |
| स्याङ्जा बारुणयन्त्र | ०६३ ४२०४०९ |
| जिल्ला प्रहरी बागलुङ | ०६८ ५२०१९९ र ५२०२१९ |
| जिल्ला प्रहरी गोरखा | ०६४ ४२०२३७ |
| जिल्ला प्रहरी लमजुङ | ०६६ ५२०१९८ र ५२०१९९ |
| जिल्ला प्रहरी मनाङ | ०६६ ४४०१९९ |
| जिल्ला प्रहरी मुस्ताङ | ०६९ ४४०११६ र ४४००९८ |
| जिल्ला प्रहरी म्याग्दी | ०६९ ५२०१९९ र ५२०२९९ |
| जिल्ला प्रहरी पर्वत | ०६७ ४२०१९९ |
| जिल्ला प्रहरी स्याङ्जा | ०६३ ४२०१००/४२०१९९/४२०२८४ |
| जिल्ला प्रहरी तनहुँ | ०६५ ५६०१९९ |
| इप्रका आँबुखैरेनी | ०६५ ५४००९९ |
| जिल्ला प्रहरी नवलपरासी | ०७८ ५४०१०० |
| लुम्बिनी अञ्चल अस्पताल बुटवल | ०७१५४०२०० |
| बुद्ध सामुदायीक मुटु अस्पताल | ०७१५४६१९७ |
| महिला तथा बाल अस्पताल-आम्दा | ०७१५४४४५० |
| युनिभर्सल कलेज अफ मेडिकल सायन्सेस भैरहवा | ०७१५०६०३० |
| भीम अस्पताल भैरहवा | ०७१५२०१९३ |
| पृथ्वी चन्द्र अस्पताल परासी | ०७८५२०१८८ |
| अर्घाखाची जिल्ला अस्पताल | ०७७४२०२५७ |
| गुल्मी जिल्ला अस्पताल | ०७९५२०१८८ |
| कपिलवस्तु जिल्ला अस्पताल | ०७६५६०२०० |
| रेडक्रस एम्बुलेन्स भैरहवा | ०७१-५२०२६३, ९७४७०२११०४ |
| रेडक्रस, रक्त संचार भैरहवा | ०७१-५२०२६३, ९८६७०३२६४५७ |
| रेडक्रस, रक्त संचार, बुटवल | ०७१-५४१००४ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

**कान्तिपुर सम्पर्क** जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# लाटोफुस्रो दागले गाउँ छुटायो

सुदूर पहाडका धेरै कुष्ठरोगीले अपमान सहे, कतिपय गाउँनिकाला भए तर बेलैमा उपचार पाएकाहरू भने निको भएर सम्मानपूर्वक जीवन बिताइरहेका छन्

## कुष्ठरोगीको पीडा

**डीआर पन्त** (डडेलधुरा)
**भवानी भट्ट** (कञ्चनपुर)

पाप लागेर कुष्ठरोगी भएको भन्दै गाउँ निकाला भएका जयबहादुर खड्का उपचारपछि निको भइसकेका छन्। उनलाई कुष्ठरोग लागेर पाएको सास्तीभन्दा गाउँ निकाला गरेको पीर बढी छ। त्यस्तै अवस्थाका सीता साउद र राजबहादुर खड्का पनि कुनै समय गाउँबाट निकालिए थिए। गाउँबाट निकालिनुको पीडा उनीहरूमा अहिले पनि बल्झिरहन्छ।

विसं २०१६ तिर गाउँबाट लखेटिएका जयबहादुर अहिले ८१ वर्षका भए। युवा उमेरमा गाउँ छाड्न बाध्य पारिएका उनी ६० वर्ष बित्यो, फेरि फर्केर गएका छैनन्। 'रोग त निको भयो, जीउभरि खत छन्, त्योभन्दा बढी घर छाड्न बाध्य पारिएको चोट मनमा छ,' उनी भन्छन्, 'जमाना पनि त्यस्तै थियो। त्यो बेला कुन बिमारी हो भन्ने खुट्याउने कोही थिएन।' डडेलधुरा र डोटी सिमानाको छतिवन नजिकै सडकछेउमा बस्दै आएका खड्का आफूले गाउँ छाड्नुपर्दाका दिन सुनाउन सजिलो मान्दैनन्। छोराले सम्झाएपछि बल्ल मुख खोले, 'हुम्ला कालिकातिर मेरो जन्मथलो हो। २१ वर्षको उमेरमा गाउँनिकाला भएको, म त्यसपछि कहिल्यै गाउँ फर्केर गइनँ।'

गाउँ छाडेपछि केही समय हुम्ला र बाजुराको सिमानामा पर्ने एउटा गुफामा दिन बिताए। बाटो थिएन। गोरेटो र जंगल हुँदै १५ दिनसम्म भोकभोकै हिँडेर डडेलधुरा पुगे। 'डडेलधुराको पोखरा नजिकै पाल टाँगेर विदेशी डाक्टरले कुष्ठरोगीको उपचार गरिरहेका थिए,' उनी भन्छन्, 'भाग्यले मैले पनि अरू १६ जनासँगै पालभित्र उपचार पाएँ।' उपचार पाउनेहरू कालीकोट, अछाम, दार्चुलाका विभिन्न ठाउँबाट उनीजस्तै परिस्थितिका सिकार भएर आएका थिए। आफू जसरी नै कुष्ठरोगको उपचार गराउन आएकी बझाङको ज्यावन क्षेत्रकी महिलासँग उनले बिहे गरे। सन्तान भयो। केही वर्षअघि श्रीमतीको मृत्यु भएको बताएका उनी अहिले छोरासँग बस्छन्।

सीता साउद अहिले ७० वर्षकी भइन्। बालविवाहको चलन थियो। उनको १२ वर्षकै उमेरमा बिहे भयो। त्यसको तीन वर्षमै जीउमा लाटोफुस्रो दाग आउन थाल्यो। बैतडीको तल्लो स्वराड क्षेत्रकी उनी सुरुमा रोग लुकाएर बसिन्।



कञ्चनपुरको वेदकोट–५, धरमपुरमा कुष्ठरोगको कारण अपांगता भएका स्थानीय। *तस्बिर : भवानी/कान्तिपुर*

जब बढ्दै गयो, सबैले थाहा पाए। परिवार र आफन्तसँगै छिमेकीसमेतले छिछि र दुरदुर गर्न थाले। उपचार गराउन लैजानुको साटो परिवारबाटै अपहेलित भएपछि उनी खप्न नसकेर माइती आइन्। त्यहाँ पनि उस्तै तिरस्कार बेहोर्नुपर्‍यो। 'त्यो जमाना त्यस्तै थियो, रोग लागेकालाई उपचारका लागि लैजानुभन्दा समाजले अपमान गर्थ्यो,' कञ्चनपुरको वेदकोट नगरपालिका-५ धरमपुरकी ७० वर्षीया साउद भन्छिन्, 'कुष्ठरोग लागेका सुरुका वर्ष अनेक पीडा खेप्नुपर्‍यो।' डडेलधुराको टिम अस्पतालमा उनले १० वर्ष उपचार गराइन् र निको भइन्। 'दुई वर्षसम्म अस्पतालमै बसेर उपचार गराउनु पर्‍यो,' उनी भन्छिन्, 'पछि पूरै बिसेक हुन डाक्टरले दिएको ओखती लामो समयसम्म खानुपर्‍यो।'

राजबहादुर खड्काको पनि समस्या धेरै फरक छैन। उनलाई पनि बालखै छँदा कुष्ठरोगले समात्यो। के अनौठो रोग भनेर छरछिमेकी र आफन्तले हेला गरे। गाउँ छाडेर उपचार गर्न डडेलधुरा पुगे। उपचार पाएपछि रोग निको भयो। 'घरमा बस्न त के बाटोघाटोमा हिँड्नसमेत दिँदैनथे,' ५५ वर्षीय राजबहादुरले बाल्यकाल स्मरण गरे, 'खेतबाट हिँड्न खोज्दा पानी नै बिग्रिन्छ भन्थे। कतै जानुपरे राति लुकेर हिँड्नुपर्थ्यो।'

### अस्पतालले फेरेको जीवन

शिक्षा र पूर्वाधार विकासको चरण बामे सर्न लागेका बेला समाज अन्धविश्वासी थियो। कुष्ठरोगबारे जनचेतना अभाव हुँदा रोगी अपमानित भइरहेका थिए। विसं २०२५ मा डडेलधुरामा टिम अस्पताल स्थापना भएपछि भने कुष्ठरोगको उपचार सुरु भयो। सुदूरपश्चिमसँगै कर्णाली क्षेत्रका बिरामीसमेत उपचारका लागि आए। परिवारबाट अपहेलित भएका धेरैजना रोग बिसेक भएपछि पनि घर फर्केनन्। अस्पतालमै खानेबस्ने सुविधा भएकाले उपचार अवधिसम्म कुनै समस्या थिएन। उनीहरूले डडेलधुरा क्षेत्रमै मजदुरी तथा अन्य काम गरेर गुजारा चलाउन थाले। कतिपयले उपचारकै क्रममा आफूजस्तै अवस्थाबाट गुज्रेकासँग घरजम पनि गरे। रोगकै कारण घरबार बिग्रेकाहरूले अस्पतालमै विवाह गरे। टिम अस्पताल र कुष्ठरोग निवारण संघको पहलमा सरकारले पुनःस्थापनाको कार्यक्रम पनि ल्यायो। अहिलेको धरमपुर क्षेत्रमा सरकारले उनीहरूलाई घरजग्गा दिएर बसोबास गराउने निर्णय भयो। त्यही निर्णयअनुसार धरमपुरबस्ती स्थापना भएको हो। टिम अस्पतालबाट उपचार गराएर आएकाहरूको बस्ती भएका कारण यहाँका स्थानीयले अहिले पनि 'टिम टोल' भन्ने गरेका छन्।

### पुनःस्थापना गरेर बसाइयो बस्ती

धरमपुर क्षेत्रमा कुष्ठरोगीको पुनःस्थापना २०२९ देखि सुरु भएको हो। एक दशकमा यहाँ २८ परिवारको पुनःस्थापना भएको छ। 'हामी सुरुमै आएर यहाँ बसोबास गर्न थालेका हौं,' टिम अस्पतालमा उपचारपछि धरमपुर क्षेत्रमा बसोबास सुरु गरेका ६७ वर्षीय धनबहादुर रोकायाले भने, 'सुरुमा हामी तीनजना आएका हौं। त्यसपछि हरेक वर्ष थपिँदै गए।' रोकाया बाजुराको काँडाबाट उपचारका लागि टिम अस्पताल आएका थिए। उनका अनुसार २०३९ मा २८ जनाका नाममा जग्गाधनी पुर्जा बनेको थियो। हरेकका नाममा २२ कट्ठा जमिन र काठले बनेका घरसँगै एक वर्षको खाद्यान्न पनि सरकारले नै उपलब्ध गराउँथ्यो। यसबाहेक २८ परिवारका लागि खानेपानीका दुई ह्यान्डपम्प, हरेक परिवारलाई एक/एकवटा गोरु उपलब्ध गराइएको थियो। 'हामीहरू दुई परिवार मिलेर एक हल गोरु बनाएर खेत जोत्ने गर्थ्यौं,' रोकाया भन्छन्, 'सुरुका वर्ष उब्जनी राम्रो नहुँदासम्म भनेर एक वर्ष पुग्ने रासनसमेत पाएका थियौं।'

दुई दशकपछि २०५१ मा पनि धरमपुर क्षेत्रमा थप २६ परिवारलाई पुनःस्थापना गरिएको थियो। सुरुमा पुनर्स्थापना भएको बस्तीलाई तल्लो धरमपुर र पछि स्थापना गरिएको बस्तीलाई माथिल्लो धरमपुर नामकरण गरिएको छ। दोस्रो चरणमा पुनःस्थापना गरिएका परिवारलाई आधा बिघा जमिन, काठको जस्तापाता लगाएको घर, घरैपिच्छे शौचालय र खानेपानीका नल्का जडान गरिएको थियो। काठ र जस्तापाताले बनेका एकनासका घर, एकै प्लटमा मिलेको जमिन भएकाले सुरुमा यो बस्ती नमुना नै थियो तर अहिले धेरैजसोले काठका ढाँचा फालेर पक्की घर बनाइसकेका छन्। ३० देखि ५० को दशकसम्म कुष्ठरोगीलाई पुनःस्थापना गरिएको क्षेत्र ढडुवाखर्कका नाममा चिनिन्थ्यो। यहाँ वन फाँडेर बस्ती बसाइएको हो। तत्कालीन राजा वीरेन्द्रको आदेशमा उनीहरूलाई सरकारले पुनःस्थापना गरेपछि बस्ती बस्न सुरु भएको हो। त्यस अघिसम्म डडेलधुरा र डोटीबाट गाईभैंसी चराउन आउनेहरूको खर्क थियो। यही कारणले यस क्षेत्रको नाम ढडुवाखर्क राखिएको थियो। जब कुष्ठरोगीहरूलाई पुनःस्थापना गरियो, त्यसपछि यो बस्ती टिम टोलका नामले चिनिन थाल्यो। स्थानीयले यो गाउँ फरक धर्म मान्नेको हो भन्दै गाउँकै नाम धरमपुर राखेको धनबहादुर बताउँछन्। उनका अनुसार सुरुमा कुष्ठरोगीलाई पुनःस्थापना गर्दा स्थानीयले होच्याएर कोडी र फाँटासमेत भन्ने गरेका थिए। गाउँको नाम सभ्य भाषाबाट राख्ने योजनाअनुसार २०५४/०५५ देखि धरमपुर भएको स्थानीय जयबहादुर बोहोरा बताउँछन्। वेदकोट नगरपालिका-५ का अधिकांश बस्ती ऐलानी छन्। २०२०/०२२ देखि चलनभोग भइरहेको भए पनि सुरुमा पुनःस्थापना भएको कुष्ठरोगीको बस्ती मात्रै दर्ता छ। पछिल्लो पटक पुनःस्थापना भएकाहरूले भने हालसम्म जग्गा धनीपुर्जा पाउन सकेका छैनन्।

### हराउँदै गयो भेदभाव

धरमपुरमा पुनःस्थापना सुरु गर्दा तल्लो क्षेत्रका बासिन्दाले विरोध गरे। कुष्ठरोगीलाई माथिल्लो क्षेत्रमा राख्दा पानीका मुहान नै बिग्रिने भनेर स्थानीयले विरोध गरेका थिए। कतिपयले त उनीहरूलाई धपाउन नै खोजे। 'राति आएर घर भत्काउने, पानीका कुवामा फोहोर गरिदिन्थे,' राजबहादुरले भने, 'हामीसँग बोल्ने र हिँडडुल गर्ने पनि कोही हुँदैनथे। बिहे र व्रतबन्धलगायतमा पनि कसैले बोलाउँदैनथे। बाटो हिँड्दा पनि गाली गर्ने, थुक्नेहरू हुन्थे।' रोगीहरूबीच मात्रै बोलचाल र सहयोग आदानप्रदान हुन्थ्यो। अहिले कुष्ठरोगीलाई हेर्ने दृष्टि फेरिएको छ। विगतमा बस्नै नदिनेहरूसमेत आफ्नो घरमा बोलाउन थालेको राजबहादुरले सुनाए। टिम अस्पतालमा उपचार पाएका राजबहादुरजस्ता धेरै जना अहिले सम्मानपूर्वक जीवन बिताइरहेका छन्। 'गाउँनिकाला भएपछि डडेलधुरा आउन सक्ने धेरैले नयाँ जीवन पाए,' उनी भन्छन्, 'कतिपय कुष्ठरोगी गाउँ नजिकका गुफामा कष्टको जीवन बिताएर मरे।' काठमाडौंको वीर अस्पतालबाट २०१८ मा कुष्ठरोगको उपचार सुरु भएको हो। डडेलधुरामा भने २०१७ मै बेलायती चिकित्सक क्याथ्रिना योङले पहिलोपटक कुष्ठरोगको उपचार गर्न सुरु गरेकी थिइन्। त्यसको आठ वर्षपछि २०२५ मा अमेरिकी डा. सिमनले टिम अस्पताल स्थापना गरे। टिम अस्पतालमा पछिल्लो ५१ वर्षको अवधिमा हजारौं कुष्ठरोगीले उपचार पाए।

सात वर्षअघि टिम अस्पताललाई गाभेर उपक्षेत्रीय अस्पताल बनाइयो। अस्पतालका क्षयकुष्ठ सुपरभाइजर तारादत्त पन्त भन्छन्, 'उपक्षेत्रीय अस्पताल बनेको चार वर्षयता एक सय १५ जना कुष्ठरोगीको उपचार भएको तथ्यांक छ।' अस्पतालमा डडेलधुरा बैतडी, डोटी, बाजुरा, बझाङ, अछाम र दार्चुलालगायत सुदूरका पहाडी जिल्लाबाट उपचारका लागि बिरामी आउँछन्। 'अस्पताल आइपुगेका सबैको उपचार भएको छ,' उनले भने, 'हरेक महिना सरदर ४/५ जना कुष्ठरोगी अस्पतालमा आइपुग्ने गरेका छन्।' सरकारले सन् २०१० मा कुष्ठरोग निवारण भएको घोषणा गरे पनि सुदूरपश्चिमका पहाडी जिल्लामा भने बर्सेनि यसका रोगी भेटिन्छन्।

## अवैध खानीले जोखिम

गोरखा (कास)- बुढीगण्डकी नदी किनारको गोरखातर्फको सरकारी जग्गामा अवैध उत्खनन गरी चोरीनिकासी बढेको छ। मुआब्जा वितरणपछि सरकारी स्वामित्वमा आएको जग्गामा आठ ठाउँमा अवैध बालुवा खानी सञ्चालन भइरहेको स्थानीय प्रशासनले गरेको स्थलगत अध्ययनमा देखिएको हो।

जिल्ला प्रशासन कार्यालयका खरिदार रविलाल सुवेदीका अनुसार दर्बुङदेखि बालुवाटारसम्मका खानी सोमबार अनुगमन गरिएको हो। 'अघिल्ला वर्षमा उत्खनन भएका खानी प्रशस्त रहेछन्,' उनले भने, 'हामीले हाल सञ्चालनमा रहेका खानी मात्र हेर्‍यौं।' उनका अनुसार अनुगमन टोलीले बोर्लाङको घाटबेंसीमा बालुवा 'लोड' गर्दै गरेको ग१त ५२०२ नम्बरको ट्याक्टर नियन्त्रणमा लिएको छ। अनुगमन आउने पूर्वसूचना पाएका ठेकेदारले टिपर, ट्याक्टर र एक्स्काभेटर अघिल्लो दिन नै हटाएका स्थानीय बताउँछन्। सुवेदीका अनुसार अनुगमनका क्रममा कतिपय खानीमा आला डोब भेटिएका थिए।

गण्डकी गाउँपालिकाअन्तर्गत दर्बुङको छोटटार, दर्बुङ फाँट, फुजेलको ढावे, भीमसेन थापा गाउँपालिकास्थित बोर्लाङको क्यामुनटार, ज्यादुल खोला, घाँटबेंसी तथा धावाको बालुवाटार र तान्द्राङको सिसौघारीमा रहेका बालुवा खानीको अनुगमन गरिएको हो। बालुवाटारमा रहेका चारमध्ये तीनवटा खानी सञ्चालनमा छन्। 'विशेष गरी उत्खनन भएका क्षेत्र पहिचान गर्‍यौं, सञ्चालनमा छ कि छैन हेर्‍यौं,' सुवेदीले भने, 'अब प्रतिवेदन बनाएर बुझाउँछौं।' स्थानीयले निश्चित रकम लिएर खानी सञ्चालन गर्न ठेकेदारलाई जग्गा दिने गरेको भेटिएको सुवेदीले बताए।

दर्बुङ फाँटमा भने रातको समयमा बालुवा निकासी हुँदै आएको स्थानीयसँगको छलफलपछि जानकारी पाइएको अनुगमन टोलीले जनाएको छ। ज्यादुल खोला फाँटमा खानीको बालुवा पखाल्न खुलेआम फिरफिरे सञ्चालनमा छ। ती क्षेत्रमा सञ्चालित खानीले वातावरणीय प्रभाव मूल्यांकन पनि गरेका छैनन्। खानी सञ्चालन गर्ने ठेकेदारले खानी तथा भूगर्भ विभागसँग अनुमति नलिनुका साथै स्थानीय तहलाई पनि जानकारी गराएका छैनन्। अनियन्त्रित उत्खननले जोखिम बढाएको छ। कतिपय खानीमा अघिल्ला वर्ष बालुवा झिकेका खाडल त्यसै छाडिएको छ।

प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले अध्ययन टोलीको प्रतिवेदनका आधारमा कारबाही अघि बढाउने बताए। 'केही स्थानमा बालुवा झिकेको आला डोब रहेको बुझ्यौं,' उनले भने, 'प्रहरीलाई रोक्न निर्देशन दिन्छौं।' उजुरी परेको खण्डमा मुआब्जा लिएको जग्गाको बालुवा ठेकेदारलाई बेच्ने पूर्वजग्गाधनीलाई पनि कारबाही गर्ने उनले बताए।

## सीमा क्षेत्रका योजनामा भारतीय अवरोध

**कान्तिपुर संवाददाता** (मोरङ)

नेपाल-भारत संयुक्त सीमा क्षेत्र सर्वेक्षण टोलीले नापी नगरेकाले इलामलगायत सीमावर्ती क्षेत्रमा भौतिक निर्माणका योजना कार्यान्वयनमा अवरोध भइरहेको भन्दै प्रदेशसभामा आवाज उठेको छ। बुधबार बसेको प्रदेश १ को प्रदेशसभा बैठकमा सत्तारुढ दल नेकपाकी सांसद खिनुलङबा लिम्बुले नेपाल-भारत संयुक्त सीमा क्षेत्र सर्वेक्षण टोलीले सीमाको नापी नगरेकाले विकास निर्माणका आयोजना कार्यान्वयनमा समस्या भएको बताइन्। 'सर्भे टिमले तराईको क्षेत्रमा झापासम्म सीमाको नापी गरेको तर इलामलगायत पहाडी जिल्लाका सीमा क्षेत्रमा भने नापी गरेको छैन,' उनले भनिन्। पूर्वाधार निर्माणको काममा समस्या भइरहेकाले तत्काल सीमानाको नापीका लागि लिम्बूले सरकारको ध्यानाकर्षण गराइन्।

इलामको सीमावर्ती सन्दकपुर क्षेत्रमा नेपालले एकलौटी संरचना बनाएको भन्दै असोज दोस्रो हप्ता भारतीय सीमा सुरक्षा बलले अवरोध गरेका थिए। समस्या तत्काल नसुल्झाए नेपालतर्फ सीमावर्ती क्षेत्रमा यसअघि निर्माण थालिएका र चालु आर्थिक वर्षमा निर्माण हुने पर्यटकीय पूर्वाधारका योजना कार्यान्वयनमा समस्या हुने उनको भनाइ छ। प्रदेश सरकारले पूर्वाधार विकास कार्यक्रमअन्तर्गत छुट्याएको रकमबाट सन्दकपुर गाउँपालिकाको सन्दकपुर डाँडामा करिब एक करोड लागतमा पूर्वाधार निर्माण थालिएको थियो। यहाँ भ्यु-प्वाइन्टसहित एक सय मिटर पैदल मार्ग, प्रवेशद्वारलगायत निर्माणका काम सीमानाको नापी नहुँदा रोकिएको लिम्बूले सुनाइन्।

नेपालतर्फ आहालटारमा निर्माण गर्न लागिएको आवास गृहमा पनि अवरोध छ। तीन करोड लागतमा बन्ने आवास गृहका लागि टेन्डरसमेत भएको अवस्थामा भारतीय पक्षले सीमा यकिन नभएसम्म पूर्वाधार बनाउन दिएका छैनन्। 'पाँचथर सीमा नजिकै इलामकै क्षेत्रमा भवन बन्ने यकिन भए पनि भारतीय भनाइले काम अघि बढाउन व्यवधान भएको छ,' उनले भनिन्, 'प्राविधिकले गुगल म्याप देखाएर भवन बनाउन लागिएको क्षेत्रमा समेत भारतीय पक्षले अवरोध गर्दै आएका छन्।' हिमालय दृश्यावलोकनसहित नेपाल, भारत र भुटानका अनेक स्थान नियाल्न सकिने गरी उक्त क्षेत्रमा भवन निर्माणको योजना छ।

> टेन्डर भएका योजनामा समेत भारतीय पक्षले सीमा यकिन नभएसम्म निर्माणको काम अघि बढाउन दिएका छैनन्

शेर्पा च्यालेट होटलअगाडि जंगे पिलर रहे पनि त्यसमाथि सहायक र सानो पिलर नहुँदा सीमा यकिन हुन सकेको छैन। यस क्षेत्रमा सीमा क्षेत्रलाई पानीढलोका आधारमा बुझिने गरेको छ तर पछिल्लो समय भारतीय पक्षले गुगल नक्साअनुसार नेपालका धेरै क्षेत्र र बस्ती भारततिर पर्ने दाबी गर्दै आएको छ। वैज्ञानिक सीमांकन नभएसम्म यस क्षेत्रमा पूर्वाधार निर्माणदेखि अन्य गतिविधि गर्न समस्या हुने उनको भनाइ छ।

सीमा सुरक्षा कार्यालयले गरेको सर्वेक्षणअनुसार कतिपय सीमास्तम्भ हराएका छन् भने कतिपय सुधार गर्नुपर्ने अवस्थाका छन्। इलामको सीमावर्ती क्षेत्रमा ३७ सीमास्तम्भ छैनन्। यो क्षेत्रमा जंगे पिलर १७ वटा हुनुपर्नेमा १६, सहायक पिलर ८३ हुनुपर्नेमा ७२ र सानो पिलर ४६ हुनुपर्नेमा २१ वटामात्र छन्। गत आवमा प्रदेश १ स्थित नेपाल-भारत सीमामा १७९ नयाँ सीमा स्तम्भ बनाइएको थियो। नेपाल-भारत संयुक्त सीमा क्षेत्र सर्वेक्षण टोलीको दोस्रो बैठकमा ३६ वटा स्तम्भ मर्मत गरिएको जानकारी गराइएको थियो। टोलीले सुनसरी, मोरङ र झापास्थित सीमामा निर्माण गर्नुपर्ने स्तम्भमध्ये केही यसअघि नै निर्माण भइसकेका र बाँकी रहेका स्थानमध्ये केही जमिनमा र नदीमा निर्माण गरेको जनाएको थियो। ठूला नदीबाहेक विजोर नम्बरका स्तम्भ नेपाल पक्षले र जोर नम्बरका स्तम्भ भारत पक्षले निर्माण गर्ने व्यवस्था छ।

## जनप्रतिनिधि भ्रमणमा, काम ठप्प

खोटाङ (कास)- जन्तेढुङ्गा गाउँपालिका प्रमुख, प्रमुख प्रशासकीय अधिकृतसहितको टोली कृषि भ्रमणमा गएपछि कार्यालयको काम ठप्प भएको छ। कार्यालय नै रित्तो हुनेगरी गाउँपालिका प्रमुख शंकर राई, प्रमुख प्रशासकीय अधिकृत चित्रप्रसाद गुरागाईं लगायतको टोली फागुन ७ मा कृषि भ्रमणमा निस्किएको हो।


गाउँपालिका अध्यक्ष राईका अनुसार ६ वटा वडामध्ये पाँचजना वडाअध्यक्ष, हरेक वडाका दुईजनाका दरले कृषकसहितको टोली भ्रमणमा गएको छ। वडा नम्बर १ का वडाअध्यक्ष केदारमान राई, २ का अध्यक्ष गणेशबहादुर विष्ट, ४ का अध्यक्ष विदुरमान राई, ५ का अध्यक्ष रामकुमार श्रेष्ठ र ६ का अध्यक्ष सुकदेव राई भ्रमणमा निस्किएको उनको भनाइ छ। गाउँपालिका उपाध्यक्ष विमला राई र वडा नम्बर ३ का अध्यक्ष चन्द्रकुमार राई मात्रै भ्रमण टोलीमा सहभागी छैनन्।

टोलीले पोखरा, चितवन लगायतका ठाउँहरूमा भ्रमण गरेको अध्यक्ष राईले बताए। टोली भ्रमणमा गएको बेला गाउँपालिकामा कार्यरत रोजगार संयोजक विज्ञान राईलाई निमित्तको जिम्मेवारी दिइएको प्रमुख प्रशासकीय अधिकृत गुरागाईंले सुनाए। सामान्य सिफारिसबाहेक अन्य कुनै जिम्मेवारी नदिएको निमित्त प्रमुख राईले बताए।

जनप्रतिनिधिले कृषकका लागि छुट्याएको बजेट मोजमस्तीमा उडाएको एक स्थानीयले आरोप लगाए। गुरागाईंका अनुसार भ्रमणका लागि पाँच लाख विनियोजन गरिएको छ।







नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २८ अंक ९ बुटवल | १५ फागुन २०७६ बिहीबार फाल्गुण शुक्लपक्ष चतुर्थी | नेपाल संवत् ११४० | प्रदेश ५ संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, February 27, 2020 | पृष्ठ १२+४ | १० रुपैयाँ



**टुंगनाको धुनमा...** | २१४७ औं ग्याल्बो ल्होसार (नयाँ वर्ष) का अवसरमा बुधबार काठमाडौंको बौद्धस्थित गुम्बामा आयोजित समारोहमा हिमाली लोकबाजा टुंगना बजाएर गाउँदै कलाकार । सोमबार सुरु भएको तीनदिने धर्मपाल उत्सवका क्रममा शेर्पा समुदायले गुम्बामा भेला हुँदै 'बँदेल वर्ष' बिदा गरेर 'मुसा वर्ष' को स्वागत गरेका छन् । *तस्बिर : संजोग मानन्धर/कान्तिपुर*

# राष्ट्रिय सभामा गौतम कि खतिवडा ?

- नेकपामा बबन्डर सुरु
- सरकार र सचिवालयबीच गम्भीर मतभेद

**बिनु सुवेदी** (काठमाडौं)

राष्ट्रिय सभा सदस्यमा वामदेव गौतमलाई मनोनयन गर्न सरकारलाई सिफारिस गर्ने नेकपा केन्द्रीय सचिवालयको निर्णयलाई प्रधानमन्त्री एवं नेकपा अध्यक्ष केपी शर्मा ओलीले नमान्ने बताएपछि सत्तारूढ दलभित्रको विवाद उत्कर्षमा पुगेको छ । बुधबार आफूसमेत उपस्थित बैठकबाट निर्णय भएको दुई घण्टा नबित्दै ओलीले त्यसलाई नमान्ने भन्दै पार्टी सचिवालयको सिफारिसलाई चुनौती दिएका थिए ।

सचिवालय स्रोतका अनुसार प्रधानमन्त्री ओलीले बैठकपछि वरिष्ठ नेता माधवकुमार नेपाललाई फोन गरेर गौतमलाई राष्ट्रिय सभा सदस्य बनाउने सचिवालयको निर्णय आफूले नमान्ने र अर्थमन्त्रीसमेत रहेका राष्ट्रिय सभा सदस्य युवराज खतिवडालाई नै निरन्तरता दिने बताएपछि पछिल्लो विवाद बढेको हो । दुई वर्षअघि राष्ट्रिय सभा सदस्यमा राष्ट्रपतिबाट मनोनीत खतिवडालाई नै फेरि मनोनयन गराउने ओलीको चाहना प्रस्ट रूपमा प्रकट भएको छ ।

यता बुधबार बिहान प्रधानमन्त्री निवास, बालुवाटारमा बसेको सचिवालय बैठकले भने खतिवडाको बहिर्गमनपछि राष्ट्रिय सभामा रिक्त हुने उक्त स्थानमा पार्टी उपाध्यक्ष गौतमलाई सिफारिस गर्न सरकारलाई सुझाव दिने निर्णय गरेको थियो ।

यससँगै गत शनिबारको सचिवालय बैठकले संविधान संशोधनका लागि बनाएको कार्यदल भंग गर्ने र औचित्य एवं आवश्यकताका आधारमा संविधान संशोधनका लागि छलफल अघि बढाउने निर्णय गरेको महासचिव विष्णु पौडेलले बताए । 'गौतमलाई राष्ट्रिय सभामा मनोनयन गर्ने सचिवालयको सर्वसम्मत निर्णय हो, यही निर्णय नै लागू हुन्छ,' उनले कान्तिपुरसँग भने । यसअघि अध्यक्ष ओलीसँग निकट मानिने महासचिव पौडेलले सचिवालयको बहुमतले गरेको निर्णयतर्फ आफूलाई उभ्याएका छन् ।

बैठकपछि पार्टी प्रवक्ता नारायणकाजी श्रेष्ठले पनि गौतमलाई राष्ट्रिय सभा सदस्य बनाउने निर्णय भएको जानकारी पत्रकारलाई गराएका थिए । 'पछाडिको डेभलपमेन्ट के भयो थाहा छैन, सचिवालय बैठकले वामदेवजीलाई राष्ट्रिय सभामा लैजाने निर्णय गरेको हो,' प्रवक्ता श्रेष्ठले कान्तिपुरसँग भने । **बाँकी पृष्ठ १४**



'गौतमलाई राष्ट्रिय सभामा मनोनयन गर्ने सचिवालयको सर्वसम्मत निर्णय हो, यही निर्णय नै लागू हुन्छ ।'

**– विष्णु पौडेल**
नेकपा महासचिव

### ४ दिने घटनाक्रम

**शनिबार**
नेकपा सचिवालयमा संविधान संशोधन कार्यदल गठन, निर्णय गोप्य राख्ने सहमति ।

**आइतबार**
प्रधानमन्त्रीनिकट नेताहरूबाट कार्यदल गठनको सूचना सार्वजनिक, कार्यदल सदस्यहरूद्वारा अनभिज्ञता प्रकट, केही नेताद्वारा खण्डन । माधव नेपाल र ईश्वर पोखरेलबीच कोटेश्वरमा भेट ।

**सोमबार**
कार्यदल संयोजक नेपालद्वारा सदस्यहरू सुवास नेम्बाङ र खिमलाल देवकोटासँग आफ्नै निवासमा अनौपचारिक छलफल । सदस्यहरूद्वारा कार्यदलको औचित्यमाथि प्रश्न । दिउँसो पुष्पकमल दाहाल, नेपाल र विष्णु पौडेलबीच धुम्बाराहीमा कुराकानी ।

**मंगलबार**
ओलीसँग दाहाल र नेपालको छुट्टाछुट्टै भेट । साँझ खुमलटारमा दाहाल, नेपाल, झलनाथ खनाल र वामदेव गौतमबीच कुराकानी । संविधान संशोधनबिनै राष्ट्रिय सभामा जान गौतम तयार ।

**बुधबार**
बिहान ओली–दाहाल छलफल । दिउँसो सचिवालयद्वारा गौतमलाई राष्ट्रिय सभामा लैजाने र संविधान संशोधन अध्ययन कार्यदल भंग गर्ने निर्णय । बैठकपछि ओलीद्वारा सचिवालयको निर्णय नमान्ने घोषणा । साँझ ओली–नेपाल भेट । ओली समूहको छुट्टै बैठक ।

**भित्र**

**समाचार । २**
शशांक भन्छन्- 'अब शेरबहादुरजीलाई रोक्छु'

**समाचार । ३**
दुलही सजिएर बसिन्- न दुलाहा आए, न जन्ती

**कला र शैली । ८**
बोरामाथि पलेंटी कसेर फिल्म हेर्ने अहिले सुतेर हेर्छन्

**अर्थ वाणिज्य । ११**
हुम्लामा होटल बुकिङ शून्य

# एकै दिन ४ अर्बको सेयर

बैंकिङ, लघुवित्त, बिमा, जलविद्युत्, होटल र उत्पादन तथा प्रशोधन समूहका केही कम्पनीको चलखेल भएको आशंका

**यज्ञ बञ्जाडे** (काठमाडौं)

सेयर बजारमा बुधबार ४ अर्ब १५ करोड ४८ लाख रुपैयाँको कीर्तिमानी कारोबार भएको छ । सेयर कारोबार मापक नेप्से परिसूचक यस दिन झन्डै ५१ अंकले बढेर १ हजार ५ सय ९३.१३ विन्दुमा पुग्यो । अघिल्लो दिन ४३.०२ अंकले बढेको थियो । आइतबार ३ अर्ब ६० करोड रुपैयाँको कारोबार भएको थियो । १२ उपसमूहको परिसूचक उकालो लागेपछि बुधबार समग्र नेप्से उच्च अंकले बढेको हो । अर्थमन्त्री युवराज खतिवडाको बहिर्गमनको चर्चासँगै सेयर कारोबार बढ्नुलाई जानकारहरूले 'अर्थपूर्ण संयोग' मानेका छन् ।

केही कम्पनीको कारोबार छोटो समयमै धेरै अंकले बढ्नुमा पर्याप्त प्राकृतिक आधार नदेखिएको धितोपत्र बोर्डका अध्यक्ष भीष्मराज ढुंगानाले बताए । 'निर्जीवन बिमा, लघुवित्त, जलविद्युत्, उत्पादन तथा प्रशोधनलगायत समूहअन्तर्गतका केही कम्पनीको सेयर कारोबार धेरै बढ्नुमा पर्याप्त आधार देखिँदैन,' उनले भने । बजारलाई धितोपत्र बोर्डले निरन्तर सूक्ष्म रूपले हेरिरहेको जानकारी दिँदै उनले डराइहाल्नुपर्ने अवस्था नरहेको बताए ।

'लगानीकर्ताले राम्रा कम्पनी छानेर लगानी गर्नुपर्छ,' उनले भने । बुधबार ३२ हजार १ सय ५४ वटा सेयर कारोबार हुँदा करिब ९९ लाख ७ हजार कित्ता सेयरको किनबेच भएको छ । **बाँकी पृष्ठ १३**

# राष्ट्रपति आउँदा बिदा !

बैतडी/दार्चुला (कास)- मन्दिरमा पूजा र भवन उद्घाटनको कार्यक्रममा राष्ट्रपति विद्यादेवी भण्डारी आउने भएपछि बैतडी र दार्चुलाका दुई/दुई पालिकाले सार्वजनिक बिदा दिने निर्णय गरेका छन् । बैतडीका पाटन नगरपालिका र दशरथचन्द नगरपालिका तथा दार्चुलाका शैल्यशिखर नगरपालिका र मालिकार्जुन गाउँपालिकाले बिहीबारका लागि सबै कार्यालय र शैक्षिक संस्था बन्द गरेका हुन् । उनीहरूले राष्ट्रपतिलाई नागरिक अभिनन्दन पनि गर्ने घोषणा गरेका छन् । आफ्ना गाउँ र नगरवासीका लागि सूचना जारी गर्दै राष्ट्रपतिको स्वागतमा भेला हुन भनेका छन् । विद्यार्थीलाई अनिवार्य सहभागी हुन भनिएको छ ।

राष्ट्रपति भण्डारीले बिहीबार पाटनस्थित भीमदत्त पोलिटेक्निक इन्स्टिच्युटको भवन र छात्रावास उद्घाटन गर्ने कार्यक्रम छ । त्यसपछि दशरथचन्द नगरपालिकास्थित त्रिपुरासुन्दरी मन्दिरमा पूजा गर्ने दशरथचन्दका नगरप्रवक्ता चक्रप्रसाद शर्माले बताए । राष्ट्रप्रमुख जिल्ला आउँदा सार्वजनिक बिदा दिनु राम्रो निर्णय भएको उनले दाबी गरे । पाटन र दशरथचन्द नगरले राष्ट्रपति भण्डारीलाई नागरिक अभिनन्दन गर्ने कार्यक्रम छ ।

सार्वजनिक बिदा दिने निर्णयले बालबालिकाको पढाइ प्रभावित हुने शिक्षकहरूले बताए । 'राष्ट्रप्रमुख आउँदा कार्यक्रमस्थल नजिकका विद्यालयका विद्यार्थी जानु, स्वागत गर्नु ठिकै भए पनि सबै विद्यालय बन्द गर्न जरुरी थिएन,' दशरथचन्द माविका प्रधानाध्यापक तेजप्रकाश भट्टले भने ।


राष्ट्रपतिले बिहीबारै मालिकार्जुन गाउँपालिकास्थित मालिकार्जुन मन्दिरमा विशेष पूजापाठ गर्ने कार्यक्रम छ । जिल्लाका शैल्यशिखर नगरपालिका र मालिकार्जुन गाउँपालिकाले सार्वजनिक बिदा घोषणा गर्दै स्वागतका लागि उपस्थित हुन सर्वसाधारणलाई सूचना जारी गरेका छन् ।

शैल्यशिखर नगर कार्यपालिकाको बुधबारको बैठकले बिदा दिने निर्णयसँगै नगरवासीलाई राष्ट्रपतिको स्वागतका लागि उपस्थित हुन अनुरोध गर्दै सूचना जारी गरेको निमित्त प्रमुख प्रशासकीय अधिकृत अरुणप्रसाद जोशीले जानकारी दिए । नागरिक अभिनन्दन र स्वागतका लागि गाउँपालिकाले बिदा दिने निर्णय गरेको मालिकार्जुन गाउँपालिका अध्यक्ष नरेन्द्रसिंह धामीले बताए । **बाँकी पृष्ठ १४**



बैतडी र दार्चुलाका चार पालिकाका सबै कार्यालय र शैक्षिक संस्थामा आज सार्वजनिक बिदा



## छोटकरी

### घुससहित जनप्रतिनिधि पक्राउ

भैरहवा (कास)- रूपन्देहीको सम्मरीमाई-५ का वडाध्यक्ष श्रवणकुमार यादव सेवाग्राहीबाट घुस लिँदै गर्दा बुधबार पक्राउ परेका छन् । चारकिल्ला सिफारिसकालागि ७० हजार रुपैयाँ घुस लिइरहेका बेला अख्तियार दुरुपयोग अनुसन्धान आयोग बुटवल शाखाले उनलाई वडा कार्यालय परिसरबाट नियन्त्रणमा लिएको आयोगको बुटवल शाखाका प्रवक्ता सुरेश भुसालले बताए । सेवाग्राहीले आयोगको बुटवल शाखामा घुस मागेको जानकारी गराएपछि पक्राउ गरिएको हो । यसैगरी, उच्च सरकारी वकिलको कार्यालय बुटवलका कार्यालय सहयोगी महेन्द्र यादव १५ हजार रुपैयाँ घुससहित पक्राउ परेका छन् । बन्दी प्रत्यक्षीकरणको एक मुद्दामा सहजीकरण गरिदिने भन्दै बुधबार सेवाग्राहीबाट घुस लिँदै गर्दा उनलाई कार्यालय परिसरभित्र रहेको खाजाघरबाट पक्राउ गरिएको प्रवक्ता भुसालले बताए ।

### तीन पुलको शिलान्यास

परासी (कास)- पश्चिम नवलरासीको सुनवल र रामग्राममा बुधबार तीनवटा पक्की पुल शिलान्यास गरिएको छ । प्रदेश ५ का मुख्यमन्त्री शंकर पोखरेल र भौतिक योजना तथा पूर्वाधार मन्त्री बैजनाथ चौधरीले शिलान्यास गरेका हुन् । सुनवलस्थित बेलारी खोला पुल र वनकट्टी-छडेनी जोड्ने झरही खोलामा बनेका पुलको शिलान्यास गर्दै मुख्यमन्त्री पोखरेलले प्रदेश सरकारका कामले तीव्रता पाएको बताए । 'जनताले विकास महसुस गर्न थालेका छन्,' उनले भने, 'भौतिक निर्माणदेखि कानुन निर्माणले पनि तीव्रता लिएको छ ।'

### रकम नउठेपछि बिजुली काटियो

रुकुम पूर्व (कास)- सदरमुकाम रुकुमकोटसमेत केही गाउँमा बिजुली काटिएको छ । सेयरबापत उपभोक्ताबाट संकलन हुनुपर्ने रकम प्राप्त नभएपछि नवभिजन विद्युत् सहकारीले लाइन काटेको हो । ०७० सालमा रुकुम पश्चिमको बाफीकोट गाउँपालिका-१ स्थित पुमाखोलाबाट विद्युत् उत्पादन गरिएको थियो । सहकारीले ऋण लिएर ६० किलोवाट विद्युत् उत्पादन क्षमताको आयोजना निर्माण गरेको थियो । विभिन्न दलका स्थानीय नेता-कार्यकर्ताको पहलमा सेयर लगानी गर्ने सर्तमा ०७१ असोजमा सिस्ने गाउँपालिकाका चार वडामा बिद्युत् जडान गरिएको थियो । मिटर बक्स जडानका क्रममा उपभोक्ताबाट पाँच/पाँच हजार रुपैयाँका दरले सेयर लिइएको थियो । विद्युत् निर्माणको क्रममा लागेको ऋण तिर्न उपभोक्ताबाट सेयरबापतको रकम संकलन नभएपछि समस्या भएको सहकारीका अध्यक्ष दीपेन्द्रबहादुर मल्लले बताए । १ हजार ६ सय उपभोक्ताको घरमा मिटर जडान गरिएको छ ।

### ८४ वर्ष पुगेकाको घरमै उपचार

परासी (कास)- पश्चिम नवलपरासीमा ८४ वर्ष पुगेका व्यक्तिले अब घरमै उपचार सेवा पाउने भएका छन् । जिल्ला स्वास्थ्य कार्यालयले परिचालन गरेका स्वास्थ्यकर्मीले घरघरमा पुगेर स्वास्थ्य परीक्षण गर्ने भएका हुन् । सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत यस्तो सेवा उपलब्ध गराउन लागिएको जिल्ला स्वास्थ्य कार्यालय प्रमुख गौरव ढकालले बताए । '८४ वर्ष पुगेका व्यक्तिको घरमै स्वास्थ्य जाँच गरिनेछ,' उनले भने, 'तथ्यांक संकलन गरेपछि स्वास्थ्यकर्मी खटिनेछन् ।' अधिकांश वृद्धवृद्धामा दम, मधुमेह, उच्च रक्तचाप देखिएकाले स्वास्थ्य जाँचसँगै परामर्श दिइनेछ । सरकारले प्रदान गर्ने निःशुल्क औषधि पनि उनीहरूले प्राप्त गर्ने छन् । यसका लागि स्थानीय तहमा कार्यरत स्वास्थ्यकर्मी र चिकित्सक खटाइनेछ । जिल्लामा १ हजार ५ सय ८८ जना ८४ वर्ष उमेर पुगेका व्यक्ति रहेको स्वास्थ्य कार्यालयले जनाएको छ ।

# पालिकाले तोके आफूखुसी मूल्य

## तराईमा प्रतिघनफुट ६ र पहाडमा ३ रुपैयाँ तोकिएकामा तिलोत्तमाद्वारा १८ रुपैयाँसम्म असुली

### नदीजन्य पदार्थ संकलन

**अमृता अनमोल** (बुटवल)

प्रदेश सरकारले नदीजन्य पदार्थ संकलन, घाटगद्दी र विक्री वितरणसम्मको प्रक्रिया र दररेट तय गरेको छ । यसको बेवास्ता गर्दै स्थानीय तहले आफूखुसी रकम तोकेर संकलन र बिक्री गर्न थालेका छन् ।

तिलोत्तमा नगरपालिकाले आफ्नो क्षेत्रबाट नदीजन्य पदार्थ संकलनका लागि फरक मूल्य तय गरेर गत माघ १७ गते ठेक्का आह्वान गर्‍यो । उक्त सूचना प्रदेशले बनाएको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि र आर्थिक ऐनसँग बाझिएको छ । नगरपालिकाको निर्णयविरुद्ध उच्च अदालत तुलसीपुरको बुटवल इजलासमा गत माघ २७ गते रिट दर्ता गरिएको छ ।

निर्माण व्यवसायी संघ जिल्लाका तर्फबाट नवराज श्रेष्ठले रिट दर्ता गरेका हुन् । रिटमा तिलोत्तमा नगरपालिका र प्रदेश सरकारलाई विपक्षी बनाइएको छ । नगर कार्यपालिका, तिलोत्तमा नगरसभा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालयलाई कानुन कार्यान्वयनमा बेवास्ता गरेको भन्दै विपक्षी बनाइएको हो । प्रदेशको आर्थिक ऐनमा तराई क्षेत्रमा नदीजन्य पदार्थ उत्खननबापत प्रतिघनफुट ६ रुपैयाँ मूल्य तय गरिएको छ । पहाडमा प्रतिघनफुट ३ रुपैयाँ तोकिएको छ । तिलोत्तमाले निकालेको सूचनामा तिनाउमा १८ रुपैयाँ प्रतिघनफुट र रोहिणीमा प्रतिघनफुट १६ रुपैयाँ कायम गरिएको रिटमा उल्लेख छ । स्थानीय तहले प्रदेशको कानुन नमानेको तथा प्रदेशले आफैंले कानुन कार्यान्वयन गराउन नसकेको रिटमा उल्लेख छ ।

गत पुस २७ गते तिलोत्तमाको नगरसभाले नदीजन्य पदार्थको दररेट तोकेको थियो । त्यस्तो प्रस्ताव गलत भएको रिटमा उल्लेख छ । 'स्थानीय तह सञ्चालन ऐन र प्रदेश कानुन बाझिने गरेर रेट र प्रक्रिया बदलेर तिलोत्तमाले सूचना निकाल्यो,' रिट दर्ता गरेका श्रेष्ठले भने, 'यसबाट उपभोक्तालाई असर पर्ने भएकाले रिट दर्ता गरेका हौं ।'



रुपन्देहीको तिनाउ नदीबाट गिट्टी–बालुवा संकलन गरिँदै । तस्बिर : अमृता/कान्तिपुर

तिलोत्तमा नगर प्रमुख वासुदेव घिमिरेले प्रदेश सरकारले तोकेको दररेट न्यूनतम भएकाले त्यसलाई केही बढाएर ठेक्का प्रक्रियामा गएको बताए । यसो गर्दा नियम मिचेको अर्थ लगाउन नहुने उनले तर्क गरे । घिमिरेका अनुसार प्रदेश सरकारले दररेट नतोक्दा पनि यस क्षेत्रको नदीजन्य पदार्थको मूल्य प्रतिघनफुट २२ देखि २५ रुपैयाँमा बिक्री हुन्थ्यो । प्रदेश सरकारले ६ रुपैयाँ तोके पनि उपभोक्ताले प्रतिघनफुट ६० देखि ७० रुपैयाँमा खरिद गर्दै आएका छन् । 'ठेकेदारले कम मूल्यमा ठेक्का लिंदा राज्यको राजस्व पनि घट्यो । उपभोक्ताले सस्तोमा नदीजन्य सामग्री पनि पाएनन्,' उनले भने, 'बिचौलियाले मात्रै खाएको फाइदा घटाएर आन्तरिक राजस्व बढाउन खोजेका हौं ।' गत वैशाखमा रूपन्देहीका स्थानीय तहका प्रमुखबीच नदीजन्य पदार्थको दररेट पुनरावलोकनबारे छलफल भएको थियो । त्यसमा नदीजन्य पदार्थको राजस्व उठाउने बुटवल उपमहानगरपालिका, देवदह, तिलोत्तमा, सिद्धार्थनगर, सैनामैना नगरपालिका र सियारी एवं शुद्धोधन गाउँपालिका सहभागी थिए ।

उक्त छलफलले प्रदेश सरकारले तोकेको दररेटलाई न्यूनतम मानेर नदीजन्य पदार्थको मूल्य प्रतिघनफुट २० देखि २२ रुपैयाँ राख्ने निर्णय भएको थियो । यही आधारमा बुटवल उपमहानगरपालिकाले गत वैशाखमा पनि आफ्नै दररेट तय गरेको थियो । नगर कार्यपालिकाको बैठकले गत वैशाख ५ गते नदीजन्य पदार्थको दररेट पुनरावलोकन गरेको थियो । त्यसका आधारमा गत वैशाखमा प्रतिघन फुट १५ रुपैयाँबाट बढाएर ४१ रुपैयाँ तोकेको थियो । उपभोक्ताले विरोध गरेपछि उक्त दररेट फेरिएको थियो । बुटवलले अहिले साबिक मूल्यमै बिक्री वितरण गरेको छ । बुटवल उपमहानगरपालिकाका प्रमुख शिवराज सुवेदीले प्रदेश सरकारले तोकेको दररेट निकै कम भएकाले यसलाई फेर्न वा न्यूनतम दररेट तोकेर बढाउनुको विकल्प नरहेको बताए ।

# किसानलाई सहुलियत ऋण

नेपालगन्ज (कास)- प्रदेश ५ सरकारले बाँके र बर्दियाका किसानलाई सहुलियत ऋण उपलब्ध गराउने भएको छ । किसानले लिने सहुलियत ऋणको ब्याज प्रदेश सरकारले तिर्ने भएको हो । बर्दिया र बाँकेका स्थानीय तहका प्रमुख, किसान सहभागी भेलामा मंगलबार मन्त्री आरती पौडेलले सहुलियत कृषि ऋण कार्यक्रमको सुरुआत गरेकी हुन् ।

कृषि उद्यमका लागि वाणिज्य बैंक, कृषि विकास र विकास बैंकबाट सहजै सहुलियत ऋण उपलब्ध गराइने भएको छ । त्यसका लागि राष्ट्र बैंकले मातहत बैंकलाई कुल लगानीको १० प्रतिशत कृषि ऋण दिनुपर्ने निर्देशन गरिसकेको छ । कृषि उद्यमका लागि एक लाखदेखि एक करोडसम्म ऋण लिन सकिनेछ । साना कृषि उद्यमका लागि एक लाखदेखि १० लाख ऋण लिने किसानलाई बैंकले वार्षिक १० प्रतिशत र दोस्रो वर्षका लागि आठ प्रतिशत ब्याज लिन पाउने छन् । उक्त ब्याजको रकम प्रदेश सरकारले सम्बन्धित बैंकलाई तिर्नेछन् । १० लाखदेखि ३० लाखसम्म कृषि ऋणका लागि पहिलो वर्ष आठ प्रतिशत र ३० लाखदेखि एक करोड कृषि ऋणका लागि ६ प्रतिशत ब्याज तोकिएको छ । उक्त ऋण दुई वर्षका लागि दिइनेछ ।

आवश्यकता अनुसार पाँच वर्षसम्म पनि समयावधि हुन सक्नेछ । एक करोड ऋणका लागि दुई वर्षपछि वार्षिक दुई प्रतिशत तोकिएको छ । 'जस्तै फलफूल खेती गर्ने किसानले दुई वर्षमै उत्पादन गरेर फाइदा लिन सक्दैनन् । त्यस्तो कृषि उद्यमका लागि पाँच वर्ष गरिएको हो,' कृषि मन्त्री पौडेलले भनिन्, 'यसरी दिइएको कृषि ऋणको ब्याज प्रदेश सरकारले बैंकलाई तिर्नेछ । तर, साँवा भने किसानले नै तिर्नुपर्ने छ ।' नक्कली किसान बनेर कृषि ऋणको सहुलित लिने काम रोक्न सम्बन्धित पालिकालाई कडा निर्देशन दिएको उनले बताइन् ।

वास्तविक किसान खेतमा रहेको बताउँदै कागजमा खेती गर्नेले मात्र अनुदान र कर्जा पाइरहेको भेलामा सहभागी किसान खडकबहादुर खड्काले बताए । बैंकले समेत किसानलाई महत्त्व नदिएको उनको गुनासो थियो । 'व्यापारी बैंकमा पुगे भने चिया-पानी सोधिन्छ,' उनले भने, 'एउटा किसान कर्जा लिन बैंक पुग्दा हाकिमहरू राम्रोसँग बोल्दा पनि बोल्दैनन् ।' खड्काले २० बिघा जमिनमा पशुपालन गरिरहेका छन् । यस्ता धेरै किसानले कृषि अनुदान नपाएको गुनासो गरेका थिए ।

# तलब माग्दै धर्ना

कपिलवस्तु (कास)- कृष्णनगर नगरपालिकाअन्तर्गतका शिक्षकले चार महिनादेखि तलब पाएका छैनन् । प्रमुख प्रशासकीय र लेखा अधिकृत नहुँदा उनीहरू तलबबाट वञ्चित भएका हुन् । नगरपालिकामा रहेको बजेट विद्यालयको खातामा पठाउने कर्मचारी छैनन् । तत्काल तलब व्यवस्था गर्नुपर्ने भन्दै शिक्षक आन्दोलित भएका हुन् ।

उनीहरू आइतबार नगरपालिका कार्यालयअगाडि दुई घण्टा धर्नामा बसेका थिए । सोमबार समस्या समाधानको माग गर्दै प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाए ।


उनीहरूले मंसिरदेखि फागुनसम्मको पारिश्रमिक पाएका छैनन् । 'दिनैपिच्छे समस्या थपिँदै छन्,' बहादुरगन्जस्थित रामगोरखा उमाविका प्राचार्य प्रदीप सिंहले भने, 'शिक्षक भोकभोकै बसेर पढाउन सक्दैनन् ।' नगरका २७ सामुदायिक र २२ धार्मिक विद्यालय (मदरसा)का २ सय ५० शिक्षक, शिक्षिका, बालविकास सहजकर्ता र कार्यालय सहयोगीले तलब पाएका छैनन् । प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृत नहुँदा काममा समस्या भइरहेको नगर प्रमुख रजतप्रताप शाहले बताए ।

# उद्योग र व्यापारमा लगानी बढ्दो

**हरि गौतम** (रुकुम पूर्व)

रुकुम पूर्व छुट्टै जिल्ला बनेको झन्डै साढे दुई वर्ष भयो । यस अवधिमा सरकारी र अन्य संरचना निर्माणका क्रममा छन् । भौतिक पूर्वाधार अपुग छन् । यस्तो अवस्थामा पनि जिल्लाको उद्योग व्यापारमा सवा अर्ब रुपैयाँ लगानी पुगेको छ । घरेलु तथा साना उद्योग र व्यापारमा लगानी बढ्दो छ ।

रुकुमकोट उद्योग वाणिज्य संघका अनुसार यहाँ विभिन्न क्षेत्रमा १ अर्ब ३२ करोड ६५ लाख रुपैयाँभन्दा बढी लगानी भएको हो । संघका अध्यक्ष यज्ञप्रकाश मल्लका अनुसार ६ सय २२ घरेलु तथा साना उद्योग संघमा दर्ता भएका छन् । यसबाहेक अन्य व्यापार व्यवसायमा पनि लगानी भएको छ । सुरुमा दर्ता भएका उद्योग र व्यापारको लगानीबारे तीन महिनाअघि तथ्यांक संकलन गरिएको थियो । त्यसबेला सवा अर्बभन्दा बढी लगानी भएको



रुकुमकोटको छिप्रिदह बजारमा पछिल्लो २ वर्षमा भएको भौतिक संरचना विस्तार । तस्बिर : हरि/कान्तिपुर


पाइएको थियो । त्यसयता सञ्चालन भएका उद्योग र व्यवसायको लगानी यसमा नजोडिएको मल्लले बताए । संघका अनुसार सबैभन्दा बढी वाणिज्यतर्फ लगानी भएको छ । ५ सय १२ वटा विभिन्न व्यवसायमा १ अर्ब २४ करोड रुपैयाँ लगानी रहेको छ । त्यस्तै, ८९ वटा होटल सञ्चालनमा आएका छन् । तिनमा ४ करोड ४५ लाख र २१ वटा साना तथा घरेलु उद्योगमा ४ करोड २० लाख रुपैयाँ लगानी रहेको अध्यक्ष मल्लले बताए । घरेलु तथा साना उद्योग, व्यापार र व्यवसाय बढ्दो क्रममा रहेकाले लगानी बढ्दै गएको उनको भनाइ छ ।

छुट्टै जिल्ला बनेपछि रुकुमकोट आसपास क्षेत्रमा व्यवसाय र घरजग्गा कारोबार बढेको छ । पछिल्लो समय रुकुमकोटमा दुई दर्जनभन्दा बढी ठूला होटल सञ्चालन भएका छन् । यसले रुकुमकोटमा चहलपहल बाक्लिएको छ । 'छुट्टै जिल्ला त बन्यो नै, यससँगै मध्यपहाडी लोकमार्ग जोडिएपछि यस क्षेत्रमा विभिन्न विषयका उद्योग र व्यापारमा लगानी बढ्दै गएको छ,' होटल व्यवसायी विनोद केसीले भने, 'रुकुमकोट तथा अरू क्षेत्रका बजारमा लगानी गर्नेहरू बढेका छन् ।'
















## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | अधिक खर्च | तुला | आलोचित हुने |
| वृष | नयाँ कार्य आरम्भ | वृश्चिक | मनोकांक्षा पूर्ण |
| मिथुन | कार्य सिद्धि | धनु | कान्ति क्षय |
| कर्कट | धर्म बढ्ने | मकर | शत्रु परास्त |
| सिंह | अपव्यय | कुम्भ | अपेक्षित लाभ |
| कन्या | प्रतिष्ठा प्राप्त | मीन | उत्साहप्रद |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल फाल्गुन १६ गते शुक्रबार तदनुरुप २८ फरवरी २०२० फाल्गुन शुक्लपक्ष पञ्चमी तिथि प्रातः ५:५६ बजेसम्म उप्रान्त षष्ठि तिथि, अश्विनी नक्षत्र रात्रिको १:२६ बजेसम्म उप्रान्त भरणी नक्षत्र, शुक्ल योग प्रातः ९:२८ बजेसम्म उप्रान्त ब्रम्हा योग, बब करण दिनको ५:४ बजेसम्म उप्रान्त बालब करण, मेष राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | | | |
|---|---|---|---|
| ५:०० | भक्तिसुर | ५:०० | कल कान्तिपुर |
| ५:३० | आध्यात्मिक सन्देश | ६:०० | कान्तिपुर न्युज |
| ६:०० | जीवन विज्ञान | ६:३० | सुमनसँग (रिपिट) |
| ६:३० | भजन | ७:०० | कान्तिपुर समाचार |
| ७:०० | कान्तिपुर समाचार | ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | गुडमर्निङ नेपाल | ८:०० | कान्तिपुर समाचार |
| ८:३० | कान्तिपुर न्युज | ९:०० | ह्वाट द फ्लप |
| ९:०० | इट्स माइ सो (रिपिट) | १०:०० | सुमनसँग (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार | १०:३० | कान्तिपुर न्युज |
| १०:३० | फिल्म टनिक (रिपिट) | ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:०० | कान्तिपुर न्युज | ११:३० | कान्तिपुर समाचार |
| ११:३० | रजतपट (रिपिट) | १२:०० | कल कान्तिपुर रिपीटेड |
| १२:०० | कान्तिपुर समाचार | १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १२:३० | सरोकार (रिपिट) | १:३० | सुमनसँग (रिपिट) |
| १:३० | हियर्ज टु लाइफ (रिपिट) | २:०० | कान्तिपुर समाचार (रिपीट १) |
| २:०० | कान्तिपुर समाचार | २:३० | हिअर्ज टू लाईफ (रिपिट) |
| २:३० | बलियो घर (रिपिट) | ३:०० | कल कान्तिपुर रिपीटेड |
| ३:०० | इट्स माई सो (रिपिट) | ४:०० | ह्वाट द फ्लप (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार | | |
| ४:३० | रजतपट (रिपिट) | | |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | | | |
|---|---|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (अच्यूत सुवेदी) | १५:०० | कान्तिपुर डायरी |
| ०६:३० | कान्तिपुर डायरी | १५:१५ | तमु चौतारी (सहज कु. घले) |
| ०७:०० | द हेडलाइनर्स | १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| ०७:३० | शिक्षा संवाद (कमला) | १६:०५ | बी-स्कोप |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी | १७:०० | डिष्ट्रिक्ट डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (स्मीता) | १७:०५ | को भन्दा को कम (सन्जोक बस्याल) |
| ०८:३० | ओल्ड इज गोल्ड | १८:०० | मुक्तिको सन्देस |
| ०९:०० | कान्तिपुर डायरी | १८:३० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट | १९:०० | यो माया भन्ने चीज यस्तै हो (प्रियंका) |
| ०९:१५ | राष्ट्रिय गीत | २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| ०९:२० | रेडियो टक (किरण) | २०:०५ | हिप हप हसल (स्मीता) |
| १०:०० | स्पोर्टस् डायरी | २१:०० | कान्तिपुर डायरी |
| १०:०५ | द लाइफ स्टाइल सो (सागरिका) | २१:२५ | न्युज मेकर अफ द डे |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी | २१:३० | इन्द्रेनी |
| ११:०५ | द लाइफ स्टाइल सो (सागरिका) | २२:०० | शब्द श्लाघा (भूपेन्द्र) |
| १२:०० | कान्तिपुर डायरी | २३:०० | सुनौलो यादहरु (दीपाञ्जली) |
| १२:१० | हिट लिस्ट (शुभराज) | २४:०० | हिट लिस्ट (रेमन) |
| १३:०० | डिस्ट्रिक डायरी | ०१:०० | सफर (राजेश) |
| १३:०५ | के छ नेपाल (निशान्त) | ०२:०० | नेपाली गीतहरु लगातार |
| १४:०० | इन्टरनेसनल डायरी | ०३:०० | हिन्दी गीतहरु लगातार |
| १४:०५ | के छ नेपाल (निशान्त) | ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| लुम्बिनी अञ्चल अस्पताल बुटवल | ०७१५४०२०० |
| बुद्ध सामुदायीक मुटु अस्पताल | ०७१५४६१९७ |
| महिला तथा बाल अस्पताल-आम्दा | ०७१५४४४५० |
| युनिभर्सल कलेज अफ मेडिकल सायन्सेस भैरहवा | ०७१५०६०३० |
| भीम अस्पताल भैरहवा | ०७१५२०१९३ |
| पृथ्वी चन्द्र अस्पताल परासी | ०७८५२०१८८ |
| अर्घाखाची जिल्ला अस्पताल | ०७७४२०२५७ |
| गुल्मी जिल्ला अस्पताल | ०७९५२०१८८ |
| कपिलवस्तु जिल्ला अस्पताल | ०७६५६०२०० |
| रेडक्रस एम्बुलेन्स भैरहवा | ०७१-५२०२६३, ९७४७०२११०४ |
| रेडक्रस, रक्त संचार भैरहवा | ०७१-५२०२६३, ९८६७३२६४५७ |
| रेडक्रस, रक्त संचार, बुटवल | ०७१-५४१००४ |
| संयुक्त एम्बुलेन्स चालक संघ बुटवल | ९८५७०२३०९९ |
| भीम अस्पतल भैरहवा | ०७१-५२०१९३ |
| युनिभर्सल शिक्षण अस्पताल भैरहवा | ०७१-५०६०९२, ५०६०५२ |
| जिल्ला ट्राफिक प्रहरी कार्यालय | ०७१-५२२८७५, ९८५७०९०३९० |
| इलाका प्रहरी कार्यालय बेलहिया | ०७१-४१९८०४ |
| अध्यागमन कार्यालय बेलहिया | ०७१-४१९८२० |
| गौतम बुद्ध विमानस्थल कार्यालय | ०७१-५०७०८६ |
| दमकल सिद्धार्थनगर नगरपालिका | ०७१-५२०२१५ |
| दमकल बुटवल उपमहानगरपालिका | ०७१-५४०१११ |
| माईती नेपाल क्षेत्रिय कार्यालय भैरहवा | ०७१-५२३५३४ |
| जिल्ला प्रशासन कार्यालय | ५६०१३३ |
| जिल्ला प्रहरी कार्यालय | ५६०१९९ |
| राप्ती उपक्षेत्रीय अस्पताल घोराही | ५६२३६५ |
| राप्ती अञ्चल अस्पताल तुलसीपुर | ५२००११ |
| लमही अस्पताल | ५४००११ |
| राप्ती आँखा अस्पताल तुलसीपुर | ५२०१६५ |
| आँखा अस्पताल लमही | ४१७००८ |
| घोराही उपमहानगरपालिका | ५६०७०० |
| तुलसीपुर उपमहानगरपालिका | ५२०२३३ |
| लमही नगरपालिका | ५४००५० |
| उच्च अदालत तुलसीपुर | ५२००२४ |
| जिल्ला अदालत | ५६०२४५ |
| राप्ती प्राबिधिक शिक्षालय लालमटिया | ४१३००१ |
| एम्बुलेन्स सञ्जिवनी विकास केन्द्र तुलसीपुर | ९८५७८२३१२३ |
| एम्बुलेन्स परिवार नियोजन संघ घोराही | ५६००२३/९८४७८६२३५८ |
| दमकल घोराही | ५६०४९९ |
| दमकल तुलसीपुर | ५२०३०५ |
| रेडक्रश सोसाइटी घोराही ब्लड बैंक | ५६१४६० |
| रेडक्रश सोसाइटी तुलसीपुर ब्लड बैंक | ५२३१४० |
| घोराही बसपार्क | ५६०४१५ |
| तुलसीपुर बसपार्क | ५२०५७४ |
| लमही बसपार्क | ५४००४० |
| जिल्ला प्रहरी कार्यालय बाँके | ५२०२११/५२२७४८/१०० |
| ईलाका प्रहरी कार्यालय कोहलपुर | ५४०४२०/५४०११३ |
| वडा प्रहरी कार्यालय नेपालगन्ज | ५२०२९९ |
| क्षेत्रीय ट्राफिक कार्यालय नेपालगन्ज | ५४०००३/ १०३ |
| जिल्ला ट्राफिक कार्यालय नेपालगन्ज | ५२०८५३ |
| नेपाल रेडक्रस सोसाईटी | ५२०१०४ |
| एम्बुलेन्स/ब्लड बैंक नेपालगन्ज | ५२०१७४ |
| दमकल नेपालगन्ज | ५२०१११ |
| दमकल कोहलपुर | ९८६८११४९६० |
| भेरी अन्चल अस्पताल नेपालगन्ज | ५२०१२० |
| नेपालगन्ज मेडिकल कलेज | ५२२४५८ |
| कोहलपुर मेडिकल | ५४०४०८ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६११९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४००३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

**कान्तिपुर सम्पर्क** जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# लाटोफुस्रो दागले गाउँ छुटायो

सुदूर पहाडका धेरै कुष्ठरोगीले अपमान सहे, कतिपय गाउँनिकाला भए तर बेलैमा उपचार पाएकाहरू भने निको भएर सम्मानपूर्वक जीवन बिताइरहेका छन्

## कुष्ठरोगीको पीडा

डीआर पन्त (डडेलधुरा)
भवानी भट्ट (कञ्चनपुर)

पाप लागेर कुष्ठरोगी भएको भन्दै गाउँ निकाला भएका जयबहादुर खड्का उपचारपछि निको भइसकेका छन् । उनलाई कुष्ठरोग लागेर पाएको सास्तीभन्दा गाउँ निकाला गरेको पीर बढी छ । त्यस्तै अवस्थाका सीता साउद र राजबहादुर खड्का पनि कुनै समय गाउँबाट निकालिए थिए । गाउँबाट निकालिनुको पीडा उनीहरूमा अहिले पनि बल्झिरहन्छ ।

विसं २०१६ तिर गाउँबाट लखेटिएका जयबहादुर अहिले ८१ वर्षका भए । युवा उमेरमा गाउँ छाड्न बाध्य पारिएका उनी ६० वर्ष बित्यो, फेरि फर्केर गएका छैनन् । 'रोग त निको भयो, जीउभरि खत छन्, त्योभन्दा बढी घर छाड्न बाध्य पारिएको चोट मनमा छ,' उनी भन्छन्, 'जमाना पनि त्यस्तै थियो । त्यो बेला कुन बिमारी हो भन्ने खुट्याउने कोही थिएन ।' डडेलधुरा र डोटी सिमानाको छतिवन नजिकै सडकछेउमा बस्दै आएका खड्का आफूले गाउँ छाड्नुपर्दाका दिन सुनाउन सजिलो मान्दैनन् । छोराले सम्झाएपछि बल्ल मुख खोले, 'हुम्ला कालिकातिर मेरो जन्मथलो हो । २१ वर्षको उमेरमा गाउँनिकाला भएको, म त्यसपछि कहिल्यै गाउँ फर्केर गइनँ ।'

गाउँ छाडेपछि केही समय हुम्ला र बाजुराको सिमानामा पर्ने एउटा गुफामा दिन बिताए । बाटो थिएन । गोरेटो र जंगल हुँदै १५ दिनसम्म भोकभोकै हिँडेर डडेलधुरा पुगे । 'डडेलधुराको पोखरा नजिकै पाल टाँगेर विदेशी डाक्टरले कुष्ठरोगीको उपचार गरिरहेका थिए,' उनी भन्छन्, 'भाग्यले मैले पनि अरू १६ जनासँगै पालभित्र उपचार पाएँ ।' उपचार पाउनेहरू कालीकोट, अछाम, दार्चुलाका विभिन्न ठाउँबाट उनीजस्तै परिस्थितिका सिकार भएर आएका थिए । आफू जसरी नै कुष्ठरोगको उपचार गराउन आएकी बझाङको ज्यावन क्षेत्रकी महिलासँग उनले बिहे गरे । सन्तान भयो । केही वर्षअघि श्रीमतीको मृत्यु भएको बताएका उनी अहिले छोरासँग बस्छन् ।

सीता साउद अहिले ७० वर्षकी भइन् । बालविवाहको चलन थियो । उनको १२ वर्षकै उमेरमा बिहे भयो । त्यसको तीन वर्षमै जीउमा लाटोफुस्रो दाग आउन थाल्यो । बैतडीको तल्लो स्वराड क्षेत्रकी उनी सुरुमा रोग लुकाएर बसिन् । जब बढ्दै गयो, सबैले थाहा पाए । परिवार र आफन्तसँगै छिमेकीसमेतले छिछि र दुरदुर गर्न थाले । उपचार गराउन लैजानुको साटो परिवारबाटै अपहेलित भएपछि उनी खप्न नसकेर माइती आइन् । त्यहाँ पनि उस्तै तिरस्कार बेहोर्नुपर्‍यो । 'त्यो जमाना त्यस्तै थियो, रोग लागेकालाई उपचारका लागि लैजानुभन्दा समाजले अपमान गर्थ्यो,' कञ्चनपुरको वेदकोट नगरपालिका-५ धरमपुरकी ७० वर्षीया साउद भन्छिन्, 'कुष्ठरोग लागेका सुरुका वर्ष अनेक पीडा खेप्नुपर्‍यो ।' डडेलधुराको टिम अस्पतालमा उनले १० वर्ष उपचार गराइन् र निको भइन् । 'दुई वर्षसम्म अस्पतालमै बसेर उपचार गराउनु पर्‍यो,' उनी भन्छिन्, 'पछि पूरै बिसेक हुन डाक्टरले दिएको ओखती लामो समयसम्म खानुपर्‍यो ।'



कञ्चनपुरको वेदकोट-५, धरमपुरमा कुष्ठरोगको कारण अपांगता भएका स्थानीय । *तस्बिर : भवानी/कान्तिपुर*

राजबहादुर खड्काको पनि समस्या धेरै फरक छैन । उनलाई पनि बालखै छँदा कुष्ठरोगले समात्यो । के अनौठो रोग भनेर छरछिमेकी र आफन्तले हेला गरे । गाउँ छाडेर उपचार गर्न डडेलधुरा पुगे । उपचार पाएपछि रोग निको भयो । 'घरमा बस्न त के बाटोघाटोमा हिँड्नसमेत दिँदैनथे,' ५५ वर्षीय राजबहादुरले बाल्यकाल स्मरण गरे, 'खेतबाट हिँड्न खोज्दा पानी नै बिग्रिन्छ भन्थे । कतै जानुपरे राति लुकेर हिँड्नुपर्थ्यो ।'

### अस्पतालले फेरेको जीवन

शिक्षा र पूर्वाधार विकासको चरण बामे सर्न लागेका बेला समाज अन्धविश्वासी थियो । कुष्ठरोगबारे जनचेतना अभाव हुँदा रोगी अपमानित भइरहेका थिए । विसं २०२५ मा डडेलधुरामा टिम अस्पताल स्थापना भएपछि भने कुष्ठरोगको उपचार सुरु भयो । सुदूरपश्चिमसँगै कर्णाली क्षेत्रका बिरामीसमेत उपचारका लागि आए । परिवारबाट अपहेलित भएका धेरैजना रोग बिसेक भएपछि पनि घर फर्केनन् । अस्पतालमै खानेबस्ने सुविधा भएकाले उपचार अवधिसम्म कुनै समस्या थिएन । उनीहरूले डडेलधुरा क्षेत्रमै मजदुरी तथा अन्य काम गरेर गुजारा चलाउन थाले । कतिपयले उपचारकै क्रममा आफूजस्तै अवस्थाबाट गुज्रेकासँग घरजम पनि गरे । रोगकै कारण घरबार बिग्रेकाहरूले अस्पतालमै विवाह गरे । टिम अस्पताल र कुष्ठरोग निवारण संघको पहलमा सरकारले पुन:स्थापनाको कार्यक्रम पनि ल्यायो । अहिलेको धरमपुर क्षेत्रमा सरकारले उनीहरूलाई घरजग्गा दिएर बसोबास गराउने निर्णय भयो । त्यही निर्णयअनुसार धरमपुरबस्ती स्थापना भएको हो । टिम अस्पतालबाट उपचार गराएर आएकाहरूको बस्ती भएका कारण यहाँका स्थानीयले अहिले पनि 'टिम टोल' भन्ने गरेका छन् ।

### पुन:स्थापना गरेर बसाइयो बस्ती

धरमपुर क्षेत्रमा कुष्ठरोगीको पुन:स्थापना २०२९ देखि सुरु भएको हो । एक दशकमा यहाँ २८ परिवारको पुन:स्थापना भएको छ । 'हामी सुरुमै आएर यहाँ बसोबास गर्न थालेका हौं,' टिम अस्पतालमा उपचारपछि धरमपुर क्षेत्रमा बसोबास सुरु गरेका ६७ वर्षीय धनबहादुर रोकायाले भने, 'सुरुमा हामी तीनजना आएका हौं । त्यसपछि हरेक वर्ष थपिँदै गए ।' रोकाया बाजुराको काँडाबाट उपचारका लागि टिम अस्पताल आएका थिए । उनका अनुसार २०३९ मा २८ जनाका नाममा जग्गाधनी पुर्जा बनेको थियो । हरेकका नाममा २२ कट्ठा जमिन र काठले बनेका घरसँगै एक वर्षको खाद्यान्न पनि सरकारले नै उपलब्ध गराउँथ्यो । यसबाहेक २८ परिवारका लागि खानेपानीका दुई ह्यान्डपम्प, हरेक परिवारलाई एक/एकवटा गोरु उपलब्ध गराइएको थियो । 'हामीहरू दुई परिवार मिलेर एक हल गोरु बनाएर खेत जोत्ने गर्थ्यौं,' रोकाया भन्छन्, 'सुरुका वर्ष उब्जनी राम्रो नहुँदासम्म भनेर एक वर्ष पुग्ने रासनसमेत पाएका थियौं ।'

दुई दशकपछि २०५१ मा पनि धरमपुर क्षेत्रमा थप २६ परिवारलाई पुन:स्थापना गरिएको थियो । सुरुमा पुनर्स्थापना भएको बस्तीलाई तल्लो धरमपुर र पछि स्थापना गरिएको बस्तीलाई माथिल्लो धरमपुर नामकरण गरिएको छ । दोस्रो चरणमा पुन:स्थापना गरिएका परिवारलाई आधा बिघा जमिन, काठको जस्तापाता लगाएको घर, घरैपिच्छे शौचालय र खानेपानीका नल्का जडान गरिएको थियो । काठ र जस्तापाताले बनेका एकनासका घर, एकै प्लटमा मिलेको जमिन भएकाले सुरुमा यो बस्ती नमुना नै थियो तर अहिले धेरैजसोले काठका ढाँचा फालेर पक्की घर बनाइसकेका छन् । ३० देखि ५० को दशकसम्म कुष्ठरोगीलाई पुन:स्थापना गरिएको क्षेत्र ढडुवाखर्कका नाममा चिनिन्थ्यो । यहाँ वन फाँडेर बस्ती बसाइएको हो । तत्कालीन राजा वीरेन्द्रको आदेशमा उनीहरूलाई सरकारले पुन:स्थापना गरेपछि बस्ती बस्न सुरु भएको हो । त्यस अघिसम्म डडेलधुरा र डोटीबाट गाईभैंसी चराउन आउनेहरूको खर्क थियो । यही कारणले यस क्षेत्रको नाम ढडुवाखर्क राखिएको थियो । जब कुष्ठरोगीहरूलाई पुन:स्थापना गरियो, त्यसपछि यो बस्ती टिम टोलका नामले चिनिन थाल्यो । स्थानीयले यो गाउँ फरक धर्म मान्नेको हो भन्दै गाउँकै नाम धरमपुर राखेको धनबहादुर बताउँछन् । उनका अनुसार सुरुमा कुष्ठरोगीलाई पुन:स्थापना गर्दा स्थानीयले होच्याएर कोडी र फाँटासमेत भन्ने गरेका थिए । गाउँको नाम सभ्य भाषाबाट राख्ने योजनाअनुसार २०५४/०५५ देखि धरमपुर भएको स्थानीय जयबहादुर बोहोरा बताउँछन् । वेदकोट नगरपालिका-५ का अधिकांश बस्ती ऐलानी छन् । २०२०/०२२ देखि चलनभोग भइरहेको भए पनि सुरुमा पुन:स्थापना भएको कुष्ठरोगीको बस्ती मात्रै दर्ता छ । पछिल्लो पटक पुन:स्थापना भएकाहरूले भने हालसम्म जग्गा धनीपुर्जा पाउन सकेका छैनन् ।

### हराउँदै गयो भेदभाव

धरमपुरमा पुन:स्थापना सुरु गर्दा तल्लो क्षेत्रका बासिन्दाले विरोध गरे । कुष्ठरोगीलाई माथिल्लो क्षेत्रमा राख्दा पानीका मुहान नै बिग्रिने भनेर स्थानीयले विरोध गरेका थिए । कतिपयले त उनीहरूलाई धपाउन नै खोजे । 'राति आएर घर भत्काउने, पानीका कुवामा फोहोर गरिदिन्थे,' राजबहादुरले भने, 'हामीसँग बोल्ने र हिँडडुल गर्ने पनि कोही हुँदैनथे । बिहे र व्रतबन्धलगायतमा पनि कसैले बोलाउँदैनथे । बाटो हिँड्दा पनि गाली गर्ने, थुक्नेहरू हुन्थे ।' रोगीहरूबीच मात्रै बोलचाल र सहयोग आदानप्रदान हुन्थ्यो । अहिले कुष्ठरोगीलाई हेर्ने दृष्टि फेरिएको छ । विगतमा बस्नै नदिनेहरूसमेत आफ्नो घरमा बोलाउन थालेको राजबहादुरले सुनाए । टिम अस्पतालमा उपचार पाएका राजबहादुरजस्ता धेरै जना अहिले सम्मानपूर्वक जीवन बिताइरहेका छन् । 'गाउँनिकाला भएपछि डडेलधुरा आउन सक्ने धेरैले नयाँ जीवन पाए,' उनी भन्छन्, 'कतिपय कुष्ठरोगी गाउँ नजिकका गुफामा कष्टको जीवन बिताएर मरे ।' काठमाडौंको वीर अस्पतालबाट २०१८ मा कुष्ठरोगको उपचार सुरु भएको हो । डडेलधुरामा भने २०१७ मै बेलायती चिकित्सक क्यात्रिना योङले पहिलोपटक कुष्ठरोगको उपचार गर्न सुरु गरेकी थिइन् । त्यसको आठ वर्षपछि २०२५ मा अमेरिकी डा. सिमनले टिम अस्पताल स्थापना गरे । टिम अस्पतालमा पछिल्लो ५१ वर्षको अवधिमा हजारौं कुष्ठरोगीले उपचार पाए ।

सात वर्षअघि टिम अस्पताललाई गाभेर उपक्षेत्रीय अस्पताल बनाइयो । अस्पतालका क्षयकुष्ठ सुपरभाइजर तारादत्त पन्त भन्छन्, 'उपक्षेत्रीय अस्पताल बनेको चार वर्षयता एक सय १५ जना कुष्ठरोगीको उपचार भएको तथ्यांक छ ।' अस्पतालमा डडेलधुरा बैतडी, डोटी, बाजुरा, बझाङ, अछाम र दार्चुलालगायत सुदूरका पहाडी जिल्लाबाट उपचारका लागि बिरामी आउँछन् । 'अस्पताल आइपुगेका सबैको उपचार भएको छ,' उनले भने, 'हरेक महिना सरदर ४/५ जना कुष्ठरोगी अस्पतालमा आइपुग्ने गरेका छन् ।' सरकारले सन् २०१० मा कुष्ठरोग निवारण भएको घोषणा गरे पनि सुदूरपश्चिमका पहाडी जिल्लामा भने बर्सेनि यसका रोगी भेटिन्छन् ।

# अवैध खानीले जोखिम

गोरखा (कास)- बुढीगण्डकी नदी किनारको गोरखातर्फको सरकारी जग्गामा अवैध उत्खनन गरी चोरीनिकासी बढेको छ । मुआब्जा वितरणपछि सरकारी स्वामित्वमा आएको जग्गामा आठ ठाउँमा अवैध बालुवा खानी सञ्चालन भइरहेको स्थानीय प्रशासनले गरेको स्थलगत अध्ययनमा देखिएको हो ।

जिल्ला प्रशासन कार्यालयका खरिदार रविलाल सुवेदीका अनुसार दर्बुङदेखि बालुवाटारसम्मका खानी सोमबार अनुगमन गरिएको हो । 'अघिल्ला वर्षमा उत्खनन भएका खानी प्रशस्त रहेछन्,' उनले भने, 'हामीले हाल सञ्चालनमा रहेका खानी मात्र हेर्‍यौं ।' उनका अनुसार अनुगमन टोलीले बोर्लाङको घाटबेंसीमा बालुवा 'लोड' गर्दै गरेको ग१त ५२०२ नम्बरको ट्याक्टर नियन्त्रणमा लिएको छ । अनुगमन आउने पूर्वसूचना पाएका ठेकेदारले टिपर, ट्याक्टर र एक्स्काभेटर अघिल्लो दिन नै हटाएका स्थानीय बताउँछन् । सुवेदीका अनुसार अनुगमनका क्रममा कतिपय खानीमा आला डोब भेटिएका थिए ।

गण्डकी गाउँपालिकाअन्तर्गत दर्बुङको छोटटार, दर्बुङ फाँट, फुजेलको ढावे, भीमसेन थापा गाउँपालिकास्थित बोर्लाङको क्यामुनटार, ज्यादुल खोला, घाँटबेंसी तथा धावाको बालुवाटार र तान्द्राङको सिसौघारीमा रहेका बालुवा खानीको अनुगमन गरिएको हो । बालुवाटारमा रहेका चारमध्ये तीनवटा खानी सञ्चालनमा छन् । 'विशेष गरी उत्खनन भएका क्षेत्र पहिचान गर्‍यौं, सञ्चालनमा छ कि छैन हेर्‍यौं,' सुवेदीले भने, 'अब प्रतिवेदन बनाएर बुझाउँछौं ।' स्थानीयले निश्चित रकम लिएर खानी सञ्चालन गर्न ठेकेदारलाई जग्गा दिने गरेको भेटिएको सुवेदीले बताए ।

दर्बुङ फाँटमा भने रातको समयमा बालुवा निकासी हुँदै आएको स्थानीयसँगको छलफलपछि जानकारी पाइएको अनुगमन टोलीले जनाएको छ । ज्यादुल खोला फाँटमा खानीको बालुवा पखाल्न खुलेआम फिरफिरे सञ्चालनमा छ । ती क्षेत्रमा सञ्चालित खानीले वातावरणीय प्रभाव मूल्यांकन पनि गरेका छैनन् । खानी सञ्चालन गर्ने ठेकेदारले खानी तथा भूगर्भ विभागसँग अनुमति नलिनुका साथै स्थानीय तहलाई पनि जानकारी गराएका छैनन् । अनियन्त्रित उत्खननले जोखिम बढाएको छ । कतिपय खानीमा अघिल्ला वर्ष बालुवा झिकेका खाडल त्यसै छाडिएको छ ।

प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले अध्ययन टोलीको प्रतिवेदनका आधारमा कारबाही अघि बढाउने बताए । 'केही स्थानमा बालुवा झिकेको आला डोब रहेको बुझ्यौं,' उनले भने, 'प्रहरीलाई रोक्न निर्देशन दिन्छौं ।' उजुरी परेको खण्डमा मुआब्जा लिएको जग्गाको बालुवा ठेकेदारलाई बेच्ने पूर्वजग्गाधनीलाई पनि कारबाही गर्ने उनले बताए ।

# सीमा क्षेत्रका योजनामा भारतीय अवरोध

कान्तिपुर संवाददाता (मोरङ)

नेपाल-भारत संयुक्त सीमा क्षेत्र सर्वेक्षण टोलीले नापी नगरेकाले इलामलगायत सीमावर्ती क्षेत्रमा भौतिक निर्माणका योजना कार्यान्वयनमा अवरोध भइरहेको भन्दै प्रदेशसभामा आवाज उठेको छ । बुधबार बसेको प्रदेश १ को प्रदेशसभा बैठकमा सत्तारुढ दल नेकपाकी सांसद खिनुलङबा लिम्बुले नेपाल-भारत संयुक्त सीमा क्षेत्र सर्वेक्षण टोलीले सीमाको नापी नगरेकाले विकास निर्माणका आयोजना कार्यान्वयनमा समस्या भएको बताइन् । 'सर्भे टिमले तराईको क्षेत्रमा झापासम्म सीमाको नापी गरेको तर इलामलगायत पहाडी जिल्लाका सीमा क्षेत्रमा भने नापी गरेको छैन,' उनले भनिन् । पूर्वाधार निर्माणको काममा समस्या भइरहेकाले तत्काल सीमानाको नापीका लागि लिम्बूले सरकारको ध्यानाकर्षण गराइन् ।

इलामको सीमावर्ती सन्दकपुर क्षेत्रमा नेपालले एकलौटी संरचना बनाएको भन्दै असोज दोस्रो हप्ता भारतीय सीमा सुरक्षा बलले अवरोध गरेका थिए । समस्या तत्काल नसुल्झाए नेपालतर्फ सीमावर्ती क्षेत्रमा यसअघि निर्माण थालिएका र चालु आर्थिक वर्षमा निर्माण हुने पर्यटकीय पूर्वाधारका योजना कार्यान्वयनमा समस्या हुने उनको भनाइ छ । प्रदेश सरकारले पूर्वाधार विकास कार्यक्रमअन्तर्गत छुट्याएको रकमबाट सन्दकपुर गाउँपालिकाको सन्दकपुर डाँडामा करिब एक करोड लागतमा पूर्वाधार निर्माण थालिएको थियो । यहाँ भ्यु-प्वाइन्टसहित एक सय मिटर पैदल मार्ग, प्रवेशद्वारलगायत निर्माणका काम सीमानाको नापी नहुँदा रोकिएको लिम्बूले सुनाइन् ।

नेपालतर्फ आहालटारमा निर्माण गर्न लागिएको आवास गृहमा पनि अवरोध छ । तीन करोड लागतमा बन्ने आवास गृहका लागि टेन्डरसमेत भएको अवस्थामा भारतीय पक्षले सीमा यकिन नभएसम्म पूर्वाधार बनाउन दिएका छैनन् । 'पाँचथर सीमा नजिकै इलामकै क्षेत्रमा भवन बन्ने यकिन भए पनि भारतीय भनाइले काम अघि बढाउन व्यवधान भएको छ,' उनले भनिन्, 'प्राविधिकले गुगल म्याप देखाएर भवन बनाउन लागिएको क्षेत्रमा समेत भारतीय पक्षले अवरोध गर्दै आएका छन् ।' हिमालय दृश्यावलोकनसहित नेपाल, भारत र भुटानका अनेक स्थान नियाल्न सकिने गरी उक्त क्षेत्रमा भवन निर्माणको योजना छ ।

> टेन्डर भएका योजनामा समेत भारतीय पक्षले सीमा यकिन नभएसम्म निर्माणको काम अघि बढाउन दिएका छैनन्

शेर्पा च्यालेट होटलअगाडि जंगे पिलर रहे पनि त्यसमाथि सहायक र सानो पिलर नहुँदा सीमा यकिन हुन सकेको छैन । यस क्षेत्रमा सीमा क्षेत्रलाई पानीढलोका आधारमा बुझिने गरेको छ तर पछिल्लो समय भारतीय पक्षले गुगल नक्साअनुसार नेपालका धेरै क्षेत्र र बस्ती भारततिर पर्ने दाबी गर्दै आएको छ । वैज्ञानिक सीमांकन नभएसम्म यस क्षेत्रमा पूर्वाधार निर्माणदेखि अन्य गतिविधि गर्न समस्या हुने उनको भनाइ छ ।

सीमा सुरक्षा कार्यालयले गरेको सर्वेक्षणअनुसार कतिपय सीमास्तम्भ हराएका छन् भने कतिपय सुधार गर्नुपर्ने अवस्थाका छन् । इलामको सीमावर्ती क्षेत्रमा ३७ सीमास्तम्भ छैनन् । यो क्षेत्रमा जंगे पिलर १७ वटा हुनुपर्नेमा १६, सहायक पिलर ८३ हुनुपर्नेमा ७२ र सानो पिलर ४६ हुनुपर्नेमा २१ वटामात्र छन् । गत आवमा प्रदेश १ स्थित नेपाल-भारत सीमामा १७९ नयाँ सीमा स्तम्भ बनाइएको थियो । नेपाल-भारत संयुक्त सीमा क्षेत्र सर्वेक्षण टोलीको दोस्रो बैठकमा ३६ वटा स्तम्भ मर्मत गरिएको जानकारी गराइएको थियो । टोलीले सुनसरी, मोरङ र झापास्थित सीमामा निर्माण गर्नुपर्ने स्तम्भमध्ये केही यसअघि नै निर्माण भइसकेका र बाँकी रहेका स्थानमध्ये केही जमिनमा र नदीमा निर्माण गरेको जनाएको थियो । ठूला नदीबाहेक विजोर नम्बरका स्तम्भ नेपाल पक्षले र जोर नम्बरका स्तम्भ भारत पक्षले निर्माण गर्ने व्यवस्था छ ।

# जनप्रतिनिधि भ्रमणमा, काम ठप्प

खोटाङ (कास)- जन्तेढुङ्गा गाउँपालिका प्रमुख, प्रमुख प्रशासकीय अधिकृतसहितको टोली कृषि भ्रमणमा गएपछि कार्यालयको काम ठप्प भएको छ । कार्यालय नै रित्तो हुनेगरी गाउँपालिका प्रमुख शंकर राई, प्रमुख प्रशासकीय अधिकृत चित्रप्रसाद गुरागाईं लगायतको टोली फागुन ७ मा कृषि भ्रमणमा निस्किएको हो ।


गाउँपालिका अध्यक्ष राईका अनुसार ६ वटा वडामध्ये पाँचजना वडाअध्यक्ष, हरेक वडाका दुईजनाका दरले कृषकसहितको टोली भ्रमणमा गएको छ । वडा नम्बर १ का वडाअध्यक्ष केदारमान राई, २ का अध्यक्ष गणेशबहादुर विष्ट, ४ का अध्यक्ष विदुरमान राई, ५ का अध्यक्ष रामकुमार श्रेष्ठ र ६ का अध्यक्ष सुकदेव राई भ्रमणमा निस्किएको उनको भनाइ छ । गाउँपालिका उपाध्यक्ष विमला राई र वडा नम्बर ३ का अध्यक्ष चन्द्रकुमार राई मात्रै भ्रमण टोलीमा सहभागी छैनन् ।

टोलीले पोखरा, चितवन लगायतका ठाउँहरूमा भ्रमण गरेको अध्यक्ष राईले बताए । टोली भ्रमणमा गएको बेला गाउँपालिकामा कार्यरत रोजगार संयोजक विज्ञान राईलाई निमित्तको जिम्मेवारी दिइएको प्रमुख प्रशासकीय अधिकृत गुरागाईंले सुनाए । सामान्य सिफारिसबाहेक अन्य कुनै जिम्मेवारी नदिएको निमित्त प्रमुख राईले बताए ।

जनप्रतिनिधिले कृषकका लागि छुट्याएको बजेट मोजमस्तीमा उडाएको एक स्थानीयले आरोप लगाए । गुरागाईंका अनुसार भ्रमणका लागि पाँच लाख विनियोजन गरिएको छ ।








नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २८ अंक ९ सुर्खेत | १५ फागुन २०७६ बिहीबार फाल्गुण शुक्लपक्ष चतुर्थी | नेपाल संवत् ११४० | कर्णाली प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, February 27, 2020 | पृष्ठ १२+४ | १० रुपैयाँ




**टुंगनाको धुनमा...** २१४७ औं ग्याल्बो ल्होसार (नयाँ वर्ष) का अवसरमा बुधबार काठमाडौंको बौद्धस्थित गुम्बामा आयोजित समारोहमा हिमाली लोकबाजा टुंगना बजाएर गाउँदै कलाकार । सोमबार सुरु भएको तीनदिने धर्मपाल उत्सवका क्रममा शेर्पा समुदायले गुम्बामा भेला हुँदै 'बँदेल वर्ष' बिदा गरेर 'मुसा वर्ष' को स्वागत गरेका छन् । *तस्बिर : संजोग मानन्धर/कान्तिपुर*

# राष्ट्रिय सभामा गौतम कि खतिवडा ?

- नेकपामा बबन्डर सुरु
- सरकार र सचिवालयबीच गम्भीर मतभेद

**बिनु सुवेदी** (काठमाडौं)

राष्ट्रिय सभा सदस्यमा वामदेव गौतमलाई मनोनयन गर्न सरकारलाई सिफारिस गर्ने नेकपा केन्द्रीय सचिवालयको निर्णयलाई प्रधानमन्त्री एवं नेकपा अध्यक्ष केपी शर्मा ओलीले नमान्ने बताएपछि सत्तारूढ दलभित्रको विवाद उत्कर्षमा पुगेको छ । बुधबार आफूसमेत उपस्थित बैठकबाट निर्णय भएको दुई घण्टा नबित्दै ओलीले त्यसलाई नमान्ने भन्दै पार्टी सचिवालयको सिफारिसलाई चुनौती दिएका थिए ।

सचिवालय स्रोतका अनुसार प्रधानमन्त्री ओलीले बैठकपछि वरिष्ठ नेता माधवकुमार नेपाललाई फोन गरेर गौतमलाई राष्ट्रिय सभा सदस्य बनाउने सचिवालयको निर्णय आफूले नमान्ने र अर्थमन्त्रीसमेत रहेका राष्ट्रिय सभा सदस्य युवराज खतिवडालाई नै निरन्तरता दिने बताएपछि पछिल्लो विवाद बढेको हो । दुई वर्षअघि राष्ट्रिय सभा सदस्यमा राष्ट्रपतिबाट मनोनीत खतिवडालाई नै फेरि मनोनयन गराउने ओलीको चाहना प्रस्ट रूपमा प्रकट भएको छ ।

यता बुधबार बिहान प्रधानमन्त्री निवास, बालुवाटारमा बसेको सचिवालय बैठकले भने खतिवडाको बहिर्गमनपछि राष्ट्रिय सभामा रिक्त हुने उक्त स्थानमा पार्टी उपाध्यक्ष गौतमलाई सिफारिस गर्न सरकारलाई सुझाव दिने निर्णय गरेको थियो ।

यससँगै गत शनिबारको सचिवालय बैठकले संविधान संशोधनका लागि बनाएको कार्यदल भंग गर्ने र औचित्य एवं आवश्यकताका आधारमा संविधान संशोधनका लागि छलफल अघि बढाउने निर्णय गरेको महासचिव विष्णु



'गौतमलाई राष्ट्रिय सभामा मनोनयन गर्ने सचिवालयको सर्वसम्मत निर्णय हो, यही निर्णय नै लागू हुन्छ ।'

**– विष्णु पौडेल**
नेकपा महासचिव

पौडेलले बताए । 'गौतमलाई राष्ट्रिय सभामा मनोनयन गर्ने सचिवालयको सर्वसम्मत निर्णय हो, यही निर्णय नै लागू हुन्छ,' उनले कान्तिपुरसँग भने । यसअघि अध्यक्ष ओलीसँग निकट मानिने महासचिव पौडेलले सचिवालयको बहुमतले गरेको निर्णयतर्फ आफूलाई उभ्याएका छन् ।

बैठकपछि पार्टी प्रवक्ता नारायणकाजी श्रेष्ठले पनि गौतमलाई राष्ट्रिय सभा सदस्य बनाउने निर्णय भएको जानकारी पत्रकारलाई गराएका थिए । 'पछाडिको डेभलपमेन्ट के भयो थाहा छैन, सचिवालय बैठकले वामदेवजीलाई राष्ट्रिय सभामा लैजाने निर्णय गरेको हो,' प्रवक्ता श्रेष्ठले कान्तिपुरसँग भने । **बाँकी पृष्ठ १४**

### ४ दिने घटनाक्रम

**शनिबार**

नेकपा सचिवालयमा संविधान संशोधन कार्यदल गठन, निर्णय गोप्य राख्ने सहमति ।

**आइतबार**

प्रधानमन्त्रीनिकट नेताहरूबाट कार्यदल गठनको सूचना सार्वजनिक, कार्यदल सदस्यहरूद्वारा अनभिज्ञता प्रकट, केही नेताद्वारा खण्डन । माधव नेपाल र ईश्वर पोखरेलबीच कोटेश्वरमा भेट ।

**सोमबार**

कार्यदल संयोजक नेपालद्वारा सदस्यहरू सुवास नेम्बाङ र खिमलाल देवकोटासँग आफ्नै निवासमा अनौपचारिक छलफल । सदस्यहरूद्वारा कार्यदलको औचित्यमाथि प्रश्न । दिउँसो पुष्पकमल दाहाल, नेपाल र विष्णु पौडेलबीच धुम्बाराहीमा कुराकानी ।

**मंगलबार**

ओलीसँग दाहाल र नेपालको छुट्टाछुट्टै भेट । साँझ खुमलटारमा दाहाल, नेपाल, झलनाथ खनाल र वामदेव गौतमबीच कुराकानी । संविधान संशोधनबिनै राष्ट्रिय सभामा जान गौतम तयार ।

**बुधबार**

बिहान ओली–दाहाल छलफल । दिउँसो सचिवालयद्वारा गौतमलाई राष्ट्रिय सभामा लैजाने र संविधान संशोधन अध्ययन कार्यदल भंग गर्ने निर्णय । बैठकपछि ओलीद्वारा सचिवालयको निर्णय नमान्ने घोषणा । साँझ ओली–नेपाल भेट । ओली समूहको छुट्टै बैठक ।


**भित्र**

समाचार । २
शशांक भन्छन्- 'अब शेरबहादुरजीलाई रोक्छु'

समाचार । ३
दुलही सजिएर बसिन्- न दुलाहा आए, न जन्ती

कला र शैली । ८
बोरामाथि पलेंटी कसेर फिल्म हेर्ने अहिले सुतेर हेर्छन्

अर्थ वाणिज्य । ११
हुम्लामा होटल बुकिङ शून्य


# एकै दिन ४ अर्बको सेयर

बैंकिङ, लघुवित्त, बिमा, जलविद्युत्, होटल र उत्पादन तथा प्रशोधन समूहका केही कम्पनीको चलखेल भएको आशंका

**यज्ञ बञ्जाडे** (काठमाडौं)

सेयर बजारमा बुधबार ४ अर्ब १५ करोड ४८ लाख रुपैयाँको कीर्तिमानी कारोबार भएको छ । सेयर कारोबार मापक नेप्से परिसूचक यस दिन झन्डै ५१ अंकले बढेर १ हजार ५ सय ९३.१३ विन्दुमा पुग्यो । अघिल्लो दिन ४३.०२ अंकले बढेको थियो । आइतबार ३ अर्ब ६० करोड रुपैयाँको कारोबार भएको थियो । १२ उपसमूहको परिसूचक उकालो लागेपछि बुधबार समग्र नेप्से उच्च अंकले बढेको हो । अर्थमन्त्री युवराज खतिवडाको बहिर्गमनको चर्चासँगै सेयर कारोबार बढ्नुलाई जानकारहरूले 'अर्थपूर्ण संयोग' मानेका छन् ।

केही कम्पनीको कारोबार छोटो समयमै धेरै अंकले बढ्नुमा पर्याप्त प्राकृतिक आधार नदेखिएको धितोपत्र बोर्डका अध्यक्ष भीष्मराज ढुंगानाले बताए । 'निर्जीवन बिमा, लघुवित्त, जलविद्युत्, उत्पादन तथा प्रशोधनलगायत समूहअन्तर्गतका केही कम्पनीको सेयर कारोबार धेरै बढ्नुमा पर्याप्त आधार देखिँदैन,' उनले भने । बजारलाई धितोपत्र बोर्डले निरन्तर सूक्ष्म रूपले हेरिरहेको जानकारी दिँदै उनले डराइहाल्नुपर्ने अवस्था नरहेको बताए ।

'लगानीकर्ताले राम्रा कम्पनी छानेर लगानी गर्नुपर्छ,' उनले भने । बुधबार ३२ हजार १ सय ५४ वटा सेयर कारोबार हुँदा करिब ९९ लाख ७ हजार कित्ता सेयरको किनबेच भएको छ । **बाँकी पृष्ठ १३**

# राष्ट्रपति आउँदा बिदा !

बैतडी/दार्चुला (कास)- मन्दिरमा पूजा र भवन उद्घाटनको कार्यक्रममा राष्ट्रपति विद्यादेवी भण्डारी आउने भएपछि बैतडी र दार्चुलाका दुई/दुई पालिकाले सार्वजनिक बिदा दिने निर्णय गरेका छन् । बैतडीका पाटन नगरपालिका र दशरथचन्द नगरपालिका तथा दार्चुलाका शैल्यशिखर नगरपालिका र मालिकार्जुन गाउँपालिकाले बिहीबारका लागि सबै कार्यालय र



**बैतडी र दार्चुलाका चार पालिकाका सबै कार्यालय र शैक्षिक संस्थामा आज सार्वजनिक बिदा**

शैक्षिक संस्था बन्द गरेका हुन् । उनीहरूले राष्ट्रपतिलाई नागरिक अभिनन्दन पनि गर्ने घोषणा गरेका छन् । आफ्ना गाउँ र नगरवासीका लागि सूचना जारी गर्दै राष्ट्रपतिको स्वागतमा भेला हुन भनेका छन् । विद्यार्थीलाई अनिवार्य सहभागी हुन भनिएको छ ।

राष्ट्रपति भण्डारीले बिहीबार पाटनस्थित भीमदत्त पोलिटेक्निक इन्स्टिच्युटको भवन र छात्रावास उद्घाटन गर्ने कार्यक्रम छ । त्यसपछि दशरथचन्द नगरपालिकास्थित त्रिपुरासुन्दरी मन्दिरमा पूजा गर्ने दशरथचन्दका नगरप्रवक्ता चक्रप्रसाद शर्माले बताए । राष्ट्रप्रमुख जिल्ला आउँदा सार्वजनिक बिदा दिनु राम्रो निर्णय भएको उनले दाबी गरे । पाटन र दशरथचन्द नगरले राष्ट्रपति भण्डारीलाई नागरिक अभिनन्दन गर्ने कार्यक्रम छ ।


सार्वजनिक बिदा दिने निर्णयले बालबालिकाको पढाइ प्रभावित हुने शिक्षकहरूले बताए । 'राष्ट्रप्रमुख आउँदा कार्यक्रमस्थल नजिकका विद्यालयका विद्यार्थी जानु, स्वागत गर्नु ठिकै भए पनि सबै विद्यालय बन्द गर्न जरुरी थिएन,' दशरथचन्द माविका प्रधानाध्यापक तेजप्रकाश भट्टले भने ।

राष्ट्रपतिले बिहीबारै मालिकार्जुन गाउँपालिकास्थित मालिकार्जुन मन्दिरमा विशेष पूजापाठ गर्ने कार्यक्रम छ । जिल्लाका शैल्यशिखर नगरपालिका र मालिकार्जुन गाउँपालिकाले सार्वजनिक बिदा घोषणा गर्दै स्वागतका लागि उपस्थित हुन सर्वसाधारणलाई सूचना जारी गरेका छन् ।

शैल्यशिखर नगर कार्यपालिकाको बुधबारको बैठकले बिदा दिने निर्णयसँगै नगरवासीलाई राष्ट्रपतिको स्वागतका लागि उपस्थित हुन अनुरोध गर्दै सूचना जारी गरेको निमित्त प्रमुख प्रशासकीय अधिकृत अरुणप्रसाद जोशीले जानकारी दिए । नागरिक अभिनन्दन र स्वागतका लागि गाउँपालिकाले बिदा दिने निर्णय गरेको मालिकार्जुन गाउँपालिका अध्यक्ष नरेन्द्रसिंह धामीले बताए । **बाँकी पृष्ठ १४**







# प्रदेशका योजना कागजमै

## आर्थिक वर्ष सुरु भएको साढे ७ महिना पुग्दासमेत कार्यान्वयनको सुरसार छैन

**राजबहादुर शाही** (मुगु)

प्रमुख पर्यटकीयस्थल रारा वरिपरि साइकल ट्र्याक निर्माण गर्न यस वर्ष कर्णाली प्रदेश सरकारले ३ करोड रुपैयाँ विनियोजन गरेको छ। त्यस्तै, खत्याड गाउँपालिकामा खेस्मा-मालिका पर्यटकीय क्षेत्र विकासका लागि ८० लाख रुपैयाँ छुट्याएको छ। तर, आर्थिक वर्ष सुरु भएको सात महिना बित्दासमेत यी दुई योजनाको कार्यान्वयन प्रक्रिया सुरु भएको छैन।

यीमात्र होइन, प्रदेश सरकारले विभिन्न विषयत कार्यालयमार्फत विनियोजन गरेका कुनै पनि पूर्वाधार योजना सुरु हुन सकेका छैनन्। ती योजनामा बजेट कार्यान्वयनको चुनौती देखिएको छ। 'दुई/तीन महिनामै विकासको करोडौं रकम खर्च हुने देखियो,' स्थानीय अगुवा रुपबहादुर मल्लले भने, 'बर्सेनि आर्थिक वर्षको अन्त्यमा हतारहतारमा विकास योजना सञ्चालन हुँदा विकासको नाममा बेथिति हुने गरेको छ।'

प्रदेश सरकारले वन डिभिजन कार्यालयमार्फत साइकल ट्र्याक निर्माण गर्न रकम विनियोजन गरेको हो। राराताल वरिपरि साइकल ट्र्याक निर्माण गर्न ४२ करोड लागत लाग्ने डीपीआरमा उल्लेख छ। क्रमागत रुपमा सञ्चालन हुने योजनामा यस वर्ष ३ करोड रुपैयाँ छुट्याइएको डिभिजन वन प्रमुख भरत बुढथापाले बताए। 'बजेट निकासा, प्राविधिक रिपोर्ट निर्माणलगायत काममा ढिलाइ हुँदा योजना कार्यान्वयनमा अलमल भएको हो,' उनले भने, 'फागुन अन्तिम साताभित्रै योजना सम्झौता गरिसक्ने योजना छ।'




योजना उपभोक्ता समितिमार्फत सञ्चालन हुने उनले बताए। डिभिजन वनमार्फत यस वर्ष २२ भौतिक पूर्वाधारका योजना सञ्चालन हुने उनको भनाइ छ। उनले अहिलेसम्म चार योजनाको काम सम्झौता भएको जानकारी दिए। कार्यालयले यस वर्षै भौतिक पूर्वाधारमा १० करोड ४९ लाख रुपैयाँ खर्च गर्दैछ।

पशु अस्पताल तथा पशु सेवा कार्यालयले पनि अधिकांश योजनाको काम सुरु गर्न सकेको छैन। कार्यालयमा च्यांग्रा स्रोत केन्द्र स्थापनाका लागि १ करोड रुपैयाँ बजेट आएको छ। तर, उपभोक्ता समिति गठनको कामसमेत सुरु नहुँदा बजेट फ्रिजको जोखिम बढेको छ। तिब्बती च्यांग्राको परनिर्भरता हटाइ किसानलाई व्यावसायिक पशुपालनमा आकर्षित गर्ने गरी स्रोत केन्द्र स्थापना गर्न लागिएको हो। कार्यक्रमका लागि सरोकारवालासँग छलफल चलिरहेको कार्यालय प्रमुख भीमचन्द्र बुढाले बताए। उनका अनुसार स्थान छनौट र चरिचरन क्षेत्रको विस्तृत अनुगमनको काम सकिए पनि प्राविधिक अभावमा पूर्वाधार निर्माणमा ढिलाइ भइरहेको छ। कार्यालयले यस वर्ष १ करोड ५५ लाख रुपैयाँका पाँचवटा पूर्वाधार योजना सञ्चालन गर्दैछ।

जिल्ला कृषि विकास कार्यालयले पनि अधिकांश योजना कागजमै सीमित पारेको छ। कार्यालयमा यस वर्ष २२ सिँचाइ र ८ ग्रामीण सडकका योजना छन्। स्याउ, फापर, आलुलगायत १६ पकेट कार्यक्रमका लागि पनि प्रक्रिया अघि बढेको छैन। ४९ योजनामध्ये केही योजनाको काम अगाडि बढाएको कार्यालय प्रमुख केबी रोकायाले बताए। उनका अनुसार कार्यक्रम ढिलो प्राप्त हुनु, लेखापाललगायत प्राविधिक जनशक्ति अभाव हुनु र हिमपात हुनुले योजना कार्यान्वयनमा समस्या भएको हो। कार्यालयका अनुसार छाइल-चिमाथ सडकमा १० लाख, थार्प-गडुलानी सडकमा १५ लाख र कम्फा कृषि सडकमा २५ लाख रुपैयाँ विनियोजन गरिएको छ। सडक निर्माणका लागि उपभोक्ता समितिसँग सम्झौता भए पनि लेखापाल नहुँदा भुक्तानी दिन समस्या भएपछि काम सुरु नभएका रोकायाले बताए।

स्थानीय अगुवा मल्लले विगतमा झैं यस वर्ष पनि असारे विकास दोहोरिने जोखिम औंल्याए। प्रदेश सरकारका योजना व्यक्ति लक्षित गरी आएकाले कार्यान्वयनमा आउन समस्या देखिएको उनको भनाइ छ। 'आवश्यकताभन्दा पनि कार्यकर्ता पोस्न मन्त्रीले अधिकांश योजनामा रकम विनियोजन गरेका छन्,' उनले भने, 'लक्षित वर्गले विकासको अनुभूति गर्न नपाउँदा बजेटको दुरुपयोग बढिरहेको छ।' तोकिएका योजनामा दलका कार्यकर्ता र जनप्रतिनिधिले विवाद गर्न थालेपछि पनि कार्यान्वयनमा समस्या देखिएको उनले बताए।

# भीरपाखामा मौरीका घार

**हरि गौतम** (रुकुम पश्चिम)

आठबीसकोट नगरपालिका-५, चिनचौरका कर्णबहादुर भण्डारीले बारीमा २० घार मौरी पालिरहेका छन्। सिँचाइ नहुँदा अन्न उत्पादन घट्दै गएपछि टिमुरगाउँका टेकबहादुर खत्रीले पनि मौरीपालनलाई प्रमुख व्यवसाय बनाएका छन्। उनको बारीमा ४० घार मौरी छन्।

आठबीसकोट नगरपालिकाका अधिकांश किसानको मुख्य आम्दानी स्रोत मह बन्न थालेको छ। घरमा पाल्नेमात्र होइन, भीरमौरीको मह निकालेर पनि किसान आत्मनिर्भर बन्न थालेका हुन्। स्थानीय बजारमा मह प्रतिधार्नी करिब २ हजार रुपैयाँमा बिक्री भइरहेको छ। सिजनका बेला एउटै मौरीघारबाट ६ धार्नीसम्म मह निक्लने भण्डारीले बताए। 'घरमा मौरी हुनुपर्छ भन्ने मान्यताले केही घार मौरी राखिएको थियो,' उनले भने, 'आम्दानी बढेपछि मौरीघार विस्तार गरिरहेको छु।' अहिले गाउँमा १० मौरीघार नहुने परिवारै नरहेका उनले बताए।

आठबीसकोट नगरपालिका मात्रै होइन, जिल्लाका अधिकांश बस्तीमा व्यावसायिक मौरीपालनमा कृषकको आकर्षण बढ्दै गएको छ। स्थानीयले बार्दली, बारीको डिल, भीर र पहिरोमा घार राखेर मौरीपालन व्यवसायलाई बढाइरहेका छन्। सरकारी सहयोग र प्राविधिक ज्ञान नहुँदा परम्परागत रुपमा मौरी पाल्ने गरिएको खत्रीले बताए। 'मौरीले सहजै घरखर्च र छोराछोरीको पढाइ शुल्क टारेको छ,' उनले भने, 'अरू खेतीसँगै मौरी पाल्न सकिने भएकाले पनि सबैको आकर्षण बढिरहेको हो।' महको माग र भाउ बढ्दै गएपछि व्यवसायमा हौसला मिलेको उनले बताए।



**आठबीसकोट-४, छोटेबगरका यज्ञबहादुर जिपालको बारीमा राखिएका मौरीका घार।** *तस्बिर : हरि/कान्तिपुर*

किसानको आकर्षण बढ्दै गएपछि कर्णाली प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले मौरी ब्लक र पकेटक्षेत्र घोषणा कार्यक्रम अघि सारेको छ। आठबीसकोट नगरपालिकाका ११, १२, १३ र १४ नम्बर वडा तथा बाँफीकोट गाउँपालिकामा मौरी ब्लक र पकेट क्षेत्रमार्फत काम भइरहेको छ।

जिल्ला कृषि विकास कार्यालयका सूचना अधिकारी मीनबहादुर केसीले परम्परागत रुपमा पालिँदै आएको मौरीलाई व्यावसायिक बनाउन खोजिएको जानकारी दिए। 'केही किसानले मौरीपालनकै आम्दानीले सदरमुकाम र जिल्लाबाहिर घरघडेरी जोडेका छन्,' उनले भने, 'पाल्न सजिलो र आम्दानी धेरै हुने भएपछि किसानको आकर्षण बढिरहेको छ।' कार्यालयले मौरीपालक किसानलाई ५० प्रतिशत अनुदानमा घार र अन्य उपकरण वितरण गर्न थालेको उनले जानकारी दिए।

## छोटकरी

### उपचारका लागि याचना



**भारतको एक अस्पतालमा उपचाररत दानबहादुर सिंह।** *तस्बिर : कान्तिपुर*

जाजरकोट (कास)- नलगाड नगरपालिका-९, ताँत्रगाडका ३५ वर्षीय दानबहादुर सिंहको मुटुको भल्भमा समस्या देखिएपछि दुई महिनादेखि भारतमा उपचार भइरहेको छ। आर्थिक अवस्था कमजोर भएका सिंहको परिवारले उपचारमा सहयोग गर्न सबैसँग याचना गरेको छ।

भारतको लेहधाकस्थित प्रतापपुर सैनिक अस्पतालमा उपचार गराइरहेका उनी खर्च अभावमा अस्पतालमा अलपत्र परेका हुन्। सिंहको मुटुको भल्भ फेर्नुपर्ने उपचारमा संलग्न चिकित्सकको भनाइ छ। मजदुरीका लागि भारत पुगेका सिंह एक्कासी बिरामी पर्दा उनकी पत्नी तारा विचल्लीमा परेकी छिन्। माघ पहिलो साता दायाँ छाती दुखेपछि उनलाई अस्पताल भर्ना गरिएको थियो। अर्काको देशमा उपचार खर्च जुटाउन कठिन भएको ताराले गुनासो गरिन्। उनलाई अस्पतालका डा. योगेशकुमार एसले भल्भ फेर्न नयाँ दिल्ली रिफर गरेका छन्। सिंहको उपचारमा अहिलेसम्म २ लाख रुपैयाँ खर्च भइसकेको छ। गत वर्ष गाउँमा घर निर्माण गर्दा ऋण लागेपछि दुवैजना मजदुरी गर्न भारत गएका थिए। 'अस्पतालका चिकित्सकले दिल्ली लगेर तत्काल भल्भ फेर्नुपर्छ भनिरहेका छन्,' उनले भनिन्, ' कम्तिमा सात लाख रुपैयाँ लाग्छ रे, तर एक्लै खर्च जुटाउनसक्ने अवस्था छैन।' उनले पतिलाई उपचार नगरी फर्काउन आफूसँग गाडी भाडासमेत नभएको गुनासो गरिन्। औषधिको बलमा अहिले पतिको प्राण बचाइरहेको ताराको दुःखेसो छ।

### स्थानीय तहविरुद्ध १८ उजुरी

रुकुम पश्चिम (कास)-अख्तियारमा स्थानीय तहका १८ उजुरी परेका छन्। चालु आर्थिक वर्षको साउनदेखि माघसम्म जिल्लाका ६ स्थानीय तहका १८ उजुरी अख्तियारको सुर्खेतस्थित कार्यालयमा परेका हुन्। कार्यालयका अनुसार सबैभन्दा बढी मुसीकोट नगरपालिका, सानीभेरी गाउँपालिका र त्रिवेणी गाउँपालिकाविरुद्ध चार/चार उजुरी परेका छन्। त्यस्तै चौरजहारी नगरपालिकाबाट तीन, बाँफिकोट गाउँपालिकाबाट दुई र आठबीसकोट नगरपालिकाबाट एक उजुरी परेको कार्यालयले जनाएको छ। कार्यालय प्रमुख प्रमुख शेषनारायण पौडेलले यस वर्ष स्थानीय तहसँगै जिल्लाका विषयगत कार्यालयका ३० उजुरी परेको जानकारी दिए। उनका अनुसार गत आर्थिक वर्षमा जिल्लाबाट ६२ उजुरी परेका थिए। पौडेलले चालु आर्थिक वर्षमा परेका ३० मध्ये ११ उजुरी फस्र्यौट भसकेको बताए। उनका अनुसार १९ उजुरीमाथि आवश्यक छानबीन भइरहेको छ। स्थानीय तहसँग सम्बन्धित १८ मध्ये ७ उजुरी फस्र्यौट भएको उनको भनाइ छ। कार्यालयमा चालु आर्थिक वर्षको ७ महिनामा प्रदेशभरिबाट चार सय ६० वटा उजुरी परेका छन्। तीमध्ये एक सय ६९ वटा उजुरी फस्र्यौट भइसकेको कार्यालयले जनाएको छ।

# ड्रोनबाट खानेपानी सर्भे



**सुर्खेत उपत्यका खानेपानी कार्यालयबाट सर्भेका लागि उडाइएको ड्रोन।** *तस्बिर : कलेन्द्र सेजुवाल/कान्तिपुर*

**ज्योति कटुवाल** (वीरेन्द्रनगर, सुर्खेत)

सुर्खेत उपत्यका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले ड्रोनमार्फत खानेपानी योजनाको सर्भे गरेको छ। काम छिटो र सहज बनाउन ड्रोनको सहायता लिइएको हो। स्थलगत अध्ययन गर्दा तीन साता लाग्ने काम ड्रोनमार्फत चार दिनमै सकिएको छ।

१० वटा स्किममा सञ्चालनमा आएको योजनाको काम ९ नम्बर स्किमबाट सुरु गरिएको हो। संस्थाका अध्यक्ष कुलमणि देवकोटाले ड्रोनबाट सर्भे गर्दा योजनाको काम छिटो, गुणस्तरीय र प्रभावकारी भएको बताए। उनका अनुसार ड्रोनको प्रयोगमार्फत स्थलगत तस्बिर लिने तथा 'टोपोग्राफिक' नक्सा तयार गर्ने काम सकिएको छ। 'ड्रोनको प्रयोगले थोरै समयमा धेरै र विस्तृत तथ्यांक आएको छ,' उनले भने, '९ नम्बर स्किमको स्थलगत काम सकिएको छ, प्राविधिक रिपोर्ट आएपछि अन्य स्किमको काम थालिनेछ।' उनले वीरेन्द्रनगरमा वितरण भएको पाइपलाइनको सर्भे भइरहको जानकारी दिए। २०३६, ०४२ र ०४६ सालमा निर्माण गरिएका पाइपलाइन पुराना र जीर्ण भएकाले नयाँ राख्न थालिएको उनको भनाइ छ।


योजनाका लागि चालु आर्थिक वर्षमा प्रदेश सरकारले ५० करोड रुपैयाँ विनियोजन गरेको छ। सर्भेको जिम्मा लिएको अभियान कन्सल्टेन्सका इन्जिनियर विवेक गौतमले डिजाइन गर्न र पाइपलाइन राख्न सजिलो हुने भएपछि ड्रोनबाट सर्भे गरिएको बताए। 'ड्रोनको प्रयोगले सर्भे गर्दा आउने फोटोग्राफीका कारण घरधुरी पनि नछुट्ने देखियो,' उनले भने, 'अहिले त्यसको प्राविधिक रिपोर्ट निर्माण गरिरहेका छौं।' उनका अनुसार वीरेन्द्रनगर नगरपालिका-५, ६, ७ र ८ मा सर्भेको काम सकिएको छ। ९ नम्बरबाहेकका अन्य स्किमको काम पनि ड्रोनबाटै हुने उनले जानकारी दिए।

योजनाको डीपीआर सम्पन्न भएपछि चालु आर्थिक वर्षमा वितरण नेटवर्क सुधारको काम हुने संस्थाका इन्जिनियर बालाराम तिवारीले बताए। 'सुर्खेत उपत्यकामा बढ्दो खानेपानीको संकट टार्न भेरी नदीको पानी ल्याउने तयारीसमेत भइरहेको छ,' उनले भने, 'प्रदेश राजधानी भएपछि जनसंख्या बढ्दा खानेपानी संकट चुलियो, भेरी नदीबाट पम्पिङ गरेर पानी ल्याउने प्रक्रियासमेत अघि बढाइएको छ।' अहिले उपत्यकामा करिब १८ हजार धारा जडान गरिएको संस्थाले जनाएको छ। अध्यक्ष देवकोटाले अझैं करिव १८ हजार धाराको माग भएको बताए। 'पुरानो प्रविधिबाट पानीको सन्तुलित वितरण हुन नसकेपछि नयाँ प्रविधिबाट आपूर्ति गर्न थालेका छौं,' उनले भने, 'अधिकांश मुहानमा पानी सुक्दा भेरीको पानीलाई पम्पिङ गर्न थालिएको हो।' भेरीको पानी उपत्यकामा पुऱ्याउन अझैं तीन वर्ष लाग्ने उनको भनाइ छ। करिब २ अर्ब ५१ करोड रुपैयाँको लागतमा भेरीको पानी वीरेन्द्रनगर ल्याउन थालिएको हो।
















## तपाईंको आज

| | |
|---|---|
| मेष | अधिक खर्च |
| वृष | नयाँ कार्य आरम्भ |
| मिथुन | कार्य सिद्धि |
| कर्कट | धर्म बढ्ने |
| सिंह | अपव्यय |
| कन्या | प्रतिष्ठा प्राप्त |
| तुला | आलोचित हुने |
| वृश्चिक | मनोकांक्षा पूर्ण |
| धनु | कान्ति क्षय |
| मकर | शत्रु परास्त |
| कुम्भ | अपेक्षित लाभ |
| मीन | उत्साहप्रद |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल फाल्गुन १६ गते शुक्रबार तदनुरुप २८ फरवरी २०२० फाल्गुन शुक्लपक्ष पञ्चमी तिथि प्रात: ५:५६ बजेसम्म उप्रान्त षष्ठि तिथि, अश्विनी नक्षत्र रात्रिको १:२६ बजेसम्म उप्रान्त भरणी नक्षत्र, शुक्ल योग प्रात: ९:२८ बजेसम्म उप्रान्त ब्रम्हा योग, बब करण दिनको ५:४ बजेसम्म उप्रान्त बालब करण, मेष राशिमा चन्द्रमा।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | भजन |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | इट्स माइ सो (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | फिल्म टनिक (रिपिट) |
| ११:०० | कान्तिपुर न्यूज |
| ११:३० | रजतपट (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | सरोकार (रिपिट) |
| १:३० | हियर्ज टु लाइफ (रिपिट) |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | बलियो घर (रिपिट) |
| ३:०० | इट्स माई सो (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | रजतपट (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्यूज |
| ६:३० | सुमनसँग (रिपिट) |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | ह्वाट द फ्लप |
| १०:०० | सुमनसँग (रिपिट) |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | सुमनसँग (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपीट १) |
| २:३० | हिअर्ज टू लाईफ (रिपिट) |
| ३:०० | कल कान्तिपुर रिपीटेड |
| ४:०० | ह्वाट द फ्लप (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

| | |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (अच्यूत सुवेदी) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | शिक्षा संवाद (कमला) |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (स्मीता) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | रेडियो टक (किरण) |
| १०:०० | स्पोर्टस् डायरी |
| १०:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | हिट लिस्ट (शुभराज) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (निशान्त) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल (निशान्त) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | तमु चौतारी (सहज कु. घले) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | बी-स्कोप |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | को भन्दा को कम (सन्जोक बस्याल) |
| १८:०० | मुक्तिको सन्देस |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | यो माया भन्ने चीज यस्तै हो (प्रियंका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | हिप हप हसल (स्मीता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | शब्द श्लाघा (भूपेन्द्र) |
| २३:०० | सुनौलो यादहरु (दीपाञ्जली) |
| २४:०० | हिट लिस्ट (रेमन) |
| ०१:०० | सफर (राजेश) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर** | |
| मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल | ५२०२०० |
| जिल्ला प्रहरी कार्यालय | ५२०१९९ |
| नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा) | ५२०३१० |
| क्षेत्रीय अस्पताल एम्बुलेन्स | ९८४८०६३५२० |
| **महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन** | |
| महाकाली अञ्चल अस्पताल | ५२१११११ |
| जिल्ला प्रहरी कार्यालय | ५२१२०० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१२५८ |
| जिल्ला प्रशासन कार्यालय | ५२११०९ |
| **कैलालीका महत्वपूर्ण टेलिफोन** | |
| सेती अञ्चल अस्पताल | ५२१२७१ |
| जिल्ला प्रहरी कार्यालय | ५२११५० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१६०० |
| जिल्ला प्रशासन कार्यालय | ५२११०१ |
| टीकापुर अस्पताल | ५६०१५० |
| क्षेत्रीय अस्पताल | ०८३-५२०२०० |
| सुर्खेत विमानस्थल | ०८३-५२०१३२ |
| **कञ्चनपुर** | |
| महाकाली अञ्चल अस्पताल महेन्द्रनगर | ०९९-५२११११ |
| रेडक्रस एम्बुलेन्स | ५२१२५८/५२३१८३ |
| जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर | ५२११०९/५२२४०६ |
| जिल्ला प्रहरी कार्यालय | १००/५२१२०० |
| **डोटी** | |
| सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय | ०९४-४४०३१० |
| जिल्ला प्रशासन कार्यालय डोटी | ४२०१३३ |
| जिल्ला प्रहरी डोटी कन्ट्रोल | ९८५८४४०१९९/४२०२०५ |
| जिल्ला अस्पताल | ४२००१९ |
| जिल्ला अस्पताल एम्बुलेन्स | ९८४८५२५११५० |
| **डडेल्धुरा** | |
| जिल्ला प्रहरी | ०९६-४२०१९९ |
| **जाजरकोट** | |
| जिल्ला प्रहरी कार्यालय- | ०८९-४३०१३१, ९८५८०४५५५५ |
| अस्पताल- | ०८९४३०१८८ |
| एम्बुलेन्स | ९८१५५०९४३० |
| रेडक्रस एम्बुलेन्स | ०८९४३००४२, ९८६६७००२६४ |
| **कालिकोट** | |
| प्रहरी | ०८७-४४०११३, ९८५८३३५५५५ |
| **जुम्ला** | |
| प्रहरी | ०८७-५२००१३, ०८७-५२०११३ |
| शिक्षण अस्पताल | ०८७-५२०३५५, ५२००१५ |
| एम्बुलेन्स | ९७४८९४१६६६ |
| **दैलेख** | |
| जिल्ला प्रहरी कार्यालय | ०८९-४२०१२५,९८५८०१५५५५ |
| अस्पताल | ०८९-४१०१२७ |
| एम्बुलेन्स | ०८९-४१०१८५, ९८६८१६५६८२ |
| **पश्चिम रुकुम** | |
| जिल्ला प्रहरी कार्यालय | ०८८५३०१८७ |
| जिल्ला अस्पताल | ०८८५३०२४७, ०८८५३०११५ |
| एम्बुलेन्स | ९८०९८५८५८५ |
| **हुम्ला** | |
| प्रहरी | ०८७-६८००३/ ०८७६८००९९ |
| अस्पताल | ०८७-६८००२४ |
| विमानस्थल | ९८५१०७३९५९ |
| **डोल्पा** | |
| जिल्ला प्रहरी कार्यालय | ०८७-५५००५५, ९८५८३०५५५५ |
| **मुगु** | |
| प्रहरी | ०८७-४६००९९ |
| अस्पताल | ०८७-४६०१३० |
| एम्बुलेन्स | ९८४८३२१६६६ |
| **सल्यान** | |
| प्रहरी | ०८८-५२००७०, ९८५७८४५५५५ |
| अस्पताल | ०८८-५२००८२ |
| एम्बुलेन्स/रेडक्रस | ९८४७८३२४३८/०८८-५२०००४ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६११९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

**कान्तिपुर सम्पर्क** जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# लाटोफुस्रो दागले गाउँ छुटायो

सुदूर पहाडका धेरै कुष्ठरोगीले अपमान सहे, कतिपय गाउँनिकाला भए तर बेलैमा उपचार पाएकाहरू भने निको भएर सम्मानपूर्वक जीवन बिताइरहेका छन्

## कुष्ठरोगीको पीडा

**डीआर पन्त** (डडेलधुरा)
**भवानी भट्ट** (कञ्चनपुर)

पाप लागेर कुष्ठरोगी भएको भन्दै गाउँ निकाला भएका जयबहादुर खड्का उपचारपछि निको भइसकेका छन् । उनलाई कुष्ठरोग लागेर पाएको सास्तीभन्दा गाउँ निकाला गरेको पीर बढी छ । त्यस्तै अवस्थाका सीता साउद र राजबहादुर खड्का पनि कुनै समय गाउँबाट निकालिए थिए । गाउँबाट निकालिनुको पीडा उनीहरूमा अहिले पनि बल्झिरहन्छ ।

विसं २०१६ तिर गाउँबाट लखेटिएका जयबहादुर अहिले ८१ वर्षका भए । युवा उमेरमा गाउँ छाड्न बाध्य पारिएका उनी ६० वर्ष बित्यो, फेरि फर्केर गएका छैनन् । 'रोग त निको भयो, जीउभरि खत छन्, त्योभन्दा बढी घर छाड्न बाध्य पारिएको चोट मनमा छ,' उनी भन्छन्, 'जमाना पनि त्यस्तै थियो । त्यो बेला कुन बिमारी हो भन्ने खुट्याउने कोही थिएन ।' डडेलधुरा र डोटी सिमानाको छतिवन नजिकै सडकछेउमा बस्दै आएका खड्का आफूले गाउँ छाड्नुपर्दाका दिन सुनाउन सजिलो मान्दैनन् । छोराले सम्झाएपछि बल्ल मुख खोले, 'हुम्ला कालिकातिर मेरो जन्मथलो हो । २१ वर्षको उमेरमा गाउँनिकाला भएको, म त्यसपछि कहिल्यै गाउँ फर्केर गइनँ ।'

गाउँ छाडेपछि केही समय हुम्ला र बाजुराको सिमानामा पर्ने एउटा गुफामा दिन बिताए । बाटो थिएन । गोरेटो र जंगल हुँदै १५ दिनसम्म भोकभोकै हिँडेर डडेलधुरा पुगे । 'डडेलधुराको पोखरा नजिकै पाल टाँगेर विदेशी डाक्टरले कुष्ठरोगीको उपचार गरिरहेका थिए,' उनी भन्छन्, 'भाग्यले मैले पनि अरू १६ जनासँगै पालभित्र उपचार पाएँ ।' उपचार पाउनेहरू कालीकोट, अछाम, दार्चुलाका विभिन्न ठाउँबाट उनीजस्तै परिस्थितिका सिकार भएर आएका थिए । आफू जसरी नै कुष्ठरोगको उपचार गराउन आएकी बझाङको ज्यावन क्षेत्रकी महिलासँग उनले बिहे गरे । सन्तान भयो । केही वर्षअघि श्रीमतीको मृत्यु भएको बताएका उनी अहिले छोरासँग बस्छन् ।

सीता साउद अहिले ७० वर्षकी भइन् । बालविवाहको चलन थियो । उनको १२ वर्षकै उमेरमा बिहे भयो । त्यसको तीन वर्षमै जीउमा लाटोफुस्रो दाग आउन थाल्यो । बैतडीको तल्लो स्वराड क्षेत्रकी उनी सुरुमा रोग लुकाएर बसिन् ।



कञ्चनपुरको वेदकोट–५, धरमपुरमा कुष्ठरोगको कारण अपांगता भएका स्थानीय । *तस्बिर : भवानी/कान्तिपुर*

जब बढ्दै गयो, सबैले थाहा पाए । परिवार र आफन्तसँगै छिमेकीसमेतले छिछि र दुरदुर गर्न थाले । उपचार गराउन लैजानुको साटो परिवारबाटै अपहेलित भएपछि उनी खप्न नसकेर माइती आइन् । त्यहाँ पनि उस्तै तिरस्कार बेहोर्नुपर्‍यो । 'त्यो जमाना त्यस्तै थियो, रोग लागेकालाई उपचारका लागि लैजानुभन्दा समाजले अपमान गर्थ्यो,' कञ्चनपुरको वेदकोट नगरपालिका-५ धरमपुरकी ७० वर्षीया साउद भन्छिन्, 'कुष्ठरोग लागेका सुरुका वर्ष अनेक पीडा खेप्नुपर्‍यो ।' डडेलधुराको टिम अस्पतालमा उनले १० वर्ष उपचार गराइन् र निको भइन् । 'दुई वर्षसम्म अस्पतालमै बसेर उपचार गराउनु पर्‍यो,' उनी भन्छिन्, 'पछि पूरै बिसेक हुन डाक्टरले दिएको ओखती लामो समयसम्म खानुपर्‍यो ।'

राजबहादुर खड्काको पनि समस्या धेरै फरक छैन । उनलाई पनि बालखै छँदा कुष्ठरोगले समात्यो । के अनौठो रोग भनेर छरछिमेकी र आफन्तले हेला गरे । गाउँ छाडेर उपचार गर्न डडेलधुरा पुगे । उपचार पाएपछि रोग निको भयो । 'घरमा बस्न त के बाटोघाटोमा हिँड्नसमेत दिँदैनथे,' ५५ वर्षीय राजबहादुरले बाल्यकाल स्मरण गरे, 'खेतबाट हिँड्न खोज्दा पानी नै बिग्रिन्छ भन्थे । कतै जानुपरे राति लुकेर हिँड्नुपर्थ्यो ।'

### अस्पतालले फेरेको जीवन

शिक्षा र पूर्वाधार विकासको चरण बामे सर्न लागेका बेला समाज अन्धविश्वासी थियो । कुष्ठरोगबारे जनचेतना अभाव हुँदा रोगी अपमानित भइरहेका थिए । विसं २०२५ मा डडेलधुरामा टिम अस्पताल स्थापना भएपछि भने कुष्ठरोगको उपचार सुरु भयो । सुदूरपश्चिमसँगै कर्णाली क्षेत्रका बिरामीसमेत उपचारका लागि आए । परिवारबाट अपहेलित भएका धेरैजना रोग बिसेक भएपछि पनि घर फर्केनन् । अस्पतालमै खानेबस्ने सुविधा भएकाले उपचार अवधिसम्म कुनै समस्या थिएन । उनीहरूले डडेलधुरा क्षेत्रमै मजदुरी तथा अन्य काम गरेर गुजारा चलाउन थाले । कतिपयले उपचारकै क्रममा आफूजस्तै अवस्थाबाट गुज्रेकासँग घरजम पनि गरे । रोगकै कारण घरबार बिग्रेकाहरूले अस्पतालमै विवाह गरे । टिम अस्पताल र कुष्ठरोग निवारण संघको पहलमा सरकारले पुनःस्थापनाको कार्यक्रम पनि ल्यायो । अहिलेको धरमपुर क्षेत्रमा सरकारले उनीहरूलाई घरजग्गा दिएर बसोबास गराउने निर्णय भयो । त्यही निर्णयअनुसार धरमपुरबस्ती स्थापना भएको हो । टिम अस्पतालबाट उपचार गराएर आएकाहरूको बस्ती भएका कारण यहाँका स्थानीयले अहिले पनि 'टिम टोल' भन्ने गरेका छन् ।

### पुनःस्थापना गरेर बसाइयो बस्ती

धरमपुर क्षेत्रमा कुष्ठरोगीको पुनःस्थापना २०२९ देखि सुरु भएको हो । एक दशकमा यहाँ २८ परिवारको पुनःस्थापना भएको छ । 'हामी सुरुमै आएर यहाँ बसोबास गर्न थालेका हौं,' टिम अस्पतालमा उपचारपछि धरमपुर क्षेत्रमा बसोबास सुरु गरेका ६७ वर्षीय धनबहादुर रोकायाले भने, 'सुरुमा हामी तीनजना आएका हौं । त्यसपछि हरेक वर्ष थपिँदै गए ।' रोकाया बाजुराको काँडाबाट उपचारका लागि टिम अस्पताल आएका थिए । उनका अनुसार २०३९ मा २८ जनाका नाममा जग्गाधनी पुर्जा बनेको थियो । हरेकका नाममा २२ कट्ठा जमिन र काठले बनेका घरसँगै एक वर्षको खाद्यान्न पनि सरकारले नै उपलब्ध गराउँथ्यो । यसबाहेक २८ परिवारका लागि खानेपानीका दुई ह्यान्डपम्प, हरेक परिवारलाई एक/एकवटा गोरु उपलब्ध गराइएको थियो । 'हामीहरू दुई परिवार मिलेर एक हल गोरु बनाएर खेत जोत्ने गर्थ्यौं,' रोकाया भन्छन्, 'सुरुका वर्ष उब्जनी राम्रो नहुँदासम्म भनेर एक वर्ष पुग्ने रासनसमेत पाएका थियौं ।'

दुई दशकपछि २०५१ मा पनि धरमपुर क्षेत्रमा थप २६ परिवारलाई पुनःस्थापना गरिएको थियो । सुरुमा पुनर्स्थापना भएको बस्तीलाई तल्लो धरमपुर र पछि स्थापना गरिएको बस्तीलाई माथिल्लो धरमपुर नामकरण गरिएको छ । दोस्रो चरणमा पुनःस्थापना गरिएका परिवारलाई आधा बिघा जमिन, काठको जस्तापाता लगाएको घर, घरैपिच्छे शौचालय र खानेपानीका नल्का जडान गरिएको थियो । काठ र जस्तापाताले बनेका एकनासका घर, एकै प्लटमा मिलेको जमिन भएकाले सुरुमा यो बस्ती नमुना नै थियो तर अहिले धेरैजसोले काठका ढाँचा फालेर पक्की घर बनाइसकेका छन् । ३० देखि ५० को दशकसम्म कुष्ठरोगीलाई पुनःस्थापना गरिएको क्षेत्र ढडुवाखर्कका नाममा चिनिन्थ्यो । यहाँ वन फाँडेर बस्ती बसाइएको हो । तत्कालीन राजा वीरेन्द्रको आदेशमा उनीहरूलाई सरकारले पुनःस्थापना गरेपछि बस्ती बस्न सुरु भएको हो । त्यस अघिसम्म डडेलधुरा र डोटीबाट गाईभैंसी चराउन आउनेहरूको खर्क थियो । यही कारणले यस क्षेत्रको नाम ढडुवाखर्क राखिएको थियो । जब कुष्ठरोगीहरूलाई पुनःस्थापना गरियो, त्यसपछि यो बस्ती टिम टोलका नामले चिनिन थाल्यो । स्थानीयले यो गाउँ फरक धर्म मान्नेको हो भन्दै गाउँकै नाम धरमपुर राखेको धनबहादुर बताउँछन् । उनका अनुसार सुरुमा कुष्ठरोगीलाई पुनःस्थापना गर्दा स्थानीयले होच्याएर कोडी र फाँटासमेत भन्ने गरेका थिए । गाउँको नाम सभ्य भाषाबाट राख्ने योजनाअनुसार २०५४/०५५ देखि धरमपुर भएको स्थानीय जयबहादुर बोहोरा बताउँछन् । वेदकोट नगरपालिका-५ का अधिकांश बस्ती ऐलानी छन् । २०२०/०२२ देखि चलनभोग भइरहेको भए पनि सुरुमा पुनःस्थापना भएको कुष्ठरोगीको बस्ती मात्रै दर्ता छ । पछिल्लो पटक पुनःस्थापना भएकाहरूले भने हालसम्म जग्गा धनीपुर्जा पाउन सकेका छैनन् ।

### हराउँदै गयो भेदभाव

धरमपुरमा पुनःस्थापना सुरु गर्दा तल्लो क्षेत्रका बासिन्दाले विरोध गरे । कुष्ठरोगीलाई माथिल्लो क्षेत्रमा राख्दा पानीका मुहान नै बिग्रिने भनेर स्थानीयले विरोध गरेका थिए । कतिपयले त उनीहरूलाई धपाउन नै खोजे । 'राति आएर घर भत्काउने, पानीका कुवामा फोहोर गरिदिन्थे,' राजबहादुरले भने, 'हामीसँग बोल्ने र हिँडडुल गर्ने पनि कोही हुँदैनथे । बिहे र व्रतबन्धलगायतमा पनि कसैले बोलाउँदैनथे । बाटो हिँड्दा पनि गाली गर्ने, थुक्नेहरू हुन्थे ।' रोगीहरूबीच मात्रै बोलचाल र सहयोग आदानप्रदान हुन्थ्यो । अहिले कुष्ठरोगीलाई हेर्ने दृष्टि फेरिएको छ । विगतमा बस्नै नदिनेहरूसमेत आफ्नो घरमा बोलाउन थालेको राजबहादुरले सुनाए । टिम अस्पतालमा उपचार पाएका राजबहादुरजस्ता धेरै जना अहिले सम्मानपूर्वक जीवन बिताइरहेका छन् । 'गाउँनिकाला भएपछि डडेलधुरा आउन सक्ने धेरैले नयाँ जीवन पाए,' उनी भन्छन्, 'कतिपय कुष्ठरोगी गाउँ नजिकका गुफामा कष्टको जीवन बिताएर मरे ।' काठमाडौंको वीर अस्पतालबाट २०१८ मा कुष्ठरोगको उपचार सुरु भएको हो । डडेलधुरामा भने २०१७ मै बेलायती चिकित्सक क्याथ्रिना योङ्ले पहिलोपटक कुष्ठरोगको उपचार गर्न सुरु गरेकी थिइन् । त्यसको आठ वर्षपछि २०२५ मा अमेरिकी डा. सिमनले टिम अस्पताल स्थापना गरे । टिम अस्पतालमा पछिल्लो ५१ वर्षको अवधिमा हजारौं कुष्ठरोगीले उपचार पाए ।

सात वर्षअघि टिम अस्पताललाई गाभेर उपक्षेत्रीय अस्पताल बनाइयो । अस्पतालका क्षयकुष्ठ सुपरभाइजर तारादत्त पन्त भन्छन्, 'उपक्षेत्रीय अस्पताल बनेको चार वर्षयता एक सय १५ जना कुष्ठरोगीको उपचार भएको तथ्यांक छ ।' अस्पतालमा डडेलधुरा बैतडी, डोटी, बाजुरा, बझाङ, अछाम र दार्चुलालगायत सुदूरका पहाडी जिल्लाबाट उपचारका लागि बिरामी आउँछन् । 'अस्पताल आइपुगेका सबैको उपचार भएको छ,' उनले भने, 'हरेक महिना सरदर ४/५ जना कुष्ठरोगी अस्पतालमा आइपुग्ने गरेका छन् ।' सरकारले सन् २०१० मा कुष्ठरोग निवारण भएको घोषणा गरे पनि सुदूरपश्चिमका पहाडी जिल्लामा भने बर्सेनि यसका रोगी भेटिन्छन् ।

# अवैध खानीले जोखिम

गोरखा (कास)- बुढीगण्डकी नदी किनारको गोरखातर्फको सरकारी जग्गामा अवैध उत्खनन गरी चोरीनिकासी बढेको छ । मुआब्जा वितरणपछि सरकारी स्वामित्वमा आएको जग्गामा आठ ठाउँमा अवैध बालुवा खानी सञ्चालन भइरहेको स्थानीय प्रशासनले गरेको स्थलगत अध्ययनमा देखिएको हो ।

जिल्ला प्रशासन कार्यालयका खरिदार रविलाल सुवेदीका अनुसार दर्बुङदेखि बालुवाटारसम्मका खानी सोमबार अनुगमन गरिएको हो । 'अघिल्ला वर्षमा उत्खनन भएका खानी प्रशस्त रहेछन्,' उनले भने, 'हामीले हाल सञ्चालनमा रहेका खानी मात्र हेर्‍यौं ।' उनका अनुसार अनुगमन टोलीले बोर्लाङको घाटबेंसीमा बालुवा 'लोड' गर्दै गरेको ग१त ५२०२ नम्बरको ट्याक्टर नियन्त्रणमा लिएको छ । अनुगमन आउने पूर्वसूचना पाएका ठेकेदारले टिपर, ट्याक्टर र एक्स्काभेटर अघिल्लो दिन नै हटाएका स्थानीय बताउँछन् । सुवेदीका अनुसार अनुगमनका क्रममा कतिपय खानीमा आला डोब भेटिएका थिए ।

गण्डकी गाउँपालिकाअन्तर्गत दर्बुङको छोटटार, दर्बुङ फाँट, फुजेलको ढावे, भीमसेन थापा गाउँपालिकास्थित बोर्लाङको क्यामुनटार, ज्यादुल खोला, घाँटबेंसी तथा धावाको बालुवाटार र तान्द्राङको सिसौघारीमा रहेका बालुवा खानीको अनुगमन गरिएको हो । बालुवाटारमा रहेका चारमध्ये तीनवटा खानी सञ्चालनमा छन् । 'विशेष गरी उत्खनन भएका क्षेत्र पहिचान गर्‍यौं, सञ्चालनमा छ कि छैन हेर्‍यौं,' सुवेदीले भने, 'अब प्रतिवेदन बनाएर बुझाउँछौं ।' स्थानीयले निश्चित रकम लिएर खानी सञ्चालन गर्न ठेकेदारलाई जग्गा दिने गरेको भेटिएको सुवेदीले बताए ।

दर्बुङ फाँटमा भने रातको समयमा बालुवा निकासी हुँदै आएको स्थानीयसँगको छलफलपछि जानकारी पाइएको अनुगमन टोलीले जनाएको छ । ज्यादुल खोला फाँटमा खानीको बालुवा पखाल्न खुलेआम फिरफिरे सञ्चालनमा छ । ती क्षेत्रमा सञ्चालित खानीले वातावरणीय प्रभाव मूल्यांकन पनि गरेका छैनन् । खानी सञ्चालन गर्ने ठेकेदारले खानी तथा भूगर्भ विभागसँग अनुमति नलिनुका साथै स्थानीय तहलाई पनि जानकारी गराएका छैनन् । अनियन्त्रित उत्खननले जोखिम बढाएको छ । कतिपय खानीमा अघिल्ला वर्ष बालुवा झिकेका खाडल त्यसै छाडिएको छ ।

प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले अध्ययन टोलीको प्रतिवेदनका आधारमा कारबाही अघि बढाउने बताए । 'केही स्थानमा बालुवा झिकेको आला डोब रहेको बुझ्यौं,' उनले भने, 'प्रहरीलाई रोक्न निर्देशन दिन्छौं ।' उजुरी परेको खण्डमा मुआब्जा लिएको जग्गाको बालुवा ठेकेदारलाई बेच्ने पूर्वजग्गाधनीलाई पनि कारबाही गर्ने उनले बताए ।

# सीमा क्षेत्रका योजनामा भारतीय अवरोध

**कान्तिपुर संवाददाता** (मोरङ)

नेपाल-भारत संयुक्त सीमा क्षेत्र सर्वेक्षण टोलीले नापी नगरेकाले इलामलगायत सीमावर्ती क्षेत्रमा भौतिक निर्माणका योजना कार्यान्वयनमा अवरोध भइरहेको भन्दै प्रदेशसभामा आवाज उठेको छ । बुधबार बसेको प्रदेश १ को प्रदेशसभा बैठकमा सत्तारुढ दल नेकपाकी सांसद खिनुलङबा लिम्बुले नेपाल-भारत संयुक्त सीमा क्षेत्र सर्वेक्षण टोलीले सीमाको नापी नगरेकाले विकास निर्माणका आयोजना कार्यान्वयनमा समस्या भएको बताइन् । 'सर्भे टिमले तराईको क्षेत्रमा झापासम्म सीमाको नापी गरेको तर इलामलगायत पहाडी जिल्लाका सीमा क्षेत्रमा भने नापी गरेको छैन,' उनले भनिन् । पूर्वाधार निर्माणको काममा समस्या भइरहेकाले तत्काल सीमानाको नापीका लागि लिम्बूले सरकारको ध्यानाकर्षण गराइन् ।

इलामको सीमावर्ती सन्दकपुर क्षेत्रमा नेपालले एकलौटी संरचना बनाएको भन्दै असोज दोस्रो हप्ता भारतीय सीमा सुरक्षा बलले अवरोध गरेका थिए । समस्या तत्काल नसुल्झाए नेपालतर्फ सीमावर्ती क्षेत्रमा यसअघि निर्माण थालिएका र चालु आर्थिक वर्षमा निर्माण हुने पर्यटकीय पूर्वाधारका योजना कार्यान्वयनमा समस्या हुने उनको भनाइ छ । प्रदेश सरकारले पूर्वाधार विकास कार्यक्रमअन्तर्गत छुट्याएको रकमबाट सन्दकपुर गाउँपालिकाको सन्दकपुर डाँडामा करिब एक करोड लागतमा पूर्वाधार निर्माण थालिएको थियो । यहाँ भ्यु-प्वाइन्टसहित एक सय मिटर पैदल मार्ग, प्रवेशद्वारलगायत निर्माणका काम सीमानाको नापी नहुँदा रोकिएको लिम्बूले सुनाइन् ।

नेपालतर्फ आहालटारमा निर्माण गर्न लागिएको आवास गृहमा पनि अवरोध छ । तीन करोड लागतमा बन्ने आवास गृहका लागि टेन्डरसमेत भएको अवस्थामा भारतीय पक्षले सीमा यकिन नभएसम्म पूर्वाधार बनाउन दिएका छैनन् । 'पाँचथर सीमा नजिकै इलामकै क्षेत्रमा भवन बन्ने यकिन भए पनि भारतीय भनाइले काम अघि बढाउन व्यवधान भएको छ,' उनले भनिन्, 'प्राविधिकले गुगल म्याप देखाएर भवन बनाउन लागिएको क्षेत्रमा समेत भारतीय पक्षले अवरोध गर्दै आएका छन् ।' हिमालय दृश्यावलोकनसहित नेपाल, भारत र भुटानका अनेक स्थान नियाल्न सकिने गरी उक्त क्षेत्रमा भवन निर्माणको योजना छ ।

> टेन्डर भएका योजनामा समेत भारतीय पक्षले सीमा यकिन नभएसम्म निर्माणको काम अघि बढाउन दिएका छैनन्

शेर्पा च्यालेट होटलअगाडि जंगे पिलर रहे पनि त्यसमाथि सहायक र सानो पिलर नहुँदा सीमा यकिन हुन सकेको छैन । यस क्षेत्रमा सीमा क्षेत्रलाई पानीढलोका आधारमा बुझिने गरेको छ तर पछिल्लो समय भारतीय पक्षले गुगल नक्साअनुसार नेपालका धेरै क्षेत्र र बस्ती भारततिर पर्ने दाबी गर्दै आएको छ । वैज्ञानिक सीमांकन नभएसम्म यस क्षेत्रमा पूर्वाधार निर्माणदेखि अन्य गतिविधि गर्न समस्या हुने उनको भनाइ छ ।

सीमा सुरक्षा कार्यालयले गरेको सर्वेक्षणअनुसार कतिपय सीमास्तम्भ हराएका छन् भने कतिपय सुधार गर्नुपर्ने अवस्थाका छन् । इलामको सीमावर्ती क्षेत्रमा ३७ सीमास्तम्भ छैनन् । यो क्षेत्रमा जंगे पिलर १७ वटा हुनुपर्नेमा १६, सहायक पिलर ८३ हुनुपर्नेमा ७२ र सानो पिलर ४६ हुनुपर्नेमा २१ वटामात्र छन् । गत आवमा प्रदेश १ स्थित नेपाल-भारत सीमामा १७९ नयाँ सीमा स्तम्भ बनाइएको थियो । नेपाल-भारत संयुक्त सीमा क्षेत्र सर्वेक्षण टोलीको दोस्रो बैठकमा ३६ वटा स्तम्भ मर्मत गरिएको जानकारी गराइएको थियो । टोलीले सुनसरी, मोरङ र झापास्थित सीमामा निर्माण गर्नुपर्ने स्तम्भमध्ये केही यसअघि नै निर्माण भइसकेका र बाँकी रहेका स्थानमध्ये केही जमिनमा र नदीमा निर्माण गरेको जनाएको थियो । ठूला नदीबाहेक विजोर नम्बरका स्तम्भ नेपाल पक्षले र जोर नम्बरका स्तम्भ भारत पक्षले निर्माण गर्ने व्यवस्था छ ।

# जनप्रतिनिधि भ्रमणमा, काम ठप्प

खोटाङ (कास)- जन्तेढुङ्गा गाउँपालिका प्रमुख, प्रमुख प्रशासकीय अधिकृतसहितको टोली कृषि भ्रमणमा गएपछि कार्यालयको काम ठप्प भएको छ । कार्यालय नै रित्तो हुनेगरी गाउँपालिका प्रमुख शंकर राई, प्रमुख प्रशासकीय अधिकृत चित्रप्रसाद गुरागाईं लगायतको टोली फागुन ७ मा कृषि भ्रमणमा निस्किएको हो ।

गाउँपालिका अध्यक्ष राईका अनुसार ६ वटा वडामध्ये पाँचजना वडाअध्यक्ष, हरेक वडाका दुईजनाका दरले कृषकसहितको टोली भ्रमणमा गएको छ । वडा नम्बर १ का वडाअध्यक्ष केदारमान राई, २ का अध्यक्ष गणेशबहादुर विष्ट, ४ का अध्यक्ष विदुरमान राई, ५ का अध्यक्ष रामकुमार श्रेष्ठ र ६ का अध्यक्ष सुकदेव राई भ्रमणमा निस्किएको उनको भनाइ छ । गाउँपालिका उपाध्यक्ष विमला राई र वडा नम्बर ३ का अध्यक्ष चन्द्रकुमार राई मात्रै भ्रमण टोलीमा सहभागी छैनन् ।


टोलीले पोखरा, चितवन लगायतका ठाउँहरूमा भ्रमण गरेको अध्यक्ष राईले बताए । टोली भ्रमणमा गएको बेला गाउँपालिकामा कार्यरत रोजगार संयोजक विज्ञान राईलाई निमित्तको जिम्मेवारी दिइएको प्रमुख प्रशासकीय अधिकृत गुरागाईंले सुनाए । सामान्य सिफारिसबाहेक अन्य कुनै जिम्मेवारी नदिएको निमित्त प्रमुख राईले बताए ।

जनप्रतिनिधिले कृषकका लागि छुट्याएको बजेट मोजमस्तीमा उडाएको एक स्थानीयले आरोप लगाए । गुरागाईंका अनुसार भ्रमणका लागि पाँच लाख विनियोजन गरिएको छ ।






नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com
# कान्तिपुर
सातै प्रदेशबाट एकैसाथ प्रकाशित



वर्ष २८ अंक ९ गोदावरी | १५ फागुन २०७६ बिहीबार फाल्गुण शुक्लपक्ष चतुर्थी | नेपाल संवत् ११४० | सुदूरपश्चिम प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, February 27, 2020 | पृष्ठ १२+४ | १० रुपैयाँ



**टुंगनाको धुनमा...** | २१४७ औं ग्याल्बो ल्होसार (नयाँ वर्ष) का अवसरमा बुधबार काठमाडौंको बौद्धस्थित गुम्बामा आयोजित समारोहमा हिमाली लोकबाजा टुंगना बजाएर गाउँदै कलाकार । सोमबार सुरु भएको तीनदिने धर्मपाल उत्सवका क्रममा शेर्पा समुदायले गुम्बामा भेला हुँदै 'बँदेल वर्ष' बिदा गरेर 'मुसा वर्ष' को स्वागत गरेका छन् । *तस्बिर : संजोग मानन्धर/कान्तिपुर*

# राष्ट्रिय सभामा गौतम कि खतिवडा ?

- नेकपामा बबन्डर सुरु
- सरकार र सचिवालयबीच गम्भीर मतभेद

**बिनु सुवेदी** (काठमाडौं)

राष्ट्रिय सभा सदस्यमा वामदेव गौतमलाई मनोनयन गर्न सरकारलाई सिफारिस गर्ने नेकपा केन्द्रीय सचिवालयको निर्णयलाई प्रधानमन्त्री एवं नेकपा अध्यक्ष केपी शर्मा ओलीले नमान्ने बताएपछि सत्तारूढ दलभित्रको विवाद उत्कर्षमा पुगेको छ । बुधबार आफूसमेत उपस्थित बैठकबाट निर्णय भएको दुई घण्टा नबित्दै ओलीले त्यसलाई नमान्ने भन्दै पार्टी सचिवालयको सिफारिसलाई चुनौती दिएका थिए ।

सचिवालय स्रोतका अनुसार प्रधानमन्त्री ओलीले बैठकपछि वरिष्ठ नेता माधवकुमार नेपाललाई फोन गरेर गौतमलाई राष्ट्रिय सभा सदस्य बनाउने सचिवालयको निर्णय आफूले नमान्ने र अर्थमन्त्रीसमेत रहेका राष्ट्रिय सभा सदस्य युवराज खतिवडालाई नै निरन्तरता दिने बताएपछि पछिल्लो विवाद बढेको हो । दुई वर्षअघि राष्ट्रिय सभा सदस्यमा राष्ट्रपतिबाट मनोनीत खतिवडालाई नै फेरि मनोनयन गराउने ओलीको चाहना प्रस्ट रूपमा प्रकट भएको छ ।

यता बुधबार बिहान प्रधानमन्त्री निवास, बालुवाटारमा बसेको सचिवालय बैठकले भने खतिवडाको बहिर्गमनपछि राष्ट्रिय सभामा रिक्त हुने उक्त स्थानमा पार्टी उपाध्यक्ष गौतमलाई सिफारिस गर्न सरकारलाई सुझाव दिने निर्णय गरेको थियो ।

यससँगै गत शनिबारको सचिवालय बैठकले संविधान संशोधनका लागि बनाएको कार्यदल भंग गर्ने र औचित्य एवं आवश्यकताका आधारमा संविधान संशोधनका लागि छलफल अघि बढाउने निर्णय गरेको महासचिव विष्णु पौडेलले बताए । 'गौतमलाई राष्ट्रिय सभामा मनोनयन गर्ने सचिवालयको सर्वसम्मत निर्णय हो, यही निर्णय नै लागू हुन्छ,' उनले कान्तिपुरसँग भने । यसअघि अध्यक्ष ओलीसँग निकट मानिने महासचिव पौडेलले सचिवालयको बहुमतले गरेको निर्णयतर्फ आफूलाई उभ्याएका छन् ।

बैठकपछि पार्टी प्रवक्ता नारायणकाजी श्रेष्ठले पनि गौतमलाई राष्ट्रिय सभा सदस्य बनाउने निर्णय भएको जानकारी पत्रकारलाई गराएका थिए । 'पछाडिको डेभलपमेन्ट के भयो थाहा छैन, सचिवालय बैठकले वामदेवजीलाई राष्ट्रिय सभामा लैजाने निर्णय गरेको हो,' प्रवक्ता श्रेष्ठले कान्तिपुरसँग भने । बाँकी पृष्ठ १४



> 'गौतमलाई राष्ट्रिय सभामा मनोनयन गर्ने सचिवालयको सर्वसम्मत निर्णय हो, यही निर्णय नै लागू हुन्छ ।'
>
> **– विष्णु पौडेल**
> नेकपा महासचिव

### ४ दिने घटनाक्रम

**शनिबार**
नेकपा सचिवालयमा संविधान संशोधन कार्यदल गठन, निर्णय गोप्य राख्ने सहमति ।

**आइतबार**
प्रधानमन्त्रीनिकट नेताहरूबाट कार्यदल गठनको सूचना सार्वजनिक, कार्यदल सदस्यहरूद्वारा अनभिज्ञता प्रकट, केही नेताद्वारा खण्डन । माधव नेपाल र ईश्वर पोखरेलबीच कोटेश्वरमा भेट ।

**सोमबार**
कार्यदल संयोजक नेपालद्वारा सदस्यहरू सुवास नेम्बाङ र खिमलाल देवकोटासँग आफ्नै निवासमा अनौपचारिक छलफल । सदस्यहरूद्वारा कार्यदलको औचित्यमाथि प्रश्न । दिउँसो पुष्पकमल दाहाल, नेपाल र विष्णु पौडेलबीच धुम्बाराहीमा कुराकानी ।

**मंगलबार**
ओलीसँग दाहाल र नेपालको छुट्टाछुट्टै भेट । साँझ खुमलटारमा दाहाल, नेपाल, झलनाथ खनाल र वामदेव गौतमबीच कुराकानी । संविधान संशोधनबिनै राष्ट्रिय सभामा जान गौतम तयार ।

**बुधबार**
बिहान ओली–दाहाल छलफल । दिउँसो सचिवालयद्वारा गौतमलाई राष्ट्रिय सभामा लैजाने र संविधान संशोधन अध्ययन कार्यदल भंग गर्ने निर्णय । बैठकपछि ओलीद्वारा सचिवालयको निर्णय नमान्ने घोषणा । साँझ ओली–नेपाल भेट । ओली समूहको छुट्टै बैठक ।

## भित्र

समाचार । २
शशांक भन्छन्- 'अब शेरबहादुरजीलाई रोक्छु'

समाचार । ३
दुलही सजिएर बसिन्– न दुलाहा आए, न जन्ती

कला र शैली । ८
बोरामाथि पलेंटी कसेर फिल्म हेर्ने अहिले सुतेर हेर्छन्

अर्थ वाणिज्य । ११
हुम्लामा होटल बुकिङ शून्य

# एकै दिन ४ अर्बको सेयर

बैंकिङ, लघुवित्त, बिमा, जलविद्युत्, होटल र उत्पादन तथा प्रशोधन समूहका केही कम्पनीको चलखेल भएको आशंका

**यज्ञ बञ्जाडे** (काठमाडौं)

सेयर बजारमा बुधबार ४ अर्ब १५ करोड ४८ लाख रुपैयाँको कीर्तिमानी कारोबार भएको छ । सेयर कारोबार मापक नेप्से परिसूचक यस दिन झन्डै ५१ अंकले बढेर १ हजार ५ सय ९३.१३ विन्दुमा पुग्यो । अघिल्लो दिन ४३.०२ अंकले बढेको थियो । आइतबार ३ अर्ब ६० करोड रुपैयाँको कारोबार भएको थियो । १२ उपसमूहको परिसूचक उकालो लागेपछि बुधबार समग्र नेप्से उच्च अंकले बढेको हो । अर्थमन्त्री युवराज खतिवडाको बहिर्गमनको चर्चासँगै सेयर कारोबार बढ्नुलाई जानकारहरूले 'अर्थपूर्ण संयोग' मानेका छन् ।

केही कम्पनीको कारोबार छोटो समयमै धेरै अंकले बढ्नुमा पर्याप्त प्राकृतिक आधार नदेखिएको धितोपत्र बोर्डका अध्यक्ष भीष्मराज ढुंगानाले बताए । 'निर्जीवन बिमा, लघुवित्त, जलविद्युत्, उत्पादन तथा प्रशोधनलगायत समूहअन्तर्गतका केही कम्पनीको सेयर कारोबार धेरै बढ्नुमा पर्याप्त आधार देखिँदैन,' उनले भने । बजारलाई धितोपत्र बोर्डले निरन्तर सूक्ष्म रूपले हेरिरहेको जानकारी दिँदै उनले डराइहाल्नुपर्ने अवस्था नरहेको बताए ।

'लगानीकर्ताले राम्रा कम्पनी छानेर लगानी गर्नुपर्छ,' उनले भने । बुधबार ३२ हजार १ सय ५४ वटा सेयर कारोबार हुँदा करिब ९९ लाख ७ हजार कित्ता सेयरको किनबेच भएको छ । बाँकी पृष्ठ १३

# राष्ट्रपति आउँदा बिदा !

बैतडी/दार्चुला (कास)- मन्दिरमा पूजा र भवन उद्घाटनको कार्यक्रममा राष्ट्रपति विद्यादेवी भण्डारी आउने भएपछि बैतडी र दार्चुलाका दुई/दुई पालिकाले सार्वजनिक बिदा दिने निर्णय गरेका छन् । बैतडीका पाटन नगरपालिका र दशरथचन्द नगरपालिका तथा दार्चुलाका शैल्यशिखर नगरपालिका र मालिकार्जुन गाउँपालिकाले बिहीबारका लागि सबै कार्यालय र



**बैतडी र दार्चुलाका चार पालिकाका सबै कार्यालय र शैक्षिक संस्थामा आज सार्वजनिक बिदा**

शैक्षिक संस्था बन्द गरेका हुन् । उनीहरूले राष्ट्रपतिलाई नागरिक अभिनन्दन पनि गर्ने घोषणा गरेका छन् । आफ्ना गाउँ र नगरवासीका लागि सूचना जारी गर्दै राष्ट्रपतिको स्वागतमा भेला हुन भनेका छन् । विद्यार्थीलाई अनिवार्य सहभागी हुन भनिएको छ ।


राष्ट्रपति भण्डारीले बिहीबार पाटनस्थित भीमदत्त पोलिटेक्निक इन्स्टिच्युटको भवन र छात्रावास उद्घाटन गर्ने कार्यक्रम छ । त्यसपछि दशरथचन्द नगरपालिकास्थित त्रिपुरासुन्दरी मन्दिरमा पूजा गर्ने दशरथचन्दका नगरप्रवक्ता चक्रप्रसाद शर्माले बताए । राष्ट्रप्रमुख जिल्ला आउँदा सार्वजनिक बिदा दिनु राम्रो निर्णय भएको उनले दाबी गरे । पाटन र दशरथचन्द नगरले राष्ट्रपति भण्डारीलाई नागरिक अभिनन्दन गर्ने कार्यक्रम छ ।

सार्वजनिक बिदा दिने निर्णयले बालबालिकाको पढाइ प्रभावित हुने शिक्षकहरूले बताए । 'राष्ट्रप्रमुख आउँदा कार्यक्रमस्थल नजिकका विद्यालयका विद्यार्थी जानु, स्वागत गर्नु ठिकै भए पनि सबै विद्यालय बन्द गर्न जरुरी थिएन,' दशरथचन्द माविका प्रधानाध्यापक तेजप्रकाश भट्टले भने ।

राष्ट्रपतिले बिहीबारै मालिकार्जुन गाउँपालिकास्थित मालिकार्जुन मन्दिरमा विशेष पूजापाठ गर्ने कार्यक्रम छ । जिल्लाका शैल्यशिखर नगरपालिका र मालिकार्जुन गाउँपालिकाले सार्वजनिक बिदा घोषणा गर्दै स्वागतका लागि उपस्थित हुन सर्वसाधारणलाई सूचना जारी गरेका छन् ।

शैल्यशिखर नगर कार्यपालिकाको बुधबारको बैठकले बिदा दिने निर्णयसँगै नगरवासीलाई राष्ट्रपतिको स्वागतका लागि उपस्थित हुन अनुरोध गर्दै सूचना जारी गरेको निमित्त प्रमुख प्रशासकीय अधिकृत अरुणप्रसाद जोशीले जानकारी दिए । नागरिक अभिनन्दन र स्वागतका लागि गाउँपालिकाले बिदा दिने निर्णय गरेको मालिकार्जुन गाउँपालिका अध्यक्ष नरेन्द्रसिंह धामीले बताए । बाँकी पृष्ठ १४



# ११ वर्षमा ४० किमिमात्रै ट्र्याक

## निर्माण कम्पनी र आयोजना कार्यालय दुवैले बेवास्ता गर्दा एक सय ३० किमि लामो दार्चुला-तिंकर सडकको एक तिहाइ ट्र्याक पनि खोलिएको छैन

### दार्चुला-तिंकर सडक

**मनोज बडू** (दार्चुला)

विसं २०६५ मा दार्चुला सदरमुकाम खलंगादेखि एक दशकभित्रै तिंकर नाकासम्म सडक पुर्‍याउने लक्ष्य लिइएकोमा हालसम्म ४० किलोमिटर मात्रै ट्र्याक खोलिएको छ । २०६४ मा सर्भे गरिएको एक सय ३० किलोमिटर लामो उक्त आयोजनाको निर्माणकार्य सुरु भएको ११ वर्ष भइसक्दा एक तिहाइ काम पनि सकिएको छैन । बरु अघिल्लो वर्ष आयोजनाको समयावधि तीन वर्षका लागि थप गरिएको छ ।

दुई वर्ष अघिसम्म राताकाठा क्षेत्रसम्म खनिएको सडकको ट्र्याकले अहिले दार्चुलास्थित व्यास गाउँपालिकाको केन्द्र सुन्सेरालाई छोएको छ । सुन्सेरासम्म ४० किमि ट्र्याक खोलिए पनि दुहू गाउँपालिकाको केन्द्र हिकिलासम्मको १८ किमि सडकमा मात्र जिप गुड्छन् । दुहूको राताकाठा र गरमोरा भीरमा जोखिम रहेको भन्दै जिल्ला प्रशासन कार्यालयले यात्रुबाहक सवारी साधन चलाउन अनुमति दिएको छैन । यद्यपि सुन्सेरासम्म ट्याक्टर भने पुग्ने गरेका छन् । 'उबेला दुई/तीन वर्षमै गाडीमा चढेर सदरमुकाम जान सकिने भन्दै सडकको सर्भे भएको थियो,' व्यास गाउँपालिका-२ मालका रतनसिंह धामीले भने, '११ वर्ष भइसक्दा पनि ट्र्याक खोलिएको छैन । अहिले पनि महाकालीमा तुइन तरेर सदरमुकाम आवतजावत गर्नुपर्ने बाध्यता छ ।'

दार्चुला-तिंकर सडक योजनाको काम थालिएपछि विभिन्न निर्माण कम्पनीलाई छुट्टाछुट्टै खण्डको ट्र्याक खोल्ने जिम्मेवारी दिइएको थियो । तर आयोजना कार्यालयले नियमित अनुगमन र नियमन तथा निर्माण कम्पनीले काम नगर्दा सडक आयोजना अलपत्र बनेको हो । आर्थिक वर्ष २०७१/०७२ मा दार्चुला-तिंकर सडकको सुन्सेरादेखि घाँटीबगडसम्मको ट्र्याक खोल्नेगरी अमर-सुर्य जेभी निर्माण कम्पनीसँग ठेक्का सम्झौता भयो । तर, उक्त खण्डको निर्माण प्रगति २० प्रतिशत पनि नपुगेको बताउँछन् आयोजना प्रमुख अच्युतविलास पन्त । 'सुरुको वर्ष र गत वर्षको असारमा केही काम भए पनि त्यसबीचमा ठेकेदारले कामै गरेन,' उनले भने ।

आयोजनाले संघ सरकारबाट चालु र सम्पन्न भएका अधिकांश योजनामध्ये सुरुदेखि नै बजेट विनियोजनमा प्राथमिकता पाउँदै आएको हो । तर, ठेकेदार र योजना कार्यालयको लापरबाहीका कारण निर्माण कार्य ठप्पप्रायः रह्यो । दुहू गाउँपालिका अध्यक्ष पुलेन्द्रबहादुर कार्कीले भने, 'स्थानीय तहमा जनप्रतिनिधि निर्वाचित भएर आएपछि चाँडो काम गर्न सम्बन्धित कार्यालयलाई दबाब दिएपछि सुन्सेरासम्म ट्र्याक खुल्न सकेको हो ।' आयोजना कार्यालयले तिंकर खण्डलाई भन्दा कञ्चनपुरको ब्रह्मदेवदेखि खलंगासम्मको सडक (तल्लो खण्ड) लाई प्राथमिकता दिएर निर्माण कार्य गरिरहेको उनको आरोप छ । तीन वर्षअगाडि तत्कालीन तिंकर सडकलाई महाकाली करिडोरमा गाभिएको छ । ब्रह्मदेवदेखि तिंकरसम्मको चार सय २५ किलोमिटर लामो यो खण्ड सुदूरपश्चिमकै पहिलो उत्तर-दक्षिण जोड्ने मार्ग तथा त्रिदेशीय सीमा सडकसमेत हो । करिडोरमा गाभिएकै कारण माथिल्लो खण्ड (खलंगादेखि तिंकरसम्म) को निर्माण कार्य प्रभावित भएको व्यास गाउँपालिका अध्यक्ष दिलीपसिंह बुढाथोकीको बुझाइ छ । 'हाल तल्लो खण्डमा एक सय २५ किलोमिटर ट्र्याक खुलेको छ,' उनले भने, 'यसबाट आयोजना कार्यालयले पनि माथिल्लोभन्दा तल्लो खण्डलाई प्राथमिकता दिएको बुझिन्छ ।'



महाकाली करिडोरअन्तर्गत बाजुरा-तिंकर खण्डको धौलाकोटमा खुलाइएको सडकको ट्र्याक । तस्बिर : मनोज/कान्तिपुर

विस्फोटक पदार्थको अभावमा काम रोकिएको आयोजना कार्यालय र निर्माण कम्पनीले बताउँदै आएका छन् । 'विस्फोटक पदार्थ नहुँदा तिंकर सडक (माथिल्लो खण्ड) निर्माणको काम ठप्प थियो,' उनले भने, 'हामीले हाइड्रोपावर कम्पनीसँग सापटी मागेर आयोजना कार्यालयलाई विस्फोटक पदार्थ उपलब्ध गराएका छौं ।' अब पनि काम सुचारु नभए सरकारले आयोजना कार्यालय र निर्माण कम्पनी दुवैलाई कारबाही या कडाइका साथ परिचालन गर्नुपर्ने सुझाउँछन् बुढाथोकी ।

आयोजना कार्यालय र निर्माण कम्पनीका प्रतिनिधिले भने हाल काम जारी रहेको दाबी गरे । आगामी जेठभित्र पुरानो ठेक्काअन्तर्गत दार्चुलाको मालसम्मको काम सक्नेगरी ट्र्याक खोल्न सुरु गरिएको अमर-सूर्य जेभीका प्रतिनिधि संगम खड्काले बताए । अहिलेसम्म सडकको लेबल नमिलाई ट्र्याक खोलिएको थियो । त्यसैमा ग्रेड मिलान गरेर सवारी चल्नेगरी सडक बनाउन थालिएको उनको भनाइ छ । काममा ढिलाइ भएको भन्दै दार्चुलाको कोठेधारभन्दा माथिको ८७ किलोमिटर सडकको ट्र्याक खोल्ने जिम्मेवारी नेपाली सेनालाई दिने तयारी भइरहेको आयोजना प्रमुख पन्तले बताए । 'सडक विभागबाट तीन साताअघि फाइल तयार गर्नु भनेर मौखिक जानकारी आएको छ,' उनले भने, 'यसअघि तिंकर सडकको निर्माणको जिम्मेवारी सेनालाई दिनुपर्ने माग गर्दै रक्षा मन्त्रालयमा पनि फाइल पठाइएको छ ।' उनका अनुसार महाकाली करिडोरलाई 'गेम चेन्जर' परियोजनामा राख्न राष्ट्रिय योजना आयोगमा प्रस्ताव समेत पठाइएको छ ।

आर्थिक, सामाजिकलगायत बहुआयामिक क्षेत्रमा विकास पुर्‍याउने योजनालाई गेम चेन्जर परियोजनाबाट सम्पन्न गर्ने सरकारको योजना छ । महाकाली करिडोर गेम चेन्जरमा परे आगामी वर्षदेखि सुरु भई पाँच वर्षमा निर्माण सकिने आयोजनाले जनाएको छ । 'गेम चेन्जरमा परे दुई चरणमा गरी २०८३ सम्ममा सडक निर्माण पूरा हुनेछ,' पन्तले भने । उनका अनुसार पहिलो चरणमा तीन वर्षमा ट्र्याकसँगै छेउछाउमा ग्याबिन जाली राखिसक्ने र १७ वटा पुल निर्माण गरिने छ । त्यसका लागि १७ अर्ब ५० करोड रुपैयाँभन्दा बढी रकम खर्च हुने अनुमान छ । दोस्रो चरणमा सबै सडक कालोपत्रेसँगै ३० वटा पुल निर्माण गर्न १४ अर्ब ६६ करोड बजेट खर्च हुने अनुमान छ । आयोजना प्रमुख पन्तले यसअघि महाकाली करिडोर सम्पन्न गर्न १८ अर्ब १६ करोड रुपैयाँ छुट्याइएको बताए । जसमध्ये अहिलेसम्म सवा अर्ब खर्च भइसकेको र हालकै अवस्थामा परियोजना सम्पन्न गर्न १४ अर्ब थप रकम आवश्यक पर्ने उनको भनाइ छ ।

# खाना महोत्सव सुरु

धनगढी (कास)- सुदूरपश्चिम खाना महोत्सव बुधबारदेखि कैलालीको धनगढीमा सुरु भएको छ ।

होटल व्यवसायी संघ कैलालीले आयोजना गरेको महोत्सवमा प्रदेशका नौवटै जिल्लाका परम्परागत खानाका परिकार, भेषभूषा र संस्कृतिलाई समेटिएको छ । परम्परागत खानाका परिकारहरू गतानी डुब्का, रोट, माणा, निसौसे, बाबर, बटुक, ढिक्री, अन्डीभात, भुबुरे, फाणो भातलगायतका स्टलहरू राखिएको छ ।

लोप हुन लागेका यहाँका मौलिक खानाका परिकारहरूको जगेर्ना गर्न महोत्सव आयेजना गरिएको संघका अध्यक्ष कलम बमले बताए । महोत्सव एक सातासम्म चल्नेछ ।

# रूढिवादी परम्पराविरुद्ध बाल नाटक

**डीआर पन्त** (डडेलधुरा)

विद्यालय उमेरका छात्राहरू महिलामाथि हुने घरेलु हिंसाबारे नाटक देखाइरहेका छन् । डडेलधुराको रुपालस्थित असिग्राम माविको वार्षिकोत्सव कार्यक्रममा मञ्चन गरिएको नाटकमा सोही विद्यालयकै छात्राहरू केही पुरुषको भूमिकामा थिए त केही महिलाको ।

मञ्चनका क्रममा उनीहरूले गाउँघरमा महिलाले भोग्दै आएका कुरीति र रूढिवादी प्रथामात्रै देखाएनन्, त्यसमाथि धारिलो प्रहार पनि गरे । नाटकमा विद्यार्थीहरूले लेखनदेखि मञ्चनसम्म बलियो उपस्थिति देखाए । यस्ता सन्देशमूलक नाटक अहिले विभिन्न सांस्कृतिक कार्यक्रम, मेलाजात्रा तथा संघसंस्थाहरूको वार्षिकोत्सवमा मञ्चन हुँदै आएका छन् । जसले कुलत, दुर्व्यसन, मदिरा सेवनमा फसेका, धर्म र रूढिवादी परम्परामाथि प्रहार गर्छन् । यस्ता नाटकमा बालबालिका र किशोरकिशोरीकै बाहुल्यता रहने गरेको छ । जो समाजमा लोकप्रिय र प्रभावकारीसमेत बन्दै गएको बताउँछन् देउडा गायक तथा लेखक केशव पाण्डेय ।

केही समयअघिसम्म ग्रामिण क्षेत्रमा ऐतिहासिक, पौराणिक कथामा आधारित नाटक बढी रुचाइन्थ्यो । मानिसलाई नैतिक आचरणको सन्देश दिँदै मनोरञ्जन प्रदान गर्ने यस्ता नाटकको मञ्चन माओवादी द्वन्द्वका बेला पनि रोकिएन । जनचेतना र सामाजिक परिवर्तनका लागि उत्प्रेरणा दिने बाल नाटकले भने हिजोआज गाउँगाउँमा अभियानको रूप लिएको छ । 'यो संगठित अभियान होइन । विद्यालय उमेरका पुस्ताको स्वतःस्फूर्त परिवर्तनको चाहना हो,' पाण्डेयले भने, 'उनीहरूले समाजमा रहेका गलत परम्परा र परिवर्तनको चाहनालाई अभियनयमार्फत प्रस्फुटित गरिरहेका छन् ।'



महिलामाथि हुने घरेलु हिंसाबारे नाटक प्रस्तुत गर्दै डडेलधुराको असिग्राम माविका विद्यार्थी । तस्बिर : डीआर/कान्तिपुर

अहिले पनि समाजको संरचना रूढिवादी परम्पराविरुद्ध अभिभावक र समाजसँग खुलेर बोल्नसक्ने अवस्था छैन । असिग्राम माविमा कक्षा १२ मा पढ्दै गरेकी चित्रा जोशीले भनिन्, 'हाम्रो चाहना र समाजको संरचनामा धर्ती-आकाश जस्तै फरक छ । रुढीवादी प्रथाबाट मुक्त हुन चाहने युवा पुस्ता र धर्मसंस्कृतिका नाममा हलचल नहुने अभिभावक पुस्ताबीच अहिले मौन युद्धको अवस्था छ ।' छाउ बार्नैपर्ने मान्यता भएका अभिभावक र यो सामान्य शारीरिक प्रक्रिया मात्रै हो भन्ने बुझ्केकाहरूबीच मत बाँझिने गरेको उनको भनाइ छ । 'छाउ मात्र होइन, यस्ता खाले सयौं प्रश्नको उत्तर खोज्दै परिवर्तनको चाहना प्रकट गर्ने माध्यम बनेका छन् यस्ता नाटक,' उनले भनिन् ।

देखाउन धेरै साधनस्रोत नलाग्ने, सामान्य तयारी गरेर पनि समाजमा भइरहेका गलत परम्परालाई नाटकीय स्वरूप दिन सकिने भएकोले पनि यस्ता नाटकको आकर्षण र प्रभाव दुवै परेको बताउँछन् विद्यालयका प्रधानाध्यापक आरडी जोशी । 'यसले अभिभावकलाई परिवर्तन हुन सहज पनि भएको छ भने नाटक विधा समाजमा जीवित राख्न मद्दत पुगेको छ,' उनले भने । बालबालिकाले प्रकट गर्ने परिवर्तनको चाहनालाई अभिभावकले पनि सहज रूपमा ग्रहण गर्न सकेको उनको बुझाइ छ । नाटककै कारण मदिरा सेवनका कारण समाजमा हुने घरेलु हिंसा न्यून भएका उनले दाबी गरे ।


सत्यवादी हरिशचन्द्र, सत्यवान सावित्री, नल दमयन्ती, रामलीला, कृष्णलीला, महाभारतलगायत नाटक हेरेर हुर्केको पुस्ताले हाल समाजको नेतृत्व गरिरहेको छ । 'परिवर्तन चाहने पुस्ता भने फोरजीको प्रयोग गरिरहेको छ,' नेपाली विषयका प्राध्यापक बलराम पन्त भन्छन्, 'दुवै पुस्तालाई समन्वय गरेर परिवर्तनका लागि गर्नुपर्ने प्रयास हुन नसकिरहेको अवस्थामा बालबालिकाले देखाउने गरेका यस्ता चेतनामूलक नाटकले समाजमा ठूलो भूमिका निर्वाह गरिरहेको छ ।'

समाजको भावी नेतृत्वमा आउन सक्ने विचलन रोक्न यस्ता सन्देशमूलक कला र अभिनय सार्थक हुने उनको तर्क छ ।
















## तपाईंको आज

| | |
|---|---|
| मेष | अधिक खर्च |
| वृष | नयाँ कार्य आरम्भ |
| मिथुन | कार्य सिद्धि |
| कर्कट | धर्म बढ्ने |
| सिंह | अपव्यय |
| कन्या | प्रतिष्ठा प्राप्त |
| तुला | आलोचित हुने |
| वृश्चिक | मनोकांक्षा पूर्ण |
| धनु | कान्ति क्षय |
| मकर | शत्रु परास्त |
| कुम्भ | अपेक्षित लाभ |
| मीन | उत्साहप्रद |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल फाल्गुन १६ गते शुक्रबार तदनुरुप २८ फरवरी २०२० फाल्गुन शुक्लपक्ष पञ्चमी तिथि प्रात: ५:५६ बजेसम्म उप्रान्त षष्ठि तिथि, अश्विनी नक्षत्र रात्रिको १:२६ बजेसम्म उप्रान्त भरणी नक्षत्र, शुक्ल योग प्रात: ९:२८ बजेसम्म उप्रान्त ब्रम्हा योग, बब करण दिनको ५:४ बजेसम्म उप्रान्त बालब करण, मेष राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | भजन |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | इट्स माइ सो (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | फिल्म टनिक (रिपिट) |
| ११:०० | कान्तिपुर न्युज |
| ११:३० | रजतपट (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | सरोकार (रिपिट) |
| १:३० | हियर्ज टु लाइफ (रिपिट) |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | बलियो घर (रिपिट) |
| ३:०० | इट्स माई सो (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | रजतपट (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्युज |
| ६:३० | सुमनसँग (रिपिट) |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | ह्वाट द फ्लप |
| १०:०० | सुमनसँग (रिपिट) |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | सुमनसँग (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | हियर्ज टू लाईफ (रिपिट) |
| ३:०० | कल कान्तिपुर रिपीटेड |
| ४:०० | ह्वाट द फ्लप (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

| | |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (अच्यूत सुवेदी) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | शिक्षा संवाद (कमला) |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (स्मीता) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | रेडियो टक (किरण) |
| १०:०० | स्पोर्टस् डायरी |
| १०:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | हिट लिस्ट (शुभराज) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (निशान्त) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल (निशान्त) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | तमु चौतारी (सहज कु. घले) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | बी-स्कोप |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | को भन्दा को कम (सन्जोक बस्याल) |
| १८:०० | मुक्तिको सन्देस |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | यो माया भन्ने चीज यस्तै हो (प्रियंका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | हिप हप हसल (स्मीता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | शब्द श्लाघा (भूपेन्द्र) |
| २३:०० | सुनौलो यादहरु (दीपाञ्जली) |
| २४:०० | हिट लिस्ट (रेमन) |
| ०१:०० | सफर (राजेश) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर** | |
| मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल | ५२०२०० |
| जिल्ला प्रहरी कार्यालय | ५२०१९९ |
| नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा) | ५२०३१० |
| क्षेत्रीय अस्पताल एम्बुलेन्स | ९८४८०६३५२० |
| **महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन** | |
| महाकाली अञ्चल अस्पताल | ५२११११ |
| जिल्ला प्रहरी कार्यालय | ५२१२०० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१२५८ |
| जिल्ला प्रशासन कार्यालय | ५२११०९ |
| **कैलालीका महत्वपूर्ण टेलिफोन** | |
| सेती अञ्चल अस्पताल | ५२१२७१ |
| जिल्ला प्रहरी कार्यालय | ५२११५० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१६०० |
| जिल्ला प्रशासन कार्यालय | ५२११०१ |
| टीकापुर अस्पताल | ५६०१५० |
| क्षेत्रीय अस्पताल | ०८३-५२०२०० |
| सुर्खेत विमानस्थल | ०८३-५२०१३२ |
| **कञ्चनपुर** | |
| महाकाली अञ्चल अस्पताल महेन्द्रनगर | ०९९-५२११११ |
| रेडक्रस एम्बुलेन्स | ५२१२५८/५२३१८३ |
| जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर | ५२११०९/५२२४०६ |
| जिल्ला प्रहरी कार्यालय | १००/५२१२०० |
| **डोटी** | |
| सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय | ०९४-४४०३१० |
| जिल्ला प्रशासन कार्यालय डोटी | ४२०१३३ |
| जिल्ला प्रहरी डोटी कन्ट्रोल | ९८५८४४०१९९/४२०२०५ |
| जिल्ला अस्पताल | ४२००१९ |
| जिल्ला अस्पताल एम्बुलेन्स | ९८४८५२५११० |
| **डडेल्धुरा** | |
| जिल्ला प्रहरी | ०९६-४२०१९९ |
| **जाजरकोट** | |
| जिल्ला प्रहरी कार्यालय- | ०८९-४३०१३१, ९८५८०४५५५५ |
| अस्पताल- | ०८९४३०१८८ |
| एम्बुलेन्स | ९८१५५०९४३० |
| रेडक्रस एम्बुलेन्स | ०८९४३००४२, ९८६६७००२६४ |
| **कालिकोट** | |
| प्रहरी | ०८७-४४०११३, ९८५८३३५५५५ |
| **जुम्ला** | |
| प्रहरी | ०८७-५२००१३, ०८७-५२०११३ |
| शिक्षण अस्पताल | ०८७-५२०३५५, ५२००१५ |
| एम्बुलेन्स | ९७४८९४१६६६ |
| **दैलेख** | |
| जिल्ला प्रहरी कार्यालय | ०८९-४२०१२५,९८५८०१५५५५ |
| अस्पताल | ०८९-४१०१२७ |
| एम्बुलेन्स | ०८९-४१०१८५, ९८६८१६५६८२ |
| **पश्चिम रूकुम** | |
| जिल्ला प्रहरी कार्यालय | ०८८५३०१८७ |
| जिल्ला अस्पताल | ०८८५३०२४७, ०८८५३०११५ |
| एम्बुलेन्स | ९८०९८५८५८५ |
| **हुम्ला** | |
| प्रहरी | ०८७-६८०००३/ ०८७६८००९९ |
| अस्पताल | ०८७-६८००२४ |
| विमानस्थल | ९८५१०७३०५९ |
| **डोल्पा** | |
| जिल्ला प्रहरी कार्यालय | ०८७-५५००५५, ९८५८३०५५५५ |
| **मुगु** | |
| प्रहरी | ०८७-४६००९९ |
| अस्पताल | ०८७-४६०१३० |
| एम्बुलेन्स | ९८४८३२१६६६ |
| **सल्यान** | |
| प्रहरी | ०८८-५२००७०, ९८५७८४५५५५ |
| अस्पताल | ०८८-५२००८२ |
| एम्बुलेन्स/रेडक्रस | ९८४७८३२४३८/०८८-५२०००४ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क — जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# लाटोफुस्रो दागले गाउँ छुटायो

सुदूर पहाडका धेरै कुष्ठरोगीले अपमान सहे, कतिपय गाउँनिकाला भए तर बेलैमा उपचार पाएकाहरू भने निको भएर सम्मानपूर्वक जीवन बिताइरहेका छन्

## कुष्ठरोगीको पीडा

**डीआर पन्त** (डडेलधुरा)
**भवानी भट्ट** (कञ्चनपुर)



**कञ्चनपुरको वेदकोट-५, धरमपुरमा कुष्ठरोगको कारण अपांगता भएका स्थानीय ।** *तस्बिर : भवानी/कान्तिपुर*

पाप लागेर कुष्ठरोगी भएको भन्दै गाउँ निकाला भएका जयबहादुर खड्का उपचारपछि निको भइसकेका छन् । उनलाई कुष्ठरोग लागेर पाएको सास्तीभन्दा गाउँ निकाला गरेको पीर बढी छ । त्यस्तै अवस्थाका सीता साउद र राजबहादुर खड्का पनि कुनै समय गाउँबाट निकालिए थिए । गाउँबाट निकालिनुको पीडा उनीहरूमा अहिले पनि बल्भिmरहन्छ ।

विसं २०१६ तिर गाउँबाट लखेटिएका जयबहादुर अहिले ८१ वर्षका भए । युवा उमेरमा गाउँ छाड्न बाध्य पारिएका उनी ६० वर्ष बित्यो, फेरि फर्केर गएका छैनन् । 'रोग त निको भयो, जीउभरि खत छन्, त्योभन्दा बढी घर छाड्न बाध्य पारिएको चोट मनमा छ,' उनी भन्छन्, 'जमाना पनि त्यस्तै थियो । त्यो बेला कुन बिमारी हो भन्ने खुट्याउने कोही थिएन ।' डडेलधुरा र डोटी सिमानाको छतिवन नजिकै सडकछेउमा बस्दै आएका खड्का आफूले गाउँ छाड्नुपर्दाका दिन सुनाउन सजिलो मान्दैनन् । छोराले सम्झाएपछि बल्ल मुख खोले, 'हुम्ला कालिकातिर मेरो जन्मथलो हो । २१ वर्षको उमेरमा गाउँनिकाला भएको, म त्यसपछि कहिल्यै गाउँ फर्केर गइनँ ।'

गाउँ छाडेपछि केही समय हुम्ला र बाजुराको सिमानामा पर्ने एउटा गुफामा दिन बिताए । बाटो थिएन । गोरेटो र जंगल हुँदै १५ दिनसम्म भोकभोकै हिँडेर डडेलधुरा पुगे । 'डडेलधुराको पोखरा नजिकै पाल टाँगेर विदेशी डाक्टरले कुष्ठरोगीको उपचार गरिरहेका थिए,' उनी भन्छन्, 'भाग्यले मैले पनि अरू १६ जनासँगै पालभित्र उपचार पाएँ ।' उपचार पाउनेहरू कालीकोट, अछाम, दार्चुलाका विभिन्न ठाउँबाट उनीजस्तै परिस्थितिका सिकार भएर आएका थिए । आफू जसरी नै कुष्ठरोगको उपचार गराउन आएकी बझाङको ज्यावन क्षेत्रकी महिलासँग उनले बिहे गरे । सन्तान भयो । केही वर्षअघि श्रीमतीको मृत्यु भएको बताएका उनी अहिले छोरासँग बस्छन् ।

सीता साउद अहिले ७० वर्षकी भइन् । बालविवाहको चलन थियो । उनको १२ वर्षकै उमेरमा बिहे भयो । त्यसको तीन वर्षमै जीउमा लाटोफुस्रो दाग आउन थाल्यो । बैतडीको तल्लो स्वराड क्षेत्रकी उनी सुरुमा रोग लुकाएर बसिन् । जब बढ्दै गयो, सबैले थाहा पाए । परिवार र आफन्तसँगै छिमेकीसमेतले छिछि र दुरदुर गर्न थाले । उपचार गराउन लैजानुको साटो परिवारबाटै अपहेलित भएपछि उनी खप्न नसकेर माइती आइन् । त्यहाँ पनि उस्तै तिरस्कार बेहोर्नुपर्‍यो । 'त्यो जमाना त्यस्तै थियो, रोग लागेकालाई उपचारका लागि लैजानुभन्दा समाजले अपमान गर्थ्यो,' कञ्चनपुरको वेदकोट नगरपालिका-५ धरमपुरकी ७० वर्षीया साउद भन्छिन्, 'कुष्ठरोग लागेका सुरुका वर्ष अनेक पीडा खेप्नुपर्‍यो ।' डडेलधुराको टिम अस्पतालमा उनले १० वर्ष उपचार गराइन् र निको भइन् । 'दुई वर्षसम्म अस्पतालमै बसेर उपचार गराउनु पर्‍यो,' उनी भन्छिन्, 'पछि पूरै बिसेक हुन डाक्टरले दिएको ओखती लामो समयसम्म खानुपर्‍यो ।'

राजबहादुर खड्काको पनि समस्या धेरै फरक छैन । उनलाई पनि बालखै छँदा कुष्ठरोगले समात्यो । के अनौठो रोग भनेर छरछिमेकी र आफन्तले हेला गरे । गाउँ छाडेर उपचार गर्न डडेलधुरा पुगे । उपचार पाएपछि रोग निको भयो । 'घरमा बस्न त के बाटोघाटोमा हिँड्नसमेत दिँदैनथे,' ५५ वर्षीय राजबहादुरले बाल्यकाल स्मरण गरे, 'खेतबाट हिँड्न खोज्दा पानी नै बिग्रिन्छ भन्थे । कतै जानुपरे राति लुकेर हिँड्नुपर्थ्यो ।'

### अस्पतालले फेरेको जीवन

शिक्षा र पूर्वाधार विकासको चरण बामे सर्न लागेका बेला समाज अन्धविश्वासी थियो । कुष्ठरोगबारे जनचेतना अभाव हुँदा रोगी अपमानित भइरहेका थिए । विसं २०२५ मा डडेलधुरामा टिम अस्पताल स्थापना भएपछि भने कुष्ठरोगको उपचार सुरु भयो । सुदूरपश्चिमसँगै कर्णाली क्षेत्रका बिरामीसमेत उपचारका लागि आए । परिवारबाट अपहेलित भएका धेरैजना रोग बिसेक भएपछि पनि घर फर्केनन् । अस्पतालमै खानेबस्ने सुविधा भएकाले उपचार अवधिसम्म कुनै समस्या थिएन । उनीहरूले डडेलधुरा क्षेत्रमै मजदुरी तथा अन्य काम गरेर गुजारा चलाउन थाले । कतिपयले उपचारकै क्रममा आफूजस्तै अवस्थाबाट गुज्रेकासँग घरजम पनि गरे । रोगकै कारण घरबार बिग्रेकाहरूले अस्पतालमै विवाह गरे । टिम अस्पताल र कुष्ठरोग निवारण संघको पहलमा सरकारले पुन:स्थापनाको कार्यक्रम पनि ल्यायो । अहिलेको धरमपुर क्षेत्रमा सरकारले उनीहरूलाई घरजग्गा दिएर बसोबास गराउने निर्णय भयो । त्यही निर्णयअनुसार धरमपुरबस्ती स्थापना भएको हो । टिम अस्पतालबाट उपचार गराएर आएकाहरूको बस्ती भएका कारण यहाँका स्थानीयले अहिले पनि 'टिम टोल' भन्ने गरेका छन् ।

### पुन:स्थापना गरेर बसाइयो बस्ती

धरमपुर क्षेत्रमा कुष्ठरोगीको पुन:स्थापना २०२९ देखि सुरु भएको हो । एक दशकमा यहाँ २८ परिवारको पुन:स्थापना भएको छ । 'हामी सुरुमै आएर यहाँ बसोबास गर्न थालेका हौं,' टिम अस्पतालमा उपचारपछि धरमपुर क्षेत्रमा बसोबास सुरु गरेका ६७ वर्षीय धनबहादुर रोकायाले भने, 'सुरुमा हामी तीनजना आएका हौं । त्यसपछि हरेक वर्ष थपिँदै गए ।' रोकाया बाजुराको काँडाबाट उपचारका लागि टिम अस्पताल आएका थिए । उनका अनुसार २०३९ मा २८ जनाका नाममा जग्गाधनी पुर्जा बनेको थियो । हरेकका नाममा २२ कट्ठा जमिन र काठले बनेका घरसँगै एक वर्षको खाद्यान्न पनि सरकारले नै उपलब्ध गराउँथ्यो । यसबाहेक २८ परिवारका लागि खानेपानीका दुई ह्यान्डपम्प, हरेक परिवारलाई एक/एकवटा गोरु उपलब्ध गराइएको थियो । 'हामीहरू दुई परिवार मिलेर एक हल गोरु बनाएर खेत जोत्ने गर्थ्यौं,' रोकाया भन्छन्, 'सुरुका वर्ष उब्जनी राम्रो नहुँदासम्म भनेर एक वर्ष पुग्ने रासनसमेत पाएका थियौं ।'

दुई दशकपछि २०५१ मा पनि धरमपुर क्षेत्रमा थप २६ परिवारलाई पुन:स्थापना गरिएको थियो । सुरुमा पुनर्स्थापना भएको बस्तीलाई तल्लो धरमपुर र पछि स्थापना गरिएको बस्तीलाई माथिल्लो धरमपुर नामकरण गरिएको छ । दोस्रो चरणमा पुन:स्थापना गरिएका परिवारलाई आधा बिघा जमिन, काठको जस्तापाता लगाएको घर, घरैपिच्छे शौचालय र खानेपानीका नल्का जडान गरिएको थियो । काठ र जस्तापाताले बनेका एकनासका घर, एकै प्लटमा मिलेको जमिन भएकाले सुरुमा यो बस्ती नमुना नै थियो तर अहिले धेरैजसोले काठका ढाँचा फालेर पक्की घर बनाइसकेका छन् । ३० देखि ५० को दशकसम्म कुष्ठरोगीलाई पुन:स्थापना गरिएको क्षेत्र ढडुवाखर्कका नाममा चिनिन्थ्यो । यहाँ वन फाँडेर बस्ती बसाइएको हो । तत्कालीन राजा वीरेन्द्रको आदेशमा उनीहरूलाई सरकारले पुन:स्थापना गरेपछि बस्ती बस्न सुरु भएको हो । त्यस अघिसम्म डडेलधुरा र डोटीबाट गाईभैंसी चराउन आउनेहरूको खर्क थियो । यही कारणले यस क्षेत्रको नाम ढडुवाखर्क राखिएको थियो । जब कुष्ठरोगीहरूलाई पुन:स्थापना गरियो, त्यसपछि यो बस्ती टिम टोलका नामले चिनिन थाल्यो । स्थानीयले यो गाउँ फरक धर्म मान्नेको हो भन्दै गाउँकै नाम धरमपुर राखेको धनबहादुर बताउँछन् । उनका अनुसार सुरुमा कुष्ठरोगीलाई पुन:स्थापना गर्दा स्थानीयले होच्याएर कोडी र फाँटासमेत भन्ने गरेका थिए । गाउँको नाम सभ्य भाषाबाट राख्ने योजनाअनुसार २०५४/०५५ देखि धरमपुर भएको स्थानीय जयबहादुर बोहोरा बताउँछन् । वेदकोट नगरपालिका-५ का अधिकांश बस्ती ऐलानी छन् । २०२०/०२२ देखि चलनभोग भइरहेको भए पनि सुरुमा पुन:स्थापना भएको कुष्ठरोगीको बस्ती मात्रै दर्ता छ । पछिल्लो पटक पुन:स्थापना भएकाहरूले भने हालसम्म जग्गा धनीपुर्जा पाउन सकेका छैनन् ।

### हराउँदै गयो भेदभाव

धरमपुरमा पुन:स्थापना सुरु गर्दा तल्लो क्षेत्रका बासिन्दाले विरोध गरे । कुष्ठरोगीलाई माथिल्लो क्षेत्रमा राख्दा पानीका मुहान नै बिग्रिने भनेर स्थानीयले विरोध गरेका थिए । कतिपयले त उनीहरूलाई धपाउन नै खोजे । 'राति आएर घर भत्काउने, पानीका कुवामा फोहोर गरिदिन्थे,' राजबहादुरले भने, 'हामीसँग बोल्ने र हिँडडुल गर्ने पनि कोही हुँदैनथे । बिहे र व्रतबन्धलगायतमा पनि कसैले बोलाउँदैनथे । बाटो हिँड्दा पनि गाली गर्ने, थुक्नेहरू हुन्थे ।' रोगीहरूबीच मात्रै बोलचाल र सहयोग आदानप्रदान हुन्थ्यो । अहिले कुष्ठरोगीलाई हेर्ने दृष्टि फेरिएको छ । विगतमा बस्नै नदिनेहरूसमेत आफ्नो घरमा बोलाउन थालेको राजबहादुरले सुनाए । टिम अस्पतालमा उपचार पाएका राजबहादुरजस्ता धेरै जना अहिले सम्मानपूर्वक जीवन बिताइरहेका छन् । 'गाउँनिकाला भएपछि डडेलधुरा आउन सक्ने धेरैले नयाँ जीवन पाए,' उनी भन्छन्, 'कतिपय कुष्ठरोगी गाउँ नजिकका गुफामा कष्टको जीवन बिताएर मरे ।' काठमाडौंको वीर अस्पतालबाट २०१८ मा कुष्ठरोगको उपचार सुरु भएको हो । डडेलधुरामा भने २०१७ मै बेलायती चिकित्सक क्यात्रिना योङले पहिलोपटक कुष्ठरोगको उपचार गर्न सुरु गरेकी थिइन् । त्यसको आठ वर्षपछि २०२५ मा अमेरिकी डा. सिमनले टिम अस्पताल स्थापना गरे । टिम अस्पतालमा पछिल्लो ५१ वर्षको अवधिमा हजारौं कुष्ठरोगीले उपचार पाए ।

सात वर्षअघि टिम अस्पताललाई गाभेर उपक्षेत्रीय अस्पताल बनाइयो । अस्पतालका क्षयकुष्ठ सुपरभाइजर तारादत्त पन्त भन्छन्, 'उपक्षेत्रीय अस्पताल बनेको चार वर्षयता एक सय १५ जना कुष्ठरोगीको उपचार भएको तथ्यांक छ ।' अस्पतालमा डडेलधुरा बैतडी, डोटी, बाजुरा, बझाङ, अछाम र दार्चुलालगायत सुदूरका पहाडी जिल्लाबाट उपचारका लागि बिरामी आउँछन् । 'अस्पताल आइपुगेका सबैको उपचार भएको छ,' उनले भने, 'हरेक महिना सरदर ४/५ जना कुष्ठरोगी अस्पतालमा आइपुग्ने गरेका छन् ।' सरकारले सन् २०१० मा कुष्ठरोग निवारण भएको घोषणा गरे पनि सुदूरपश्चिमका पहाडी जिल्लामा भने बर्सेनि यसका रोगी भेटिन्छन् ।

# अवैध खानीले जोखिम

गोरखा (कास)- बुढीगण्डकी नदी किनारको गोरखातर्फको सरकारी जग्गामा अवैध उत्खनन गरी चोरीनिकासी बढेको छ । मुआब्जा वितरणपछि सरकारी स्वामित्वमा आएको जग्गामा आठ ठाउँमा अवैध बालुवा खानी सञ्चालन भइरहेको स्थानीय प्रशासनले गरेको स्थलगत अध्ययनमा देखिएको हो ।

जिल्ला प्रशासन कार्यालयका खरिदार रविलाल सुवेदीका अनुसार दर्बुङदेखि बालुवाटारसम्मका खानी सोमबार अनुगमन गरिएको हो । 'अघिल्ला वर्षमा उत्खनन भएका खानी प्रशस्त रहेछन्,' उनले भने, 'हामीले हाल सञ्चालनमा रहेका खानी मात्र हेर्‍यौं ।' उनका अनुसार अनुगमन टोलीले बोर्लाङको घाटबेंसीमा बालुवा 'लोड' गर्दै गरेको ग१त ५२०२ नम्बरको ट्याक्टर नियन्त्रणमा लिएको छ । अनुगमन आउने पूर्वसूचना पाएका ठेकेदारले टिपर, ट्याक्टर र एक्स्काभेटर अघिल्लो दिन नै हटाएका स्थानीय बताउँछन् । सुवेदीका अनुसार अनुगमनका क्रममा कतिपय खानीमा आला डोब भेटिएका थिए ।

गण्डकी गाउँपालिकाअन्तर्गत दर्बुङको छोटटार, दर्बुङ फाँट, फुजेलको ढावे, भीमसेन थापा गाउँपालिकास्थित बोर्लाङको क्यामुनटार, ज्यादुल खोला, घाँटबेंसी तथा धावाको बालुवाटार र तान्द्राङको सिसौघारीमा रहेका बालुवा खानीको अनुगमन गरिएको हो । बालुवाटारमा रहेका चारमध्ये तीनवटा खानी सञ्चालनमा छन् । 'विशेष गरी उत्खनन भएका क्षेत्र पहिचान गर्‍यौं, सञ्चालनमा छ कि छैन हेर्‍यौं,' सुवेदीले भने, 'अब प्रतिवेदन बनाएर बुझाउँछौं ।' स्थानीयले निश्चित रकम लिएर खानी सञ्चालन गर्न ठेकेदारलाई जग्गा दिने गरेको भेटिएको सुवेदीले बताए ।

दर्बुङ फाँटमा भने रातको समयमा बालुवा निकासी हुँदै आएको स्थानीयसँगको छलफलपछि जानकारी पाइएको अनुगमन टोलीले जनाएको छ । ज्यादुल खोला फाँटमा खानीको बालुवा पखाल्न खुलेआम फिरफिरे सञ्चालनमा छ । ती क्षेत्रमा सञ्चालित खानीले वातावरणीय प्रभाव मूल्यांकन पनि गरेका छैनन् । खानी सञ्चालन गर्ने ठेकेदारले खानी तथा भूगर्भ विभागसँग अनुमति नलिनुका साथै स्थानीय तहलाई पनि जानकारी गराएका छैनन् । अनियन्त्रित उत्खननले जोखिम बढाएको छ । कतिपय खानीमा अघिल्ला वर्ष बालुवा झिकेका खाडल त्यसै छाडिएको छ ।

प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले अध्ययन टोलीको प्रतिवेदनका आधारमा कारबाही अघि बढाउने बताए । 'केही स्थानमा बालुवा झिकेको आला डोब रहेको बुझ्यौं,' उनले भने, 'प्रहरीलाई रोक्न निर्देशन दिन्छौं ।' उजुरी परेको खण्डमा मुआब्जा लिएको जग्गाको बालुवा ठेकेदारलाई बेच्ने पूर्वजग्गाधनीलाई पनि कारबाही गर्ने उनले बताए ।

# सीमा क्षेत्रका योजनामा भारतीय अवरोध

**कान्तिपुर संवाददाता** (मोरङ)

नेपाल-भारत संयुक्त सीमा क्षेत्र सर्वेक्षण टोलीले नापी नगरेकाले इलामलगायत सीमावर्ती क्षेत्रमा भौतिक निर्माणका योजना कार्यान्वयनमा अवरोध भइरहेको भन्दै प्रदेशसभामा आवाज उठेको छ । बुधबार बसेको प्रदेश १ को प्रदेशसभा बैठकमा सत्तारुढ दल नेकपाकी सांसद खिनुलङबा लिम्बुले नेपाल-भारत संयुक्त सीमा क्षेत्र सर्वेक्षण टोलीले सीमाको नापी नगरेकाले विकास निर्माणका आयोजना कार्यान्वयनमा समस्या भएको बताइन् । 'सर्भे टिमले तराईको क्षेत्रमा झापासम्म सीमाको नापी गरेको तर इलामलगायत पहाडी जिल्लाका सीमा क्षेत्रमा भने नापी गरेको छैन,' उनले भनिन् । पूर्वाधार निर्माणको काममा समस्या भइरहेकाले तत्काल सीमानाको नापीका लागि लिम्बूले सरकारको ध्यानाकर्षण गराइन् ।

इलामको सीमावर्ती सन्दकपुर क्षेत्रमा नेपालले एकलौटी संरचना बनाएको भन्दै असोज दोस्रो हप्ता भारतीय सीमा सुरक्षा बलले अवरोध गरेका थिए । समस्या तत्काल नसुल्झाए नेपालतर्फ सीमावर्ती क्षेत्रमा यसअघि निर्माण थालिएका र चालु आर्थिक वर्षमा निर्माण हुने पर्यटकीय पूर्वाधारका योजना कार्यान्वयनमा समस्या हुने उनको भनाइ छ । प्रदेश सरकारले पूर्वाधार विकास कार्यक्रमअन्तर्गत छुट्याएको रकमबाट सन्दकपुर गाउँपालिकाको सन्दकपुर डाँडामा करिब एक करोड लागतमा पूर्वाधार निर्माण थालिएको थियो । यहाँ भ्यु-प्वाइन्टसहित एक सय मिटर पैदल मार्ग, प्रवेशद्वारलगायत निर्माणका काम सीमानाको नापी नहुँदा रोकिएको लिम्बूले सुनाइन् ।

नेपालतर्फ आहालटारमा निर्माण गर्न लागिएको आवास गृहमा पनि अवरोध छ । तीन करोड लागतमा बन्ने आवास गृहका लागि टेन्डरसमेत भएको अवस्थामा भारतीय पक्षले सीमा यकिन नभएसम्म पूर्वाधार बनाउन दिएका छैनन् । 'पाँचथर सीमा नजिकै इलामकै क्षेत्रमा भवन बन्ने यकिन भए पनि भारतीय भनाइले काम अघि बढाउन व्यवधान भएको छ,' उनले भनिन्, 'प्राविधिकले गुगल म्याप देखाएर भवन बनाउन लागिएको क्षेत्रमा समेत भारतीय पक्षले अवरोध गर्दै आएका छन् ।' हिमालय दृश्यावलोकनसहित नेपाल, भारत र भुटानका अनेक स्थान नियाल्न सकिने गरी उक्त क्षेत्रमा भवन निर्माणको योजना छ ।

> टेन्डर भएका योजनामा समेत भारतीय पक्षले सीमा यकिन नभएसम्म निर्माणको काम अघि बढाउन दिएका छैनन्

शेर्पा च्यालेट होटलअगाडि जंगे पिलर रहे पनि त्यसमाथि सहायक र सानो पिलर नहुँदा सीमा यकिन हुन सकेको छैन । यस क्षेत्रमा सीमा क्षेत्रलाई पानीढलोका आधारमा बुझिने गरेको छ तर पछिल्लो समय भारतीय पक्षले गुगल नक्साअनुसार नेपालका धेरै क्षेत्र र बस्ती भारततिर पर्ने दाबी गर्दै आएको छ । वैज्ञानिक सीमांकन नभएसम्म यस क्षेत्रमा पूर्वाधार निर्माणदेखि अन्य गतिविधि गर्न समस्या हुने उनको भनाइ छ ।

सीमा सुरक्षा कार्यालयले गरेको सर्वेक्षणअनुसार कतिपय सीमास्तम्भ हराएका छन् भने कतिपय सुधार गर्नुपर्ने अवस्थाका छन् । इलामको सीमावर्ती क्षेत्रमा ३७ सीमास्तम्भ छैनन् । यो क्षेत्रमा जंगे पिलर १७ वटा हुनुपर्नेमा १६, सहायक पिलर ८३ हुनुपर्नेमा ७२ र सानो पिलर ४६ हुनुपर्नेमा २१ वटामात्र छन् । गत आवमा प्रदेश १ स्थित नेपाल-भारत सीमामा १७९ नयाँ सीमा स्तम्भ बनाइएको थियो । नेपाल-भारत संयुक्त सीमा क्षेत्र सर्वेक्षण टोलीको दोस्रो बैठकमा ३६ वटा स्तम्भ मर्मत गरिएको जानकारी गराइएको थियो । टोलीले सुनसरी, मोरङ र झापास्थित सीमामा निर्माण गर्नुपर्ने स्तम्भमध्ये केही यसअघि नै निर्माण भइसकेका र बाँकी रहेका स्थानमध्ये केही जमिनमा र नदीमा निर्माण गरेको जनाएको थियो । ठूला नदीबाहेक विजोर नम्बरका स्तम्भ नेपाल पक्षले र जोर नम्बरका स्तम्भ भारत पक्षले निर्माण गर्ने व्यवस्था छ ।

# जनप्रतिनिधि भ्रमणमा, काम ठप्प

खोटाङ (कास)- जन्तेढुङ्गा गाउँपालिका प्रमुख, प्रमुख प्रशासकीय अधिकृतसहितको टोली कृषि भ्रमणमा गएपछि कार्यालयको काम ठप्प भएको छ । कार्यालय नै रित्तो हुनेगरी गाउँपालिका प्रमुख शंकर राई, प्रमुख प्रशासकीय अधिकृत चित्रप्रसाद गुरागाईं लगायतको टोली फागुन ७ मा कृषि भ्रमणमा निस्किएको हो ।

गाउँपालिका अध्यक्ष राईका अनुसार ६ वटा वडामध्ये पाँचजना वडाअध्यक्ष, हरेक वडाका दुईजनाका दरले कृषकसहितको टोली भ्रमणमा गएको छ । वडा नम्बर १ का वडाअध्यक्ष केदारमान राई, २ का अध्यक्ष गणेशबहादुर विष्ट, ४ का अध्यक्ष विदुरमान राई, ५ का अध्यक्ष रामकुमार श्रेष्ठ र ६ का अध्यक्ष सुकदेव राई भ्रमणमा निस्किएको उनको भनाइ छ । गाउँपालिका उपाध्यक्ष विमला राई र वडा नम्बर ३ का अध्यक्ष चन्द्रकुमार राई मात्रै भ्रमण टोलीमा सहभागी छैनन् ।

टोलीले पोखरा, चितवन लगायतका ठाउँहरूमा भ्रमण गरेको अध्यक्ष राईले बताए । टोली भ्रमणमा गएको बेला गाउँपालिकामा कार्यरत रोजगार संयोजक विज्ञान राईलाई निमित्तको जिम्मेवारी दिइएको प्रमुख प्रशासकीय अधिकृत गुरागाईंले सुनाए । सामान्य सिफारिसबाहेक अन्य कुनै जिम्मेवारी नदिएको निमित्त प्रमुख राईले बताए ।

जनप्रतिनिधिले कृषकका लागि छुट्याएको बजेट मोजमस्तीमा उडाएको एक स्थानीयले आरोप लगाए । गुरागाईंका अनुसार भ्रमणका लागि पाँच लाख विनियोजन गरिएको छ ।

